खुला बजेट

सहयोगी पुस्तक

खुला बजेट

सहयोगी पुस्तक

प्रकाशक

फ्रिडम फोरम

थापाथली, काठमाडौं

CENTRE FOR INTERNATIONAL STUDIES AND COOPERATION

यो पुस्तक विश्व बैंकको नेपालमा जवाफदेहिता कार्यक्रम (PRAN) अन्तर्गत अन्तर्राष्ट्रिय सहयोग तथा अध्ययन केन्द्र (CECI) द्वारा सञ्चालित कार्य सिकाइको लागि अनुदान सुविधाबाट प्राप्त सहयोगमा कार्यान्वयन भएको परियोजनाको उपज हो । यस दस्तावेजमा प्रस्तुत सूचना तथा व्यक्त गरिएका नतिजा, व्याख्या र निष्कर्षहरुले विश्व बैंक, PRAN अथवा CECI का धारणालाई प्रतिविम्बित गर्दैनन् ।

© सर्वाधिकार फ्रिडम फोरम

सम्पादन
केशव आचार्य

लेखन/अनुवाद
अनिरुद्र न्यौपाने
सोमनाथ लामिछाने

विषय-सूची

विषय प्रवेश घ
परिचय १

अध्याय १ - बजेट निर्माण ९
पूर्व बजेट विवरण ३२
कार्यकारीको बजेट प्रस्ताव ३७
नेपालमा कार्यकारीको बजेट प्रस्ताव ४४
नागरिक बजेट ७१

अध्याय २ - बजेट स्वीकृति र कार्यान्वयन ७७
नेपालमा बजेट अनुमोदन र कार्यान्वयन ७८
अनुमोदित बजेट ९४
आवधिक प्रतिवेदन ९७
मध्यावधि समीक्षा १०२
वार्षिक प्रतिवेदन १०९

अध्याय ३ - बजेट निगरानी ११५
लेखापरीक्षण र लेखापरीक्षण प्रतिवेदन ११८
लेखापरीक्षणः सिद्धान्त र विधि १३१

अध्याय ४ - बजेट पारदर्शिता र नेपाल १३७
बजेट प्रक्रियामा संलग्न हुने निकाय र तिनको भूमिका १५३
नेपालमा बजेटसँग सम्बन्धित दस्तावेजहरु १५६

बजेटसँग सम्बन्धित शब्दावली १६१
बजेट प्रक्रिया सँग सम्वन्धित केहि चित्रहरु १७३
सन्दर्भ सामग्री १७६
पुस्तकमा प्रयोग भएका केही शब्दहरुको पूर्ण रुप र अर्थ १७७

विषय प्रवेश

बजेट राजनीतिक-आर्थिक नीति तथा योजनाको समष्टीगत रुप हो । सरकारको नीति र कार्यक्रमको झलक बजेटले दिन्छ । सरकारले मुलुकको विकास र जनताको हितका लागि के कस्तो निर्णय गर्दैछ र त्यस्ता निर्णय कार्यान्वयनका लागि के कस्तो कार्यक्रम र रणनीति तय गर्दैछ भन्ने विषय बजेटबाट प्रतिविम्बित हुन्छ । सरकारले तयार पारेका योजना तथा कार्यक्रमहरु पूरा गर्नका लागि गरिने खर्च र त्यस्तो खर्च धान्ने स्रोतहरुको अनुमानको प्रक्षेपण बजेटमा गरिएको हुन्छ । सरकारको योजना, नीति तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोतको सबैभन्दा ठूलो हिस्सा सामान्यतया कर, शुल्क वा दस्तुरहरुमार्फत जुटाइन्छ । त्यहीकारण, कर तिरेर सरकारका कार्यक्रम कार्यान्वयनको आधार निर्माण गरिदिने नागरिकका लागि बजेट सदैव चासोको विषय हो ।

नेपालको सन्दर्भमा बजेट आम चासोको विषय भएर पनि बजेट दस्तावेजहरुमा अर्थशास्त्रका कठिन शव्दावलीको प्रयोग, बजेट दस्तावेजमा प्रयोग गरिने विभिन्न किसिमका कोडहरु, बुझ्न गाह्रो हुने शीर्षक तथा उपशीर्षकहरु, बजेट दस्तावेजहरुको सीमित उपलब्धताजस्ता कारणले नागरिकले बजेट निर्माण, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र निगरानीलगायतका बजेट प्रक्रियाका बारेमा सुझबुझपूर्ण धारणा बनाउन र त्यसमा सहभागी हुन नसक्ने अवस्था रही आएको छ । अझैपनि बजेटमा चासो व्यक्त गर्न आम नागरिक असमर्थ छन् । बजेट प्रक्रियामा सहभागी हुने र छलफलहरुमा आफ्नो धारणा राख्नेमा मूलतः केही अर्थशास्त्रीहरु, करका सन्दर्भमा उद्योगी/व्यापारी तथा राजस्व र योजनाका कर्मचारी मात्रै हुने गरेका छन् । विश्वविद्यालयहरुमा अध्ययन गर्ने अर्थशास्त्रका विद्यार्थी र आर्थिक क्षेत्रमा कलम चलाउने पत्रकारहरुसमेत बजेट सम्बन्धी अर्थपूर्ण बहसहरुमा सहभागी हुन नसकिरहेको अवस्था विद्यमान छ ।

अझै पनि बजेट तर्जुमा, संसदबाट बजेट पारित गर्ने प्रक्रिया, लक्षित उपलब्धि हासिल भए-नभएको तथा नियमअनुसार खर्च भए-नभएकोजस्ता विषय

बुझ्ने र त्यसमाथि टीकाटिप्पणी गर्न सक्ने नागरिक थोरै मात्र छन् । बजेट प्रक्रियामा सहभागी हुनुअघि बजेटसम्बन्धी सूचना खोज्ने, बुझ्ने र त्यसैका आधारमा धारणा निर्माण गर्न सक्ने क्षमता जरुरी हुन्छ । बजेट प्रक्रियाका कुनै पनि चरण वा विषयमा प्रश्न उठाउन सक्ने नागरिकले मात्रै बजेटलाई जथाभावी खर्च हुनबाट रोक्न महत्वपूर्ण भूमिका खेल्न सक्छन् ।

बजेट निर्माण गर्दा सबै प्रक्रियाको पालना भयो कि भएन, संसदले बजेटमा पर्याप्त छलफल गरेर मात्र स्वीकृत गरेको छ छैन, अथवा छलफल नै नगरी स्वीकृति दिएको छ कि, बजेटमा उल्लिखित रकम निर्धारित कार्यक्रममा नै खर्च भए वा अन्यत्र सारिए, खर्च भएअनुरुप विकासको लक्ष्य प्राप्त भयो कि भएन, खर्च गर्ने प्रक्रियामा अपारदर्शिता र स्वेच्छाचारिताको कारण हिनामिना र अनियमितता पो भयो कि, निगरानी गर्ने निकायले औपचारिकता मात्र पूरा गर्छन् कि साँच्चिकै अनुगमन र मूल्याङ्कनका सबै सिद्धान्तको पालना गर्छन् जस्ता प्रश्न उठाउने र तिनको उत्तर आफैं खोज्ने नागरिक समाजको निर्माण गर्न नसक्दासम्म राज्य कोषको प्रभावकारी प्रयोग सम्भव हुँदैन ।

सार्वजनिक स्रोत र साधनको जनहितमा सदुपयोग गर्नका लागि सम्बद्ध अधिकारीहरुलाई उत्तरदायी बनाउन नागरिक समुदायले केही महत्वपूर्ण क्षेत्रमा प्रभावकारी हस्तक्षेप गर्न र राज्यलाई आफ्नो लक्ष्य हासिल गर्ने प्रयासमा सार्थक सहयोग प्रदान गर्न सक्छन् । बजेट निर्माणदेखि लेखापरीक्षणसम्मका प्रक्रियामा सहभागिता जनाएर सार्वजनिक खर्च व्यवस्थापन तथा त्यसको अनुगमनमा संलग्न सरकार, संसद्, लेखापरीक्षण गर्ने निकायलगायत सबैलाई नागरिकले सहयोग गर्न सक्छन् । तर, त्यसका लागि बजेटसम्बन्धी विषयमा उनीहरु सुसूचित हुनु जरुरी छ ।

नागरिकलाई सुसूचित गराउन बजेट दस्तावेजहरुमाथि उनीहरुको पहुँच विस्तार गर्नु र त्यस्ता दस्तावेजहरु नागरिकले बुझ्न सक्ने गरी प्रकाशित गर्नु राज्यको दायित्व हो । बजेट पारदर्शिता अध्ययन गर्ने संस्था इन्टरनेशनल बजेट पार्टनरसीपले नेपालमा फ्रिडम फोरमसँगको सहकार्यमा गरेको अध्ययनअनुसार नेपाल सरकारले बजेट पारदर्शिताको न्यूनतम स्तर कायम गर्न आवश्यक पूर्व बजेट दस्तावेज र नागरिक बजेट प्रकाशित नै गर्दैन भने अन्य दस्तावेजहरुको उपलब्धता र तिनमा नागरिकको पहुँचको अवस्था पनि कमजोर छ । त्यतिमात्र नभई प्रकाशित हुने दस्तावेजहरु पनि पर्याप्त

जानकारीमूलक छैनन् । त्यसबाहेक नेपालमा बजेट प्रक्रियामा सहभागी हुने निकायहरुको भूमिका पनि त्यति प्रभावकारी छैन ।

यस सन्दर्भमा कम्तिमा पनि नागरिक सङ्घसंस्था र पत्रकारहरुका लागि बजेटका दस्तावेजहरुभित्र प्रवेश गरी आवश्यक सूचना लिन, त्यसलाई परिमार्जन र सरलीकरण गरी आम नागरिकसमक्ष प्रस्तुत गर्न सक्ने बनाउन र नेपालको बजेट पारदर्शिताको स्तर उकास्नमा महत्वपूर्ण योगदान पुगोस् भन्ने उद्देश्यले यो पुस्तक तयार गरिएको हो । यसमा नेपालको समग्र बजेट प्रक्रिया, प्रक्रियामा सहभागी हुने निकायहरु, तिनको कामको मार्गदर्शक कानुन तथा नीतिहरु, तिनले गर्ने काम र उत्पादन गर्ने दस्तावेजहरु, ती दस्तावेजहरुमा रहने सूचनाहरु, तिनको पर्याप्तताको अवस्था र सूचना बुझ्ने र प्रयोग गर्ने तरिका यो पुस्तकमा समेटिएको छ । यो पुस्तक तयार पार्नमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने मित्रहरु अनिरुद्र न्यौपाने र सोमनाथ लामिछाने तथा पुस्तकलाई विशेषज्ञको हैसियतले अध्ययन तथा सम्पादन गर्नुहुने अर्थविद केशव आचार्य प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी बजेट पारदर्शिता लगायत सार्वजनिक वित्तका अन्य सवालमा आवश्यक सल्लाह, सुझाव दिनुहुने मित्र कृष्ण सापकोटा तथा महत्वपूर्ण स्रोत सामग्री उपलब्ध गराइदिनुहुने इन्टरनेसनल बजेट पार्टनरसीप (आइवीपी)को खुला वजेट प्रयासका कार्यक्रम संयोजक Elena Mondo लाई पनि हार्दिक आभार ब्यक्त गर्दछु । साथै कार्य सिकाईका लागि अनुदान सुविधा अन्तर्गत यो पुस्तक प्रकाशन गर्ने लगाएत सार्वजनिक वित्त व्यवस्थापनको पारदर्शिता, कार्यकुशलता र समावेशीता प्रवर्द्धन गर्ने विभिन्न क्रियाकलापमा फ्रिडम फोरमलाई सघाउने विश्व बैंकको नेपालमा सामाजिक जवाफदेहिता कार्यक्रम (PRAN) एवं अनुदान सञ्चालन संस्था अन्तर्राष्ट्रिय सहयोग तथा अध्ययन केन्द्र (CECI) प्रति आभार व्यक्त गर्दछु ।

आशा छ, बजेट प्रक्रियामा नागरिकको चासो र सहभागिता विस्तार गर्न नागरिक समाज र पत्रकारिता जगतको भूमिका बढाउन तथा नेपालको बजेट पारदर्शिताको स्तर सुधार गर्नमा यो पुस्तकले सहयोग गर्नेछ ।

तारानाथ दाहाल
अध्यक्ष
फ्रिडम फोरम

परिचय

१. बजेट

हरेक देशका सरकारले राज्यको दैनिक प्रशासन सञ्चालन एवं विकास निर्माण सम्बन्धी कार्य सम्पन्न गर्नुकासाथै विगत वर्षमा आन्तरिक वा वैदेशिक ऋण लिएको भए त्यस्तो ऋणको सावाँ र ब्याज भुक्तानी गर्नुपर्छ । यी राज्यका खर्च हुन् । यस्तो खर्चका लागि सरकारले नागरिकबाट विभिन्न किसिमका कर तथा अन्य राजस्व सङ्कलन गर्दछ भने कतिपय अवस्थामा आफैँ विभिन्न व्यापारिक संस्थानहरु सञ्चालन गरेर त्यसबाट मुनाफा पनि आर्जन गर्दछ । विकास साझेदारहरुले सरकारका योजनामा सहयोगका लागि ऋण र अनुदान पनि उपलब्ध गराउँछन् । यसरी निश्चित समय (सामान्यतया: एक वर्ष) का लागि सरकारले गर्ने खर्च तथा त्यस्तो खर्च धान्नका लागि आवश्यक स्रोतको अनुमान नै बजेट हो । अर्थात् बजेट आय-व्ययको वार्षिक अनुमान हो ।

सरकारले गर्नैपर्ने खर्च धान्नका लागि उठाउने राजस्व र वैदेशिक अनुदान कतिपय अवस्थामा पर्याप्त नहुन सक्छ । त्यस्तो अवस्थामा आम्दानीभन्दा बढी खर्च गर्ने गरी बजेट बन्दछ जसलाई घाटा बजेट भनिन्छ । खर्च धान्न जेजति रकम अपर्याप्त हुन्छ, सरकारले त्यति बराबरको आन्तरिक वा बाह्य ऋण लिन सक्छ । त्यसैले आम्दानी र खर्च मात्र नभई ऋण समेत बजेटको अङ्ग बन्दछ ।

सरकारको वार्षिक योजनाबद्ध खर्च, अनुमानित राजस्व र आउँदो वर्षको नीति प्राथमिकतालाई बजेट मार्फत प्रतिविम्बित गरिएको हुन्छ । तथापि, बजेट एउटा दस्तावेज मात्र नभई यो वर्षभर निरन्तर चलिरहने प्रक्रियागत चक्र हो । बजेट निर्माणका क्रममा निम्न चार चरण हुन्छन्:



सरकारले यसरी तयार पार्ने बजेट स्वीकृतिका लागि संसद्मा पेश गर्दछ जसलाई कार्यकारीको बजेट प्रस्ताव पनि भनिन्छ। संसद्ले सरकारबाट प्रस्तुत बजेट प्रस्तावमाथि आवश्यक छलफल र आवश्यक भए संशोधनसहित पारित गर्दछ। सिद्धान्ततः बजेट पारित भएपछि मात्रै सरकारले खर्च गर्ने औपचारिक अख्तियारी पाउँछ। बजेट कार्यान्वयन गर्दा आवश्यक नीति, कानुन, विधि र प्रक्रिया पालना होस् र राज्य कोषको सदुपयोग होस् भन्नका लागि निगरानी, अनुगमन, मूल्याङ्कन र लेखापरीक्षणका लागि स्वायत्त (महालेखा परीक्षक) र अर्धस्वायत्त (महालेखा नियन्त्रक) प्रकृतिका विभिन्न निकायहरु गठन भएका हुन्छन्। राष्ट्रिय लेखापरीक्षण संस्था वा महालेखा परीक्षक र संसदीय समिति महत्वपूर्ण निगरानी, अनुगमन र मूल्याङ्कनकर्ता निकाय हुन्।

बजेटलाई सरकारको आम्दानी र खर्चको अनुमानका रुपमा मात्र बुझ्नु पर्याप्त हुँदैन । सरकारका आम्दानीका स्रोत के कस्ता छन् ? सरकारले ऋण र सापटी लिने कारण के हो ? लगायतका विभिन्न प्रश्नको उत्तर बजेटमा नै समावेश हुन्छ । बजेटबारे न्यूनतम जानकारीका लागि यसमा अन्तरनिहित प्राविधिक विषयहरु बुझ्नु जरुरी छ । उदाहरणका लागि, आर्थिक वर्ष २०७०/७१ मा नेपाल सरकारले कूल रु ४ खर्ब ३८ खर्ब ५१ करोड ७२ लाख ७ हजारको बजेट प्रस्तुत गरेको छ । त्यसमध्ये प्रत्यक्ष र अप्रत्यक्ष करहरुबाट रू ३ खर्ब १४ अर्ब ६३ करोड उठाउने लक्ष्य लिइएको छ भने खर्च धान्न नपुग श्रोतहरुमा दण्ड जरिवाना, शुल्क, दस्तुर, साँवा ब्याज असुली एवं लाभांश जस्ता गैरकर श्रोतहरुबाट ३९ अर्ब ८६ करोड उठ्ने अनुमान छ । त्यसैगरी रु ६९ अर्ब ५३ करोड ६१ लाख बराबरको वैदेशिक अनुदान प्राप्त हुने अनुमान छ । यति गर्दा पनि आ.व. २०७०/७१ मा रु १४ अर्ब ४८ करोड ११ लाख घाटा रहने अनुमान छ ।

आर्थिक वर्ष २०७०/७१ को बजेट सारांश

शीर्षक		रकम रू. हजारमा
क. आम्दानी		
कर राजस्व		३१४,६३९,९९८
गैरकर राजस्व		३९,८६०,००२
अनुदान		६९,५३६,१०३
जम्मा आम्दानी		४२४,०३६,१०३
ख. खर्च		
चालु खर्च		३५३,४१७,४७६
पुँजीगत खर्च		८५,०९९,७३१
ख. जम्मा खर्च		४३८,५१७,२०७
नाफा/घाटा (-) बजेट		१४,४८१,१०४
घाटा पूर्तिका लागि वित्तीय व्यवस्था		-१४,४८१,१०४
खुद आन्तरिक ऋण	२४,५२६,२१८	
खुद लगानी	७,१८५,८२६	
खुद बाह्य सापटी	-२७,३६०,२०९	
खुद आन्तरिक सापटी	-१८,८३२,९३९	

सरकारको आम्दानीले अपुग हुने खर्च धान्ने उपाय नै ऋण हो । ऋण तीन किसिमबाट व्यवस्था गरिएको हुन्छः

(क) आन्तरिक ऋण

(ख) बाह्य ऋण

(ग) कथंकदाचित यी स्रोतहरुबाट अपुग भएमा सरकारले ऐन बमोजिम केन्द्रीय बैंकबाट अधिविकर्ष (ओभर ड्राफ्ट) समेत लिन सक्छ । तर, नेपाल राष्ट्र बैंक ऐन २०५८ ले अधिविकर्षको अधिकतम उपयोगलाई गत वर्षको राजस्वको पाँच प्रतिशतमा सीमित पारेको छ । त्यसैगरी उक्त ऐनले अधिविकर्ष बाहेक सरकारले नेपाल राष्ट्र बैंकबाट लिन सक्ने कूल ऋणको रकमलाई गत वर्षको कुल राजस्वको १० प्रतिशतमा सीमित पारेको छ ।

आ.व. २०७०/७१ को बजेटलाई नियाल्ने हो भने वित्तीय व्यवस्थाअन्तर्गत ऋण, लगानी र सापटी समेटिएको देखिन्छ । सरकारले विभिन्न निकायलाई प्रदान गर्ने ऋण, सरकारले देशभित्र र बाहिर गर्ने लगानी, विगतमा लिइएको ऋणको साँवा भुक्तानी तथा देशभित्र र बाहिरबाट लिने ऋण यसमा समावेश हुन्छन् । यी सबै प्रयोजनका लागि आवश्यक रकम जुटाउँदा समग्रमा घाटा बजेटको आकारभन्दा बढी परिमाणमा ऋण उठाउने गरेको देखिन्छ । आ.व. २०७०/७१ कै बजेट हेर्ने हो भने कूल रु १४ अर्ब मात्रको घाटा बजेट भएपनि आन्तरिक र बाह्य सापटी गरेर रु ४६ अर्ब १९ करोड उठाउने अनुमान छ । यो रकम भनेको घाटा बजेटको तीन गुणा भन्दा बढी हो । यसबाट के देखिन्छ भने ऋण बजेट घाटा पूरा गर्न मात्र नभई अन्य प्रयोजनका लागि पनि लिन सकिन्छ । बजेटमा अन्तर्निहित विषयबारे थप चर्चा पछिल्लो अध्यायमा गरिएको छ ।

नेपालमा बजेट निर्माण प्रक्रियामा निम्न पक्षहरुमाथि खासरुपमा ध्यान दिएको पाइन्छः

(क) संवैधानिक प्रावधान

(ख) राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र विषयगत मन्त्रालयको भूमिका (स्रोत अनुमान, योजना प्राथमिकीकरण)

(ग) बजेटसँग सम्बन्धित दस्तावेजहरु (बजेट वक्तव्य, रातो किताब, स्रोत किताब, इत्यादि)

(घ) योजना प्रक्रिया (तीन वर्षीय योजना/मध्यकालीन खर्च संरचना, अनुगमन प्रक्रिया, क्षेत्रगत योजना)
(ङ) वैदेशिक सहायता व्यवस्थापन
(च) बजेट निकासा र अख्तियारी
(छ) लेखापरीक्षण
(ज) संसदीय समितिहरुको भूमिका
(झ) समष्टीगत अर्थ व्यवस्था, मौद्रिक स्थिति र सार्वजनिक ऋणको स्थिति

२. बजेट पारदर्शिता

राज्यले के कसरी स्रोत र साधन प्राप्ती र उपयोगको योजना निर्माण र कार्यान्वयन गर्दछ भन्ने बारेमा नागरिकहरु जानकार रहेको अवस्थामा बजेट पारदर्शिता भएको मानिन्छ । नागरिकहरुले कर तिर्ने र त्यसरी तिरिएको कर नागरिककै हितमा प्रयोग गरिने हुनाले राज्य कोषमा योगदान गर्ने र राज्यबाट लाभ प्राप्त गर्नँपर्ने दुवै पक्षलाई राज्य कोषको सञ्चालनको विधि र प्रक्रियाबारे सरकारले नागरिकलाई जानकारी दियो र त्यस्तो प्रक्रियामा नागरिक प्रत्यक्ष र परोक्षरुपमा सहभागी हुन पाए भने बजेट पारदर्शिता कायम हुन्छ । बजेट पारदर्शिताको मूल ध्येय भनेको सरकारले उठाउने वा उठ्नुपर्ने राजस्व बिनाचुहावट राज्य कोषमा जम्मा होस्, त्यसरी जम्मा हुने राजस्व पारदर्शी तवरले खर्च होस् तथा खर्च गर्दा लागतमा मितव्ययिता, उपयोगमा कार्यकुशलता र प्रतिफलमा प्रभावकारिता हासिल होस् भन्ने हो । बजेट पारदर्शिताले भ्रष्टाचाररहीत, जनउत्तरदायी राज्यव्यवस्था निर्माणको पूर्वाधार तयार गर्दछ। बजेट निर्माण, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र निगरानीका सबै प्रक्रिया र त्यसबाट निस्कने परिणाम समेतका बारेमा जनतालाई पर्याप्त जानकारी दिइएको अवस्थामा बजेट पारदर्शीता भएको मानिन्छ।

बजेट पारदर्शिता कहाँ-कहाँ चाहिन्छ ?

बजेट पारदर्शिता कहाँकहाँ चाहिन्छ ?

निम्न प्रक्रियामा आमनागरिक सुसूचित भएको अवस्थामा मात्र बजेट पारदर्शिता कायम भएको मान्न सकिन्छः

(क) बजेट निर्माण,

(ख) बजेट स्वीकृति,

(ग) बजेट निकासा र खर्च,

(घ) बजेट निगरानी र लेखापरीक्षण ।

बजेट पारदर्शिताको निर्धारण निकै व्यापक र जटिल कार्य हो । यद्यपि, बजेट निर्माण, बजेट स्वीकृति, निकासा तथा खर्च र निगरानी तथा लेखापरीक्षणका क्रममा बजेट पारदर्शिताका निम्ति केही प्रश्नको जवाफ आमनागरिकका निम्ति निकै महत्वपूर्ण हुन्छन् । जस्तै,

(क) बजेटका सबै प्रक्रियामा मार्गदर्शक नीति/नियम वा कानुनको पालना भएको छ छैन ?

(ख) मार्गदर्शक नीति/नियम, कानुन नागरिकलाई बजेट प्रक्रियामा सहभागी गराउन पर्याप्त छन् कि छैनन् ?

(ग) बजेट प्रक्रियामा सहभागी निकायहरुले प्रभावकारी भूमिका निर्वाह गरेका छन् कि छैनन् ?

(घ) सरकारले बजेटसँग सम्बन्धित आवश्यक सबै महत्वपूर्ण दस्तावेजहरु प्रकाशित गर्छ कि गर्दैन ?

(ङ) बजेटसँग सम्बन्धित दस्तावेजमा नागरिकको पहुँचको अवस्था के कस्तो छ ?

(च) बजेट दस्तावेजमा समावेश भएका सूचना पर्याप्त र प्रष्ट छन् कि छैनन् ? इत्यादि ।

इन्टरनेशनल बजेट पार्टनरसीप (आइबीपी) ले हरेक दुईदुई वर्षमा माथि उल्लिखित मूल प्रश्नहरु र त्यससँग सम्बन्धित अन्य प्रश्नहरूमा केन्द्रित रहेर विश्वव्यापीरुपमा खुला बजेट सर्भेक्षण गर्ने गर्दछ। नेपालमा पनि सन् २०६३ देखि नै खुला बजेट सर्भेक्षण हुँदै आएको छ । सर्भेक्षणले नेपालको बजेट प्रक्रिया अपारदर्शी रहेको अर्थात् नेपालमा बजेट प्रक्रियामा पर्याप्त खुलापन नभएको देखाएको छ। सन् २००६ को सर्भेक्षणबाट नेपालले १०० अङ्कमध्ये ३८ अङ्क प्राप्त गरेकोमा सन् २०६५ मा ४३, सन् २०६७ मा ४५ र सन् २०६९ मा ४४ अङ्क प्राप्त गरेको छ । यसबाट नेपालको बजेट प्रक्रिया औसतभन्दा कम पारदर्शी रहेको देखिन्छ। आईबीपीका लागि फ्रिडम फोरमले नेपालमा बजेट पारदर्शिता अध्ययन गर्दै आएको छ ।

अध्याय १

बजेट निर्माण



पूर्व बजेट विवरण ३२

कार्यकारीको बजेट प्रस्ताव ३७

नेपालमा कार्यकारीको बजेट प्रस्ताव ४४

नागरिक बजेट ७१

आर्थिक स्थायित्व, आर्थिक वृद्धि र आय तथा धनको समतामूलक किसिमबाट वितरण गर्ने शक्तिशाली साधनका रुपमा बजेटलाई लिइन्छ। बजेट आर्थिक नीतिको सबैभन्दा महत्वपूर्ण अङ्ग हो । यो नीति निर्माणका आफ्नै प्रक्रिया हुन्छन् । नेपालमा तोकिएका सरकारी संयन्त्रले विभिन्न प्रक्रिया मार्फत बजेट तयार गर्ने, र अर्थ मन्त्रालयले संसद्मा प्रस्तुत गर्ने व्यवस्था छ। राजनीतिक असहमति र संसद् नरहेको अवस्थामा संविधानकै प्रावधान बमोजिम अध्यादेश मार्फत बजेट सार्वजनिक गर्ने प्रचलन छ । यसरी अध्यादेशबाट बजेट बन्ने प्रक्रिया राम्रो होइन, र बजेटका सम्पूर्ण क्रियाकलापलाई यसले अबरुद्ध पार्दछ । तथापि, अध्यादेश मार्फत सार्वजनिक गरिएको बजेट पनि संसद्को बैठक बस्नासाथ अनुमोदन गर्नुपर्ने संवैधानिक प्रावधान छ। बजेट निर्माणमा नागरिक सहभागिताको अवस्था निकै नाजुक छ। यसले गर्दा बजेट पारदर्शितामा नागरिक तहमा पर्याप्त बहस चलाउन नसकिएको र बजेटप्रति आमजनताको स्वामित्व नभएको देखाउँछ।

१. बजेट निर्माण प्रक्रिया

बजेट निर्माणअन्तर्गत राज्यको प्राथमिकता यकिन गर्ने, राज्यको आम्दानीका स्रोतहरु पहिचान गर्ने र राज्यको आम्दानीलाई प्राथमिकताका आधारमा खर्च गर्न योजना बनाउनेसम्मका क्रियाकलाप पर्दछन्। सरकार नै बजेट निर्माणका लागि जिम्मेवार हुने गर्दछ । बजेट निर्माणको थालनी खासगरी सरकारको त्रिवर्षीय/पञ्चवर्षीय योजना, मध्यकालीन खर्च संरचना र मध्यकालीन बजेट संरचनाका आधारमा हुने गर्दछ । यी दस्तावेजले आगामी आर्थिक वर्षहरुमा के कस्ता योजना र कार्यक्रम ल्याउने, आय र व्ययको अनुमान कसरी गर्ने, बजेटको प्राथमिकता र सिद्धान्त के हुनेजस्ता विविध विषयमा मोटामोटी खाका दिन्छन् ।

(क) त्रिवर्षीय/पञ्चवर्षीय योजना

सरकारले बजेट निर्माण गर्नेक्रममा राष्ट्रिय योजना आयोगको त्रि-वर्षीय/पञ्चवर्षीय योजना (जसलाई आवधिक योजना पनि भनिन्छ) लाई मूल आधार बनाएको हुन्छ । आवधिक योजनाले लिएका लक्ष्य, उद्देश्य र प्राथमिकतालाई नै केन्द्रमा राखेर योजना आयोग र अर्थ मन्त्रालयले बजेटको प्रारम्भिक खाका तयार गरेका हुन्छन् । उदाहरणका लागि, आर्थिक


बजेट प्रक्षेपणको प्रारम्भिक प्रतिवेदन तयारी
राष्ट्रिय योजना आयोग/ अर्थ मन्त्रालय/ सम्बन्धित मन्त्रालय
(राष्ट्रिय योजना आयोग/स्रोत समिति)
प्रक्षेपण बजेट समितिमा पेश
बजेट समिति/राष्ट्रिय योजना आयोग/बजेट तथा कार्यक्रम महाशाखा
बजेटको आकार र सीमा निर्धारण
राष्ट्रिय योजना आयोग/अर्थ मन्त्रालय
मन्त्रालयगत र कार्यगतरुपमा बजेटको सीमा र निर्देशन तयारी
अर्थ मन्त्रालय
मन्त्रालयगत र कार्यगतरुपमा बजेटको सीमा, मार्गदर्शन र निर्देशन
सम्बन्धित मन्त्रालयहरुले गर्ने
प्राप्त बजेटको सीमा र मार्गदर्शन विभाग, जिल्ला कार्यालय र आयोजनामा पठाउने
सम्बन्धित जिल्लास्तरीय कार्यालयहरु/सम्बन्धित मन्त्रालयहरु
कार्यक्रम तथा बजेट तयार गरी पेश गर्ने
राष्ट्रिय योजना आयोग/अर्थ मन्त्रालय/अर्थमन्त्री/ सम्बन्धित मन्त्रालय
कार्यक्रम तथा बजेटमाथि छलफल
अर्थमन्त्री/संसद्
बजेट प्रस्तुत र पारित

वर्ष २०७०/७१ को साधारण तथा विकास कार्यक्रम तथा बजेट (चालु र पूँजीगत) तर्जुमासम्बन्धी आयोगबाट जारी मार्गदर्शनमा “त्रि-वर्षीय खर्च प्रक्षेपणको सीमाभित्र रही आगामी तीन वर्षकै बजेट तथा कार्यक्रम प्रस्ताव गर्ने” भनी उल्लेख गरिएको छ । साथै, सहस्राब्दी विकास लक्ष्य, मानव विकास प्रतिवेदनका सूचक, लैंगिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शन, बजेट तर्जुमा दिग्दर्शन, नीतिहरुजस्ता विभिन्न मार्गदर्शनका निचोडलाई समेत बजेट निर्माणका क्रममा ध्यान दिइएको हुन्छ ।

(ख) मध्यकालीन खर्च संरचना (Medium Term Expenditure Framework– MTEF)

सामान्यतया, बजेट निर्माण प्रक्रिया अघिल्लो वर्षको बजेटको जगमा तयार भएको हुन्छ । नेपालमा आर्थिक वर्ष सन् २०५७/५८ मा गठन भएको सार्वजनिक खर्च पुनरावलोकन आयोगको सिफारिसमा सार्वजनिक खर्चको व्यवस्थापनमा पारदर्शिता र प्रभावकारिता ल्याउन मध्यकालीन खर्च संरचना तयार पार्न थालिएको हो । आयोगले सुझाव गरेको बजेट सुधार कार्यक्रमकै एक अंगको रुपमा मध्यकालीन खर्च संरचना आर्थिक वर्ष २००५९/६० बाट आरम्भ गरिएको हो । यसको मूल उद्देश्य कुनै आर्थिक वर्षको बजेट अघिल्लो आर्थिक वर्षको बजेटको जगमा नै निर्माण होस् र राज्यको प्राथमिकता नखल्बलीयोस् भन्ने हो । अर्थात, यो सार्वजनिक खर्चका सन्दर्भमा तीन आर्थिक वर्षलाई जोड्ने संरचना (Linking Framework) हो । प्रत्येक सरकारी कार्यालयले प्रत्येक वर्ष तीन वर्षे खर्च नै प्रक्षेपण गर्नुपर्ने प्रावधान रहेको छ । यही प्राबधानले मध्यकालीन खर्च संरचना निर्माणमा योगदान गरिरहेको हुन्छ । मध्यकालीन खर्च संरचनाले खासगरी चारवटा प्रमुख उद्देश्य राखेको थियो:

- व्यापक आर्थिक स्थायित्वलाई दिगो बनाउनका लागि निरन्तर र यथार्थपरक स्रोत संरचना निर्माण गर्नु,
- विविध क्षेत्रहरुबीच गरिबी निवारण रणनीति पत्र (पीआरएसपी) अनुरुप बजेट विनियोजनमा सुधार ल्याउनु,
- सरकारी निकायहरुबाट स्रोतसाधनको सक्षम र प्रभावकारी उपयोगका लागि प्रोत्साहन बढाउनु, तथा

- विकास बजेटलाई बढी नतिजामुखी बनाउनु ।
- जस्तोसुकै अवश्थामा पनि उच्च प्राथमिकता प्राप्त आयोजना/कार्यक्रमलाई बित्तीय स्रोतको प्रत्याभूति गर्नू ।

मध्यकालीन खर्च संरचनामा खासगरी तीन वर्षको आयव्यय अनुमान गरिएको हुन्छ । यो अनुमान वा प्रक्षेपणलाई स्रोतको उपलब्धता, खर्च गर्ने क्षमता तथा नयाँ नीति र कार्यक्रमको उपादेयता समेतलाई आधार बनाई हरेक वर्ष अद्यावधिक गरिएको हुन्छ ।

राष्ट्रिय योजना आयोगको संयोजनकारी भूमिकामा आधारित भई अर्थ मन्त्रालयले प्रकाशन गरेको आर्थिक वर्ष २०६८।६९ देखि २०७०।७१ को मध्यकालीन खर्च संरचनामा आर्थिक वर्ष २०६६।६७ को यथार्थ खर्च, आ.व. २०६७६८ को संशोधित अनुमान, आ.व.२०६८।६९ को विनियोजन तथा आ.व. २०७९,।७० र आ.व. २०७०।७१ को अनुमान प्रक्षेपण गरिएको छ । आ.व. २०६९।७० र आ.व. २०७०।७१ को अनुमान प्रक्षेपण गर्दा नेपाल सरकार तथा वैदेशिक अनुदान र ऋणको अंश प्रस्तुत गरिएको छ। तालिकाको लागि अर्को पृष्ठमा हेर्नुहोला ।

(रु. ००० मा)

तीन वर्षीय खर्च प्रक्षेपणको सारंश

विवरण	२०६६।६७ यथार्थ खर्च	२०६७।६८ संशोधित अनुमान	२०६८।६९ विनियोजन	२०६९।७० अनुमान				आव २०७०।७१ को अनुमान			
				कूल	नेपाल सरकार	वैदेशिक		कूल	नेपाल सरकार	वैदेशिक	
						अनुदान	ऋण			अनुदान	ऋण
कूल खर्च	२५९६८९१०६	३०६२७०३८६	३८४९०००००	४२८६०२०३४	३१९६३७९१५	७९१६६१५६	२९७९७९६३	४६९९०५६३६	३५५३७७५८१	८४६५८२०७	२९८६९८४८
खर्च	२२७१०७३२२	२६९६४२६५७	३३९२१९८१४	३६७३३९४५५	२७८४२९३१५	७४८६४१५६	१४०४५९८४	४०५३५५८६२	३०९४९१०८१	७९६८०२०७	१६१८४५७४
चालु	१८६५९७५५३	२१९१६०२२७	२६६६१२७२४	२८९१७६३८४	२३४५२२९६३	४६७७०२५२	७८८३१६९	३१९१०९३०८	२५८०६१३१४	५०९०४३८९	१०१४३६०५
पुँजी	४०५०९७६९	५०४८२४३०	७२६०७०९०	७८१६३०७१	४३९०६३५२	२८०९३९०४	६१६२८१५	८६२४६५५४	५१४२९७६७	२८७७५८१८	६०४०९६९
लगानी	३२५८१७८४	३६६२७७२९	४५६८०१८६	६१२६२५७९	४१२०८६००	४३०२०००	१५७५१९७९	६४५४९७७४	४५८८६५००	४९७८०००	१३६८५२७४
संचित कोषमाथि व्ययभार हुने	२९१०२२६९	३१४२५७५४	३७७९४०२६	५०९४५६११	५०९४५६११	०	०	५५४२५९११	५५४२५९११	०	०
संचित कोषबाट विनियोजन हुने	२३०५८६८३७	२७४८४४६३२	३४७१०५९७४	३७७६५६४२३	२६८६९२३०४	७९१६६१५६	२९७९७९६३	४१४४७९७२५	२९९९५१६७०	८४६५८२०७	२९८६९८४८

मध्यकालीन खर्च संरचनामा सञ्चित कोषमाथि भार पर्ने खर्चहरु, सञ्चित कोषबाट खर्च गरिने रकमहरु, प्राथमिकताक्रम र रणनीतिअनुसार खर्चको प्रक्षेपण, सेवा र कार्यक्रम मुताबिकको खर्च, मन्त्रालयगत खर्चको अनुमान, बजेट शीर्षकगत खर्च अनुमान गरिएको हुन्छ ।

मध्यकालीन खर्च संरचना अरु मन्त्रालय र परियोजनाका निम्ति पनि निकै महत्वपूर्ण दस्तावेज हो । यो दस्तावेजले अर्थ मन्त्रालयले मन्त्रालय र कार्यक्रम विशेषका निम्ति के कति रकम विनियोजन गर्न लागेको छ भनी देखाउँछ । यही दस्तावेजका आधारमा विभिन्न मन्त्रालयले आ-आफ्ना खर्चको प्रक्षेपण गरेका हुन सक्छन् । उदाहरणका लागि, शिक्षा मन्त्रालयले मध्यकालीन खर्च संरचनाको कार्यान्वयनलाई सहयोग गर्न शिक्षासम्बन्धी छुट्टै मध्यकालीन खर्च संरचना दस्तावेज तयार पारेको छ । शिक्षा क्षेत्रमा पहिलोपटक मध्यकालीन खर्च संरचना आर्थिक वर्ष २०५९।६० मा बनाइएको थियो । योजना आयोगले उपलब्ध गराउने बजेटको सीमा र निर्देशिका बमोजिम शिक्षा मन्त्रालयले पनि शिक्षा क्षेत्रको मध्यकालीन खर्च संरचना तयार पार्दछ ।

मध्यकालीन खर्च संरचनाका सन्दर्भमा अर्थ मन्त्रालयले गरेको आर्थिक वर्ष २०६६/६७ को वार्षिक समीक्षा प्रतिवेदनमा यस्तो टिप्पणी गरिएको छः

खर्चको प्राथमिकता र बजेटलाई नीतिमा आधारित बनाउन मध्यकालीन खर्च संरचनाको अवधारणालाई अगाडि सारिएको हो । तर, यसको बुझाई र संस्थागत आन्तरिकीकरणमा समस्या देखिएको छ । मध्यकालीन खर्च संरचनाको आधारमा स्रोतको बाँडफाँड गर्दा बजेट व्यवस्थापनलाई बढी पारदर्शी र यथार्थपरक बनाउन सकिन्छ । यथार्थमा मध्यकालीन खर्च संरचनालाई पूर्णरुपमा आत्मसात गरी बजेट तर्जुमा गर्न नसकिएको अनुभूति गरिएको छ । बजेटलाई यथार्थपरक, प्राथमिकतामा आधारित र अनुमानयोग्य बनाउन मध्यकालीन खर्च संरचना/मध्यकालीन बजेट संरचना/ त्रिवर्षीय खर्च प्रक्षेपणबाट विचलन नहुने परिपाटी कायम गर्नुपर्ने देखिन्छ ।

मध्यकालीन खर्च संरचना कार्यदल

मध्यकालीन खर्च संरचनासम्बन्धी विषयहरु हेर्नेगरी प्रत्येक केन्द्रीय निकायमा योजना तथा बजेट हेर्ने महाशाखाको महाशाखा प्रमुखको अध्यक्षतामा देहाय बमोजिमको बजेट तथा मध्यकालीन खर्च संरचना कार्यदल गठन हुने व्यवस्था गरिएको छ ।

योजना तथा बजेट हेर्ने महाशाखा प्रमुख (सबै केन्द्रीय निकायहरु)	- अध्यक्ष
सम्बन्धित निकायको आर्थिक प्रशासन शाखा प्रमुख	- सदस्य
सम्बन्धित निकाय अन्तर्गतको विभागीयस्तरको कार्यालयको प्रतिनिधि	- सदस्य

(ग) मध्यकालीन बजेट संरचना (Medium Term Budget Framework– MTBF)

मध्यकालीन खर्च संरचनाले खर्चसम्बन्धी अंकहरु मात्र उपलब्ध गराएको हुन्छ, अर्थात त्रिवर्षीय खर्च संरचनाको विवरण दिएको हुन्छ जसमा नीति र प्राथमिकताका विषय एवम् आम्दानीका स्रोत अर्थात वित्तीय व्यवस्थाका सन्दर्भमा केही उल्लेख भएको हुँदैन । मध्यकालीन बजेट संरचनामा भने राजस्व, ऋण र सापटीजस्ता आम्दानीका स्रोत र नीति योजना समेत समेटिएको हुन्छ। यही सेरोफेरोमा हाल मध्यकालीन बजेट संरचना (Medium Term Budget Framework– MTBF) पनि अर्थ मन्त्रालयले तयार पार्न लागेको छ । मध्यकालीन बजेट संरचना खासगरी बजेट खर्चको बहुवर्षीय उद्देश्य स्थापित गर्ने प्राविधिक र संस्थागत संयन्त्र हो । सरकारको नीतिगत उद्देश्यलाई खर्चका योजनासँग जोड्नु नै यसको ध्येय हो। मध्यकालीन बजेट संरचनाको मुख्यत: निम्न उद्देश्य रहेका छन्:

- यथार्थमा आधारित मध्यकालीन स्रोत व्यवस्थाको अनुमानसहित सुधारिएको वित्तीय अनुशासन कायम गर्ने,
- उन्नत योजना र कार्यान्वयन मार्फत बढी प्रभावकारी वित्तीय नीतिहरु संचालन गर्ने,
- वार्षिक बजेटलाई दीर्घकालीन वित्तीय लक्ष्यसँग जोड्ने,
- बजेटलाई रणनीतिक योजना र क्षेत्रगत प्राथमिकतासँग जोडी रणनीतिक प्राथमिकीकरणलाई प्रश्रय दिने,
- बजेट निर्माणका निकायहरुका निम्ति योजना बनाउने सुनिश्चितता कायम गर्ने,
- वित्तीय नीतिका पारदर्शिता र जवाफदेहीता बढाउने,
- बजेट तयारी र व्यवस्थापनमा सम्बद्ध मन्त्रालयको क्षमता सबलीकृत गरी सञ्चालन र खर्च क्षमतामा सुधार ल्याउने ।

यो प्रणालीले बजेट निर्माणदेखि कार्यान्वयनसम्मका प्रत्येक अवस्थामा सम्बन्धित मन्त्रालय बढी जिम्मेवार हुनुपर्ने परिकल्पना गरेको छ। यो विधि अन्तर्गत योजना आयोग/अर्थ मन्त्रालयले बजेटको आकार, सीमा र रणनीतिहरु सम्बन्धित मन्त्रालयलाई उपलब्ध गराउँछन् र मन्त्रालयहरुले पनि आ-आफ्ना क्षेत्रगत प्राथमिकता र योजना त्यही आधारमा तर्जुमा गर्दछन्। हाल अर्थ मन्त्रालयले यो प्रणाली व्यवहारमा ल्याउने प्रयत्न गरिरहेको छ, तर यससँगै बजेट तथा वित्तीय जिम्मेवारी ऐन ल्याउनुपर्ने आवश्यकता समेत छ।

२. बजेट निर्माणमा विभिन्न निकायको भूमिका

क. राष्ट्रिय योजना आयोग

नेपालमा बजेट निर्माणको सन्दर्भमा अर्थ मन्त्रालयको भूमिका निकै प्रभावशाली रहने गरेपनि राष्ट्रिय योजना आयोग पनि बजेट निर्माण प्रक्रियामा उत्तिकै सक्रिय सरकारी संस्था हो । योजना आयोगले आवधिक योजना (त्रिवर्षीय/पञ्चवर्षीय/दीर्घकालीन)का आधारमा वार्षिक विकास कार्यक्रम तर्जुमा गर्दछ । योजना आयोगले योजना तथा कार्यक्रमको प्राथमिकता तथा नीतिगत लक्ष्य निर्धारण गरी अर्थ मन्त्रालय मार्फत सरकारका सबै निकायलाई मार्गदर्शन उपलब्ध गराउँछ।

आवधिक योजनाको लक्ष्य, नीति र राष्ट्रिय योजनाको मार्गदर्शन समेतलाई ध्यानमा राखी कार्यालयले गर्नुपर्ने कार्य, हासिल गर्नुपर्ने लक्ष्य, कार्यक्रम र आर्थिक स्रोतसमेतलाई दृष्टिगत गरी आयोगले सम्बन्धित मन्त्रालय र निकायहरु समेतको सल्लाहबाट आगामी आर्थिक वर्षका लागि क्षेत्रगत र मन्त्रालयगत बजेटको सीमा निर्धारण गर्दछ । प्रधानमन्त्रीको अध्यक्षता तथा प्रधानमन्त्रीले नियुक्त गर्ने उपाध्यक्षको नेतृत्वमा गठन हुने आयोगले देशभित्र सञ्चालन हुने साना-ठूला सबै आयोजनालाई राष्ट्रिय लक्ष्यअनुरुप भएनभएको जाँच गरी स्वीकृत गर्दछ । यसर्थ, आयोगको काँधमा राष्ट्रको विकास निर्माणलाई गति दिने विशिष्ट जिम्मेवारी रहेको मान्न सकिन्छ । तथापि, नेपालको सन्दर्भमा योजना आयोगको भूमिका र दायित्व छायाँमा परेको अनुभव गरिएको छ । आयोग स्वयम्ले पनि यो तथ्यलाई स्वीकार गरेको छ।

योजना आयोगको वार्षिक प्रतिवेदन-२०७० ले आयोगमा रहेका केही गम्भीर समस्यालाई औंल्याएको छ । प्रतिवेदनमा "आयोजनाहरुको तर्जुमा र किटान सम्बन्धित मन्त्रालयहरुले गर्ने भएता पनि विभिन्न व्यक्ति तथा संस्थाहरु सम्बन्धित मन्त्रालयसँग समन्वय तथा सम्पर्क नगरी सिधै राष्ट्रिय योजना आयोगमा आई विविध प्रकारका आयोजना तथा कार्यक्रमहरु समावेश गर्न दबाब दिने गरेको तथा आयोगको काम, कर्तव्य र अधिकार ऐनबाट व्यवस्थित हुन नसकेको" उल्लेख छ। "कतिपय निकायहरुले राष्ट्रिय योजना आयोगबाट कार्यक्रम स्वीकृत नगराई कार्यान्वयन गरी कार्यक्रम स्वीकृति तथा समर्थनका निम्ति पठाउने गरेको तथा आयोगबाट स्वीकृत भएका विभिन्न फारामहरुको प्रयोग नभएको तथा आयोगले मागेको आवश्यक सूचना तथा प्रतिवेदनहरु समयमा पठाउने नगरेको पाइएको" पनि प्रतिवेदनमा जनाइएको छ । खासगरी, सांसद्हरु, मन्त्रीहरु, नेताहरु आयोगमा आ-आफ्ना योजना स्वीकृत गराउन निरन्तर दौडधुप गरिरहेको पाइन्छ ।

बजेट र स्रोत समिति

बजेटको कार्यान्वयन स्थितिको अनुगमन तथा मूल्याङ्कन गर्ने एवम् आगामी आर्थिक वर्षको बजेट प्रक्षेपण एवं अनुमान लगायतका विषयहरुमा निर्णय गर्नका लागि देहायअनुसार बजेट समिति र स्रोत समितिको व्यवस्था गरिएको छ ।

(१) बजेट समितिः

उपाध्यक्ष, राष्ट्रिय योजना आयोग	- अध्यक्ष
सदस्य (बजेट हेर्ने), राष्ट्रिय योजना आयोग	- सदस्य
सदस्यहरु, राष्ट्रिय योजना आयोग	- सदस्य
गभर्नर, नेपाल राष्ट्र बैंक	- सदस्य
सचिव, अर्थ मन्त्रालय	- सदस्य
सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय	- सदस्य
महालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय	- सदस्य
महाशाखा प्रमुख, राष्ट्रिय योजना आयोगको सचिवालय	- सदस्यसचिव

(२) स्रोत समितिः

सदस्य (बजेट हेर्ने), राष्ट्रिय योजना आयोग	- संयोजक
महाशाखा प्रमुख (राजस्व हेर्ने), अर्थ मन्त्रालय	- सदस्य
महाशाखा प्रमुख (वैदेशिक सहायता), अर्थ मन्त्रालय	- सदस्य

महाशाखा प्रमुख (बजेट तथा कार्यक्रम महाशाखा) अर्थ मन्त्रालय	- सदस्य
प्रतिनिधि, नेपाल राष्ट्र बैंक	- सदस्य
प्रतिनिधि, महालेखा नियन्त्रक कार्यालय	- सदस्य
महाशाखा प्रमुख, आर्थिक व्यवस्थापन महाशाखा, रायोआको सचिवालय	- सदस्यसचिव

नोटः आर्थिक वर्ष २०७०/७१ का लागि स्रोत समितिले बजेटको सीमा रु. ५ खर्ब २० अर्ब निर्धारण गरेको थियो । र, अर्थमन्त्रीले २०७० असार ३० गते स्रोत समितिको सीमाभन्दा केही कम अर्थात रु ५ खर्ब १७ अर्ब २४ करोडको बजेट अध्यादेश मार्फत सार्वजनिक गर्नुभएको थियो ।

बजेट निर्माणको क्रममा अर्थ मन्त्रालयले सबै मन्त्रालयसंग राजनैतिक (मन्त्री) र प्रशासनिक/प्राविधिक छलफल गर्दछ । यस बाहेक बिभिन्न राजनैतिकदल, पूर्व अर्थमन्त्री एवं सचिवहरु, योजना अयोगका पूर्व सदस्यहरुसंग पनि छलफल गर्छ । बजेट निर्माणको क्रममा आयोजना-कार्यक्रम समावेश गर्न दवाव दिने समूह मन्त्री, सांसद र राजनैतिक दलका नेता हुन् भने राजस्व/करतर्फ नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, चेम्वर अफ कमर्स र विभिन्न वस्तु एवं सेवा संघका पदाधिकारी एवं प्रतिनिधि हुन् । यसप्रकार बजेट निर्माणको क्रममा किसान, मजदुर, गृहिणी लगायत आम नागरिक संगको संवाद करिव सून्य हुन्छ ।

ख. अर्थ मन्त्रालय

बजेट निर्माणमा नेतृत्वदायी भूमिका अर्थ मन्त्रालयको हुन्छ । अर्थ मन्त्रालयमा रहेको बजेट तथा कार्यक्रम महाशाखाले बजेट निर्माण प्रक्रियामा संयोजनकारी भूमिका निर्वाह गर्दछ । महाशाखाले हरेक मन्त्रालयलाई आवश्यक कार्यक्रम र योजनासहित बजेट निर्माण गरी पठाउन तथा त्यस्तो योजनाको कुल बजेट सरकारले निर्धारण गरेका महत्वपूर्ण प्राथमिकतालाई सुहाउने गरी आय/व्ययको स्थिति विश्लेषण गरी बजेट निर्माण गर्न निर्देशित गर्दछ । मन्त्रालयहरुको संलग्नता र त्यसमा हुने मध्यस्थताको आधारमा बजेट निर्माण गर्न केही हप्तादेखि धेरै महिनासम्म लाग्न सक्छ ।

प्रत्येक आर्थिक वर्षमा संसद्मा बजेट पेस गर्ने वा अध्यादेश मार्फत बजेट सार्वजनिक गर्ने जिम्मेवारी संविधान बमोजिम अर्थ मन्त्रालयको हुन्छ । प्रत्येक कार्यालयले तालुक कार्यालयको निर्देशन र राष्ट्रिय योजना आयोगबाट निर्धारण गरिएको परिपत्र बमोजिम आर्थिक वर्षको बजेट तर्जुमा गर्नुपर्दछ ।

सरकारका सबै निकायहरुले अर्थ मन्त्रालयको परिपत्र बमोजिम देहायका विषयहरु खुलाई बजेट निर्धारण गरी अर्थ मन्त्रालयमा पेस गर्नु पर्दछ ।

क. सालबसाली गर्नुपर्ने कार्यहरु
ख. आवधिक योजनाले निर्धारण गरेका कार्यहरु
ग. चालु रहेका योजना तथा कार्यक्रमहरु
घ. वैदेशिक सहायताअन्तर्गत गर्नुपर्ने कार्यहरु
ङ. सरकारका नया नीति तथा कार्यक्रममा परेका कार्यहरु
च. त्रि-वर्षीय (पञ्चवर्षीय) बजेटमा तोकिएको भए सो बमोजिमका कार्यहरु
छ. बहुवर्षीय योजनाका आधारमा तोकिएका कार्यहरु
ज. अन्य आवश्यक कार्यहरु
झ. कार्यालयबाट उठ्ने राजस्वहरुको विवरण
ञ. संवैधानिक व्यवस्थाअनुसार गत आर्थिक वर्षको कार्यक्रमको लक्ष्य र प्रगति विवरण
ट. राष्ट्रिय योजना आयोगको दिग्दर्शनअनुसार बजेटको सीमा, आकार र प्राथमिकताको आधार
ठ. बजेट प्रस्ताव गर्दा चालु र पुँजीगत खर्च बजेट शीर्षकअनुसार प्रस्ताव पेस गर्नुपर्नेछ ।
ड. समावेशी तथा रोजगार केन्द्रित बजेट पेस गर्नुपर्नेछ ।
च. सरकारको नीतिगत व्यवस्थाअनुसार पहिला अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगमा बजेट तथा कार्यक्रम पेस गर्ने जिम्मेवारी कार्यालय प्रमुखको हुन्छ । पूरक बजेट आवश्यक भएमा सरकारको निर्देशन बमोजिम पेस गर्नुपर्दछ ।

अर्थ मन्त्रालयले बजेट निर्माणकै क्रममा प्रत्येक आर्थिक वर्षको अन्त्यमा चालु आर्थिक वर्षको चित्रण गर्नेगरी आर्थिक सर्भेक्षण र सरकारको स्वामित्वमा रहेका संस्थानहरु सम्बन्धी दुईवटा महत्वपूर्ण दस्तावेज सार्वजनिक गर्दछ ।

(१) आर्थिक सर्भेक्षण: आर्थिक सर्भेक्षणमा मुख्यत: देशको तुलनात्मक समष्टीगत आर्थिक सूचकहरु (कूल गार्हस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मौद्रिक स्थिति, उपभोक्ता मूल्यसूची, सार्वजनिक वित्त, मुद्रा र बैंकिङ, बाह्य क्षेत्रको चित्रण र सामाजिक क्षेत्र), अर्थतन्त्रका प्रमुख चुनौतीहरु, आर्थिक क्रियाकलापहरु, सार्वजनिक वित्त (सरकारी कोषको संरचना, चालु र पूँजी खर्च, साँवाब्याज भुक्तानी, राजस्व, वैदेशिक सहायता, अनुदान र ऋण, कूल र खुद सापटी),

गरिबी निवारण र रोजगारी, सार्वजनिक संस्थाहरु, यातायात र सञ्चार, ऊर्जा र वन, सामाजिक क्षेत्र (शिक्षा, स्वास्थ्य, सरसफाइ, इत्यादि)को प्रगति, चुनौती र समस्याका बारेमा तुलनात्मक विवरण राखिएको हुन्छ। यी विवरणहरु विभिन्न मन्त्रालय र विभागबाट सङ्कलन तथा विश्लेषणमा आधारित हुन्छन्। आर्थिक क्षेत्रमा कलम चलाउने र रिपोर्टिङ गर्ने पत्रकारका लागि यो दस्तावेज निकै उपयोगी सन्दर्भ सामग्री हो। उदाहरणका लागि, शिक्षा क्षेत्रको विवरणलाई आर्थिक सर्भेक्षणमा कसरी प्रस्तुत गरिएको छ, हेरौं।

१. शैक्षिक सूचक तथा उपलब्धि
२. विद्यालयको व्यवस्थापन समुदायलाई हस्तान्तरण
३. पूर्व प्राथमिक शिक्षा र बाल विकास कार्यक्रम
४. छात्रवृत्ति कार्यक्रम
५. शैक्षिक मानव स्रोत केन्द्र
६. शिक्षक व्यवस्थापन
७. पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास
८. शहीद तथा द्वन्द्व पीडितका बालबालिकाका लागि शिक्षा
९. शिक्षा कार्यक्रमका लागि खाद्यान्न
१०. प्राविधिक तथा व्यावसायिक तालिम
११. अनौपचारिक शिक्षा तथा खुला विद्यालय
१२. विद्यालय, विद्यार्थी र शिक्षकको अनुपात
१३. विद्यार्थी/शिक्षक अनुपात
१४. प्राथमिक आधारभूत शिक्षा
१५. शिक्षकसम्बन्धी विस्तृत विवरण
१६. माध्यमिक शिक्षा
१७. माध्यमिक तहको शिक्षामा भर्ना दर
१८. उच्च माध्यमिक शिक्षा परिषद्
१९. उच्च माध्यमिक विद्यालयमा विद्यार्थीको अवस्था
२०. सामुदायिक उच्च मावि र शिक्षक व्यवस्थापन
२१. उच्च प्राविधिक शिक्षामा छात्रवृत्ति
२२. विश्वविद्यालय अनुदान आयोग
२३. विश्वविद्यालयहरु (त्रिभुवन विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय)

माथि प्रस्तुत शीर्षकले नै स्पष्ट गर्दछ, आर्थिक सर्भेक्षण निकै व्यापक र जानकारीमूलक स्रोत पुस्तक हो । नेपालको शैक्षिक अवस्थाका बारेमा यहाँ विस्तृत जानकारी दिइएको हुन्छ, तर ताजा र पछिल्ला जानकारीका लागि सम्बन्धित मन्त्रालय, विभाग, आयोग र विश्वविद्यालयमै सम्पर्क गर्नु पर्छ । आर्थिक सर्भेक्षणलाई आधार पुस्तकका रुपमा लिन सकिने प्रशस्त सम्भावना छ ।

(२) सार्वजनिक संस्थानहरुको वार्षिक स्थिति समीक्षा: अर्थ मन्त्रालयले आर्थिक सर्भेक्षणसँगै प्रकाशन गर्ने सार्वजनिक संस्थानहरुको वार्षिक स्थिति समीक्षा पुस्तक नेपालका सार्वजनिक संस्थानहरुका बारेमा एकीकृत र एकमुष्ठ जानकारी प्राप्त गर्ने तथा सार्वजनिक संस्थानहरुका सम्बन्धमा सरकारको दृष्टिकोण थाहा पाउने निकै उपयोगी पुस्तक हो । यो पुस्तकमा संस्थानहरुका वार्षिक क्रियाकलाप र त्यसबाट संस्थानहरुको स्थापनाको उद्देश्यमा पुऱ्याउन सकेको योगदानको विश्लेषण गरी वार्षिक समीक्षा गरिएको हुन्छ । उदाहरणका लागि, २०६९ असारमा प्रकाशित आर्थिक वर्ष २०६७/६८ को समीक्षामा सरकारको स्वामित्वमा ३७ वटा सार्वजनिक संस्थान रहेका र ती संस्थानको कूल सञ्चालन आय रु. १ खर्ब ५१ अर्ब ८५ करोड ४४ लाख रहेको देखाइएको छ । यो वर्ष २१ वटा संस्थान खूद नाफामा गएका र १४ वटा खूद घाटामा रहेका छन् । यो पुस्तकमा संस्थानहरुको क्षेत्रगत विश्लेषण (औद्योगिक क्षेत्र, व्यापारिक क्षेत्र, सेवा क्षेत्र, सामाजिक क्षेत्र, जनोपयोगी क्षेत्र, वित्तीय क्षेत्र) प्रस्तुत गरिएको छ । साथै, सबै संस्थानको भौतिक तथा वित्तीय प्रगति तालिकाहरु विस्तृतरुपमा यो पुस्तकमा दिइएको छ ।

ग. विषयगत मन्त्रालयहरु

विषयगत मन्त्रालयहरु भन्नाले अर्थ मन्त्रालय बाहेकका अरु मन्त्रालय भन्ने बुझिन्छ । सबै मन्त्रालयले आ-आफ्ना मन्त्रालय, विभाग र कार्यालयका निम्ति हुने चालु खर्च, विकास कार्यक्रमका लागि हुने चालु र पुँजीगत खर्च, आम्दानी समेतका विविध पक्षलाई समेटेर अनुमानित आय/व्यय अर्थ मन्त्रालयमा पेस गर्नु पर्दछ । मन्त्रालयहरुका योजना महाशाखाले तयार पार्ने बजेट सामान्यतया निकै ठूलो आकारको र महत्वाकाङ्क्षी कार्यक्रमसहितको रहँदै आएको छ । उदाहरणका लागि, अर्थ मन्त्रालयले कृषि मन्त्रालयका निम्ति रु १५ अर्बको बजेट सीमा तोकेको अवस्थामा कृषि मन्त्रालयले त्योभन्दा बढीको बजेट बनाएको हुन सक्छ । कृषि मन्त्रालयको यो बाध्यता पनि

हो । यस सन्दर्भमा, कृषि मन्त्रालय र अर्थ मन्त्रालयबीच बजेट उपलब्धता र कार्यक्रम स्वीकृतिका विषयमा निकै ठूलो सङ्घर्ष पनि भइरहेको हुन्छ, छलफल र अन्तर्क्रिया पनि हुन्छ ।

मन्त्रालयहरुका निम्ति बजेट विनियोजन र कार्यक्रम स्वीकृति निकै पेचिलो मुद्दा हो । मन्त्रालयहरुले आ-आफ्ना कार्यक्रम निर्माण र प्राथमिकता निर्धारणमा निकै परिश्रम गरी लागत अनुमान, लक्ष्य, उद्देश्य, उपलब्धि र समयावधि समेतको आँकलन गरेर बजेट बनाएका हुन्छन् । तर, अर्थ मन्त्रालयका पनि आफ्नै सीमितता हुन्छन् । कार्यक्रमका निम्ति बजेटको व्यवस्था गर्ने, स्रोत जुटाउने काममा उसलाई पनि फलामको चिउरा चपाउनुसरह भइरहेको हुन्छ । यो द्वन्द्व बजेट निर्माणको प्रक्रियामा सर्वाधिक बढी हुन्छ ।

बजेट निर्माणको क्रम वर्षभर चलिरहन्छ

नेपालमा बजेट निर्माणको कार्य वर्षैभर निरन्तर चलिरहन्छ । बजेटको निर्माणका सन्दर्भमा अर्थ मन्त्रालयले समय समयमा बजेट तर्जुमा दिग्दर्शन जारी गर्दै आएको छ । यो दिग्दर्शनले बजेट निर्माण प्रक्रियामा आमजनताको भावनालाई कसरी समेट्न सकिन्छ भन्ने प्रस्ट गर्न सकेको छैन । बजेट निर्माण प्रक्रिया मन्त्रालय र कार्यालयहरुको प्राविधिक तथा प्रशासनिक कार्यको रुपमा मात्र रहेको देखिन्छ । सो दिग्दर्शनमा समेटिएको समयतालिका तल प्रस्तुत गरिएको छ ।

बजेट निर्माणको क्रममा राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र विषयगत मन्त्रालयहरुले समयतालिका बनाएर आन्तरिक र बाह्य छलफल चलाउने, दातृ निकायहरुसँग द्विपक्षीय र बहुपक्षीय छलफल गर्ने, कतिपय अवस्थामा क्षेत्रस्तरमा सुझाव सङ्कलनका निम्ति परामर्श कार्यशाला आयोजना गर्ने, विभिन्न सरोकारवालाहरु (उद्योग वाणिज्य महासङ्घ, चेम्बर अफ कमर्श, उद्योग परिसङ्घ इत्यादि) सँग अन्तर्क्रिया गर्ने, राजस्व परामर्श समितिका सुझाव ग्रहण गर्नेजस्ता विविध क्रियाकलापहरु गरिएका हुन्छन् । बजेट निर्माण गोप्यरुपमा गरिन्छ र त्यसमा नागरिकको यथार्थपरक सहभागिता हुँदैन, र त्यस्तो बजेट केन्द्रमुखी हुने गर्दछ भन्ने आलोचना प्रत्येक वर्ष गरिँदै आएको छ । बजेटमा अर्थ मन्त्रालयकै हालिमुहाली हुने, कैयौँ राम्रा कार्यक्रमलाई बेवास्ता गरिने, कार्यक्रम र योजनाका निम्ति विनियोजन गरिने रकम पनि ज्यादै न्यून हुनेजस्ता गुनासा स्वयम् सरकारकै निकायहरुबाट आउने गरेको छ ।



पूर्व बजेट विवरण सार्वजनिक गर्ने चलन नेपालमा नरहे पनि अर्थ मन्त्रालयले अर्को आर्थिक वर्षको बजेट सार्वजनिक गर्नु एक-दुई दिनअघि चालु आर्थिक वर्षको समग्र आर्थिक सूचक झल्कने आर्थिक सर्भेक्षण र सरकारको स्वामित्वमा रहेका सार्वजनिक संस्थानहरुको वस्तुस्थिति झल्कने पुस्तक सार्वजनिक गर्ने गर्दछ । यी दुई दस्तावेजबाट चालु आर्थिक वर्षको आर्थिक अवस्था थाहा पाउन र अर्को आर्थिक वर्षको बजेटको स्थिति कस्तो रहला भन्ने आँकलन गर्न मद्दत पुग्दछ ।

३. व्यवस्थापिका–संसद्को अर्थ र श्रम सम्बन्ध समिति

नेपालको अन्तरिम संविधान, २०६३ अनुसार गठित व्यवस्थापिका-संसद् अन्तर्गत रहेको अर्थ र श्रम सम्बन्ध समितिले पनि बजेट निर्माणका सम्बन्धमा पर्याप्त चासो राखेको हुन्छ । यो आमजनताको प्रतिनिधित्व गर्ने सर्वोच्च निकायभित्रको एउटा महत्वपूर्ण समिति हो । लोकतान्त्रिक शासन पद्धतिमा यस्ता संसदीय समितिको विशेष महत्व हुन्छ । यो समितिले आफ्नो कार्यकालमा बजेट निर्माणका सन्दर्भमा आफ्नो काम, कर्तव्य र अधिकार तोकी अर्थ मन्त्रालयलाई बजेट निर्माणअघि समितिको बैठकमा डाक्ने, बजेटसँग सम्बन्धित विभिन्न पक्षबारे जानकारी लिने, योजना तर्जुमा प्रक्रियाको प्रगति समीक्षा गर्ने, स्रोतको अवस्था र त्यसको बाँडफाँडको अवस्था बुझ्नेजस्ता कार्य गर्ने गरेको छ । सरकारलाई व्यवस्थापिका संसद्प्रति उत्तरदायी र जवाफदेही बनाउन सरकारबाट भएगरेका कारवाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा सल्लाह दिन यो समिति बनेको हो । यो समितिले खासगरी अर्थ मन्त्रालय, उद्योग मन्त्रालय, वाणिज्य तथा आपूर्ति मन्त्रालय, श्रम तथा यातायात व्यवस्था मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई आफ्नो कार्यक्षेत्र भित्र समेटेको छ । समितिमा रहेका सांसद्हरुले बजेट निर्माण प्रक्रियाका सम्बन्धमा लिने गरेको जानकारी र दिएका सुझावलाई पूर्व बजेट छलफलका रुपमा लिन सकिन्छ ।

संविधानसभा (व्यवस्थापिका-संसद्को कार्यसञ्चालन) नियमावली, २०६५ अनुसार अर्थ र श्रम सम्बन्ध समितिको काम, कर्तव्य र अधिकार निम्न अनुसार छः

- मन्त्रालय, विभाग र अन्तर्गतका निकायहरुको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरु यस्तै क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन संविधानसभाको बैठकमा पेश गर्ने,
- मन्त्रालय, विभाग र अन्तर्गतका निकायहरुको राजस्व र व्ययसम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने

सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको वार्षिक प्रतिवेदन सभामा पेश गर्ने,

- मन्त्रिपरिषद्का सदस्यहरुले सरकारको तर्फबाट सभामा समय-समयमा दिएका आश्वासनहरुलाई पूरा गर्न नेपाल सरकारद्वारा के-कस्ता कदमहरु उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र सभामा प्रतिवेदन पेश गर्ने,
- विषयसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र सभामा प्रतिवेदन पेश गर्ने,
- सरकारद्वारा प्रचलित ऐन, नियम अनुरुप भएगरेका काम कारवाहीबारे छलफल गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,
- सरकारद्वारा समय-समयमा गठन हुने छानबिन आयोग समिति र जाँचबुझ आयोग समितिहरूद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने, सभाले सुम्पेका अन्य कार्यहरू गर्ने,
- समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने, र
- माथि उल्लिखित खण्डहरू बमोजिम कार्यसम्पादन गर्दा सम्बन्धित मन्त्रालय तथा विभागका प्रतिनिधिहरू र आवश्यक परे तत्-तत् विषयका विशेषज्ञहरूसित समेत विचारको आदान-प्रदान गर्ने ।

अर्थ र श्रम सम्बन्ध समितिले बजेट प्रस्तुत गर्नुअघि अर्थमन्त्री, अर्थ सचिव, अर्थ मन्त्रालयको बजेट निर्माणसँग सम्बन्धित बजेट महाशाखाका उच्च पदाधिकारी तथा राष्ट्रिय योजना आयोगका पदाधिकारीलाई समितिको बैठकमा डाकेर खुला छलफल गर्ने गरेको पाइन्छ । बजेट निर्माणकै चरणमा हुने समितिको यस्तो कार्यले बजेट निर्माणलाई अझ पारदर्शी बनाउन बल पुगेको देखिन्छ ।

४. बजेट निर्माणमा जनसहभागिता

बजेट निर्माणको प्रक्रिया निकै व्यापक हुने, यसक्रममा विविध किसिमका दस्तावेज तयार पारिने तथा ती दस्तावेजका आधारमा बजेटलाई निश्चित स्वरुप दिइने गरिन्छ। बजेट निर्माणका क्रममा छलफल, चर्चा परिचर्चा हुने गरे पनि नेपालको बजेट निर्माण प्रक्रियामा आमजनताको अर्थपूर्ण सहभागिता ज्यादै कम हुने गरेको छ । बजेटको पारदर्शिता र जनसहभागिताले निम्न फाइदा पुग्छः

- सार्वजनिक खर्चमा हुने चुहावटलाई नियन्त्रण गर्दछ,
- बजेट कार्यान्वयनमा प्रभावकारिता ल्याउन मद्दत गर्दछ,
- बजेटप्रति आमजनताको स्वामित्व बढ्छ,
- बजेटबाट मितव्ययिता, कार्यकुशलता र प्रभावकारिता हासिल हुन्छ।

बजेट निर्माणको वर्तमान ढाँचामा आमुल परिवर्तन गर्नुपर्ने खाँचो महसुस गरिएको छ । गरिबी, अशिक्षा, पछौटेपनजस्ता समस्याबाट ग्रस्त नेपाली समाजमा बजेट निर्माणका क्रममा आमजनतालाई थाहै नदिने प्रवृत्ति छ । गाउँ र जिल्लाबाट प्रस्तावित हुने बजेट सामान्यतया सरकारी कार्यालयका कर्मचारी र केही जानकार व्यक्तिको सुझावमा बन्ने गर्दछ। सुझाव सङ्कलन गरिए पनि त्यो सीमित प्रकृतिको हुने गर्दछ। जनतालाई आमरुपमा सहभागी गराउनुपर्ने योजना तर्जुमामा पनि उनीहरुलाई पाखा लगाउने गरिएबाट बजेटको समग्र प्रक्रियामा प्रभाव परिरहेको छ ।

स्थानीय निकायमा बजेट निर्माण प्रक्रिया

स्थानीय स्वायत्त शासन ऐन २०५५ बमोजिम स्थानीय निकायलाई अधिकारसम्पन बनाउने उद्देश्यले स्थानीय निकायको नीति तथा कार्यक्रम र बजेट बनाउने अधिकार स्थानीय निकायलाई नै दिएको छ । त्यसका लागि सरकारले एकमुष्ठ बजेट स्थानीय निकायमा पठाउँछ र नीतिगत कानुनी व्यवस्थाको अधीनमा रही स्थानीय निकायले निम्न चरणहरुका आधारमा बजेट निर्माण गर्दछ ।

सहभागितामूलक जिल्ला विकास योजना तर्जुमा प्रक्रियाका १४ चरणहरु

चरणहरु	क्रियाकलापहरु	सहभागीहरु	समयसीमा
निर्देशन प्राप्त गर्ने	राष्ट्रिय योजना आयोग र मन्त्रालयहरुबाट निर्देशन, जानकारी तथा बजेटको सीमा प्राप्त गर्ने	जिल्लास्तरीय क्षेत्रगत निकायहरु	कात्तिक मसान्तभित्र
निर्देशनको समीक्षा गर्ने	योजना आयोग र मन्त्रालयबाट प्राप्त नीति निर्देशन, अनुमानित बजेटको समीक्षा र विश्लेषण	क्षेत्रगत निकायहरु, जिविसका सभापति, उपसभापति तथा सदस्यहरु	मंसिर पहिलो साता
योजना कार्यशाला	नीति, उद्देश्य, कार्यक्रम, स्रोत, क्रियाकलापहरु र उपलब्ध बजेटबारे जानकारी दिने तथा परियोजना आवेदन फारमहरु र ती फारम भर्ने तरिकाबारे अभिमुखीकरण गर्ने	जिविसका अधिकारीहरु, क्षेत्रगत निकायहरु, वित्तीय संस्थाका प्रमुखहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैसस, गाविस अध्यक्ष, उपाध्यक्ष र सचिवहरु	मंसिरको दोस्रो साता
गाविस/ नगरपालिका बैठक	गाविसका वडाहरुमा गरिनुपर्ने कार्यक्रम र परियोजनाहरुको विश्लेषण	जिविस, गाविस र क्षेत्रगत निकायहरुका प्रतिनिधिहरु	पुस पहिलो सातासम्म
वडास्तरीय योजना छनोट कार्यशाला	कार्यक्रमको सहभागीमूलक मूल्याँकन तथा वडा तहमा समुदायद्वारा फारम भराउने	स्थानीय बासिन्दा, गैससहरु, उपभोक्ता समूहहरु, वडा अध्यक्ष तथा सदस्यहरु	पुसको पहिलो साता
वडा समिति बैठक	वडास्तरबाट प्राप्त कार्यक्रम तथा परियोजनाहरुको प्राथमिकीकरण गर्ने	वडा अध्यक्ष, सदस्य तथा उपभोक्ता समूहहरु	पुसको दोस्रो साता सम्म

गाविस/ नगरपालिका बैठक	गाउँबस्तीबाट प्राप्त कार्यक्रम तथा परियोजनाहरुको सूची तयार पार्ने, परियोजना र कार्यक्रमको पहिचान गरी अन्तिम रुप दिने, गाविस एक्लैले कार्यान्वयन गर्न सक्ने र कार्यान्वयनका लागि बाह्य सहयोग चाहिने परियोजनाहरुको अनुमानित बजेट सहित प्राथमिकीकरण र वर्गीकरण गर्ने	गाविसका पदाधिकारी, क्षेत्रगत निकायका प्रतिनिधिहरु	पुसको तेस्रो साता
गाउँ /नगर परिषद बैठक	वडाहरुले बुझाएका कार्यक्रम, परियोजना स्वीकृत गर्ने, गाविस/नगरपालिकाको स्रोतबाट गरिनुपर्ने कार्यक्रम र परियोजनाहरु वा गाविस/नगरपालिका योजना स्वीकृत गर्ने, बाह्य सहायता आवश्यक पर्ने कार्यक्रम, परियोजनाको पहिचान र प्राथमिकीकरण गरी जिविसमा पठाउने	गाउँ परिषद्का सदस्यहरु	पुस मसान्त सम्म
ईलाकास्तरीय योजना तर्जुमा गोष्ठी	गाविस र नगरपालिकाले पहिचान गरेका क्षेत्रगत कार्यक्रमहरुको प्राथमिकीकरण गरी जिविसका क्षेत्रगत समितिहरुमा पठाउने	ईलाका सदस्य, गाविसका अध्यक्ष र उपाध्यक्षहरु, नगरपालिकाका प्रमुख र उपप्रमुख, क्षेत्रगत निकायका प्रमुखहरु, वित्तीय संस्थाका प्रमुखहरु र अ/गैसस	माघको तेस्रो साता सम्म
विषयगत योजना समिति बैठक	ईलाकाहरुले पहिचान गरेका कार्यक्रमहरुलाई प्राथमिकीकरण गरी जिविसको एकीकृत योजना तर्जुमा समितिमा पठाउने	जिविसका सदस्यहरु, अ/गैसस, क्षेत्रगत समितिको सदस्य	फागुन पहिलो साता सम्म

एकीकृत योजना तर्जुमा समिति बैठक	विभिन्न क्षेत्रका प्राथमिकीकरण गरिएका कार्यक्रम तथा योजनाहरुको मूल्याँकन र विश्लेषण गर्ने, प्राथमिकीकरण गरिएका कार्यक्रम तथा योजनाहरु विषयगत समितिको विकास योजनामा समेट्ने र सो मस्यौदा एकीकृत योजना निर्माण समितिमा बुझाउने	गाविस अध्यक्ष र उपाध्यक्ष, जिल्लाका सांसदहरु, क्षेत्रगत समितिका प्रमुख र अ/गैसस	फागुनको दोश्रो साता सम्म
जिल्ला विकास समिति	राष्ट्रिय योजना आयोगको मार्गनिर्देशन, जिल्लाको आवधिक योजना, स्रोत नक्साङ्कन, वातावरणीय प्रभाव इत्यादिमा आधारित रहेर जिल्ला विकास योजनाको मूल्याँकन गर्ने, जिल्लाबाट कार्यान्वयन हुने र केन्द्रबाट कार्यान्वयन हुने कार्यक्रम र परियोजनाहरु छुट्याउने, क्षेत्रगत र भौगोलिक आधारमा कार्यक्रम परियोजनालाई प्राथमिकीकरण गरी मस्यौदा योजना जिल्ला परिषद्मा स्वीकृतिका लागि पेस गर्ने ।	जिविस सभापति र उपसभापति, जिविस सदस्य	फागुनको तेस्रो साता
जिल्ला परिषद्	जिल्ला विकास योजनाका विषयमा छलफल गरी स्वीकृत गर्ने	जिल्ला परिषद्का सदस्यहरु	फागुन मसान्त सम्म
जिल्ला विकास योजना कार्यान्वयन	जिल्ला विकास योजना राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पठाउने तथा क्षेत्रगत कार्यक्रम तथा परियोजनाहरु विषयगत मन्त्रालयहरुमा पठाउने	योजना आयोग, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र विषयगत मन्त्रालयहरु	चैतको १० गते भित्र

स्रोतः स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ (भाषिक परिमार्जन सहित)

निरीक्षण प्रतिवेदन सार्वजनिक गर
हाम्रो बजेट हाम्रो जिम्मेवारी
निरीक्षण प्रतिवेदन सार्वजनिक गर
लेखापरीक्षण ?
सरकारी अनुगमन प्रभावकारी बनाउ
खरिद आदेश जारी गर
सार्वजनिक खरिद पारदर्शी बनाउ
नागरिक अनुगमन खुला गर
लेखापरीक्षण खोई ?
हाम्रो बजेट जिम्मेवारी
भुक्तानीयोग्य रकम सार्वजनिक गर
खरिद आदेश जारी गर
सामाजिक लेखापरीक्षण गर्नैपर्छ
पूर्व बोलकबोल प्रक्रिया पूरा गर

पूर्व बजेट विवरण (Pre-Budget Statement)

१. परिचय

वित्तीय रणनीति पत्र, बजेट रणनीति दस्तावेज वा बजेटरी संरचना पत्र पनि भनिने पूर्व बजेट विवरणले आउँदो आर्थिक वर्षका लागि, प्रायः आगामी दुई वर्षका लागि, सरकारको बजेट रणनीतिलाई प्रदर्शित गर्दछ । यो प्रतिवेदनलाई मन्त्रिपरिषद्मा प्रस्तुत गरिन्छ, तर धेरै देशमा यसलाई संसद् र जनसमक्ष पनि उपलब्ध गराइन्छ । यथार्थमा, संसद्मा पूर्व बजेट विवरण टेबल गर्ने र छलफल गर्ने आजभोलिको प्रचलन निकै राम्रो अभ्यास हो । नेपालमा भने पूर्व बजेट विवरण सार्वजनिक गर्ने प्रचलन रहेको पाइन्न । विश्वका कतिपय देशमा यो अभ्यास प्रचलनमा छ । खासगरी, बजेटमा आमजनताको अपेक्षा र भावना समेट्न तथा बजेटमाथि बहस चलाउन पूर्व बजेट निकै उपयोगी हुन्छ । यो अध्यायमा पूर्व बजेट के हो, यो किन महत्वपूर्ण छ, नेपालमा पूर्व बजेट अभ्यास प्रचलनमा छ छैन र यस्तो दस्तावेजको आवश्यकता छ छैन भन्ने सम्बन्धमा चर्चा गरिएको छ । पूर्व बजेट विवरणका सम्बन्धमा *इन्टरनेसनल बजेट पार्टनरसीपद्वारा प्रकाशित गाईड टू ट्रान्सपरेन्सी ईन गभर्नमेन्ट बजेट रिपोर्टस पुस्तकबाट अन्तर्राष्ट्रिय अभ्यास प्रस्तुत गरिएको छ ।*

ओईसीडीका अनुसार पूर्व बजेट विवरणले "बजेटका समग्र पक्षमाथि बहस चलाउन र अर्थतन्त्रसँग त्यसलाई कसरी आवद्ध गर्ने भनेर प्रोत्साहित गर्दछ । यस अभ्यासले बजेटका वारेमा उपयुक्त अपेक्षाहरु निर्माण गर्न सहयोग गर्दछ ।" पूर्व बजेट विवरणले नीतिगत व्यवस्थाहरु र बजेट विनियोजनबीचको सम्बन्धका बारेमा बुझ्न आमजनतालाई मद्दत गर्दछ ।

पूर्व बजेट विवरणले सरकारभित्रै बजेट निर्माण प्रक्रियालाई सुधार गर्न मद्दत पुऱ्याउँछ । यी विवरणहरु तयार पार्नुअघि बजेटलाई प्रायः आर्थिक

वर्ष आरम्भ हुनु ठीक अघि प्रस्तुत गर्ने प्रचलन रहिआएको थियो । यस्तो अवस्थामा, अर्थ मन्त्रालयले प्राय: बजेटसम्बन्धी सर्कुलर जारी गर्दछ जसमा हरेक मन्त्रालयलाई बजेटको सीमा तोकिएको हुन्छ । बजेटलाई अन्तिम रुप दिनेक्रममा विनियोजन हुने रकमका सन्दर्भमा अर्थ मन्त्रालय र सरकार प्रमुखको निगाहामा निर्भर रहनु स्वाभाविक हो । यस्तो किसिमको विधिले "बजेट खेल" हुने गर्दछ र मन्त्रालयहरुले अर्थ मन्त्रालयमा पेस गर्ने रकम नै बढी हुने गर्दछ । आजभोलि, पूर्व बजेट विवरण आवश्यक पर्न थालेपछि मन्त्रिपरिषद् र संसद्ले गर्ने बजेट सीमामाथिको छलफल बढी नै यथार्थपरक हुने गरेको छ । बजेट प्रस्तावको औपचारिकता पाउनुअघि त्यसमा फेरबदल गर्न पनि पूर्व बजेट विवरण सहयोगी हुने गरेको छ ।

पूर्व बजेट विवरण सार्वजनिक गर्ने समयले पनि बजेट प्रक्रियामा यसको भूमिका र महत्वमाथि प्रभाव पार्दछ । पूर्व बजेट विवरण सामान्यतया चालु आर्थिक वर्षको चौथो वा पाँचौं महिनामा जारी गरिन्छ र अर्को वर्षको बजेट प्रक्रियाका निम्ति यो प्रारम्भिक विन्दु हुन्छ । बजेट तयारीको सुरुआतमा नै संसद्लाई यो दस्तावेज उपलब्ध गराएर सरकारले सांसद्हरुका दृष्टिकोण र टिप्पणीहरु प्राप्त गर्न सक्छ । संसदीय स्वीकृति नै आवश्यक नरहे पनि पूर्व बजेट विवरण उपलब्ध गराउँदा संसदीय समिति र आमजनताबाट बजेटका सन्दर्भमा छलफल चलाउन मद्दत गर्दछ । यो कार्यबाट वास्तविक बजेट प्रस्ताव निर्माणको व्यापक प्रक्रिया थालनी गर्नेक्रममा सरकारलाई पृष्ठपोषण प्राप्त हुन्छ । केही मुलुकमा पूर्व बजेट विवरण र चालु बजेटको मध्यावधि समीक्षा एकैसाथ सार्वजनिक गरिन्छ । चालु बजेट कार्यान्वयनको मध्यावधि दृष्टिकोणले बजेट रणनीति तयार गर्न मद्दत गर्दछ । तर यस अभ्यासबाट पूर्व बजेट विवरण तयार पार्न ढिलाई हुन सक्छ किनभने विस्तृत बजेट निर्माण प्रक्रियाका निम्ति निकै कमसमय उपलब्ध रहन्छ । यसले आगामी वर्षको लागि बजेट अनुमान तयार पार्न मन्त्रालयहरुका लागि उपलब्ध समयलाई कम गर्न सक्छ । हरेक मन्त्रालयसँग विस्तृत छलफलका साथै पूँजीगत बजेट प्रस्तावमाथि छलफल गर्नुपर्ने भएकाले बजेट तयारी प्रक्रियामा समय बढी लाग्ने गर्दछ । त्यहीकारण विश्वका अधिकांश अर्थ मन्त्रालयहरुले बजेट निर्माण प्रक्रियाका निम्ति बढी समय लिने तर मध्यावधि समीक्षा तथा पूर्व बजेट विवरण सार्वजनिक गर्नेतर्फ कम ध्यान दिनेगरेको पाइन्छ ।

केही मुलुकले चालु आर्थिक वर्षको निकै पछि मात्र पूर्व बजेट विवरण प्रकाशन गर्दछन । र, कहिलेकाहीँ सरकारको औपचारिक बजेट प्रस्तावको प्रस्तुतिकरणको एक महिना अघि यो सार्वजनिक हुन्छ। यस्तो अवस्थामा, पूर्व बजेट विवरण जारी हुनुअघि नै बजेट निर्माण प्रक्रिया लगभग टुङ्गिइसकेको हुन्छ। त्यस्तो अवस्थामा पूर्व बजेट विवरणसम्बन्धी प्रतिवेदनले बजेट निर्माण प्रक्रियामा कम प्रभाव पार्न सक्छ।

२. पूर्व बजेट विवरणमा समावेश हुने जानकारी

पूर्व बजेट विवरणले वित्तीय नीतिलाई समग्र अर्थव्यवस्थासँग कसरी अन्तरसम्बन्धित गर्ने र आगामी वर्ष बजेटका प्राथमिकताहरु कसरी तोक्ने भन्ने सम्बन्धमा सरकारको दृष्टिकोणका बारेमा महत्वपूर्ण जानकारी उपलब्ध गराएको हुन्छ । तथापि, यो विवरण आफैँमा बजेट भने होइनः यसले सरकारका बजेट प्राथमिकताहरु र नीतिहरुका सम्बन्धमा विस्तृतरुपमा नभए पनि केही सङ्केत गर्दछ र यसलाई अन्ततः बजेटमा परिलक्षित गरिएको हुन्छ। यसबाहेक, पूर्व बजेट विवरणले आगामी वर्षका निम्ति बजेटका बारेमा सरकारको प्रारम्भिक सोचाईलाई प्रतिविम्बित गरेको हुन्छ, तर अन्त्यमा प्रस्तुत हुने बजेट भिन्न स्वरुपमा आउन सक्ने कुरामा आम समझदारी रहेको हुन्छ। यसो हुनुको मुख्य कारणमा पूर्व बजेट विवरणको पृष्ठपोषणका आधारमा मन्त्रिपरिषद्, संसद्, नागरिक समाज र आमजनताबाट नयाँ विषय उठान गर्न सक्नेहुँदा बजेट निर्माणका चरणमा नयाँनयाँ विकास कार्यक्रम थालनी गर्ने सोचाइ अघि आएको हुन सक्छ।

पूर्व बजेट विवरणमा पाँचवटा मुख्य पक्षहरु रहेका हुन्छन्।

पहिलो, प्रतिवेदनले समष्टीगत आर्थिक अवस्थाको सेरोफेरोमा सरकारको दृष्टिकोणलाई तर्क र प्रमाणसहित अघि सारेको हुन्छ। पूर्व बजेट विवरणले व्यापकरुपमा आन्तरिक तथा बाह्य समष्टीगत अर्थव्यवस्थाका सूचकका सम्बन्धमा सरकारको मुख्य अनुमानहरुका बारेमा व्याख्या गरेको हुनु पर्दछ। यस्ता सूचकहरुमा उत्पादनको यथार्थ वृद्धि, उत्पादनको संरचना, रोजगारी, मूल्य, चालू खाता र ब्याज दर समाविष्ट हुनु पर्दछ।

दोस्रो, ओईसीडीले औंल्याए झैं "प्रतिवेदनले सरकारको कम्तीमा आगामी दुई वर्षसम्मको दीर्घकालीन आर्थिक तथा वित्तीय नीतिको उद्देश्य र आगामी बजेटमा सरकारको आर्थिक तथा वित्तीय नीति मनसाय व्यक्त गरेको हुनु पर्दछ ।" पूर्व बजेट विवरणमा राजस्व (आम्दानी), खर्च, ऋणात्मक वा घनात्मक, र ऋणका साथै समग्र समष्टीगत आर्थिक नीतिको सन्दर्भमा निर्वाह गर्ने अपेक्षा गरिएको वित्तीय नीतिलाई प्रकाश पारिएको हुनु पर्दछ । पूर्व बजेट विवरणले खुद सापटी तथा ऋण-सेवाको लागतसम्बन्धी अनुमान तथा समष्टीगत आर्थिक स्थितिलाई पनि प्रस्तुत गर्नु पर्दछ ।

तेस्रो, पूर्व बजेट विवरणले विभिन्न क्षेत्रको विकासका निम्ति व्यवस्थित व्यापक नीति एवं रणनीतिबारे प्रकाश पार्नु आवश्यक हुन्छ । साथै, बजेट विनियोजनका सन्दर्भमा कसरी विभिन्न क्षेत्रबीच न्यायपूर्ण अवस्था सिर्जना गरिन्छ र यो विनियोजनलाई नयाँ नीति अभियानले कसरी प्रभावित गर्न सक्छ भनेर पनि प्रकाश पार्नु पर्दछ । यसमा चालु कार्यक्रमका लागि विनियोजन गरिएको समग्र अनुमान र क्षेत्रगत वा मन्त्रालयबाट भएको लगानीमाथि विचार गरिन्छ । पूर्व बजेट विवरणले गत वर्ष जारी अनुमानको अद्यावधिक जानकारीका साथै कुनै विशेष क्षेत्रमा देखा परेको आकस्मिक परिवर्तनलाई समेत समावेश गरेको हुनु पर्दछ । तर, कार्यकारीको बजेट प्रस्तावमा पाइने विस्तृत जानकारी भने पूर्व बजेट विवरणमा राखिन्न ।

चौथो, पूर्व बजेट विवरणमा कर र राजस्वका अपेक्षाहरु पनि समेटिनु पर्दछ । यी अनुमानहरु तयार गर्दा राजस्व सङ्कलनको सन्दर्भमा आर्थिक वर्षको पछिल्लो मितिसम्मको प्रगति विवरण समाविष्ट हुनु पर्दछ । साथै, राजस्व सङ्कलनमा समग्र अर्थतन्त्रले पार्न सक्ने प्रभावका बारेमा पनि पूर्व बजेट विवरणमा उल्लेख गरिनु पर्दछ ।

पाँचौं, पूर्व बजेट विवरणमा कुनै नयाँ नीतिगत कार्यक्रमको व्याख्या र लागत समाविष्ट हुनु पर्दछ जसलाई आगामी आर्थिक वर्षमा कार्यान्वयनमा ल्याउन सकियोस । त्यस्ता नयाँ कार्यक्रमले मध्यावधि र सम्भव भए दीर्घकालीनरुपमा बजेटमाथि के कस्तो असर पार्दछ त्यसमाथि प्रकाश पार्नु पर्दछ ।

३. पूर्व बजेट विवरणको प्रकाशन समय

ओईसीडीका अनुसार पूर्व बजेट विवरण कार्यकारीको बजेट प्रस्ताव सार्वजनिक गर्नुभन्दा कम्तीमा एक महिनाअघि प्रकाशन गरिनु पर्दछ ।

माथि भनिएझैं पूर्व बजेट विवरण तयार गर्ने, संसद्मा प्रस्तुत गर्ने, नागरिक तहमा छलफलमा ल्याउने र अन्ततः कार्यकारीको बजेट प्रस्तुत गर्ने प्रचलन हालसम्म नेपालमा अवलम्बन गरिएको छैन ।

पूर्व बजेट विवरण		
महत्व	**मुख्य विषयवस्तु**	**प्रकाशनको समयावधि**
नीतिहरु र बजेट विनियोजनबीचको सम्बन्धलाई बलियो बनाउँन	मध्यावधि समष्टीगत आर्थिक प्रक्षेपण	चालू आर्थिक वर्षको चौथो वा पाँचौं महिनामा
मध्यावधि समयका लागि सरकारको मुख्य रणनीतिको पहिचान गर्न	सरकारको मध्यावधि वित्तीय उद्देश्य	कहिलेकाहीँ गत वर्षको मध्यावधि मूल्याङ्कनसँगै (सातौं महिना)
बजेट निर्माण प्रक्रियाको औचित्यमा सुधार ल्याउँन	क्षेत्रगत विनियोजन	कार्यकारीको बजेट प्रस्ताव प्रकाशन गरेको कम्तीमा एक महिनाअघि
बजेटका अपेक्षाहरुलाई समायोजन गर्न	कर र राजस्वको विस्तृत वर्गीकरणको अपेक्षा	
सांसदहरु र आमजनतालाई बजेटका व्यापक विषयमा छलफलका लागि योगदान पुऱ्याउन	नयाँ नीतिगत उपायहरुको व्याख्या र लागत	

स्रोतः इन्टरनेसनल बजेट पार्टनरसीप

कार्यकारीको बजेट प्रस्ताव (Executive's Budget Proposal)

१. परिचय

कार्यकारीको बजेट प्रस्ताव हरेक वर्ष मुलुकले जारी गर्ने सर्वाधिक महत्वपूर्ण नीति दस्तावेज हो, किनभने यही बजेट मार्फत सरकारले आफ्ना धेरैजसो प्रमुख नीतिगत लक्ष्यहरुलाई कार्यरुपमा परिणत गरिरहेको हुन्छ । गरिबी निवारण, स्वास्थ्य, शिक्षा, लैंगिक समता, वा वातावरणजस्ता क्षेत्रमा नीतिहरुको निर्माण र कार्यान्वयनमा प्रभाव पार्न नागरिक समाजको कुनै चाहना भए यी क्षेत्रमा सरकारले गर्न खोजेको खर्च विवरणका साथै खर्च गर्ने क्रियाकलापसम्बन्धी जानकारीमा आमजनताको पहुँच स्थापित गर्नु पर्दछ ।

कार्यकारीको बजेट प्रस्ताव पारदर्शी पनि हुनु पर्दछ किनभने यो प्रस्तावमा निम्न महत्वपूर्ण पक्ष जोडिएर आएको हुन्छः

राजस्व (आम्दानी): नागरिकले करका रुपमा कति बुझाउनु पर्दछ ?

खर्च: सरकारी स्रोतसाधनलाई विभिन्न तह, समूह र क्षेत्रका नागरिकबीच कसरी वितरण गरिँदैछ ?

ऋण: सरकारले अहिले गर्ने खर्चको ब्ययभार हालको वा भावी पुस्ताको भागमा कति-कति पर्दछ ?

सरकारले यी निर्णयहरु सम्पूर्ण नागरिकका तर्फबाट गरेको हुन्छ । त्यसकारण, कार्यकारीको बजेट प्रस्ताव अनुमोदित हुनुअघि नै सूचित सार्वजनिक बहस तथा सूचित संसदीय बहस र स्वीकृतिका निम्ति सरकारले लिने कर, सापटी र खर्चका योजनाको पूर्ण व्याख्या सार्वजनिक गरिएको हुनु पर्दछ । त्यसपछि मात्र, आम नागरिकले रकम कसरी सङ्कलन हुन्छ र खर्च हुन्छ भन्ने थाहा पाउँछन् ।

२. कार्यकारीको प्रस्तावमा समावेश हुनुपर्ने विषयवस्तु

सामान्यतया, सार्वजनिक वित्त नीतिले कार्यकारीको बजेट प्रस्तावमा निम्न कुरा सार्वजनिक गर्नुपर्ने मान्यता राख्दछः

विस्तृत विवरण- कार्यकारीको बजेट प्रस्तावले सम्पूर्ण अनुमानित राजस्व र सरकारका सबै क्रियाकलापमा हुने खर्चलाई देखाउनु पर्दछ । यसमा बाह्य दाताहरुबाट प्रदान गरिएको गैर बजेटरी रकम र स्रोतसाधन सम्मिलित क्रियाकलापहरु पनि समावेश हुनु पर्दछ। राजस्व र खर्चसम्बन्धी तथ्याङ्कसँगै सार्वजनिक ऋण, सरकारी ग्यारेन्टी तथा वित्तीय पुँजीसम्बन्धी जानकारी पनि उपलब्ध गराइनु पर्दछ ।

कारोबारको राम्रो वर्गीकरण- राजस्व, खर्च, बजेट सन्तुलन तथा लगानीलाई मान्यताप्राप्त विधिद्वारा वर्गीकरण गरिनु पर्दछ । यसले सरकारी रकमको प्रयोगप्रति जवाफदेहीता प्रबर्द्धन गर्दछ र सरकारले कसरी सार्वजनिक स्रोतसाधनको प्रयोग गरिरहेको छ भनेर आमजनतामा समझदारी निर्माण हुन्छ ।

कुल र खुद विवरण - सम्पूर्ण वित्तीय विवरणलाई समग्रताका आधारमा प्रस्तुत गरिनु पर्दछ, ताकि कारोबार, पुँजी र दायित्वलाई छर्लङ्ग देख्न सकियोस साथै, खुद विवरण पनि प्रस्तुत गर्नु पर्दछ ताकि कुनै पनि किसिमको कटौति वा मिलान (deduction and offset) समेत सार्वजनिक जानकारीमा आवस । उदाहरणका लागि, सार्वजनिक ऋण कुल र खूद दुवै रुपमा प्रस्तुत होस । हरेक सरकारी निकायले सङ्कलन गर्ने शुल्क र दस्तूर लगायतका राजस्व समेत कार्यकारीको बजेट प्रस्तावमा प्रस्टरुपमा देखिनु पर्दछ । साथै, यी निकायबाट भएको कूल खर्च पनि सार्वजनिक गर्नु पर्दछ ।

संसद्मा प्रस्तुत गरिने कार्यकारीको बजेट प्रस्तावमा आगामी आर्थिक वर्षको लागि कर उठाउन र खर्च गर्न कानुनी अनुरोध गरिएको हुन्छ। यस्तो अनुरोध विनियोजन विधेयक वा बजेट विधेयक मार्फत गरिएको हुन्छ। यो विधेयकको स्वरुप मुलुकपिच्छे फरक हुन्छ । संसद्ले खर्चमाथि के कति नियन्त्रण राख्ने भन्ने कुरा पनि आ-आफ्नै मुलुकको निश्चित विधिमा निर्भर रहन्छ ।

दस्तावेजमा विनियोजनको विस्तृत विवरण समेटिनु पर्दछ जसले बजेटको औचित्य र व्याख्या पुष्टि गर्दछ र यसमा विस्तृतरुपमा प्राविधिक जानकारी उपलब्ध गराइएको हुन्छ । एउटै दस्तावेजलाई अलगअलग भागमा वर्गीकरण गरेर होस् वा अलगअलग दस्तावेजमा राखेर होस् कार्यकारीको बजेट प्रस्तावमा निम्न कुराहरु समाविष्ट हुनु पर्दछः

- **बजेट भाषणः** अर्थमन्त्रीले सरकारको वित्तीय रणनीति अर्थात् बजेटको औचित्य तथा नयाँ अभियान/कार्यक्रमहरु प्रस्तुत गर्दछन् ।
- **बजेट सारांशः** बजेट प्रस्तावमा समाविष्ट मुख्य बुँदाहरुको तुलनात्मकरुपमा सङ्क्षिप्त प्राविधिक व्याख्या दिइएको हुन्छ ।
- **बजेट विधेयकः** सरकारले संसद्बाट खर्च गर्ने अख्तियारी प्राप्त गर्नका लागि खर्च प्रस्ताव बजेट विधेयक मार्फत प्रस्तुत गरिएको हुन्छ र मुलुकैपिच्छेका सार्वजनिक वित्त कानुनमा व्यवस्थित ढाँचामा यो प्रस्तुत गरिएको हुन्छ ।
- स्वदेश तथा अन्तर्राष्ट्रिय अर्थतन्त्रका पछिल्लो कालखण्डको आर्थिक अवस्था र यिनले सरकारी वित्तलाई प्रभावित पार्नसक्ने समष्टीगत आर्थिक सूचकहरुका अनुमानको सारांश ।
- सरकारको मध्यकालीन वित्तीय रणनीति र अनुमानको व्याख्या तथा चालु नीतिहरुको दिगोपनको मूल्याङ्कन ।
- सरकारको प्रक्षेपित राजस्वको विस्तृत विवरण (मुख्य राजस्वका किसिम अनुसार), प्रस्तावित नयाँ राजस्वसम्बन्धी व्याख्या, नीति उद्देश्यहरु हासिल गर्नका लागि राजस्वहरुको योगदान र वित्तीय असरको अनुमान ।
- सरकारी खर्च, आर्थिक वर्गीकरण र कार्यमूलक वर्गीकरणको विस्तृत व्याख्या । नयाँ उपायहरु प्रस्तुत गरिएको भए सो सम्बन्धमा व्याख्या गरिनु पर्दछ । पुँजी (वा विकास) खर्चका लागि हरेक परियोजना (परियोजनाको नाम, जिम्मेवार निकाय, स्थान, कूल स्वीकृत परियोजना लागत, आजका मितिसम्म भएको कूल खर्च, लगानीको स्रोत र किसिम) सम्बन्धी कम्तीमा आधारभूत जानकारीलाई तालिकामा देखाउनु पर्दछ । यसो गर्दा आयोजनाको पक्ष र विपक्षमा बहस चलाउन तथा संसद् र नागरिक समाजबाट अनुगमन गर्न मद्दत पुग्छ ।
- कार्यकारीको बजेट प्रस्तावका निम्ति वित्तीय स्रोतसाधन कसरी जुटाइन्छ भन्ने व्याख्या । ऋणात्मक अर्थतन्त्रको अवस्थामा राष्ट्रिय र अन्तर्राष्ट्रिय लगानीको विस्तृत विवरण ।

- सार्वजनिक ऋणको स्तर र बनावट, ऋणको साँवा ब्याज भुक्तानी व्यवस्थापनको बारेमा विस्तृत जानकारी ।
- सरकारसँग उपलब्ध वित्तीय पूँजीगत व्यवस्थासम्बन्धी जानकारी, (निकाय र वर्गीकरण अनुसार) ।
- वार्षिक विनियोजन विधेयक आवश्यक नपर्ने किसिमका वित्तीय क्रियाकलापहरु प्रदान गर्ने सहयोगी दस्तावेजहरु (जस्तै, सामाजिक सुरक्षा कोष, सडक कोष) ।
- वित्तीय अवस्थाको समग्र तस्बिर (जस्तै, पूँजी र दायित्व) तथा राज्यको स्वामित्वमा रहेका सार्वजनिक संस्थाहरुको वित्तीय कार्यसम्पादन (जस्तै, लाभ र हानि) ।

आर्थिक वर्षका तालिकाहरुले आर्थिक वर्षको कूल अङ्कलाई देखाउनु पर्दछ, र यसमा चालू बजेट भन्दा दुई वर्ष अघिको सान्दर्भिक जानकारीहरु पनि समावेश हुनु पर्दछ। अघिल्ला वर्षको तथ्याङ्क अन्तिम, संसोधित, अनुमानित वा प्रस्तावित के हो स्पष्टरुपमा राखिनु पर्दछ। यस्तो तुलनात्मक तथ्याङ्कले प्रस्तुत बजेट र कार्यान्वित बजेटबीचको सम्बन्ध देखाउन मद्दत गर्दछ। साथै, यसले बजेट प्रस्तावको विश्वसनीयता र प्राथमिकताहरु के कस्तो अवस्थामा थियो भनी हेर्न सहयोग गर्दछ । मन्त्रालयको संरचनामा हुने फेरबदल, खर्च वा राजस्व (आम्दानी) को अवस्थामा हुने कुनै परिवर्तन वा लेखामानमा हुने फेरबदलजस्ता बजेटमा गरिने हेरफेरबाट हुने असरलाई व्याख्या गर्नुपर्दछ ।

राज्यका उद्यम र राज्यको स्वामित्वमा रहेका वित्तीय संस्थाहरुसँग सरकारको कारोवार सम्बन्धी रिपोर्टिङले धेरै किसिमका जटिल विषयलाई उठाउन सक्छ र उनीहरुबीचको सम्बन्ध प्रायः पारदर्शी नहुन सक्छ । तथापि, यी संस्थाका कारण सरकारको बजेटमा पर्ने अतिरिक्त दायित्व र खर्च असाध्यै बढी हुन सक्छ। त्यसैले, सरकार र राज्यको स्वामित्वमा रहेका संस्थाहरुबीचको सम्पूर्ण वित्तीय प्रवाहलाई कार्यकारीको बजेट प्रस्तावमा समावेश गर्नु पर्दछ। राज्यको स्वामित्वमा रहेका संस्थाले बुझाएको कर र लाभांश (Dividend), सरकारले राज्यको स्वामित्वमा रहेका संस्थालाई प्रदान गरेको कुनै किसिमको अनुदान ऋण,लगानी तथा प्रत्याभूति जस्ता पुँजी प्रवाह समेत समावेश गर्नु पर्दछ ।

अर्ध-वित्तीय क्रियाकलाप

अर्ध-वित्तीय क्रियाकलापले अन्ततः सरकारको जिम्मेवारीमा आइपर्ने लुकेका वा अदृष्य खर्चहरुलाई जनाउँछ । यसले एउटा निश्चित समूहलाई फाइदा पुऱ्याएको हुनसक्छ । त्यसैले यस्ता खर्चहरु गरिनु हुन्न भन्ने अन्तर्राष्ट्रिय मान्यता छ । यदि त्यस्ता खर्च भएका छन् भने त्यसलाई पारदर्शी तवरले नागरिकलाई जानकारी दिनुपर्ने हुन्छ । सामान्यतया सरकारको निर्देशनमा सरकारी स्वामित्वका बैंक, सार्वजनिक संस्थानहरु र निजी क्षेत्र समेतबाट यस्ता अर्ध-वित्तीय क्रियाकलापहरु हुने गर्दछन् । कुनै एक प्रकृतिका व्यावसायिक प्रतिष्ठानहरुलाई न्यून व्याजदरमा ऋण उपलब्ध गराउने, बजार मूल्यभन्दा कममा वस्तु तथा सेवा बिक्री गर्नेजस्ता कुराहरु अर्ध-वित्तीय क्रियाकलापका उदाहरण हुन् । वस्तु तथा सेवा प्रदायक निजी र सार्वजनिक संघसंस्थालाई कर छुट र अन्य सुविधा सरकारले उपलब्ध गराउँदा एकातिर बजारमा स्वाभाविक रुपमा हुनुपर्ने स्वच्छ प्रतिष्पर्धा नहुने र अर्कातिर जनताको हितमा खर्च गर्न जम्मा हुनुपर्ने राजस्व गुम्ने हुनाले आर्थिक प्रतिवेदनहरुमा यस्ता गतिविधिका बारेमा स्पष्ट उल्लेख हुनु आवश्यक मानिन्छ । अन्तर्राष्ट्रिय मुद्रा कोषले अर्ध-वित्तीय क्रियाकलापलाई यसरी वर्गीकरण गरेको छः

- सस्तो व्याजदरमा ऋण उपलब्ध गराउने, अनिवार्य नगद मौज्दातको सीमा घटाउने, ऋणको सीमा निर्धारण गर्ने जस्ता वित्त व्यवस्थासँग सम्वन्धित क्रियाकलाप,
- फरक कारोबारमा फरक विनिमय दर तोक्ने, आयातका लागि केन्द्रीय बैंकमा निश्चित रकम सञ्चय गर्नपर्ने व्यवस्था, विनिमय दर परिवर्तनले हुन सक्ने असरका लागि सरकार जमानी बस्ने, आयातमा भन्सार शुल्क बाहेकका नियन्त्रणका अन्य उपाय अपनाउने जस्ता व्यापार र विनिमयसँग सम्बन्धित क्रियाकलाप, र
- बजारभन्दा कम दरमा वस्तु तथा सेवा उपलब्ध गराउने, गैर व्यापारिक सेवाहरु निःशुल्क वा कम शुल्कमा दिने वा सरकारी एकाधिकार कम्पनीका उत्पादनमा बढी मूल्य तोक्ने, स्थानीय उत्पादकहरुसँग बढी मूल्यमा सामान किन्ने जस्ता व्यापारिक क्षेत्रसँग सम्बन्धित क्रियाकलाप ।

सरकारको बजेट दस्तावेजमा माथि उल्लिखित विषय समेटिएमा सरकारका त्यस्ता कामका बारेमा आम नागरिकका बीच पर्याप्त छलफल हुन पाउँछ । नेपालको सन्दर्भमा नेपाल सरकारले नेपाल आयल निगम र नेपाल विद्युत प्राधिकरणलाई बेलाबेलामा दिने अनुदान, ऋण एवं अपलेखनका बारेमा बहस हुनुपर्ने आवाज उठेको सन्दर्भमा अर्ध-वित्तीय क्रियाकलापबारे छलफल हुनु जरुरी देखिन्छ ।

हालै, केही विकासशील मुलुकका सरकारहरुले कार्यकारीको बजेट प्रस्तावमा वित्तीय जोखिमसम्बन्धी पूरक जानकारी उपलब्ध गराउन थालेका छन् । कतिपय समान किसिमका जानकारीहरु सामान्यतया सबै मुलुकमा एकै किसिमबाट उपलब्ध हुन्छन्, तर कतिपय जानकारी मुलुकअनुसार फरक पर्दछ । उदाहरणका लागि,

- सङ्घीय व्यवस्था भएका तथा सेवा प्रवाहमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने क्षेत्रीय/प्रादेशिक सरकार रहेका मुलुकहरुमा केन्द्रीय सरकारको बजेटले सरकारको सामान्य वित्तीय अवस्थाको बारेमा प्रकाश पारेको हुन्छ । केन्द्रीय सरकारबाट क्षेत्रीय/प्रादेशिक सरकारमा प्रवाह हुने स्रोतसाधनको विस्तृत विवरण देखाइनु पर्दछ ।
- प्राकृतिक स्रोतसाधनमा निर्भर मुलुकहरुमा स्रोतसाधनको दोहन, वित्तीय दिगोपन, स्रोतको दोहनबाट प्राप्त हुने आम्दानीसम्बन्धी सरकारी नीतिका बारेमा प्रकाश पार्नु पर्दछ ।
- विकास सहायतामा निर्भर रहेका मुलुकहरुमा कार्यकारीको बजेट प्रस्तावले प्रत्येक दातृ निकायबाट प्राप्त वित्तीय तथा वस्तुगत दुवै किसिमका सहयोग, सहायताका साथै परियोजना र कार्यक्रमका बारेमा जानकारी दिनु पर्दछ ।

३. कार्यकारीको प्रस्ताव प्रकाशन

ओईसीडीका अनुसार कार्यकारीको बजेट प्रस्ताव आर्थिक वर्ष प्रारम्भ हुनु कम्तीमा तीन महिनाअघि प्रकाशन गरिनु पर्दछ ।

कार्यकारीको बजेट प्रस्ताव		
महत्व	**मुख्य विषयवस्तु**	**प्रकाशनको समयावधि**
अत्यन्त महत्वपूर्ण आर्थिक नीति, साधन तथा कार्यकारीको प्राथमिकताको प्रस्तुति	अर्थमन्त्रीको बजेट भाषण र बजेट सारांश	बजेट वर्ष आरम्भ हुनु कम्तीमा तीन महिना पहिले
नागरिकमाथि करको भार निर्धारण	राजस्व र विनियोजन सम्बन्धी बजेट अध्यादेश	
जनसंख्याका विभिन्न पक्षमाफ स्रोतसोधनको वितरणको अवश्था	समष्टीगत आर्थिक प्रक्षेपण	
भावी पुस्ताले व्यहोर्नु पर्ने लागत/ऋण अनुमान गर्न	चालु नीतिहरुको दिगोपनको मूल्याङ्कन	
नीतिमाथि प्रभावकारी हस्तक्षेप गर्न नागरिक समाज र सांसदहरुका निम्ति महत्वपूर्ण अवसर	राजस्वको अनुमान र व्याख्या	
	खर्चको अनुमान र वर्गीकरण	
	घाटापूर्तिका लागि वित्तीय व्यवस्था	
	ऋणको बनावट	
	अरु वित्तीय क्रियाकलापहरु (जस्तै सामाजिक सुरक्षा)	
	वित्तीय अवस्थाको सिंहावलोकन	

स्रोत: इन्टरनेसनल बजेट पार्टनरसीप

नेपालमा कार्यकारीको बजेट प्रस्ताव (Executive's Budget Proposal in Nepal)

१. परिचय

नेपालमा बजेट प्रस्ताव सरकारले तयार गरी संसद्मा प्रस्तुत गर्दछ, अथवा संविधानअनुसार अध्यादेश मार्फत बजेट सार्वजनिक गरिन्छ । बजेट तयार गरी सार्वजनिक गर्ने प्रचलन नेपालमा आरम्भ भएको ६३ वर्ष व्यतित भइसक्यो । कार्यकारीको बजेट प्रस्ताव पनि भनिने यो विनियोजन विधेयक (बजेट)मा आगामी आर्थिक वर्षका लागि सरकारको प्रक्षेपित आय-व्यय र कार्यक्रमको समष्टीगत स्वरुप हो । यो बजेट प्रस्तावमा बजेटका लक्ष्य, उद्देश्य, विकास कार्यक्रमको रुपरेखा, खर्च जुटाउने सिलसिलामा हुने राजस्व परिचालनलगायतका विविध विषय समेटिएका हुन्छन् । यो दस्तावेजले तलदेखि माथिसम्मका सबै नागरिकको जीवनमा प्रत्यक्ष र परोक्षरुपमा प्रभाव पार्ने भएकाले यसको महत्व बढी छ ।

२. सरकारको वार्षिक नीति कार्यक्रम

कार्यकारीले प्रस्ताव गर्ने बजेट सरकारकै वार्षिक नीति तथा कार्यक्रमको जगमा अडिएको हुन्छ । संसद् रहेको अवस्थामा सरकारले संसद्मा यस्तो नीति तथा कार्यक्रम प्रस्तुत गर्छ । नेपालको अन्तरिम संविधान, २०६३ अनुसार सरकारको नीति कार्यक्रम राष्ट्रपति मार्फत संसद्मा प्रस्तुत गरिन्छ। राष्ट्रपतिले वाचन गर्ने यो नीति कार्यक्रममाथि संसद्मा आवश्यक छलफल गरी पारित गरिन्छ । नीति तथा कार्यक्रम पारित भएलगत्तै संसद्मा बजेट प्रस्तुत गरिन्छ । यदि नीति तथा कार्यक्रमलाई संसद्को बहुमतले अस्वीकृत गरेमा सरकारको वैधता उपर नैतिक प्रश्न खडा हुन्छ, र त्यस्तो अवस्थामा सरकारले राजीनामा दिनुपर्ने अवस्था आउँछ वा सरकारले संसद्बाट विश्वासको मत लिनुपर्ने हुन्छ। नेपालको सन्दर्भमा २०५१ सालमा सरकारले

प्रस्तुत गरेको नीति तथा कार्यक्रम पारित नभएपछि सरकार नै विघटन गरेर चुनावमा गएको तीतो अनुभव छ । सरकारले प्रस्तुत गर्ने नीति तथा कार्यक्रममा आगामी आर्थिक वर्षका प्रमुख प्राथमिकता, लक्ष्य र उद्देश्यहरु रहेका हुन्छन् । यो सङ्क्षिप्त विवरण हो, तर यो निकै महत्वपूर्ण दस्तावेज हो । यो दस्तावेज बजेटकै एक अभिन्न अङ्ग पनि हो ।

३. नेपालमा बजेटसँग सम्बन्धित मुख्य दस्तावेजहरु

नेपालमा कार्यकारीको बजेट प्रस्ताव भनेकै नेपाल सरकारले वर्षेनी संसद्मा प्रस्तुत गर्ने विनियोजन विधेयक (बजेट) हो । नेपालको अन्तरिम संविधान, २०६३ अनुसार बजेट निर्माण सम्पन्न भएपछि त्यो दस्तावेजलाई राष्ट्रपतिबाट अनुमोदन गराउनु पर्दछ । यसलाई राष्ट्रपतिको स्वीकृतिपश्चात संसद् मार्फत वा अध्यादेश मार्फत सार्वजनिक गरिन्छ । नेपालमा सरकार नै कार्यकारी प्रमुख रहेकाले सरकारमै बजेट तयारी र प्रस्तुतिको अधिकार, जिम्मेवारी र दायित्व रहेको छ । नेपालमा बजेट निर्माणका क्रममा तयार गरिने मुख्य दस्तावेज निम्न छन्:

१) **बजेट वक्तव्य:** सामान्यतया, व्यवस्थापिका संसद्मा सरकारका तर्फबाट अर्थमन्त्रीले बजेट प्रस्तुत गर्छन् । यो बजेट दस्तावेजमा राष्ट्रिय र अन्तर्राष्ट्रिय आर्थिक परिदृश्यको सङ्क्षिप्त झलक, अर्थतन्त्रका चुनौतीहरु, बजेटका आधारभूत सिद्धान्त, बजेटले लिएका मुख्य लक्ष्य र उद्देश्य, सरकारका मुख्य प्राथमिकताका क्षेत्र, प्रमुख योजना र कार्यक्रम, कर र राजस्वका दरलगायतका विषयहरु समेटिएका हुन्छन् । आजभोलि यो बजेट भाषणको प्रति अर्थ मन्त्रालयको वेबसाइटमा राख्ने तथा विभिन्न सञ्चार माध्यमबाट प्रत्यक्ष प्रसारण गर्ने र पूर्ण विवरण छाप्ने गरिएको छ । बजेट वक्तव्यसँगै सार्वजनिक हुने विवरणहरुमा राजस्व तथा अनुदान प्राप्तीको अनुमान, आयव्ययको विवरण, वित्तीय व्यवस्था अनुमान, कार्यगत व्यय अनुमान, खर्च शीर्षकगत नगद तथा गैर नगद व्यय अनुमान, प्रशासनिक व्यय अनुमान, खर्च शीर्षकगत व्यय अनुमान, निकाय तथा मन्त्रालयगत खर्चको अनुमान, कार्यगत प्राथमिकता र रणनीतिगत व्यय अनुमान, वैदेशिक अनुदान तथा ऋण सारंश, लैंगिक बजेटअनुसारको व्यय अनुमान, गरिबी न्यूनीकरण र जलवायु परिवर्तन

न्यूनीकरण अनुसारको व्यय अनुमान पनि रहेको हुन्छ । संसद् नरहेको अवस्थामा पनि अर्थमन्त्रीले बजेट (आंशिक वा पूर्ण बजेट)लाई अध्यादेश मार्फत सार्वजनिक गर्छन् र त्यो दस्तावेजमा पनि माथि भनिएझैं आर्थिक विषय जोडिएका विविध सन्दर्भहरु समाविष्ट हुन्छन् । त्यसैले बजेट भाषणका क्रममा अर्थमन्त्रीले गर्ने पाठ र त्यस वक्तव्यमा रहेका अनुसूचीहरु उत्तिकै महत्वपूर्ण हुन्छन् ।

२) **पूरक अनुमानः** कुनै आर्थिक वर्षमा देहायको अवस्था पर्न आएमा अर्थमन्त्रीबाट व्यवस्थापिका संसद् समक्ष पूरक अनुमान पेस गर्न सकिनेछः

(क) चालु आर्थिक वर्षका निम्ति विनियोजन ऐनद्वारा कुनै सेवाको लागि खर्च गर्न अख्तियारी दिइएको रकम अपर्याप्त भएमा वा त्यस वर्षका निम्ति विनियोजन ऐनले अख्तियारी नदिएको नयाँ सेवामा खर्च गर्न आवश्यक भएमा, वा

(ख) त्यस आर्थिक वर्षमा कुनै विनियोजन ऐनद्वारा अख्तियारी दिएको रकमभन्दा बढी खर्च भएमा ।

३) व्यय अनुमानको विवरण (रातो किताब): बजेट सार्वजनिक गरेलगत्तै अर्थ मन्त्रालयले सार्वजनिक गर्ने सर्वाधिक महत्वपूर्ण दस्तावेज भनेको व्यय अनुमानको विवरण (खर्च शीर्षकगत र स्रोतसमेत) हो । यो दस्तावेजलाई आमरुपमा रातो किताबका नामले चिनिन्छ । यो किताबको पहिलो खण्डमा सञ्चित कोषमाथि व्यवहार हुने र अर्को खण्डमा सञ्चित कोषबाट विनियोजन हुने अनुमान प्रस्तुत गरिएको हुन्छ ।

सञ्चित कोषमाथि व्ययभार हुने निकाय र विषयहरु निम्न अनुसार छन्: (१) राष्ट्रपति, (२) उपराष्ट्रपति, (३) संविधानसभा/व्यवस्थापिका-संसद्, (४) अदालत, (५) अख्तियार दुरुपयोग अनुसन्धान आयोग, (६) महालेखा परीक्षकको कार्यालय, (७) लोकसेवा आयोग, (८) निर्वाचन आयोग, (९) राष्ट्रिय मानव अधिकार आयोग, (१०) अर्थ मन्त्रालय- आन्तरिक ऋण भुक्तानी, वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय र द्विपक्षीय), विविध, आन्तरिक

ऋण भुक्तानी (ऋण तथा लगानी व्यवस्थापन), वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय र द्विपक्षीय) । यी शीर्षकहरुमा विनियोजन गरिएको रकमका सम्बन्धमा संसद्मा छलफल गरिन्न, र त्यसमा संशोधन समेत हुन्न । सञ्चित कोषबाट विनियोजन हुने अनुमानको शीर्षकगत र स्रोतगत विवरणमा सञ्चित कोषमाथि व्ययभार हुने कार्यालय समेतका देशभरका सबै कार्यालय र ती कार्यालय मार्फत सञ्चालन हुने कार्यक्रम र योजनाका लागि विनियोजन गरिएको रकम स्रोतसहित उल्लेख गरिएको हुन्छ ।

रातो किताबमा शीर्षक (कार्यक्रम), स्रोत (जस्तै नेपाल सरकार, र वैदेशिक सहयाग), निकासा विधि (जस्तै, नगद, सोधभर्ना, सोझै भुक्तानी), दुइ वर्ष अघिको यथार्थ खर्च, गत वर्षको संसोधित अनुमान र चालु आर्थिक वर्षको अनुममानित रकम, सो रकममध्ये नेपाल सरकार र वैदेशिक (अनुदान र ऋण) सहयोग, प्राथमिकता संकेत (जस्तै पी-१, पी-२, पी-३), रणनीतिक सङ्केत (*हेर्नुहोस् तलको बक्स*) र लैंगिक सङ्केत (*हेर्नुहोस् तलको बक्स*) रहेको हुन्छ ।

त्रि-वर्षीय योजनामा समेटिएका छवटा रणनीतिमा साधारण प्रशासन थप गरी सातवटा मुख्य रणनीति बजेटमा समेटिएका हुन्छन् । यी रणनीतिलाई साङ्केतिकरुपमा अङ्क दिइएको छ । ती अंक अर्थ मन्त्रालयले प्रकाशन गर्ने व्यय अनुमानको विवरण तथा राष्ट्रिय योजना आयोगले प्रकाशन गर्ने वार्षिक विकास कार्यक्रम भाग १, जिल्लाहरुमा सञ्चालन गरिने विकास कार्यक्रम र विनियोजित रकम नामको पुस्तकमा उल्लेखित हरेक विकास योजनामा उल्लेख गरिएको हुन्छ ।

रणनीतिक सङ्केत र त्यसको अर्थ

०१ - रोजगारीमूलक, गरिबी निवारणोन्मुख, दिगो र फराकिलो आर्थिक वृद्धि
०२ - सङ्घीय स्वरुपलाई टेवा पुग्ने भौतिक पूर्वाधार
०३ - समावेशी तथा समन्यायिक विकास
०४ - आर्थिक सामाजिक रुपान्तरण
०५ - सुशासन र सेवा प्रवाहमा प्रभावकारिता
०६ - उद्योग, व्यापार र सेवा क्षेत्रको मूलप्रवाहीकरण
०७ - साधारण प्रशासन

देशभित्र सञ्चालित योजना एवं कार्यक्रमका लागि छुट्याइएको रकमको यथार्थ झलक रातो किताबमा हुन्छ। रातो किताबमै कुनैपनि कार्यक्रम, योजना वा परियोजना कुन श्रेणीको हो भन्ने खुलाइएको हुन्छ । प्राथमिकता १ (P-1), प्राथमिकता २ (P-2) र प्राथमिकता ३ (P-3) गरी आयोजनाहरुलाई रातो किताबमै वर्गीकरण गरिएको हुन्छ। प्राथमिकता १ का आयोजनालाई बजेट तत्काले, पूरै उपलब्ध गराइन्छ र त्यसका निम्ति छुट्याइएको रकमलाई सामान्यतया अरु आयोजनाका निम्ति रकमान्तर गरिन्न । तर, प्राथमिकता २ र ३ मा परेका आयोजनाका लागि भने विनियोजित रकम अर्थ मन्त्रालयको स्वीकृतिमा रकमान्तर हुन सक्छ। आफ्नो आयोजना कुन प्राथमिकता क्रममा परेको छ, कति बजेट छुट्याइएको छ र त्यस्तो रकम कसरी, कुन स्रोतबाट (सरकारको वा वैदेशिक सहायता) जुटाइएको हो भन्ने जानकारी रातो किताबले नै दिन्छ ।

लैंगिक उत्तरदायी बजेट

अर्थ मन्त्रालयले लैंगिक बजेट तर्जुमा गर्ने अभ्यास आर्थिक वर्ष २०६२/६३ देखि गर्दै आए पनि यो प्रयासलाई संस्थागत र व्यवस्थित गर्ने काम भने **लैंगिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शन-२०६९** ले गरेको हो । यस दिग्दर्शनमा भएका व्यवस्था आर्थिक वर्ष २०७०/७१ को बजेट तर्जुमा गर्दाका बखतदेखि कार्यान्वयनमा ल्याइने अर्थ मन्त्रालयले जनाएको छ। दिग्दर्शनले गरेका प्रमुख व्यवस्था निम्नअनुसार छन्:

नेपालले सन् १९९५ मा बेइजिङ्ग कार्ययोजनामा प्रतिबद्धता जनाई लैगिक मूलप्रवाहीकरणलाई लैंगिक समानताको रणनीतिको रुपमा स्वीकारेर त्यसका लागि स्रोत विनियोजन गर्ने राजनीतिक प्रतिबद्धता जनाएको हो। आर्थिक वर्ष २०६२/६३ को बजेट वक्तव्य मार्फत लैंगिक उत्तरदायी बजेट प्रणालीको अवलम्बन गर्ने नीति घोषणा गरेर लैंगिक समानताको लागि आर्थिक स्रोत सुनिश्चित गर्ने पनि प्रतिबद्धता व्यक्त गरेको छ ।

सूचकहरूको अङ्कभार			
क्र.सं	सूचकहरू	वर्तमान अङ्कभार	प्रस्तावित अङ्कभार
१	योजना तर्जुमा तथा कार्यान्वयनमा महिला सहभागिता	२०	२०
२	महिलाहरूको क्षमता अभिवृद्धि	२०	२०
३	कार्यक्रममा महिलाहरूको लागि लाभ तथा नियन्त्रणमा सुनिश्चितता (अन्य लक्षित वर्गका कार्यक्रममा समेत)	२०	३०
४	महिलाहरुको रोजगारी र आय आर्जन अभिवृद्धि	२०	२०
५	महिलाहरूको समयको प्रयोगमा गुणात्मक सुधार तथा कार्यबोझमा कमी	२०	१०

क्षेत्रगत निकाय तथा अन्य सरोकारका पक्षहरूले सम्पादन गर्ने सबै क्रियाकलापहरूमा लैंगिक उत्तरदायी बजेटको लागि निर्धारित अङ्कभारलाई मूल्याङ्कन गरी त्यसलाई समग्रतामा भार प्रदान गरेर प्रस्तावित कार्यक्रम र बजेटलाई प्रत्यक्ष लैंगिक उत्तरदायी, अप्रत्यक्ष लैंगिक उत्तरदायी वा लैंगिक दृष्टिकोणले तटस्थ गरी तीन वर्गमध्ये कुनमा पर्छ निर्धारण गरिन्छ। तेस्रो वर्गीकरणमा पर्ने भनिएको कार्यक्रम र बजेट भनेको महिला र पुरुषको आवश्यकता तथा सरोकारहरूको पहिचान तथा उनीहरूको सहभागिता र लाभको वितरणको विश्लेषण गर्न नसकेको अवस्था हो। तटस्थताको स्थिति भनेको केवल कार्यक्रम वा परियोजनाको बारेमा कुनै विश्लेषण नगरेको, लाभको लैंगिक लेखाजोखा नभएको र लाभको सुनिश्चतता नगरिएको स्थिति हो।

कार्यक्रममा विनियोजित बजेट वर्गीकरणको लागि निर्धारित आधार निम्न बमोजिम रहेको छ:

कार्यक्रमको वर्गीकरण		
वर्गीकरणको आधार	**वर्गीकरण**	**बजेट कोड**
विभिन्न सूचकका लागि निर्धारण गरिएको अङ्कभारको कुल योग ५० वा सोभन्दा वढी भएमा	प्रत्यक्ष लैंगिक उत्तरदायी	१
विभिन्न सूचकका लागि निर्धारण गरिएको अङ्कभारको कुल योग २० वा सोभन्दा माथि तर ५० भन्दा कम भएमा	अप्रत्यक्ष लैंगिक उत्तरदायी	२
विभिन्न सूचकका लागि निर्धारण गरिएको अङ्कभारको कुल योग २० भन्दा कम भएमा	लैंगिक दृष्टिकोणले तटस्थ	३

गरिबी न्यूनीकरण बजेट

गरिबीको रेखामुनि रहेका जनताको जीवनस्तर उकास्नु नेपालले दसौं योजना (२०५९) देखि अबलम्वन गर्दै आएको आर्थिक नीतिको मुख्य लक्ष्य हो । यसै सन्दर्भमा नेपाल सरकारले वार्षिक बजेट कुन हदसम्म गरिबको पक्षमा छ भन्ने विषयलाई विभिन्न सूचकहरु बनाई वर्गीकरण गर्ने गरेको छ। रातो किताबमै गरिबी न्यूनीकरण बजेट भनी बजेटलाई दुई वर्गमा बाँडिएको छ । **गरिबी न्यूनीकरण बजेट** वर्गीकरणमा परेको बजेट अन्तर्गत गरिबी न्यूनीकरणमा प्रत्यक्ष योगदान पुऱ्याउने बजेट रकम तथा **तटस्थ** (गरिबी न्यूनीकरणमा अप्रत्यक्ष योगदान पुऱ्याउने) बजेट रकम रहेको हुन्छ। रातो किताबमा व्यवस्था गरिएका अनुसूचीमध्ये गरिबी न्यूनीकरण बजेट अनुसारको व्यय अनुमानलाई छुट्टै अनुसूचीमा राख्ने गरिएको छ। बजेट गरिबी न्यूनीकरणतर्फ के कति लक्षित छ भनी एकिन गर्न निम्न सूचकहरुलाई आधार लिइएको छः

- ग्रामीण क्षेत्रमा लगानी हुने सरकारी रकम,
- ग्रामीण क्षेत्रको आयआर्जनमा सघाउ पुऱ्याउने कार्यक्रमहरुका रकम,
- ग्रामीण क्षेत्रमा क्षमता विकाससम्बन्धी कार्यक्रमहरुका रकम,

- सामाजिक क्षेत्रमा लगानी गरिने रकम,
- विशेषगरी शिक्षा, स्वास्थ्य लगायतका सामाजिक सुरक्षाका कार्यक्रमहरु बिनियोजित रकम,
- सामाजिक परिचालनका लागि गरिने सरकारी रकम,
- स्थानीय निकायहरुलाई जाने अनुदानका रकम, र
- गरिबी निवारणमा केन्द्रित सरकारी रकम ।

माथि भनिएझैं आर्थिक वर्ष २०७०/७१ को कूल रु. पाँच खर्ब १७ अर्ब २४ करोड बजेटमध्ये रु. दुई खर्ब ५५ अर्ब ६६ करोड अर्थात ४९.४३% गरिबी न्यूनीकरण बजेट रहेको छ भने रु. दुई खर्ब ६१ अर्ब ५७ करोड अर्थात ५०.५७% गरिबी न्यूनीकरण तटस्थ रहेको छ । यसरी उल्लेख भएको रकम साँच्चिकै गरिबी न्यूनीकरण गर्नेतर्फ लक्षित छ वा छैन, उपयोग भएको छ वा छैन भन्ने सम्बन्धमा जाँच गर्ने साधनका बारेमा स्पष्ट व्याख्या भएको देखिन्न । त्यसैले, माथि उल्लिखित सूचकहरुका सम्बन्धमा थप व्याख्या र मूल्याङ्कनका आधार किटान गर्नु आवश्यक देखिन्छ ।

जलवायु परिवर्तन बजेट

जलवायु परिवर्तन र विश्वव्यापी तापमान वृद्धिको असरबाट जोगिनका लागि सरकारहरुले विभिन्न उपायहरु अपनाउने गरेका छन् । नेपाल जलवायु परिवर्तनको ज्यादा असर पर्न सक्ने संसारका थोरै मुलुकको सूचीमा पर्ने हुनाले त्यस्तो प्रयास नेपाल सरकारले पनि गर्नुपर्छ । यसैलाई दृष्टिगत गरी जलवायु परिवर्तनको प्रतिकुल असरबाट बच्ने प्रयासस्वरुप सरकारले विभिन्न प्रयास गरिरहेको छ । सरकारले सञ्चालन गर्ने वार्षिक कार्यक्रमहरुमध्ये जलवायु परिवर्तनको असर कम गर्न योगदान पुग्ने कार्यक्रममा के कति बजेट विनियोजन भएको छ भनी देखाउन वार्षिक बजेटलाई छुट्टै वर्गीकरण गरेको छ । जसमा प्रत्यक्ष लाभ हुने (प्रत्यक्ष रुपमा योगदान पुग्ने), अप्रत्यक्ष रुपमा लाभ हुने र तटस्थ गरी बजेटलाई तीन वर्गमा बाँडिएको छ। यस आधारमा आर्थिक वर्ष २०७०/७१ को बजेट वक्तव्यको अनुसूची १६ मा कुल बजेटको ५.३६% प्रतिशत बजेटले जलवायु परिवर्तनको असर कम गर्नमा प्रत्यक्ष योगदान पुऱ्याउने उल्लेख छ।

रातो किताब सबैको पहुँचमा छैन

माथि भनिएझैँ देशभित्र सञ्चालन हुने विकास निर्माणका विविध जानकारी स्रोतसहित उपलब्ध गराउने रातो किताब खुला भए पनि आमजनताको पहुँचमा प्रायः हुँदैन । बजेट निर्माणमा नागरिक सहभागिता असाध्यै न्यून रहे झैँ प्राप्त बजेटका बारेमा आमजनता अनभिज्ञ रहने गर्दछन् । जिल्लास्थित कार्यालयका प्रमुखले सकभर यो विवरण आमजनतालाई देखाउँदैनन् । हो, जिल्लास्थित कार्यालय र परियोजनाले आफ्नो विकास बजेट तथा कार्यक्रमबारे स्थानीय सरकार (अर्थात् जिल्ला विकास समिति) मा प्रस्तुत गरी छलफल गरेका हुन्छन् । तर, जिल्लाको भाग्य र भविष्य गाँसिएका विकासका समग्र पक्षबारे आमजनता बेखबर हुन्छन् । केही जागरुक नागरिकले सूचना मागिहाले कार्यक्रम र बजेट थाहा पाउन सक्छन् । उदाहरणका लागि, शैक्षिक छात्रवृत्ति कार्यक्रमका लागि जिल्ला शिक्षा कार्यालयमा के कति बजेट आएको छ र त्यो कहाँ, कसरी, कहिले र कति छात्रछात्रालाई वितरण गरिँदैछ भन्ने जानकारी आमजनताले सहज रुपमा पाउँदैनन् । कतिपय अवस्थामा यो छात्रवृत्ति प्राप्त गर्ने हकदार नागरिकलाई छात्रवृत्ति आएको, वितरण भएको पत्तो समेत हुँदैन । रातो किताबमा समाहित यी सूचना आमजनताले सहजरुपमा प्राप्त गरेको अवस्थामा यस्ता विकृति धेरै मात्रामा कम भएर जाने अपेक्षा गर्न सकिन्छ ।

महालेखा परीक्षकको पचासौं वार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०६८/६९) ले छात्रा, दलित, अपाङ्ग, द्वन्द्वपीडित, शहीदका छोराछोरी, लक्षितवर्ग र लोपोन्मुख तथा अति सीमान्तकृत वर्गलाई दिइने छात्रवृत्ति कार्यक्रमअन्तर्गत वितरण गरेको छात्रवृत्ति अनुगमन तथा छात्रवृत्ति बुझेको प्रमाणबेगर जिल्ला शिक्षा कार्यालय सर्लाहीले रु.पाँच करोड ७५ लाख, बर्दियाले रु.चार करोड ९ लाख, सुर्खेतले रु.तीन करोड ३८ लाख र हुम्लाले रु.७५ लाख ४४ हजार खर्च लेखेको जनाएको छ । छात्रवृत्ति लक्षित वर्गले पाए नपाएको सम्बन्धमा अनुगमन गर्नुपर्ने प्रतिवेदनको सुझाव छ ।

४) वार्षिक विकास कार्यक्रम - भाग १

सरकारले बजेट सार्वजनिक गरेपछि राष्ट्रिय योजना आयोगले विकासका कार्यक्रमहरुको प्राथमिकताक्रम, रणनीति स्तम्भ, गरिबी

निवारणउन्मुख सङ्केत लगायतका विषय समेटी केन्द्रीयस्तरबाट सञ्चालन हुने विकास कार्यक्रम तथा बजेट समेत समेटेर बेग्लै किताब तयार गरी प्रकाशन गर्दछ । यस किताबमा हरेक क्षेत्रमा सञ्चालन भइरहेका परियोजनाहरुको नाम र सङ्केत, सुरु तथा सम्पन्न वर्ष र कुल लागत, त्यसबाट अपेक्षित प्रतिफल र हालसम्मको प्रगति समीक्षा र आगामी आर्थिक वर्षमा सो कार्यक्रमअन्तर्गत हुने क्रियाकलापकलाई प्रस्तुत गरिएको हुन्छ । यो किताब पनि रातो किताबकै अङ्गकै रुपमा रहेको हुन्छ ।

५) **जिल्लाहरुमा सञ्चालन गरिने विकास कार्यक्रम र विनियोजित रकमः** राष्ट्रिय योजना आयोगले प्रकाशन गर्ने यो पुस्तक पनि रातो किताबकै अङ्ग हो । यो पुस्तक खासगरी देशभित्र सञ्चालन हुने विकास योजनाको विस्तृत विवरण हो । यो पुस्तकमा सरकारका ठूलादेखि साना आयोजनाको नाम र विनियोजित रकम दिइएको हुन्छ । जस्तैः

(क) राष्ट्रिय गौरवका आयोजनाहरुः १. बुढी गण्डकी जलविद्युत् आयोजना (विकास समिति), पशुपति क्षेत्र विकास (कोष), (३) लुम्बिनी विकास (कोष), (४) राष्ट्रपति चुरे संरक्षण कार्यक्रम, (५) पुष्पलाल लोकमार्ग (मध्य पहाडी लोकमार्ग), (६) काठमाडौ-तराई मधेस फाष्ट ट्र्याक, (७) उत्तर दक्षिण लोकमार्ग (कर्णाली, कालीगण्डकी र कोशी), (७) हुलाकी राजमार्ग (पुलहरु समेत), (८) हुलाकी राजमार्ग (निर्माण), (९) हुलाकी राजमार्ग, अध्ययन सर्भेक्षण, (१०) रेलवे तथा मेट्रो विकास आयोजना, (११) मेलम्ची खानेपानी आयोजना, (१२) बबई सिँचाइ आयोजना, (१३) सिक्टा सिँचाइ आयोजना, (१४) रानी-जमरा-कुलरिया सिँचाइ आयोजना -प्रणाली आधुनिकीकरण समेत), (१५) भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना, (१६) दक्षिण एसिया पर्यटन पूर्वाधार विकास आयोजना, (१७) दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, निजगढ, बारा, (१८) पश्चिम सेती जलविद्युत् आयोजना, (१९) माथिल्लो तामाकोशी जलविद्युत् आयोजना (४५६ मे.वा.) । यी राष्ट्रिय गौरवका आयोजनाका निम्ति आर्थिक वर्ष २०७०/७१ मा रु. २० अर्ब ९८ करोड ५८ लाख ६९ हजार विनियोजन गरिएको छ ।

राष्ट्रिय गौरवका आयोजनाबाहेक देशभर सञ्चालन हुने विभिन्न

विकास योजना र त्यसका निम्ति विनियोजन गरिएको रकम खुलाएर यो पुस्तकमा समावेश गरिएको हुन्छ ।

(ख) केन्द्रीयस्तरका आयोजना/कार्यक्रमः राष्ट्रिय गौरवका आयोजनामा नपरेका तर राष्ट्रिय अर्थतन्त्रको विकासमा ठोस योगदान पुऱ्याउने र कुनै निश्चित स्थान, जिल्ला वा क्षेत्रलाई मात्र सुविधा नपुऱ्याई देशको वृहद् भूभागमा बसोबास गरेका आम नागरिकलाई सुविधा पुऱ्याउने ठूला आयोजनालाई यस वर्गमा समेटिएको छ । आ.व. २०७०/७१ मा यस्ता आयोजनाको संख्या २३ रहनुका साथै कूल विनियोजित बजेटको ९.८८ प्रतिशत अर्थात रु. २३ अर्ब ८७ करोड ३२ लाख २६ हजार छुट्याइएको छ ।

(ग) निश्चित कार्यक्षेत्र तोकिएका आयोजना/कार्यक्रमः एकभन्दा बढी जिल्लामा सञ्चालन हुने यी आयोजनाका निम्ति आ.व. २०७०/७१ मा ४० वटा आयोजना पहिचान गरिएका र त्यसका निम्ति रु. १३ अर्ब ६१ करोड ८९ लाख १२ हजार विनियोजन गरिएको छ ।

(घ) केन्द्रीय/क्षेत्रीयस्तरबाट सञ्चालन हुने आयोजना/कार्यक्रमः केन्द्र र जिल्ला दुवैको पहलमा सञ्चालन गरिने आयोजनाहरुका निम्ति आ.व. २०७०/७१ मा रु. एक खर्ब १ अर्ब ६० करोड ६५ लाख ६२ हजार ५०० विनियोजन गरिएको छ । यस्ता आयोजनाको संख्या १३९ रहेको छ ।

(ङ) जिल्लागतरुपमा बजेट बाँडफाँड गरिएका आयोजना/कार्यक्रमः जिल्लामा पठाइने विकास बजेट आ.व. २०७०/७१ मा रु.८१ अर्ब ४९ करोड ४ लाख ७१ हजार ५०० रहेको छ । यो बजेट जिल्लागतरुपमा पहिचान गरिएका २३६ वटा आयोजनाका निम्ति विनियोजन गरिएको छ । जिल्लागतरुपमा कतिपय योजनाका निम्ति विनियोजन गरिएको रकम ज्यादै कम रहेको र आफ्नो योजनाको निम्ति कति रकम प्राप्त हुन्छ भन्ने जानकारी नपाउने समस्या देखिन्छ ।

उदाहरणका लागि, सिन्धुपाल्चोक जिल्लामा वजेट शीर्षक ३५७१०८ अन्तर्गत समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र तथा जलसाधन योजना तैयारी आयोजनामा आयोजना पहिचान गर्ने कार्यका लागि रु. ५० हजार छुट्याइएको छ । त्यो रकमले सिन्धुपाल्चोकका विभिन्न गाविसमा छरिएर

रहेका २८ वटा आयोजना पहिचान गरिने कुरा उल्लेख छ । अर्थात, रु. ५० हजार २८ वटा आयोजनालाई बाँडफाँड गर्दा प्रति आयोजना करिब रु. १,७८५ पर्न आउँछ । जिल्लागत आयोजनाको पहिचानका नाममा यस्तै किसिमबाट जिल्लाहरुमा बजेट छरेको पाइन्छ ।

सिन्धुपाल्चोककै मझौला सिँचाइ आयोजना (व.शि.नं ३५७१२७) अन्तर्गत ४२ वटा आयोजनाको पहिचानका निम्ति भन्दै रु. ५० हजार विनियोजन गरिएको छ । योजना पहिचान गर्ने नाममा विनियोजन गरिएको यो रकम सम्बन्धित कार्यालयका कर्मचारीको यातायात, आवास (टिएडिए) मै सकिन्छ । योजनामा परेको छ, काम हुन्छ भन्ने आशौ-आशमा जनता परिरहन्छन् । सम्भाव्य भनी काम अघि बढाउन वर्षौं लाग्ने कारण पनि यही हो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव कृष्णहरि बास्कोटा २०७० साल असोज १७ गतेको गोरखापत्रमा योजनाहरु छरपस्ट राखिएको प्रति असन्तुष्टी जनाउँदै लेख्छन्: राष्ट्रिय योजना आयोगले तयार गर्ने जिल्लागत कार्यक्रम हेर्दा एक लाख दुई लाखका आयोजना पनि देखिन्छन् । नेपालको राजनीति विकसित भइनसकेको कारण यसैमा राजनीतिज्ञ लागिपरेका छन् । यस्ता कुरामा राज्य प्रणालीले फड्को मार्न नसक्नुले स्रोतको अपव्यय हुन जान्छ । कुन कार्यक्रम कुन मन्त्रालय अन्तर्गतबाट सञ्चालन हुने भन्ने विषय पनि तय हुन नसक्नु एउटा ठूलै विडम्बनाको विषय हो ।"

आ.व. २०७०/७१ को आयोजनाहरुको वर्गीकरण अनुसार बजेट विनियोजन

क्र. सं	आयोजना/कार्यक्रम	विकास आयोजना		विनियोजित बजेट	
		संख्या	प्रतिशत	रकम (रु. हजारमा)	प्रतिशत
१	राष्ट्रिय गौरव र केन्द्रीयस्तरका	४०	८.७९	४४,८५,९०,९५	१८.५७
	१.१ राष्ट्रिय गौरवका	१७	३.७४	२०,९८,५८,६९	८.६९
	१.२ केन्द्रीयस्तरका	२३	५.०५	२३,८७,३२,२६	९.८८
२	निश्चित कार्यक्षेत्र तोकिएका	४०	८.७९	१३,६१,८९,१२	५.६४
३	केन्द्रीय/क्षेत्रीयस्तरबाट सञ्चालन हुने	१३९	३०.५५	१,०१,६०,६५,६२.५	४२.०६
४	जिल्ला बाँडफाँड गरिएका	२३६	५१.८७	८१,४९,०४,७१.५	३३.७३
	कूल जम्मा	**४५५**	**१००**	**२,४१,५७,५०,४१**	**१००**

६) **बजेटसँगै जारी हुने ऐनहरु:** बजेट कार्यान्वयनका निम्ति बजेट प्रस्तुतिसँगै सरकारले नेपालको अन्तरिम संविधान, २०६३ अनुसार केही ऐनहरु स्वीकृतिका निम्ति संसद् (संसद् अधिवेशन नभएको वा नरहेको अवस्थामा सोझै राष्ट्रपति) समक्ष प्रस्तुत गर्दछ ।

(क) विनियोजन विधेयक: एक आर्थिक वर्षमा सञ्चित कोषमाथि व्ययभार हुने रकमको सीमा र सञ्चित कोषबाट खर्च हुने रकमको अधिकारलाई प्रस्तुत विधेयकले निकायगत रुपमा सीमाङ्कन गरेको हुन्छ ।

(ख) पेश्की विधेयक: विनियोजन विधेयक व्यवस्थापिका संसदमा विचाराधीन रहेको अवस्थामा सालवसाली खर्चको लागि आर्थिक वर्षको लागि अनुमान गरिएको व्ययको केही अंश पेश्कीको रुपमा खर्च गर्नको लागि संसदमा पेश्की विधेयक प्रस्तुत गरिन्छ । प्रस्तावित आर्थिक वर्ष सुरु हुनुअगाबै बजेट पारित भएमा वा अध्यादेशबाट बजेट पारित गर्दाको अवस्थामा यो विधेयक प्रस्तुत गर्नु पर्दैन ।

(ग) राष्ट्र ऋण उठाउने विधेयक: सरकारले प्रत्येक वर्ष आन्तरिक ऋण लिन सक्ने रकमको सीमा निर्धारण गर्ने प्रयोजनका लागि यो विधेयक पेश गर्दछ । आन्तरिक ऋण नलिने अवस्थामा वा राजस्व वचत हुने अवस्थामा यो ऐन प्रस्तुत गर्नु पर्दैन ।

(घ) ऋण तथा जमानत विधेयक: नेपाल सरकारले बाह्य ऋण लिनु परेमा वा जमानत बस्नु परेमा निश्चित रकमको सीमा निर्धारणका लागि यो विधेयक पेश गरिन्छ । यही विधेयक पारित भई ऐनको रुप लिएपछि त्यसकै सीमाभित्र रहेर सरकारले वैदेशिक ऋण उठाउने गर्दछ ।

(ङ) आर्थिक विधेयक: प्रत्येक आर्थिक वर्षमा सरकारले सङ्कलन गर्ने राजस्वका रकम र दरहरु निर्दिष्ट गरी प्रस्तावको रुपमा संसदमा आर्थिक विधेयक प्रस्तुत गरिन्छ । यो विधेयक पारित भएपछि सरकारले त्यस आर्थिक वर्षका लागि विभिन्न करहरुको माध्यमबाट राजस्व सङ्कलन गर्ने अधिकार प्राप्त गर्दछ ।

७. **स्रोत पुस्तक- श्वेत पुस्तक (Source Book – White Book):** अर्थ मन्त्रालयले बजेट सार्वजनिक भएलगत्तै प्रकाशन गर्ने अर्को पुस्तक

हो वैदेशिक सहायतासम्बन्धी स्रोत पुसतक वा श्वेत पुस्तक (White Book)। यो पुस्तकमा दातृ निकायबाट प्राप्त हुने स्रोतको मन्त्रालयगत विवरण, विभिन्न दातृ निकायले उपलब्ध गराउने वैदेशिक अनुदान र ऋण तथा वैदेशिक सहायतामा सञ्चालित परियोजनामा उपलब्ध गराइएको रकमको विस्तृत विवरण समेटिएको छ। उदाहरणका लागि, आर्थिक वर्ष २०७०/७१ (२०१३/१४) मा शिक्षा मन्त्रालयका निम्ति विनियोजित कूल रु ८० अर्ब ९५ करोड ८० लाख ८० हजारमध्ये वैदेशिक अनुदानबाट रु १७ अर्ब ४६ करोड ५ लाख ६७ हजार तथा वैदेशिक ऋणबाट रु ४७ करोड ५९ लाख १३ हजार प्राप्त हुने देखाइएको छ। शिक्षा मन्त्रालय मार्फत सञ्चालन हुने बाल विकास कार्यक्रमका निम्ति युनिसेफले अनुदानस्वरुप रु २३ करोड १ लाख २९ हजार उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ। त्यस्तै, शिक्षा कार्यक्रम अन्तरगतको खाद्यान्न परियोजनाका निम्ति विश्व खाद्य कार्यक्रमबाट अनुदानस्वरुप रु ३७ करोड ९८ लाख ४८ हजार उपलब्ध हुनेछ, र यही कार्यक्रमका निम्ति नेपाल सरकारका तर्फबाट थप रु १२ करोड ४२ लाख ५५ हजार विनियोजन गरिएको छ। त्यसर्थ, कुन कार्यक्रमका निम्ति कुन दातृ संस्थाले कति रकम खर्च गर्न लागेका छन् भन्ने जानकारी प्राप्त हुने यो पुस्तक नागरिक समाज र सञ्चार क्षेत्रका लागि अत्यन्त उपयोगी छ।

४. नेपाल सरकारको राजस्व, व्यय र ऋणको स्थिति

नेपाल सरकारले माथि भनिएझैं विभिन्न स्रोत परिचालन गरी राजस्व, व्यय र ऋणको व्यवस्थापन गरिरहेको हुन्छ। नेपालको कूल आयको ठूलो हिस्सा राजस्व मार्फत प्राप्त हुने गरेको छ। तथापि, यो राजस्वले सरकारको चालु खर्च धान्न सक्ने अवस्था अझै नरहेको अवस्था छ

१. राजस्व

सरकारका राजस्व प्राप्त गर्ने स्रोतहरु निम्न बमोजिम छन्:

(क) कर राजस्व - भनेको आफूले तिरेको रकमबाट निश्चित प्रतिफलको आश नगरी सरकारलाई बुझाउनुपर्ने अनिवार्य एवं वैधानिक योगदान हो। कर राजस्व मुख्यत: प्रत्यक्ष र अप्रत्यक्ष गरी दुई किसिमका हुन्छन्। प्रत्यक्ष कर भन्नाले कर तिर्नुपर्ने दायित्व भएको व्यक्ति वा संस्था स्वयंले

तिर्नुपर्ने कर हो, जस्तैः पारिश्रमिक आयमा लाग्ने कर, आय, मुनाफा तथा पूंजिगत लाभ कर, सम्पत्ति कर, एवं ब्याज आयमा लाग्ने करहरु प्रत्यक्ष कर अन्तरर्गत पर्दछन । अप्रत्यक्ष करका हकमा भने करको दायित्व भएको र कर तिर्ने व्यक्ति फरकफरक हुन्छन्, जस्तैः मूल्य अभिवृद्धि कर ।

१) वस्तु तथा सेवामा आधारित कर (मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, विशेष सेवामा लाग्ने कर),
२) वैदेशिक व्यापारमा आधारित कर (भन्सार महसुल-आयात, निर्यात, कृषि सुधार शुल्क),
३) अन्य कर (व्यवसायले भुक्तानी गर्ने, व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने)

(ख) गैर-कर राजस्व - सेवा अर्थात प्रतिफलसँग प्रत्यक्षरुपमा आबद्ध भएको राजस्व, जस्तैः भिसा शुल्क, दण्ड जरिवाना, जफत ।

१) सम्पत्तिबाट प्राप्त आय (ब्याज, लाभांश, भाडा र रोयल्टी)
२) विविध राजस्व (प्रशासनिक शुल्क-राहदानी शुल्क, भिसा शुल्क, अन्य राजस्व-प्रदूषण नियन्त्रण शुल्क, पुँजीगत राजस्व)

(ग) कर खर्च र राजस्व छली

राज्यलाई कम राजस्व तिर्न खोज्ने, आय लुकाउने र राजस्व नै नतिर्ने प्रवृत्ति आम मानिसमा हुन सक्छ । यो प्रवृत्तिलाई नियन्त्रण गर्ने, राजस्व बुझाउने परिपाटी प्रबर्द्धन गर्ने, राजस्व उठाउने प्रक्रियालाई पारदर्शी बनाउने र जनताले तिरेको राजस्व वा करलाई राज्यले सही उपयोग गरेको छ भन्ने सुनिश्चित गर्नेजस्ता कार्यहरु राज्यको दायित्व हो । राजस्व चुहावट हुनु, राजस्व छल्नु राष्ट्रिय विकासलाई पछि धकेल्नु नै हो । यही राजस्वबाट सरकार चल्ने, सरकारले विभिन्न विकास निर्माण र दैनिक प्रशासन चलाउने, लोककल्याणकारी राज्यको दायित्व पूरा गर्नेतर्फ विभिन्न कार्यहरु गरिरहेको हुन्छ । विदेशबाट अनुदान लिनु पनि कुनै देशका नागरिकले तिरेको कर, राजस्व नै हो । उनीहरुले पनि त्यस्तो अनुदान सही ठाउँमा खर्च होस् भन्ने चाहेका हुन्छन् । त्यसैले, राजस्व छल्ने प्रवृत्तिलाई नियन्त्रण गरिनु पर्दछ ।

नेपालमा राजस्व छलीका ठूल्ठूला घटना विगतमा पटाक्षेप भएका छन् । सरकारले कडाइ गरे पनि भन्सारमा सामानको न्यून मूल्याङ्कन गर्ने, सामान बिक्रीमा यथार्थ वा परल मोल भन्दा न्यून विजकीकरण गर्ने, एउटै बिलविजकको प्रयोग गरी धेरैपटक सामान आयात गर्ने, धेरै सामान उत्पादन गरी कम देखाएर कम अन्तःशुल्क वा अरु करहरु छल्नेजस्ता अनेक रुप देखिएका छन् । उठ्नुपर्ने जति कर उठ्न नसक्नु र कर छली हुनु भनेको सरकारको आर्थिक भार बढ्नु हो, त्यसैले यसलाई कर खर्च पनि भनिन्छ । कर खर्च नियन्त्रण गर्ने दायित्व सरकारकै हो, तापनि यो दायित्व निर्वाह गरेको छ छैन भनी निगरानी गर्नु महालेखा परीक्षकलगायतका निगरानी निकायको जिम्मेवारी हो । तर, नेपालमा महालेखा परीक्षकको कार्यालयले कर खर्चको लेखापरीक्षण नै नगर्दा यो विषय ओझेलमा पर्ने गरेको छ ।

झुठा तथा नक्कली मूल्य अभिवृद्धि कर बिजक प्रयोग गरी राजस्व छली भएको सम्बन्धमा छानबिन गर्न आन्तरिक राजस्व विभागले २०६७ सालमा गठन गरेको समितिको अध्ययनबाट ५१८ वटा ठूला फर्महरुले कर छलेको थाहा हुन आयो । यसरी कर छल्ने फर्महरुमाथि आन्तरिक राजस्व विभागले ती फर्महरुबाट मूल्य अभिवृद्धि करतर्फ रु. एक अर्ब ६ करोड ८० लाख ७१ हजार, आयकरतर्फ रु. तीन अर्ब ३२ करोड ४३ लाख ६० हजार र अन्तःशुल्कतर्फ रु. २० करोड ५२ लाख ७५ हजार गरी कूल रु. ६ अर्ब ५९ करोड ७७ लाख ६ हजार कर निर्धारण गरी कर दायित्व सिर्जना भएको कुरा विभागको वार्षिक प्रतिवेदन २०६८/६९ मा उल्लेख छ । यसबाट के देखिन्छ भने कर छली गर्दा मुलुकको विकास निर्माणका काममा खर्च गर्नका लागि राज्यकोषमा जम्मा हुनुपर्ने अर्बौं रुपैयाँ चुहावट भएको र त्यसले प्रत्यक्षरुपमा गरिब जनतालाई प्रतिकूल असर पुगेको देखिन्छ ।

२. सरकारको खर्च

सरकारले दैनिक प्रशासनदेखि देशको विकास निर्माणलगायतका विभिन्न कार्य र दायित्व निर्वाह गर्नेक्रममा अनिवार्यरुपमा खर्च (व्यय) गर्नुपर्ने हुन्छ । पछिल्ला वर्षहरुमा यस्ता खर्चहरुलाई मुख्यतः दुई वर्गमा बाँड्ने गरिएको छः

(क) चालु खर्चः कुनै आर्थिक वर्षमा भएको खर्चले एकभन्दा बढी आर्थिक वर्षसम्म प्रतिफल प्रदान गर्दैन भने त्यस्तो खर्च चालु खर्च हो । चालु

खर्चमा पारिश्रमिक/सुविधा, मालसामान तथा सेवाको उपयोग, ब्याज र सेवा खर्च, सहायता, अनुदान, सामाजिक सुरक्षा, साँवा ब्याज भुक्तनी, मर्मत संभार, निवृत्तिभरण जस्ता खर्च समावेश हुन्छ ।

(ख) पुँजीगत खर्च: कुनै आर्थिक वर्षमा गरिने खर्चको प्रतिफल दुई वा दुईभन्दा बढी वर्षसम्म प्राप्त भइरहन्छ भने त्यसलाई पुँजीगत खर्च भनिन्छ । जस्तै, विकास निर्माणका कार्यक्रमहरुमा हुने खर्च । कुनै ठूलो जलविद्युत् परियोजनामा सरकारले लगानी गर्दछ भने त्यसले वर्षौंसम्म विद्युत् सेवा दिइरहन सक्छ, र जनताले त्यसबाट लाभ प्राप्त गर्न सक्छन् ।

सरकारले चालु खर्च र पुँजीगत खर्च जुटाउने सिलसिलामा आन्तरिक र बाह्य जगतबाट अनुदान, ऋण र सापटी लिने गर्दछ । यस्तो ऋण र सापटी हचुवाका भरमा नभई देशको कूल गार्हस्थ्य उत्पादन र समष्टीगत आर्थिक परिसूचक तथा वित्तीय अनुशासन कायम गरी निश्चित रकम लिने गर्दछ । साथै, सरकारले बर्सेनि विदेशी सरकार तथा द्विपक्षीय र बहुपक्षीय वित्तीय संस्थाहरुबाट लिएको ऋणको साँवाब्याज भुक्तानी गर्नु पर्दछ । उदाहरणका रुपमा, नेपाल सरकारले विगत तीन आर्थिक वर्षमा परिचालन गरेको राजस्व, व्यय र ऋणको सङ्क्षिप्त झलक निम्नअनुसार छः

तालिका १: राजस्व र खर्च

तीन आर्थिक वर्षको राजस्व र खर्च (रु. हजारमा)			
शीर्षक	२०६८/२०६९ को यथार्थ	२०६९/२०७० को संशोधित अनुमान	२०७०/२०७१ को अनुमान
क. राजस्व	२,४४,३७,४०,९९	२,९५,७२,९०,२५	३,५४,५०,००,००
कर राजस्व	२,११,७२,२६,११	२,५९,५७,२९,६७	३,१४,६३,९९,९८
गैर-कर राजस्व	३२,६५,१४,८८	३६,१५,६०,५८	३९,८६,००,०२
ख. खर्च (व्यय)	२,९४,८५,०७,२४	३,११,६७,३५,०४	४,३८,५१,७२,०७
चालु खर्च	२,४३,४६,००,०७	२,५८,१०,३७,६४	३,५३,४१,७४,७६
पुँजीगत खर्च	५१,३९,०७,१७	५३,५६,९७,४०	८५,०९,९७,३१

स्रोतः अर्थ मन्त्रालय, नेपाल सरकार

माथिको विवरणले सरकारको तीन आर्थिक वर्षको वित्तीय अवस्था झल्काएको छ। यी अंकहरु आर्थिक क्षेत्रमा कलम चलाउने र खुला बजेटको पक्षमा वकालत, पैरवी गर्नेहरुका निम्ति प्रस्थान विन्दु हुन सक्छन्। देशको अर्थतन्त्रको यो झलकले सरकारको आर्थिक अवस्था, राजस्व परिचालन, ऋणको अवस्थाजस्ता विविध जानकारी प्राप्त हुने भएबाट देशको अर्थतन्त्रको गहिराइमा पुग्न मद्दत गर्दछ। प्रत्येक वर्ष सरकारले प्रस्तुत गर्ने कार्यकारीको बजेट प्रस्तावमा माथिका मूल परिसूचकहरु सार्वजनिक गर्ने गरिएको छ। तर, यी विवरणहरु आमजनताले सहजै बुझ्न कठिन छ। त्यहीकारण, सरकारले प्रस्तुत गर्ने यी आङ्कडालाई नागरिक बजेट मार्फत सरल भाषामा सबैले बुझ्नेगरी चित्र, कार्टुन र ग्राफहरुको प्रयोग गरेर सार्वजनिक गर्न सक्छ। बजेटको विवरण दिनु मात्र ठूलो कुरा होइन, बजेटका विवरण सबैले बुझ्ने, मनन गर्ने र थाहा पाउने अवस्था सिर्जना हुनु आवश्यक छ।

३. अनुदान र ऋण

नेपालमा सीमित स्रोत र साधन छ। नेपालको आन्तरिक स्रोतसाधनले मात्र यहाँको विकास प्रयासलाई अघि बढाउन मुस्किल छ। आन्तरिक राजस्व र ऋणले यहाँको चालु खर्च मात्र धान्न सक्ने अवस्था छ। त्यतिमात्र नभई सरकारले सरकारी स्वामित्वमा सञ्चालित संस्थाहरुमा लगानी, तिनीहरुका लागि अनुदान, विगतमा विभिन्न स्रोतबाट लिएका ऋणको सावाँ र ब्याज भुक्तानी गर्नका लागि थप स्रोत समेत आवश्यक पर्दछ। त्यहीकारण, नेपाल सरकारले विगत लामो समयदेखि वैदेशिक अनुदान, आन्तरिक र बाह्य ऋण तथा सापटी र प्राविधिक सहायता लिइरहेको छ। सरकारले प्राप्त गर्ने यो वैदेशिक अनुदान, ऋण र प्राविधिक सहायताले नेपालको बजेट निर्माणमै प्रभाव पार्ने गरेको छ।

तालिका २: अनुदान र ऋण

तीन आर्थिक वर्षको अनुदान र ऋण (रकम रु हजारमा)			
शीर्षक	२०६८/२०६९ को यथार्थ	२०६९/२०७० को संशोधित अनुमान	२०७०/२०७१ को अनुमान
क. वैदेशिक अनुदान	४०,८१,०२,८१	४१,८५,०१,९६	६९,५३,६१,०३
ख. वैदेशिक ऋण	११,०८,३०,७२	१५,५१,६९,९९	४३,७०,३८,९७
ग.आन्तरिक सापटी	३६,४१,८६,५१	१९,०२,००,००	४४,००,००,००
जम्मा	८८,३१,२०,०४	७६,३८,७१,९५	१,५७,२४,००,००

स्रोत: अर्थ मन्त्रालय, नेपाल सरकार

माथि प्रस्तुत तालिका १ र २ मा उल्लिखित आङ्कडाको तुलना गर्दा हरेक आर्थिक वर्षमा कूल खर्चभन्दा आम्दानीको मात्रा कम भएको कारणले सरकारले ऋण र अनुदान लिएको देखिन्छ । तथापि, राजस्व परिचालनबाट वित्तीय व्यवस्थाका धेरै कार्यहरु गर्नुपर्ने भएका कारण सरकारले अघिल्लो वर्षदेखि निरन्तरता पाइआएका तथा नयाँ विकास तथा कार्यक्रमका लागि वैदेशिक ऋण लिनुपर्ने अवस्था रहन्छ । वित्तीय व्यवस्था अन्तर्गत सरकारले मुलुकभित्र गर्ने आन्तरिक शेयर र ऋण लगानी, वैदेशिक शेयर र ऋण लगानी, वैदेशिक ऋणको सावाँ र ब्याज भुक्तानीजस्ता विषय पर्दछन् ।

सरकारले ऋण कसरी लिन्छ ?

राजस्व र अनुदानबाट मात्र आवश्यक सबै सरकारी खर्च व्यहोर्ने अपर्याप्त भएमा मुलुकभित्र र बाहिरबाट सरकारले ऋण लिन्छ । आन्तरिक ऋण आफ्ना नागरिकसँग सरकारले लिने सापटी हो । जसको सावाँ र ब्याज तोकिएको मितिमा तिरिसक्नु पर्छ । नेपाल सरकारलाई आवश्यक पर्ने रकमको व्यवस्थापन गर्ने जिम्मा पाएको निकाय नेपाल राष्ट्र बैंक हो, जसले यसका लागि सरकारलाई सघाउँछ । ऋण लिने र तिर्ने काम अर्थ मन्त्रालयको हुने भएकाले कानुनको परिधिभित्र रही अर्थ मन्त्रालयले राष्ट्र बैंकलाई निश्चित रकमको आन्तरिक ऋण उठाइदिन आग्रह गरेपछि सो बमोजिम राष्ट्र बैंकले ब्याजदर र फिर्ता हुने समयसमेत तोकी सर्वसाधारणका लागि ऋणपत्रहरु जारी गर्दछ । बैंक तथा वित्तीय संस्था एवं सर्वसाधारणले निश्चित परिमाणमा त्यसरी जारी भएका ऋणपत्रहरु खरिद गर्न सक्छन् । जसबाट सरकारलाई आवश्यक पर्ने रकम नेपाल राष्ट्र बैंकमा रहने सरकारको खातामा जम्मा हुन्छ । कहिलेकाहिँ राष्ट्र बैंक आफैंले पनि सरकारलाई निश्चित समयका लागि ऋण दिन सक्छ ।

आन्तरिक ऋण धेरै उठाउँदा निजी क्षेत्रमा रहेको बचत रकम सरकारी कोषमा जाने भएकाले निजी लगानीका लागि रकम नभई पैसाको हाहाकर (ऋचयधम इगत) समेत हुन सक्ने भएकाले सरकारले आन्तरिकरुपमा कमभन्दा कम ऋण लिनुपर्छ भन्ने मान्यता राखिन्छ । त्यसैले सरकारले वैदेशिक ऋण उठाउँदा पनि खर्च नथेगिएको अवस्थामा मात्र आन्तरिक ऋण लिने गर्दछ । विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैंकजस्ता बहुपक्षीय दातृ निकाय तथा जापान, भारत, चीन लगायतका मुलुकहरुले नेपाल सरकारलाई ऋण दिन्छन् । एकातिर वैदेशिक ऋणको ब्याज निकै कम (कतिपय अवस्थामा १ प्रतिशत भन्दा

पनि कम) हुने र अर्कातिर ऋण लिएपछि तिर्नुपर्ने भएकाले त्यसको सही उपयोग गर्न सरकारहरुले बढी प्रयास गर्नुपर्छ भन्ने मान्यता अहिले प्रबल हुँदै गएको छ। त्यसैले आजभोलि दातृ निकाय सरकारहरुलाई अनुदानभन्दा ऋण दिन रुचाउँछन्। वैदेशिक ऋण विदेशी दातृ निकायसँग नेपाल सरकारले गर्ने सम्झौताका आधारमा लिने गरिन्छ। यस्तो ऋण लिनको लागि सरकारले विकास कार्यक्रमको विस्तृत योजना र त्यसलाई आवश्यक पर्ने ऋण सहायताको प्रस्ताव दातृ निकायसामु प्रस्तुत गर्दछ। त्यसमा दुवै पक्ष सहमत भई लिखित सम्झौता भएपछि ऋण

बजेट निर्माणमा बेथिती

देशको बजेट राजनीतिक दस्तावेज पनि हो। यो दस्तावेजमा सत्तारुढ दलका योजना, कार्यक्रम रहनु स्वाभाविक हो। तर, नेपालको बजेट निर्माणमा राजनीतिक गतिरोधले पटकपटक चाहिनेभन्दा बढी नै सङ्कट निम्त्याउने गरेको छ। आर्थिक वर्ष २०७०/७१ को बजेट कुनै नयाँ कार्यक्रम र योजना बेगर नै अध्यादेश मार्फत ल्याइएको छ। आर्थिक वर्ष २०६९/७० को बजेट पनि पटकपटक अध्यादेश मार्फत नै ल्याइयो, र त्यसमा पनि राजनीतिक असहमतिका कारण कुनै नयाँ योजना र कार्यक्रम समावेश गर्न सकिएन। अझ आर्थिक वर्ष २०६७/६८ को बजेट त व्यवस्थापिका-संसद्भित्र उत्पन्न असहज परिस्थितिका कारण संसद् अधिवेशन रातारात अन्त्य गरेर अध्यादेश मार्फत ल्याइयो, र त्यो पनि नयाँ योजना र कार्यक्रम बेगर। आर्थिक वर्ष २०६६/६७ को बजेट २०६६ असारमा प्रस्तुत भए पनि बजेट प्रस्तुतिलगत्तै निरन्तर संसद् अवरुद्ध भएकोले २०६६ मङ्सिर १० गते मात्र संसदबाट पारित भएको थियो। बजेट ढिलो हुनुको अर्थ कार्यक्रम स्वीकृतिमा पनि ढिलाइ हुनु हो। यहीबीच, राष्ट्रपतिबाट आर्थिक वर्ष २०६८/६९ का लागि सम्वत् २०६८ असार १९ गते आइतबारका दिन व्यवस्थापिका संसद्मा पछिल्लोपटक २१ पृष्ठको सरकारको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिएको थियो। त्यो नीति तथा कार्यक्रमलाई पनि राष्ट्रपतिको संबोधन पछि तत्कालै गठन भएको सरकारले बेवास्ता गरी नयाँ बजेट ल्याएको थियो। यहीकारण, पछिल्ला तीन आर्थिक वर्षदेखि नयाँ योजना र कार्यक्रम बेगर मुलुकको बजेट आइरहनु राजनीतिक दलहरुकै अदूरदर्शिता बाहेक केही होइन। देशभित्र नयाँ योजना र कार्यक्रम विगत तीन वर्षदेखि थाँती रहनु, देशको आर्थिक अवस्था गिर्दै जानु र बेरोजगारी समस्या अझ बढ्दै जानु दुखद विडम्बना हो।

लेनदेनको काम हुन्छ । वैदेशिक ऋण लामो आवधिका लागि लिइने र ब्याज पनि कम हुने हुनाले त्यसलाई झण्डै झण्डै अनुदान सरह नै मानिन्छ ।

४. बजेट प्रस्तुति

अर्थ मन्त्रालयले विभिन्न विषयगत मन्त्रालयहरुबाट प्राप्त प्रस्तावहरुलाई एकीकरण गरी विकास बजेटका सन्दर्भमा राष्ट्रिय योजना आयोगको स्वीकृति समेत लिएपछि नेपाल सरकारको बजेट प्रस्ताव तयार गर्दछ । यसरी तयार हुने बजेट प्रस्तावलाई मन्त्रिपरिषद्को बैठकबाट स्वीकृत गरी नेपाल सरकारको पूर्ण बजेट प्रस्ताव अर्थमन्त्री मार्फत संसदमा पेस हुन्छ । अर्थमन्त्रीको बजेट भाषण बजेट प्रस्तावको सारांश हो जसमा सरकारको मुख्य आर्थिक प्राथमिकताहरु, मुख्यमुख्य योजनालाई छुट्याइएको बजेट, करका दरहरुमा गरिएको परिवर्तनलगायतका विषयहरु समेटिएको हुन्छ । बजेट भाषण आफैँमा बजेट प्रस्ताव नभई बजेट प्रस्तावको सारांश मात्रै भएकाले बजेट भाषणलाई मात्र आधार बनाएर बजेट बारेको स्पष्ट धारणा तयार गर्न कठिन हुन्छ । त्यसका लागि सरकारको आम्दानी र खर्च समेटिएको विवरण र रातो किताब हेर्नं अपरिहार्य हुन्छ ।

संसद् नरहेको अवस्थामा वा संसद्को अधिवेशन अन्त्य गरिएको विषम परिस्थितिमा बजेटलाई अध्यादेशमार्फत सार्वजनिक गरिन्छ । यस्तो बजेटमा व्यवस्थित योजना, कार्यक्रमजस्ता विविध विषयमा संसद्मा छलफल गरिन्न । तर, यो प्रक्रियाले बजेट कार्यान्वयनमा ठूलो समस्या खडा हुने र सरकारकै विश्वसनीयतामाथि प्रश्न उब्जिने खतरा रहन्छ, जुन नेपालले गणतांत्रीक युगमा प्रवेश गरेदेखिनै निरन्तर रुपमा भोग्दै, ब्यहोर्दै आइरहेको छ ।

५. गैर बजेटरी रकम माग

आर्थिक वर्ष २०६९/७० को मध्यावधि समीक्षा अवधिमा अर्थात आर्थिक वर्ष प्रारम्भ भएको ६ महिनाभित्रै रु. ५० अर्ब ९१ करोड ७० लाख गैर बजेटरी रकम माग भएको देखाइएको थियो । जबकी ६ महिनाको अवधिमा बजेटमा विनियोजन गरिएको रकममध्ये कूल खर्च २९.५९ प्रतिशत र पुँजीगत खर्च १४.९२ प्रतिशतको निराशाजनक अवस्था थियो । विनियोजनमा परेका स्वीकृत कार्यक्रमहरुमा भन्दा नयाँनयाँ कार्यक्रमहरु बनाई थप बजेट माग गर्ने प्रवृत्ति बढ्दै गएको छ ।

अर्कोतर्फ, ६ महिनाको अवधि व्यतित भइसक्दा पनि खर्च गर्ने इकाईमा अधिकांश रकमको अख्तियारी नपठाइनु, समयमै कार्यक्रम स्वीकृत नहुनु, खरिद प्रक्रियामा ढिलाई गरिनु, सम्पन्न कार्यको भुक्तानी समयमा नहुनु, वैदेशिक सहायतामा सञ्चालित आयोजनाहरुको समयमा सोधभर्ना माग नगर्नु तथा लेखापरीक्षण प्रतिवेदन समयमै पेश नगर्नुजस्ता कारणले सार्वजनिक खर्चमा अपेक्षित वृद्धि नभएको समीक्षामा उल्लिखित छ । त्यस्तै, आर्थिक वर्ष २०६८/६९ मा पनि संस्थागत र व्यक्तिगत गरी कूल रु. २८ अर्ब १५ करोड १० लाख ८४ हजार गैह्र बजेटरी रकम माग गरेको अर्थ मन्त्रालयले जनाएको थियो । बजेट कार्यक्रममा परेका आयोजनाप्रति बेवास्ता गरिनु र आर्थिक वर्षको अन्त्यतीर आएर नयाँ कार्यक्रमको लागि थप रकम माग गरिनु जस्ता गैर जिम्मेवार काम नेपालको आर्थिक व्यवस्थापनको नियती नै बनेको छ ।

गैर बजेटरी कोष के हो ?

गैर बजेटरी कोषका बारेमा सामान्यतया अरु सार्वजनिक वित्त व्यवस्थाजस्तो रिपोर्टिङ, नियमन वा लेखापरीक्षण प्रक्रिया अपनाइने गर्दैन । गैर बजेटरी व्यवस्थामा विविध किसिमका रकम राखिएको हुन्छ जसमा सामान्यतया निवृत्तिभरण वा सामाजिक सुरक्षा, राज्यको स्वामित्वमा रहेका संस्थाहरु तथा अरु डिस्क्रेसनरी वा गोप्य कोषहरु रहेका हुन्छन् । हालका वर्षहरुमा त्यस्तो कोषमा प्राकृतिक स्रोतको दोहन, वैदेशिक सहायता, ऋण भुक्तानी, निजीकरण तथा सार्वजनिक निजी साझेदारीका क्षेत्रमा खर्च गर्न थालिएको छ ।

यो कोषमा सरकारी क्रियाकलापमा हुने कूल खर्चमध्ये निकै ठूलो भाग हुने गर्दछ । औसतमा, सङ्क्रमणकालीन तथा विकासशील मुलुकका केन्द्र सरकारको कूल खर्चको झण्डै ४० प्रतिशत रकम गैर बजेटरी कोषमा रहेको हुन्छ । अलेन र राडेभ २००६ का अनुसार यी मुलुकमा सरकारी खर्चको झण्डै २६ प्रतिशत सामाजिक सुरक्षा कोषमा रहने गरेको छ । गैर बजेटरी कोषलाई सरकारहरुले राम्रैसँग व्यवस्थित गर्न र कानुनको दायरामा ल्याउन पनि सक्छन्, तथापि यस्तो कोषमा निम्न किसिमबाट पर्याप्त निगरानीको व्यवस्था हुँदैन:

- सरकारको बजेटको संसदीय स्वीकृति
- स्वीकृत वित्तीय नियमनसँग कम्प्लायन्स,
- सरकारी लेखा प्रणाली मार्फत लेखा व्यवस्था
- सर्वोच्च लेखापरीक्षण संस्थाबाट बाध्यकारी लेखापरीक्षण ।

बजेट बाहिरबाट हुने कारोबारले आर्थिक अनुशासन कायम राख्छ भन्ने अनुमान गर्न कठिन हुन्छ (जस्तै, राज्यको स्वामित्वमा रहेका संस्थाका आफ्नै वित्तीय नीति नियम हुन सक्छन्) किनभने त्यस्ता सरकारी स्वामित्वका संस्थाहरु आर्थिकरुपमा स्वतन्त्र हुन्छन् र अरु सार्वजनिक खर्चसँग त्यसलाई तुलना नै गरिन्न । परिणामस्वरुप ठगी, अनियमितता वा अनधिकृत उद्देश्यका निम्ति यस्तो रकमको प्रयोग भएको हुन सक्छ ।

नेपालको सन्दर्भ

सरकारी बजेट व्यवस्थापन तथा खर्च प्रणाली पुनरावलोकन आयोग, २०६६ का अनुसार निम्न खर्चहरुलाई गैर बजेट खर्चको रुपमा लिन सकिन्छः

(क) खर्च र लगानी सरकारको कुल बजेट संरचनामा समावेश नभएको,
(ख) सरकारको स्वामित्वमा रहेको तर बजेटको संरचना बाहिर कार्यान्वयन हुने कोषहरु, जस्तै दैवी प्रकोप उद्धार कोष, कार्य सञ्चालन कोष आदि,
(ग) वार्षिक बजेटको दायरामा नआउने र सोअनुसारको लेखाङ्कन मापदण्ड लागू नहुने, जस्तै अर्थ मन्त्रालय विविध शीर्षकको बजेट वा बजेटमा नै अनुदानको रुपमा संस्था वा व्यक्तिहरुलाई भुक्तानी गरिने खर्च रकम,
(घ) सरकारी बाहेक आफ्नो छुट्टै बैंक खाता सञ्चालन गर्ने संस्थाहरु जस्तै सार्वजनिक संस्थानहरु, स्वायत्त निकायहरु आदिले सरकारबाट रकम प्राप्त गरी आफ्नै हिसाबले खर्च गर्ने रकम,
(ङ) बजेटमा समावेश भएर वा नभएर दातृ निकायहरुले सोझै खर्च गर्ने वैदेशिक सहायताको रकम,
(च) सुरुमा बजेटको स्रोत नभएको तर रकमान्तरको माध्यमबाट व्यहोरिएका खर्च रकमहरु ।

गैर बजेट खर्चको सम्बन्धमा मुख्यतः अर्थ मन्त्रालयको निर्णायक भूमिका रहेको हुन्छ । गैर बजेट खर्च सामान्यतया राष्ट्रिय योजना आयोगद्वारा स्वीकृत कार्यक्रमगत संरचना भन्दा बाहिर हुने गरेको छ ।

(कूल गैर बजेट खर्चको प्रतिशत)

गैर बजेट खर्चको अवस्था (पाँच प्रमुख मन्त्रालय)						
क्र.सं	मन्त्रालय	आव २०६१/६२	आव २०६२/६३	आव २०६३/६४	आव २०६४/६५	आव २०६५/६६
१	अर्थ	४४.२१	४१.७८	३५.६४	४०.६८	५९.७६
२	रक्षा	२४.९०	३३.४९	३२.६४	२८.१०	१७.६०
३	गृह	९.५२	८.७७	९.२४	११.४१	७.८१
४	उद्योग	५.७७	१.४७	०.८९	४.२७	१.०८
५	स्वास्थ्य	१.३४	१.८१	२.७५	३.७३	१.५०

(स्रोत: सरकारी बजेट व्यवस्थापन तथा खर्च प्रणाली पुनरावलोकन आयोग, २०६६, अर्थ मन्त्रालय)

गैर बजेट खर्च हुनाका कारणहरु

आयोगका अनुसार गैर बजेट खर्चमा वृद्धि हुनुमा निम्न कारणहरु प्रमुख रुपमा जिम्मेवार छन्:

(क) खर्च गर्ने मापदण्डको अभावमा मन्त्रालयगत बजेट तथा कार्यक्रमको लागि विनियोजन गर्दा आधार स्पष्ट नभै हचुवामा बजेट व्यवस्था गरिनु,

(ख) रकमगत बजेटको व्यवस्थाले कुनै शीर्षकमा खर्च नभै रकम बचत हुने र कम खर्च हुने अवस्थामा रकमान्तरको माध्यमबाट थपघट भइरहनु,

(ग) नियमित र पूँजीगत विकासका कार्यक्रमहरु वार्षिक कार्यक्रमको समय तालिकाको आधारमा बजेट खर्च हुन नसक्नु र समय तालिकाको पालना गरी खर्च प्रवाह गर्ने प्रावधान पालना नहुनु,

(घ) आर्थिक वर्षको अन्तमा खर्च नभै बाँकी रहेको रकम फ्रीज हुने वर्तमान व्यवस्थाले आर्थिक वर्षको अन्तमा बिना योजना खर्च हुने प्रणालीको विकास भएको र उपयोगको बारेमा कुनै वैकल्पिक व्यवस्था नगरिएको हुँदा जथाभावी खर्च गर्ने प्रवृत्तिले प्रश्रय पाउनु,

(ङ) मन्त्रालय, सचिवालय वा त्यस्तै क्षेत्रगत निकायहरुलाई अर्थ मन्त्रालयले अख्तियारी दिएको क्षेत्रगत बजेट कार्यान्वयन गर्ने परिणाममुखी कार्यसम्पादनको लागि पूर्ण उत्तरदायित्व हुने व्यवस्था नहुनु,

(च) औपचारिक कार्यक्रम विना खर्च गर्ने प्रणालीको सुरुवातले गर्दा सरकार र राजनीतिक वृत्तमा अर्थ मन्त्रालय धाउने प्रवृत्तिमा वृद्धि हुन गई गैर बजेट खर्चमा वृद्धि गर्न सघाउ पुग्नु,

(छ) सरकारले गरेको काम कारबाहीमा संसदीय समितिहरुको निगरानी र सुपरिवेक्षणको कमी रहनु,

(ज) अर्थ मन्त्रालयले गैर बजेट खर्चको लागि गरेको बजेट व्यवस्था नियमितरुपमा प्रतिवेदन गर्नु पर्ने व्यवस्था नभएकोले पारदर्शिताको अभावमा यस प्रकारको खर्च गर्ने परिपाटीलाई प्रोत्साहन हुने गरेको,

(झ) बजेट वर्गीकरण गरी श्रोतको आधारमा बजेट विनियोजन गर्ने प्रणाली नभएको अवस्थामा जुनसुकै बजेटको रकम जहाँसुकैबाट रकमान्तर वा श्रोतान्तर गर्ने प्रणाली विकसित हुन गइ गैर-बजेट खर्च गर्ने प्रकृयालाई प्रोत्साहन पुगेको,

(ञ) राजनीतिक अस्थीरताले गर्दा सरकार अल्पायुको हुन गई प्रशासनिक वृत्तमा अस्थिर मानसिकता हुन जाँदा जतिसक्यो चाँडो खर्च गर्ने प्रवृत्तिले प्रश्रय पाउनु,

(ट) अर्थ मन्त्रालयले आफ्नो तजबिजी अधिकार प्रयोग गरी बजेट निकासा दिने परिपाटीले गर्दा प्रभावशाली राजनीतिक व्यक्ति वा कार्यकारी पदाधिकारीहरुको प्रभावमा बजेटमा रकम नपरेको भए पनि रकमान्तर वा श्रोतान्तरको माध्यमबाट रकम प्राप्त गर्ने कार्य हुँदा गैर बजेट खर्च गर्ने प्रवृत्ति बढदै जानु,

(ठ) गैर बजेट निकासा तथा खर्च गर्ने कार्यमा जवाफदेहिता पक्ष कम हुने हुँदा खर्च गर्न सजिलो भएको कारणले सरकारी निकायका पदाधिकारीहरु गैर बजेट मार्फत् खर्च गर्न उत्सुक रहने गरेबाट यस्तो बजेटले प्रश्रय पाउने प्रवृत्तिको विकास भएको,

(ड) प्रभावकारी नियन्त्रणको अभावमा कुटनैतिक नियोग, राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैर सरकारी संस्थाहरुले विभिन्न सचेतनामूलक, अध्ययन अनुसन्धान र विकासका कार्यक्रमहरु संचालन गर्दा प्रवाह गर्ने वैदेशिक वा स्वदेशी श्रोतका रकम सरकारी लेखामा समावेश नभै गैर बजेट खर्च गर्ने प्रवृत्ति बढन गएको,

(ढ) विभिन्न दातृ संस्था तथा कुटनैतिक नियोगहरुले सरकारको बजेट प्रकृया बाहिरबाटै सिधै खर्च गर्ने प्रवृत्ति बढ्नु ।

गैर बजेट खर्चबाट सृजित समस्याहरु

आयोगका अनुसार गैर बजेट खर्चको बढ्दो प्रवृत्तिले निम्न बमोजिमका समस्याहरु देखापरेका छन्:

(क) गैर बजेट खर्च गर्ने परिपाटीले निरन्तरता पाएबाट सरकारी बजेट प्रणालीनै ओझेलमा पर्न गएको छ । पूँजीगत खर्च गर्ने निकायहरुले धेरैजसो समय थप बजेट माग गर्न र सो कारणबाट कार्यक्रम स्वीकृतिको लागि समय खर्चिनु परेको अवस्था विद्यमान रहेको देखिन्छ ।

(ख) सरकारको कोष प्रणाली मार्फत् खर्च गर्न नचाहने दातृ निकायहरुको मनसायको कारणले पनि, विशेषगरी पूर्वाधार विकास र सामाजिक सेवाको क्षेत्रमा, दातृ निकायहरुले बजेट संरचना बाहिर रकम थप गरिदिंदा सरकारको वार्षिक बजेटको अनुशासन कायम हुन सकिरहेको छैन भने यस्तो खर्चको रकम राष्ट्रिय लेखामा समावेश हुन सकेको छैन । उदाहरणको लागि हाल नेपालमा ६०० भन्दा बढी आयोजना तथा कार्यक्रमहरु संचालनमा रहेको पाइन्छ भने बजेट कितावमा कुल ४०८ आयोजना तथा कार्यक्रमहरु मात्र समावेश छन् । विषयको गाम्भीर्य यसैबाट अनुमान गर्न सकिन्छ ।

(ग) सरकारको केन्द्रीय लेखामा समावेश नहुने गरी सिधै दिइने वैदेशिक सहायताका रकमहरुको कारणले सरकारको यथार्थ खर्चको अवस्था र सो कारणबाट सम्बन्धित कार्यकारी निकाय तथा क्षेत्रको कार्य सम्पादन अवस्थाको मूल्यांकन गर्न सकिने अवस्था पनि रहँदैन ।

(घ) अर्थतन्त्रमा गैर बजेट खर्चले पारेको प्रभाव र असरको बारेमा पनि थाहा पाउने अवस्था देखिंदैन ।

(ङ) बजेट खर्च हुने गरी कार्यक्रम वा कार्यहरु पहिचान गर्न सम्भव हुने अवस्थामा पनि अर्थ मन्त्रालयबाट बजेट सीमा नाघी बजेटको आकार बढ्ने कारण जनाई त्यस्तो रकम बजेटमा समावेश नगरी पछि अर्थबजेट वा रकमान्तर/श्रोतान्तरको माध्यमबाट बजेट व्यवस्था गर्ने अभ्यास गरिएको देखिन्छ । यसले गर्दा कार्यक्रम तथा बजेट पारित हुँदा कै अवस्थामा त्यस्ता निकायहरुको बजेट कम हुन गई थप बजेटको व्यवस्था गर्नु पर्ने अवस्था सिर्जना हुन गएको देखिएको छ ।

(च) वैदेशिक सम्झौता प्रभावकारी नभएको र प्रभावकारी भएको अवस्थामा पनि पूर्वपालना गर्नु पर्ने उत्तरदायित्वहरुको पालना नहुनाले दातृ निकायले रकम रोक्का राख्न सक्ने भै अनिश्चित हुँदा वैदेशिक सहयोगको रकम बजेटमा समावेश नहुने र पछि रोक्का फुकुवा भएपछि बजेट खर्च गर्नु पर्ने अवस्थामा बजेटको रकमान्तर वा श्रोतान्तर गरी बजेट खर्च गर्नु परेको देखिएको छ ।

(छ) कतिपय द्विपक्षीय र बहुपक्षीय दातृ निकायहरुले नेपाल सरकारको कोष प्रणाली मार्फत् खर्च गर्न इच्छुक नभएकोले यस्तो बजेट रकम सरकारको बजेटमा समावेश नभै खर्च हुने गरेको देखिन्छ । यसबाट

सरकारको बजेट तथा कोष प्रणालीमा यस्तो बजेट खर्चको रकम प्रतिबिम्वित हुने गरेको देखिँदैन ।

(ज) शीर्षकगत खर्च रकमको लागि मन्त्रालयगत रुपमा उचित मापदण्डको आधारमा खर्च गर्ने व्यवस्था नभएबाट माग भएकै बजेट रकम प्राप्त भए पनि खर्च गर्न अपुग हुने अवस्था पनि सिर्जना हुन गएको छ । यसबाट सम्बन्धित निकायहरुको कार्यक्रम संचालन तथा कार्यान्वयन गर्न गैर बजेट माग गर्ने प्रवृत्ति देखिएको छ ।

(झ) सरकारको जानकारी विना नै विदेशी कुटनैतिक नियोगबाट सम्पन्न भई हस्तान्तरण भएपछिका वर्षहरुमा त्यस्ता आयोजनाहरुको मर्मत, संभार आदिको लागत भार एक्कासी सरकारी खर्चमा पर्न जाने ।

नागरिक बजेट (Citizen Budget)

१. परिचय

सरकारको मातहतमा रहेको रकम जनताकै पैसा हो किनभने जनताले बुझाउने करहरु (आयकर, अन्तःशुल्क वा सम्पत्ति कर) र उनीहरुले तिर्ने शुल्क नै सरकारको खातामा जम्मा भएको हुन्छ । जनताकै स्वामित्वमा रहेका राष्ट्रिय महत्वका प्राकृतिक स्रोतसाधनको दोहन गरेर राज्यले आफ्नो ढुकुटीमा रकम जम्मा गरेको हुन्छ । सरकारले लिएको ऋण पनि अन्ततः जनताले नै तिर्नुपर्ने हुन्छ । राज्यको राजस्वको स्रोतको मुख्य आधार जनता नै रहेकाले उनीहरुप्रति सरकार जवाफदेही हुनु अत्यावश्यक छ । जनताप्रति जवाफदेही हुने मुख्यतः दुईवटा विधि छन्ः (क) सरकारले बजेट निर्माण गरी त्यसलाई सार्वजनिक गर्नु, र (ख) रकम कसरी खर्च भइरहेको छ भन्ने आर्थिक प्रतिवेदन प्रकाशन गर्नु ।

बजेटसँग सम्बन्धित जानकारीहरु बुझ्न निकै कठिन हुने र सरकारका विभिन्न निकायले फरकफरक समयमा यसलाई प्रकाशन पनि गरिरहेका हुन्छन् । त्यसैले, यो भिन्नभिन्न स्थानमा र प्रायः जटिल दस्तावेजका रुपमा रहेको हुन्छ । अधिकांश अवस्थामा यी दस्तावेज आमजनताका निम्ति त्यति रुचिकर नहुन सक्छन् किनभने यसको लेखन नै प्रायः सरकारको आन्तरिक प्रयोजनका लागि हुन्छ र प्राविधिक शब्दावलीको भरपुर प्रयोग गरिएको हुन्छ । हो, आमजनताले सहजै नबुझ्ने भएकाले उनीहरुले बजेटमाथि प्रश्न पनि गर्न सक्दैनन् । जनताले सरकारलाई जवाफदेही बनाउन यहीकारण कठिन महसुस गरिरहेका हुन्छन् ।

नागरिक बजेटले सरकारले ल्याउने बजेट दस्तावेजलाई सङ्क्षेपीकृत गर्दछ र बजेटमा रहेका मुख्यमुख्य जानकारीलाई व्याख्या गरिदिन्छ । यो आमजनताका लागि तयार पारिने रिपोर्ट हो, र यसमा उनीहरुले सहजै बुझ्न सक्ने सरल र स्पष्ट भाषाको प्रयोग गरिएको हुन्छ । बुझ्न सक्षम भएपछि जोकोहीले नागरिकको रुपमा आफ्नो जिम्मेवारी निर्वाह गर्न सक्छन्, जिम्मेवार सरकारी निकायहरुमाथि प्रश्न गर्न सक्षम हुन्छन् र यो नै लोकतान्त्रिक विधि हो ।

२. नागरिक बजेटबाट कसले लाभ लिन सक्छ ?

नागरिक बजेटका मुख्य लाभकर्ताहरु नागरिकहरु नै हुन्छन् । नागरिक बजेटको उद्देश्य नै सरकारले के गरिरहेको छ भनेर उनीहरुको ज्ञान बढाउनु र सरकारी मामिलाहरुमा सहभागी गराउन उनीहरुको क्षमता अभिवृद्धि गर्नु हो । तथापि, नागरिक बजेटबाट सरकारले पनि लाभ लिन सक्छ। जनताप्रति आफू जवाफदेही छु भनेर देखाउन नागरिक बजेट एउटा निकै प्रभावकारी तरिका हुन सक्छ । अधिकांश मानिसलाई राम्रैसँग थाहा छ कि सरकारको कार्यसञ्चालनका लागि बजेट महत्वपूर्ण हुन्छ र बजेट आफ्नै हितका लागि पनि मुख्य पक्ष हो । त्यसर्थ, महत्वपूर्ण बजेट नीति जानकारी र बजेट निर्णयका बारेमा आमजनताले सहजै बुझ्ने किसिमबाट उपलब्ध गराइए त्यसले आमजनताको आँखामा सरकारको वैधता ज्यादै माथि जान्छ ।

नागरिक बजेटले नागरिक शिक्षाको साधनका रुपमा पनि सेवा गर्न सक्छ । बजेट निर्माण, बजेट अनुमोदन र कार्यान्वयन कसरी हुन्छ र हरेक चरणमा जिम्मेवार व्यक्ति वा निकाय को हो भन्ने बारेमा बताउन यो सहयोगी हुन सक्छ । नागरिक बजेटबाट कुन तहको सरकार (राष्ट्रिय, राज्य/प्रान्तीय) मार्फत कार्यसम्पादन र सेवा प्रदान भैरहेको छ भन्नेबारे स्पष्ट हुन्छन् । विस्तृत किसिमको यस्तो सुस्पष्टताले सरकारको काममा सहजता ल्याउँछ । सरकारले नागरिक तहबाट आउन सक्ने अनावश्यक खोजीनिती वा अनुरोधलाई यसमार्फत सम्बोधन गर्न सक्छ ।

३. नागरिक बजेटमा समेटिने सामग्री

नागरिक बजेटमा सामान्यतया निम्न किसिमका जानकारी राख्नु उपयुक्त हुन्छः

- बजेटमा अन्तर्निहित आर्थिक अनुमान,
- बजेट निर्माण प्रक्रिया,
- राजस्व सङ्कलन,
- बजेट विनियोजन र खर्चका प्राथमिकताहरु,
- नयाँ महत्वपूर्ण कार्यक्रमहरु,
- क्षेत्र-विशेष जानकारी तथा लक्षित कार्यक्रमका बारेमा जानकारी,
- बजेटसँग सम्बन्धित शब्दावलीहरु, र
- नागरिकबाट फलोअप गर्नका लागि सम्पर्क व्यवस्था ।

४. नागरिक बजेटको प्रकाशनको समय

नागरिक बजेट कार्यकारीको बजेट प्रस्तावसँगै प्रकाशन गरिएको हुनुपर्दछ ।

नागरिक बजेटको रुपरेखा

भाग १: **परिचय:** यो निर्देशिका प्रकाशन गर्नुपर्ने सरकारको उद्देश्य, सार्वजनिक वित्त विधेयकमा वार्षिक बजेटको स्थान, बजेटको संस्थागत कभरेजको सङ्क्षिप्त व्याख्या, र बजेट प्रक्रियाको सङ्क्षिप्त झलक ।

भाग २: **आर्थिक परिदृश्य र सरकारको उद्देश्य:** समष्टीगत आर्थिक प्रक्षेपण र बजेटमा अन्तर्निहीत मुख्य समष्टीगत आर्थिक अनुमान, प्रमुख आर्थिक अनुमानमा समग्र वित्तीय संवेदनशीलता, सरकारको राष्ट्रिय विकास रणनीति, मध्यकालीन वित्तीय नीतिको उद्देश्य ।

भाग ३: **सरकारको खाता तथा बजेट पूर्वानुमान:** मध्यकालीन अवधिमा कूल राजस्व, खर्च र वित्तीय सन्तुलन, खर्चको विस्तृत विनियोजन र राजस्वका स्रोतहरु, गत वर्षसँग तुलना, सरकारी ऋण, वित्तीय जोखिम, र चालु नीतिहरु र प्रवृत्तिको दिगोपन ।

भाग ४: **नयाँ उपायहरु:** बजेटका मुख्य कार्यक्रमहरुको सारांश, प्रमुख लक्षित समूहहरु, जस्तै गरिब, महिला, अवसरविहीन क्षेत्रमाथि परेको वित्तीय असर तथा प्रभावको अनुमान, सरकारको घोषित नीति उद्देश्य हासिल गर्नेतर्फ योगदान ।

भाग ५: **सेवा प्रवाहमा सुधार:** सरकारले सेवा प्रवाह र कर प्रशासन सुधारका क्षेत्रमा गरिरहेका कार्यहरुको सङ्क्षिप्त सङ्केत, सरकारी क्रियाकलापहरुको प्रभावकारितामा सुधार ल्याउने कुनै रणनीतिको संरचना, गैर-वित्तीय कार्यसम्पादन सूचकमा आएको परिवर्तनजस्ता उपलब्धिको कुनै प्रमाण ।

नागरिक बजेट		
महत्व	**मुख्य विषयवस्तु**	**प्रकाशनको समयावधि**
बजेट प्राविधिक हुन्छ र बुझ्न कठिन हुन्छ	दस्तावेजको उद्देश्य, बजेट प्रक्रियाको व्याख्या र बजेटको संस्थागत कभरेज	
बजेटलाई पहुँचयोग्य बनाउँछ	आर्थिक परिदृश्य र सरकारको नीति उद्देश्य	
वित्तीय प्राथमिकताका सम्बन्धमा व्यापक र सुसूचित बहस चलाउन सहजीकरण गर्दछ	सरकारको खाता र बजेटको आशा	बजेटका अरु दस्तावेजसँगै प्रकाशन
जनताप्रति सरकारको प्रतिबद्धतालाई प्रस्तुत गर्दछ र सरकारप्रति विश्वास जागृत गराउँछ	नयाँ उपायहरु	
	सेवा प्रवाह	

स्रोत: इन्टरनेसनल बजेट पार्टनरसीप



नेपालमा नागरिक बजेट

नेपालमा नागरिक बजेटको सन्दर्भ सर्वथा नयाँ र नौलो हो । नागरिक बजेट सरकारले नै तयार पारी सरल भाषामा आमजनताले बुझ्ने गरी कार्यकारीको बजेट प्रस्तावसँगै सार्वजनिक गर्नुपर्छ। यो बजेट नागरिक समाज संस्थाहरुले अलग्गै सार्वजनिक गर्ने कुरा होइन। सरकारले प्रस्तुत गर्ने बजेटमा अर्थशास्त्रसँग जोडिएका विविध प्राविधिक शब्दावली र आङ्कडाको जालो हुन्छ, र यस्तो सामग्री आमजनताले प्रायः बुझ्दैनन्। आमजनतालाई प्रत्यक्ष प्रभाव पार्ने कुरा बुझ्ने सन्दर्भमा पनि उनीहरुलाई द्विविधा भइरहेको हुन्छ। बजेटमा साक्षर नहुँदासम्म त्यस्तो बजेटबाट आमजनताले लाभ लिन नसक्ने हुन्छन्। त्यहीकारण, नागरिक बजेटको आवश्यकता महसुस गरिएको हो ।

नागरिक बजेटलाई सरल भाषा र विभिन्न भाषामा आम नागरिकले बुझ्नेगरी विभिन्न किसिमका चित्र, कार्टुन र ग्राफहरुको प्रयोग गरी आकर्षक बनाइन्छ। यो मूल बजेटको सारांश हो, र यसमा जनताका मूल चासोका कुराहरुलाई विशेषरुपमा समेटिएको हुन्छ। उनीहरु आफ्ना बारेमा बजेटले के कस्तो व्यवस्था गरेको छ, कति रकम त्यसका निम्ति छुट्याइएको छ भन्ने कुरा सरल किसिमबाट बुझ्न उत्सुक हुन्छन् । बालबालिकाको शिक्षाका निम्ति कति बजेट आयो, निःशुल्क पाठ्यपुस्तक पाउने अवस्था छ छैन, छात्रवृत्ति उपलब्ध हुन्छ कि हुँदैन, अवसरविहीन र सीमान्तकृत बालबालिकाले दिवाखाजा र विशेष छात्रवृत्ति पाउने सम्भावना छ छैन जस्ता विषयहरु आमजनताका चासोका कुरा हुन् ।

नागरिक बजेट खासगरी मूल बजेटको सरलीकृत रुप हो । यसमा हरेक क्षेत्रको बजेटका मुख्य र जनचासोका विषयलाई प्रमुखरुपमा समेटिएको हुन्छ । नेपालको सन्दर्भमा शिक्षा, स्वास्थ्य, विकास निर्माणलगायतका जनचासोका सबै क्षेत्रमा नागरिकलाई सुसूचित गराउनु आवश्यक छ ।

नागरिक बजेटको नमुना (शिक्षा मन्त्रालयको बजेट)

आर्थिक वर्ष २०७०/७१ को शिक्षा क्षेत्रको बजेट

बजेट शीर्षक	विनियोजन (रु हजारमा)	प्रतिशत
प्राथमिक शिक्षा	२८,१४,८६,६५	३४.७७
माध्यमिक शिक्षा	१५,०३,५७,६४	१८.५७
उच्च शिक्षा	६,७४,११,१८	८.३३
प्राविधिक शिक्षा	२,२०,९१,१९	२.७३
शैक्षिक विकास	२२,७२,७५,७७	२८.०७
अनुगमन मूल्याङ्कन	६,०९,५८,३७	७.५३
जम्मा	८०,९५,८०,८०	१००
चालू खर्च	८०,७४,५०,५६	
पूँजीगत खर्च	२१,३०,२४	



आर्थिक वर्ष २०७०/७१		
बजेट शीर्षक	कुल बजेट (रु हजारमा)	प्रतिशत
शिक्षा	८०,९५,८०,८०	१५.६५
अन्य	४,३६,२८,१९,२०	८४.३५
कुल बजेट	५,१७,२४,००,००	१००



शिक्षा क्षेत्रको खर्चको स्रोत		
बजेट शीर्षक	विनियोजन (रु हजारमा)	प्रतिशत
नेपाल सरकार	६३,०२,१६,००	७७.८४
बैदेशिक अनुदान	१७,४६,०५,६७	२१.५७
वैदेशिक ऋण	४७,५९,१३	०.५९
जम्मा	८०,९५,८०,८०	१००



अध्याय २

बजेट स्वीकृति र कार्यान्वयन



नेपालमा बजेट अनुमोदन र कार्यान्वयन ७८

अनुमोदित बजेट ९४

आवधिक प्रतिवेदन ९७

मध्यावधि समीक्षा १०२

वार्षिक प्रतिवेदन १०३

नेपालमा बजेट अनुमोदन र कार्यान्वयन

१. परिचय

लोकतन्त्रमा राज्यलाई कति र कसरी कर तिर्ने र करबाट चल्ने राज्यकोषको रकम कसरी खर्च गर्ने भन्ने अधिकार जनतालाई हुन्छ। सरकारले जनतालाई नसोधी बजेट सम्बन्धी कुनै पनि निर्णय गर्न पाउँदैन । त्यसैले सरकारले बजेटको प्रस्ताव तयार गरी जनताका प्रतिनिधिहरु रहने संसदमा पेश गर्नुपर्दछ । यसरी प्रस्तु पस्तावमा छलफल गरी जस्ताको तस्तै स्वीकार्ने, संशोधनसहित स्वीकार्ने वा अस्वीकार गर्ने अधिकार संसदलाई हुन्छ। सरकारले प्रस्तुत गरेको बजेट स्वीकार गर्ने प्रक्रियालाई बजेट अनुमोदन भनिन्छ ।

२. बजेट स्वीकृति

सरकारले तयार पारेको बजेटमाथि आवश्यक विचारविमर्श (विभिन्न संसदीय समितिमा सुनुवाइ पनि हुन सक्छ) गरी संसद्ले स्वीकृत गर्दछ । मुलुकको कानुनी संरचना मुताबिक संसद्ले के कस्तो ढङ्गबाट बजेटमा संशोधन गर्न पाउँछ भन्ने निर्धारण गरेको हुन्छ। खासरुपमा, सर्वसाधारण र नागरिक समाज दुवैले यही चरणमा निकै बढी ध्यान दिइरहेका हुन्छन्, किनभने यही चरणमा नागरिकका सुझावलाई सबैभन्दा बढी आत्मसात गरिने सम्भावना हुन्छ । नेपालको सन्दर्भमा सरकारले संसद्को अधिवेशन (जसलाई बजेट अधिवेशन पनि भनिन्छ) मा आगामी आर्थिक वर्षको वार्षिक बजेट प्रस्तुत गर्दछ । यो बजेट सरकारले संसद्मा प्रस्तुत गर्ने वार्षिक नीति तथा कार्यक्रमको जगमा तयार भएको हुन्छ । संसद्को बहुमतले त्यस्तो बजेट स्वीकृत गर्दछ । बजेट पारित हुनुअघि बजेटमा आवश्यक छलफल गरिन्छ। नेपालमा विशेष परिस्थिति नहुँदासम्म सरकारले आफूले प्रस्तुत गरेको बजेटमा संशोधन गर्दैन ।

३. बजेट अनुमोदनमा संसद्को भूमिका

सामान्यतया बजेट प्रस्तुत भएको अवस्थामा संसद्ले त्यसमाथि विस्तृतरुपमा छलफल चलाउँछ । सांसद्हरुलाई बजेटसम्बन्धी मुख्य दस्तावेजहरु


बजेट निकासा
मन्त्रालय
विभाग
अन्य निकाय
खर्च आरम्भ
खरिद आदेश
भुक्तानी
बिल
कारोबार खाता
बजेट निकासा
खर्च आरम्भ
भुक्तानी
राजश्व दाखिला
खर्च विवरण
प्रतिवेदन तयारी

उपलब्ध गराइएको हुन्छ, र उनीहरुले बजेटको समग्र दृष्टिकोणका साथै मन्त्रालयगतरुपमा बजेटमाथि दफावार छलफल गर्छन् । जस्तै, शिक्षा मन्त्रालयमाथिको छलफलमा उनीहरुले शिक्षा क्षेत्रमा समेटिएका विकास योजना, ती योजनाका निम्ति व्यवस्था गरिएको रकममाथि टिप्पणी गर्छन् र प्रश्न उठाउँछन् । जिल्लागत र क्षेत्रगतरुपमा विकासका योजना भए-नभएको समेत उनीहरुले विश्लेषणात्मक टिप्पणी गरेका हुन्छन् । सांसद्हरुले उठाउने यी जिज्ञासा, टिप्पणी र प्रश्नलाई सम्बन्धित मन्त्रीले संसद्को रोष्ट्रममा उभिएर जवाफ दिनु पर्दछ । मन्त्रीले जवाफ दिइसकेपछि पनि चित्त नबुझेमा प्रश्नकर्ता सांसद्ले मन्त्रीसमक्ष पुनः स्पष्टीकरण माग गर्छन् । सबै मन्त्रालयमाथिको छलफल समाप्त भइसकेपछि सरकारका तर्फबाट बजेट स्वीकृतिका निम्ति संसद् समक्ष पेश गरिन्छ । संसद्को बहुमतले यो प्रस्ताव पारित गरेमा बजेट अनुमोदन भएको मानिन्छ र त्यो कार्यान्वयनमा जान्छ ।

व्यवस्थापिका संसद्ले बजेट पारित गर्ने प्रक्रिया

- अर्थमन्त्रीद्वारा व्यवस्थापिका संसद्को बैठकमा राजस्व र व्यय (बजेट) को अनुमान प्रस्तुत
- राजस्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल (सैद्धान्तिक)
- अर्थमन्त्रीले छलफलमा उठेका प्रश्नको जवाफ दिने
- विनियोजन विधेयक (बजेट)माथि संसद्मा बजेटका विभिन्न तोकिएका शीर्षकहरुमाथि छलफल सुरु हुन्छ
- छलफलका निम्ति दलीय संरचनालाई आधारमा बनाइन्छ
- छलफलमा उठेका प्रश्नको जवाफ छलफलको अन्त्यमा सम्बन्धित मन्त्रीले दिनेछन्
- तोकिएको दिन तथा समयावधिको अन्त्यमा छलफल गर्न बाँकी रहेका सबै शीर्षकलाई छलफलबिना नै सभामुखले निर्णयार्थ बैठकमा प्रस्तुत गर्दछन् ।

नेपालको सन्दर्भमा यो छलफल निकै लामो हुने गरेको देखिएको छ, जस्तैः साउन पहिलो साताबाट आरम्भ हुने छलफल राजनीतिक असहमति तथा संसद्को बैठकमा हुने अवरोधका कारण असोज, कात्तिक महिनाभर पनि

हुने गरेको पाइन्छ । त्यस्तो अवस्थामा बजेट कार्यान्वयनमा समस्या आउने खतरा रहन्छ । उदाहरणका लागि, आर्थिक वर्ष २०६६/६७ का लागि २०६६ असारको अन्तिम साता व्यवस्थापिका संसद्मा प्रस्तुत गरिएको बजेट २०६६ मङ्सिर १० गते मात्र पारित गरियो । अर्थात, आर्थिक वर्ष सुरु भएको ५ महिनापछि मात्र बजेट पारित हुँदा बजेट कार्यान्वयनको समग्र पक्षमै असर पारेको थियो । त्यही वर्षको बजेटको मध्यावधि मूल्याङ्कनमा भनिएको छ, "आर्थिक वर्षको पाँच महिना व्यतित भइसकेपछि बजेट पारित हुँदा कार्यक्रम स्वीकृति, ठेक्कापट्टा सम्झौता लगायतका सम्पूर्ण कार्यहरु पनि ढिला हुन गए । पहिलो चौमासिक सकिनु अघि नै एक-तिहाई खर्च गरिसकेका निकायहरुले रकम निकासा पाउन नसक्दा कार्यक्रमहरु रोक्नुपर्ने अवस्था पनि आयो ।"

४. अनुमोदित बजेटको कार्यान्वयन

बजेटको कार्यान्वयन कानुनद्वारा बजेट खर्च गर्नेगरी सरकारले आफू मातहतका निकायलाई अख्तियारी दिएपछि आरम्भ हुन्छ । नेपालमा संसद्बाट बजेट स्वीकृत हुनासाथ अर्थ मन्त्रालयले महालेखा नियन्त्रक कार्यालय मार्फत् सरकारका सम्बन्धित कार्यालयहरुका लागि खर्चको अख्तियारी दिने गर्दछ । तथापि, व्यवहारमा बजेट स्वीकृत भएबमोजिम सही तरिकाबाट सदैव कार्यान्वयन भइरहेको हुँदैन । जस्तै, खर्चका सीमा र व्यवस्थालाई आत्मसात नगरिएको हुन सक्छ, र अख्तियारी दिइएको रकम तोकिएकै उद्देश्यका लागि खर्च नभएको पनि हुनसक्छ । तल बढी विस्तृतरुपमा चर्चा गरिएझैं एक शीर्षकको बजेट अर्को शीर्षकमा खर्च (रकमान्तर) गरिएमा त्यसले शङ्का उत्पन्न गराउँछ । यस्तो अवस्थामा निर्धारित कार्यक्रम असफल हुने तथा भ्रष्टाचार हुने सम्भावना बढाउँछ । अख्तियारी दिइएको र वास्तविक खर्चबीचको अन्तर निकै बढी देखियो भने नागरिक समाजले यसको कारण माग्नु पर्दछ ।

५.नेपालमा बजेट कार्यान्वयन विधि

(क) बजेट निकासा/खर्चको अख्तियारी: पेश्की खर्च ऐन जारी भएपछि स्वीकृत बजेटअनुसार अर्थ मन्त्रालयले दिएको अख्तियारीको आधारमा महालेखा नियन्त्रक कार्यालयको आदेश बमोजिम सञ्चित कोषबाट सम्बन्धित कार्यालयको नाममा बैंक मार्फत निकासा दिइन्छ । बजेट तर्जुमा दिग्दर्शन २०६८ अनुसार अर्थ मन्त्रालयबाट कार्यालयगत बजेट विवरण र खर्च

गर्ने अख्तियारी प्राप्त हुनासाथ सम्बन्धित मन्त्रालयले विभागीय प्रमुखलाई र विभागीय प्रमुखले मातहतका कार्यालय प्रमुखलाई खर्च गर्ने अख्तियारी दिन्छन्, तर विभाग नभएका कार्यालयको हकमा मन्त्रालयले कार्यालय प्रमुखलाई अख्तियारी दिन सक्नेछ ।

कार्यालयको नाममा रकम निकासा भएपछि महालेखा नियन्त्रक कार्यालयले तोकिदिए बमोजिमका अधिकारीहरुको संयुक्त दस्तखतबाट कार्यालयको नाममा बैंक खाता सञ्चालन गर्नु पर्दछ । स्वीकृत विनियोजन रकम कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा प्राप्त गरी अख्तियारी र स्वीकृत बजेटभित्र रहेर कानुन बमोजिम खर्च गर्ने, लेखा राखी वा राख्न लगाई लेखा पेस गर्ने, लेखापरीक्षण गराउने, बेरुजु फछ्र्यौट गर्ने सम्पूर्ण उत्तरदायित्व सम्बन्धित कार्यालय प्रमुखको हुन्छ ।



बजेट निकासा

१. पेस्की खर्च ऐन वा विनियोजन ऐन जारी भएपछि स्वीकृत बजेट विवरणअनुसार अर्थ मन्त्रालयले दिएको अख्तियारीको आधारमा महालेखा नियन्त्रक कार्यालयको आदेश बमोजिम सञ्चित कोषबाट सम्बन्धित कार्यालयको नाममा बैंक मार्फत रकम निकासा दिइन्छ ।
२. अर्थ मन्त्रालयबाट कार्यालयगत बजेट विवरण र खर्च गर्ने अख्तियारी प्राप्त हुनासाथ सम्बन्धित मन्त्रालयले विभागीय प्रमुखलाई र विभागीय प्रमुखले मातहतका कार्यालय प्रमुखलाई खर्च गर्ने अख्तियारी दिनु पर्नेछ । तर विभाग नभएका कार्यालयहरुको हकमा मन्त्रालयले कार्यालय प्रमुखलाई अख्तियारी दिन सक्नेछ ।
३. कार्यालयको नाममा रकम निकासा भएपछि महालेखा नियन्त्रक कार्यालयले तोकिदिए बमोजिमका अधिकारीहरुको संयुक्त दस्तखतबाट कार्यालयको नाममा बैंक खाता सञ्चालन गर्नु पर्नेछ ।
४. स्वीकृत विनियोजन रकम कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा प्राप्त गरी अख्तियारी र स्वीकृत बजेटभित्र रहेर प्रचलित कानुन बमोजिम खर्च गर्ने, लेखा राखी वा राख्न लगाई लेखा पेस गर्ने, लेखापरीक्षण गराउने, बेरुजु फछ्र्यौट गर्ने सम्पूर्ण उत्तरदायित्व सम्बन्धित कार्यालय प्रमुखको हुनेछ ।

(स्रोत: आर्थिक कार्यविधि ऐन, २०५५, परिच्छेद ३)

आषाढ महिनाको खर्च ३४.७५ प्रतिशत

महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको पचासौं प्रतिवेदन (२०६८/६९) ले असार महिनाको खर्चका सम्बन्धमा यसो भनेको छः

अर्थ मन्त्रालयबाट प्राप्त अख्तियारीको बुँदा २(ग) को प्रकरण ४ मा वैशाखदेखि आषाढसम्म वार्षिक विनियोजनको ४० प्रतिशत र आषाढ महिनामा २० प्रतिशतभन्दा बढी खर्च गर्न नपाउने व्यवस्था छ । २२ मन्त्रालयअन्तर्गतका कार्यालयले कुल रु. ४३ अर्ब ५९ करोड ९ लाख पुँजीगत खर्च गरेकामा आषाढ महिनामा रु. १५ अर्ब १४ करोड ८९ लाख (३४.७५ प्रतिशत) खर्च गरेका छन् । अर्थ मन्त्रालयले आर्थिक वर्षको अन्त्यमा ठूलो रकम थप निकासा दिने, पेश्की दिने, फ्रीज नहुने खातामा ट्रान्सफर गर्ने एवम् धरौटी खातामा राख्ने प्रवृत्ति यथावत् छ । यस्तो प्रवृत्तिमा नियन्त्रण हुनुपर्दछ ।

अख्तियारीको अवस्था हेरौं

अर्थ मन्त्रालयद्वारा प्रकाशित आर्थिक वर्ष २०६९/७० को खर्च व्यवस्थाको मध्यावधि समीक्षाको प्रतिवेदनमा अख्तियारीको नाजुक अवस्था चित्रण गरिएको छः

खर्च व्यवस्था गर्न तोकिएको रकमको पहिलो अख्तियारी मिति २०६९ साउन १ गते र दोस्रो अख्तियारी मिति २०६९ मंसिर ७ गते पठाइएको थियो । अख्तियारीले वित्तीय व्यवस्था र अर्थ/विविध शीर्षक बाहेक रु. दुई खर्ब ६७ अर्ब रकम विभिन्न मन्त्रालय/निकाय/सचिवालय/विभागलाई खर्च गर्ने अधिकार दिएको थियो । सोमध्ये सम्बन्धित निकाय/मन्त्रालयहरुबाट खर्च गर्ने इकाईमा रु. एक खर्ब १९ अर्ब (४४.३४ प्रतिशत) रकमको अख्तियारी पठाइएको महालेखा नियन्त्रक कार्यालयको तथ्याँकबाट देखिन्छ । यसरी आर्थिक वर्षको ६ महिना बितिसक्दा पनि ५५.५६ प्रतिशत रकमको अख्तियारी पठाउन बाँकी हुनुले खर्चमा संकुचन ल्याएको छ ।

महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०६८/६९ को लेखापरीक्षण समेटिएको पचासौं प्रतिवेदनमा पनि तोकिएको समयमा बजेट खर्च गर्ने अख्तियारी दिने नगरेको जनाइएको छ । प्रतिवेदनमा यो वर्ष ३९ निकायमध्ये १७ निकाय अन्तर्गतका कार्यालय एवम् आयोजनालाई २०६९ आषाढ महिनामा मात्र रु. सात अर्ब २६ करोड ३२ लाखको अख्तियारी दिएको उल्लेख छ । स्वीकृत वार्षिक कार्यक्रम र खर्चको अख्तियारी सम्बन्धित कार्यालयमा समयमा नपठाउँदा कानुनको प्रक्रिया पुर्‍याई गुणस्तरयुक्त कार्य नहुने प्रतिवेदनले जनाएको छ ।

(ख) सार्वजनिक खरिद विधिः वस्तु तथा सेवा खरिद गर्ने सार्वजनिक निकायहरुले सार्वजनिक खरिद ऐन र नियमावलीमा भएका व्यवस्था बमोजिम ती सेवा लिनु पर्दछ । ऐनमा मालसामान, निर्माण कार्य र सेवाको विवरण तयार गर्नुपर्ने, लागत अनुमान तथा खरिद योजना तर्जुमा गर्नुपर्ने, खरिद इकाईको स्थापना गर्नुपर्ने, खरिद माग प्राप्त गर्नुपर्ने, खरिदको गुरुयोजना तर्जुमा गर्नुपर्ने, वार्षिक

खरिद योजना तयार गर्नुपर्ने तथा निर्माण कार्य, मालसामान र परामर्श सेवाको लागत अनुमान गर्नुपर्ने व्यवस्था गरेको छ । उदाहरणका लागि, सरकारले सप्तरी जिल्लामा १५ वटा प्राथमिक विद्यालयको भवन निर्माण गर्ने योजना स्वीकृत गरेको छ, र आवश्यक रकम बजेट सँगसँगै सार्वजनिक हुने रातो किताबमा पनि उल्लेख छ । जिल्ला शिक्षा कार्यालय सप्तरीले त्यो योजना कार्यान्वयन गर्ने सिलसिलामा खर्चको अख्तियारी प्राप्त गरिसकेपछि टेण्डर गर्छ, प्राप्त भएका टेण्डरको आर्थिक र प्राविधिक मूल्याङ्कन गर्छ, निश्चित मापदण्ड पुऱ्याएपछि त्यस्तो टेण्डर स्वीकृत गर्छ र टेण्डर प्राप्त गर्ने निर्माण व्यवसायी फर्मलाई निर्माणको जिम्मा दिन्छ । यो सम्पूर्ण प्रक्रिया सम्पन्न गर्न यदि परिस्थिति अनुकूल भए आर्थिक वर्ष सुरु भएको तीन चार महिना लाग्न सक्छ । त्यसपछि निर्माणको कार्य आरम्भ हुन्छ ।

सार्वजनिक खरिद विधिसँग जोडिएका यस्ता विकास निर्माणका कार्यहरुमा हुने ढिलाइ र अबरोधहरुले समग्र परियोजनाको सफल कार्यान्वयनमै चुनौती थपिरहेका हुन्छन् । समयमै काम हुन नसकेपछि आर्थिक वर्षको अन्त्यमा विनियोजित रकम फीज हुन्छ अर्थात् खर्च हुन नसकेको रकम सरकारकै खातामा फिर्ता हुन्छ । यदि स्कूल निर्माणको कार्य आरम्भ भइसकेको रहेछ भने अर्को आर्थिक वर्ष त्यसलाई निरन्तरता दिइन्छ, अथवा सिँगो परियोजनालाई आवश्यक बजेटसहित अर्को वर्षका निम्ति पुनः राखिन्छ वा त्यो परियोजना नै खारेज हुन सक्छ ।

(ग) सार्वजनिक खरिद अनुगमन कार्यालयः सार्वजनिक निकायले वस्तु तथा सेवाको खरिद गर्दा निश्चित विधि, प्रक्रिया र मापदण्ड पुऱ्याएको छ छैन भनी अनुगमन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत सार्वजनिक खरिद अनुगमन कार्यालय स्थापना गरिएको छ । निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणी (सचिव) प्रमुख रहने यस कार्यालयले निम्न कार्य गर्दछः *(क) खरिदसम्बन्धी नीति वा प्रचलित कानुनमा सुधार गर्न सरकारलाई सिफारिस गर्ने, (ख) ऐन कार्यान्वयनमा आवश्यक पर्ने प्राविधिक मार्गदर्शन र निर्देशिका जारी गर्ने, (ग) सार्वजनिक निकायले खरिद कारबाही सञ्चालन गर्न प्रयोग गर्नुपर्ने बोलपत्र सम्बन्धी कागजात, पूर्व योग्यता सम्बन्धी कागजात र खरिद सम्झौतासम्बन्धी कागजात र प्रस्ताव माग गर्नेसम्बन्धी कागजातको स्ट्याण्डर्ड नमूना तयार गर्ने, (घ) सार्वजनिक निकायबाट हुने वा भएको खरिद कारबाहीको*

तथ्यांक सङ्कलन गरी त्यस्तो कारबाही यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम वा निर्देशिका अनुरुप भए नभएको अनुगमन वा प्राविधिक परीक्षण गर्ने वा गराउने, (ङ) कुनै सार्वजनिक निकायले राय परामर्श माग गरेमा राय परामर्श दिने, (च) खरिद कार्यमा समन्वय गर्नका लागि आवश्यक पर्ने कार्यविधि तयार गरी स्वीकृतिको लागि सरकार समक्ष पेश गर्ने। सार्वजनिक खरिद ऐनले निम्न कार्यहरुमा छुट प्रदान गरेको छः

क. सार्वजनिक खरिद अनुगमन कार्यालयले आफ्नो कार्यालय बाहेक अन्य सार्वजनिक निकायले गरेको खरिद प्रक्रियामा कुनै किसिमले संलग्न हुने वा तत्सम्बन्धमा उत्पन्न कुनै विवाद समाधान गर्न सक्दैन ।

ख. विशेष परिस्थिति उत्पन्न भई तत्काल खरिद नगर्दा सार्वजनिक निकायलाई थप हानि नोक्सानी हुने अवस्था आइपरेमा सार्वजनिक निकाय आफैंले तत्काल खरिद गर्न वा गराउन सक्नेछ ।

ग. सुरक्षा, सामरिक वा प्रतिरक्षासम्बन्धी खरिद गर्न राष्ट्रिय सुरक्षा वा प्रतिरक्षा सम्बन्धी दृष्टिकोणबाट उपयुक्त नहुने भनी नेपाल सरकारले निर्णय गरेमा वा नेपाल सरकार र दातृ पक्षबीच भएको सम्झौता बमोजिम सो पक्षको खरिद निर्देशिका (प्रोक्योरमेण्ट गाइडलाइन्स) अनुरुप खरिद गर्नु परेमा यो ऐनबमोजिमको खरिद प्रक्रिया अपनाउनु पर्ने छैन ।

६. विकास आयोजनाको अनुगमन र मूल्याङ्कन व्यवस्था र अनुगमन फाराम तथा निर्देशिका

राष्ट्रिय योजना आयोगले तयार गरेको यो निर्देशिकाले देशभित्र सञ्चालित विकास योजना तथा कार्यक्रमको सफल कार्यान्वयन र व्यवस्थापनका लागि अनुगमन र मूल्याङ्कनको आधार तयार पारेको छ । विकास कार्यक्रम र आयोजनालाई निर्धारित समय, लागत, परिमाण र गुणस्तर अनुसार सम्पन्न गरी विकासका लक्ष्य हासिल गर्न विश्वासिलो र भरपर्दो अनुगमन र मूल्याङ्कन व्यवस्थाको आवश्यकता महसुस गरी संस्थागत र प्रक्रियागत व्यवस्था गरिएको हो । नेपालमा प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान समिति तथा सम्बन्धित मन्त्रालयका मन्त्री वा राज्यमन्त्रीको अध्यक्षतामा गठन हुने मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति रहने

व्यवस्था छ । नियमित अन्तरालमा बस्ने यी दुई समितिका बैठकले विकास कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या पहिचान गर्ने, कामको प्रगति सङ्कलन र मूल्याङ्कन गर्ने, आयोजना कार्यान्वयनका सन्दर्भमा आवश्यक भए कानुनी र नीतिगत सुधार गर्नेलगायतका कार्यहरु गर्दछ ।

निर्देशिकामा विकास कार्यक्रम वा आयोजनाका अनुगमन फाराम, वार्षिक विकास कार्यक्रम फाराम, चौमासिक वा वार्षिक प्रगति प्रतिवेदन फाराम, मासिक प्रगति प्रतिवेदन फाराम, आयोजना कार्यान्वयनमा देखिएका समस्या र समाधानका लागि गरिएका प्रयाससम्बन्धी फाराम, म्याद थपका लागि प्रस्तावित आयोजनासम्बन्धी विवरण फाराम लगायतका फारामहरु रहेका छन् । यी फारामका आधारमा सम्बन्धित मन्त्रालयले देशभर सञ्चालित विकास कार्यक्रमको अनुगमन र मूल्याङ्कन रिपोर्टहरु प्राप्त गर्छन् । साथै, योजना आयोग, सम्बन्धित मन्त्रालयले आयोजनाहरुको स्थलगत अनुगमन समेत गरी देखिएका समस्या सुल्झाउन महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् ।

राष्ट्रिय योजना आयोगको संयोजनमा बसेको राष्ट्रिय विकास समस्या समाधान समितिको २८औं बैठकले गरेका कार्यहरु समेटिएको र २०७० माघमा प्रकाशित प्रतिवेदनले नेपालमा सञ्चालित विकास कार्यक्रमको एक झलक प्रस्तुत गरेको छ । सो प्रतिवेदनको पृष्ठ ११ मा राष्ट्रिय गौरवका आयोजनाको आर्थिक वर्ष २०६९/७० को प्रथम चौमासिक प्रगति विवरण दिइएको छ । प्रतिवेदनको सारांश त्यति सन्तोषजनक छैन ।

- राष्ट्रिय गौरवका आयोजना/कार्यक्रमको जम्मा संख्या: **१७**
- सोमध्ये प्रगति विवरण प्राप्त आयोजना/कार्यक्रमहरू: **१४**
- ८० प्रतिशत वा सोभन्दा माथि प्रगति हासिल गरेका आयोजना/कार्यक्रमहरू: **६**
- ५० प्रतिशतदेखि ७९.९९ प्रतिशतसम्म प्रगति हासिल गरेका आयोजना/कार्यक्रमहरू: **०**
- ५० प्रतिशतभन्दा कम प्रगति हासिल गरेका आयोजना/कार्यक्रमहरू: **५**
- प्रगति प्राप्त नभएका र प्रगति नखुलेका आयोजना/कार्यक्रमहरू: **६**

साथै, सो प्रतिवेदनमा प्राथमिकता १ (P–1) का आयोजनाको मन्त्रालयगतरुपमा प्रगति स्थिति विश्लेषण गरी सम्बन्धित मन्त्रालयलाई बाधा अड्काउ फुकाउन बैठकले सम्बन्धित मन्त्रालयलाई निर्देशित गरेको छ ।

७. बजेट फ्रीज

सरकारले चालु खर्च र पूँजीगत खर्चका रुपमा देशभरका कार्यालय र परियोजनालाई बजेट मार्फत रकम उपलब्ध गराउँछ । त्यो रकम जुन परियोजना र कार्यक्रमका निम्ति विनियोजन गरिएको हो त्यसैमा सम्पूर्ण प्रक्रिया पुऱ्याएर खर्च गर्नु पर्दछ । तर, विनियोजित सबै रकम प्रायः खर्च भएको हुँदैन । विभिन्न कारणले रकम खर्च नहुने परिस्थिति सिर्जना भइरहेको हुन्छ । खर्च हुन नसकेको त्यही रकमलाई बजेट फ्रीज भएको भनिन्छ । यो फ्रीज भएको रकमलाई आर्थिक वर्षको अन्त्यमा सरकारको खातामा फिर्ता गर्नु पर्दछ; किनभने अर्को, आर्थिक वर्षका निम्ति नयाँ बजेट मार्फत रकम प्राप्त भइसकेको हुन्छ ।

बजेट फ्रीजसम्बन्धी विद्यमान अवस्था, समस्या र सुधारका उपायहरु

प्रत्येक आर्थिक वर्षको लागि विनियोजित रकम खर्च नभई बाँकी रहेको रकम फ्रीज गरी सञ्चित कोषमा फिर्ता आउनु पर्नेमा सो प्रणाली पूर्णरुपमा कार्यान्वयन हुन सकेको छैन । बजेट तथा अख्तियारी समयमै नगएको, कार्यक्रम समयमै स्वीकृत नभएको, बजेट कार्यान्वयन नै नभएको, समयमै खरिद कार्य नभएको, पदाधिकारीहरुमा जिम्मेवारी र जवाफदेहिताको पक्ष कमजोर हुदै गएको जस्ता कारणले गर्दा बजेट कार्यान्वयन सही ढङ्गबाट हुन नसकी सालतमाममा बाँकी रकमलाई फ्रीज हुन नदिनेतर्फ विभिन्न गलत तरिकाहरु अपनाउने गरिएको छ । फ्रीज नहुने खातामा रकम स्थानान्तरण गर्ने, अनावश्यक पेश्की दिने, काल्पनिक कागजातको आधारमा खर्च लेख्ने, पुरानै मितिमा चेक काटेर राखी राख्ने जस्ता अनियमित कार्यहरुमा कतिपय जिम्मेवार पदाधिकारीहरु संलग्न हुने गरेको पाइएको छ । अर्को आर्थिक वर्षमा बजेट प्राप्त हुने सुनिश्चितता नभएकोले कतिपय अवस्थामा दायित्व फरफारक गर्न पनि यस्तो गर्ने गरेको पाइएको छ । यी कार्यहरु बजेट अनुशासन विपरीत हुनाको साथै सोबाट सार्वजनिक कोषको अपव्यय समेत हुने गरेको छ ।

सरकारी बजेट व्यवस्थापन तथा खर्च प्रणाली पुनरावलोकन आयोग, २०६६ को अन्तिम प्रतिवेदन २०६७ ले निम्नअनुरुप बजेट फ्रीजसम्बन्धी विद्यमान समस्या र सुधारका उपाय सुझाएको छ ।

विद्यमान समस्याहरु

आर्थिक वर्षका लागि विनियोजित रकममध्ये खर्च भै बाँकी रकम फ्रीज हुनबाट पन्छाउने प्रवृत्ति सम्बन्धमा देखिएका प्रमुख समस्याहरु निम्न बमोजिम रहेका छन्:

(क) चालु आ.व.को अन्तमा खर्च हुन नसकी बाँकी रहेको रकम अर्को आर्थिक बर्षको लागि बजेट विनियोजन हुने सुनिश्चित नहुने हुँदा बजेट फ्रीज नीतिको परिपालना नहुने गरेको पाइन्छ । यसले गर्दा आर्थिक वर्षको अन्त्यमा अनुत्पादनशील खर्चहरु गर्ने प्रवृत्तिले बढावा पाएको छ ।

(ख) अनुदान निकासा र खर्चलाई बजेट प्रणालीको मूलप्रवाहमा ल्याउन सकिएको छैन । कतिपय अनुदान निकासा रकममध्ये खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी हुन आउने रकम फ्रीज हुने गरेको छैन ।

(ग) बजेट फ्रीजको व्यवस्थालाई छल्ने नियतले बजेट निकासाको रकम जम्मा हुने खाताबाट खर्च नगरी फ्रीज नहुने खातामा सार्ने प्रवृत्ति बढ्दै गएको छ । त्यस्तो अनियमितता गरेबापत कुनै पदाधिकारीलाई कारबाही समेत हुने गरेको देखिँदैन ।

(घ) कतिपय अवस्थामा आर्थिक वर्षको अन्त्यमा मात्र बजेटको अख्तियारी तथा निकासा प्राप्त हुने गरेको छ । यस प्रकारको रकम फ्रीज हुन नदिन फ्रीज नहुने खाताहरुमा रकम सार्ने वा अनावश्यक रुपमा पेश्की दिनेजस्ता उपायहरु अवलम्बन गर्ने गरेको पाइन्छ ।

(ङ) कार्य सम्पन्न भइसकेको तर भुक्तानी सम्बन्धी प्रक्रियाहरु पूरा हुन नसकेको अवस्थामा पनि सम्बन्धित पार्टीको नाममा चेक काटेर रकम फ्रीज हुन नदिन खर्च देखाउने प्रवृत्ति रहेको पाइन्छ ।

(च) आर्थिक वर्षको अन्तमा तोकिए बमोजिम खाता बन्द भै सकेपछि पनि कतिपय निकायबाट अख्तियारी जारी गर्ने गरिएको छ । सोबाट निकासा दिन दबाब सृजना हुने तथा फ्रीज व्यवस्थापनमा समस्या उत्पन्न हुने गरेको छ ।

(छ) कर्णाली अञ्चल लगायत १२ जिल्लामा लागू गरिएको एक आर्थिक वर्षको विनियोजित रकम अर्को आर्थिक वर्षको कात्तिकसम्म खर्च गर्न पाउने प्रावधानलाई बजेट तथा प्रतिवेदन प्रणालीमा समावेश गर्ने सम्बन्धमा स्पष्ट मापदण्ड एवं कार्यविधि निर्धारण भएको छैन ।

(ज) कर्णाली अञ्चल लगायतका जिल्लाहरुमा गरिएको विशेष व्यवस्थाले

सालतमाममा फ्रीजको समस्या हल गरेता पनि साउनदेखि कात्तिकसम्मको खर्च अघिल्लो आर्थिक वर्षमा समावेश नहुने र नयाँ आर्थिक वर्षमा पनि समावेश नहुने सम्भावना रहन्छ । यो व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ ले तोकेको आर्थिक कार्य प्रणालीको विपरित पनि छ । यस विशेष व्यवस्थाबाट बिकास निर्माण प्रकृयामा कति सहयोग पुगेको छ ? भन्ने अध्ययन पनि भएको छैन ।

(झ) आर्थिक वर्षको अन्त्यतिर नयाँ अख्तियारी पठाउने, थप रकम निकासा गर्ने प्रवृत्ति माथि नियन्त्रण हुन नसकेबाट पनि फ्रीजका समस्याहरु बढिरहेका छन् ।

सुधारका उपायहरु

बजेट फ्रीजको समस्या हल गर्न ठोस कार्यविधिहरु निश्चित गरी पालना गर्नु गराउनु पर्नेछ । बजेट फ्रीजको सम्बन्धमा गरिनु पर्ने सुधारहरु निम्न बमोजिम छन्ः

(क) बजेट निकासा जम्मा हुने खाताबाट खर्च नगरी अन्य फ्रीज नहुने खातामा स्थानान्तर गरी खर्च गर्ने पद्धतिलाई निरुत्साहित गर्नु पर्नेछ । अर्थात बजेट निकासा जम्मा हुने खाताबाटै खर्च गर्नुपर्ने व्यवस्थालाई कडाइका साथ लागु गर्नु पर्नेछ ।

(ख) अख्तियारी तथा कार्यक्रम स्वीकृत गरी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पुगिसक्नु पर्ने मिति आर्थिक कार्यविधि नियमावलीमै तोकिनु पर्ने र उक्त मिति पश्चात् अख्तियारी प्रदान गरेको तथा कार्यक्रम स्वीकृत गरेकोमा निकासा हुन नसक्ने व्यवस्था गर्नुपर्ने छ ।

(ग) कर्णाली अञ्चल लगायत १२ जिल्लामा लागु गरिएको एक आर्थिक वर्षको विनियोजित रकम अर्को आ.व.को कात्तिकसम्म खर्च गर्न पाउने प्रावधानलाई बजेट तथा प्रतिवेदन प्रणालीमा समावेश गर्ने सम्बन्धमा स्पष्ट मापदण्ड एवं कार्यविधि निर्धारण गरी कम्तीमा निम्न अनुसारको बुँदाहरु समावेश गरिनु पर्छ ।

- आषाढ २५ सम्ममा खर्च भै बाँकी रहेको रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको खातामा फिर्ता जम्मा गर्ने,
- यसरी फिर्ता भएको रकममध्ये पुँजीगततर्फको बाँकी रकम नयाँ

आ.व.मा "दुर्गम क्षेत्र विकास क्रमागत आयोजना" नामको एक उपशीर्षकमा एकमुष्ठरुपमा बजेट विनियोजन गर्ने,

- आषाढ २५ मा फिर्ता गरेको रकममध्ये पुँजीगततर्फको रकम कात्तिकसंम्ममा खर्च गर्नु पर्ने गरी उक्त उपशीर्षकबाट सम्बन्धित कार्यालयको भुक्तानी आदेश बमोजिम सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयले सोझै भुक्तानी दिने व्यवस्था गर्ने।

एकल खाता कोष प्रणाली (Treasury Single Account (TSA) System) अन्य जिल्लाहरुमा पनि यथासक्य छिटो लागू गर्नु गराउनु पर्ने र विनियोजन, राजस्व, धरौटी समेत समग्र क्षेत्रहरु उक्त प्रणालीमा समाहित हुनु पर्ने। एकल खाता कोष प्रणाली शून्य बैंक मौज्दात पद्धतिमा आधारित हुने हुँदा पूर्णरुपमा एकल खाता प्रणाली (TSA) कार्यान्वयन भए पछि फ्रीजको समस्या रहने छैन।

८. आर्थिक वर्षको अन्त्यमा अत्यधिक निकासा र खर्च

प्राय:, अर्थ मन्त्रालयले प्रत्येक आर्थिक वर्ष आरम्भ भएलगत्तै खर्चको अख्तियारी सम्बन्धित मन्त्रालयमा पठाएको हुन्छ। प्रत्येक सरकारले चालु आर्थिक वर्षको बजेट समयमै खर्च होस्, विकासका कार्यक्रमहरु समयमै आरम्भ भई तोकिएकै समयमा पूरा हुन् भन्ने चाहना राखेका हुन्छन्। राष्ट्रिय योजना आयोगले पनि राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक गरी बजेट कार्यान्वयनका समस्या र समाधानका उपाय खोजी गरी सम्बन्धित मन्त्रालयहरुलाई निर्देशन दिइरहेको हुन्छ। बजेट कार्यान्वयनका सिलसिलामा आयोग, अर्थ मन्त्रालय र अन्य सम्बन्ध मन्त्रालयले निरन्तर अनुगमन तथा मूल्याङ्कन गरिरहेकै हुन्छन्। चौमासिक समीक्षा पनि भइरहेकै हुन्छ। तैपनि, विकासका कार्यक्रमले अपेक्षित गति लिइरहेको पाइन्न, र अर्थ मन्त्रालयको गुनासो नै बजेट खर्च हुन सकेन भन्ने रहेको हुन्छ। समयमै योजना बनाउने र बजेट निकासा नलैजाने गर्दा बजेट खर्चको चाप तेस्रो चौमासिकदेखि पर्न थाल्छ।

विकास निर्माणका कार्यहरु समयमै सुरु र सम्पन्न गराउने सरकारको चाहनाले मात्र कतिपय अवस्थामा काम गरिरहेको हुँदैन। प्रशासनिक ढिलासुस्ती, रकमको न्यूनता, ऐन/कानुनको जटिलता र अभावजस्ता कारणहरुले विकास

योजनामा अबरोध आइरहेकै हुन्छ। कुनै योजनामा अन्तर-मन्त्रालय समन्वयको अभाव रहने, कतिपय योजनाको विस्तृत वातावरणीय र सामाजिक प्रभाव रहने कारणले पनि योजनाहरु बीचमै अबरुद्ध हुने अवस्था सिर्जना हुन्छ । उदाहरणका लागि, विद्युत् प्रसारणलाइनको निर्माणका निम्ति बजेटको व्यवस्था गरिए पनि वन क्षेत्रबाट त्यस्तो प्रसारणलाइन लैजानुपर्ने भए वन मन्त्रालयको स्वीकृति आवश्यक पर्दछ । यही कारण कतिपय विद्युत् प्रसारणलाइनको निर्माण वर्षौंदेखि अबरुद्ध भइरहेको छ ।

तथापि, प्राथमिकता २ र ३ मा परेका विकास आयोजना तथा स्थानीय निकायमा विभिन्न विकास कार्यक्रमका लागि विनियोजन गरिएको रकम समयमै खर्च नहुने समस्या असाध्यै बढी देखिएको छ । यो ठूलो समस्या होइन, तर धेरैजसो अवस्थामा राजनीतिक र प्रशासनिक गठजोडले धेरै आयोजना ढिलो सुरु गर्ने, आर्थिक वर्षको अन्त्यतिर मात्र रकम निकासा लिने र हचुवाका भरमा योजना सम्पन्न भएको देखाउने परिपाटी हाबी भएको छ। कार्यप्रगति नै ढिलो देखाइसकेपछि निकासामा ढिलाइ हुनु स्वाभाविक हो । यो प्रवृत्तिका सम्बन्धमा प्रत्येक वर्ष सरकारदेखि संसद् र सञ्चार क्षेत्रदेखि नागरिक समाजसम्मले आवाज उठाइआएका छन्, तर सुधारका लक्षण अझै देखिएका छैनन् ।

आर्थिक वर्षको अन्त्यमा बजेट निकासा हुने र खर्च गरिने परिपाटीलाई निरुत्साहित गरिनु नै श्रेयष्कर हो । असार महिनामा सडक पिच गर्ने, नदी किनारामा तटबन्ध बाँध्नेजस्ता कामले निश्चितरुपमा दीर्घकालीन उपलब्धि दिँदैनन्। आज पिच गर्‍यो भोलि उप्किने, आज तटबन्ध गर्‍यो भोलि बगाउने। खोजी गरे यस्ता उदाहरण अनेकन पाइन्छन्, र नागरिकले राज्यलाई तिरेको करको चरम शोषणको उदाहरणका रुपमा यसलाई लिन सकिन्छ। कुनै पनि विकास कार्यक्रम टिकाउ, दिगो र भरपर्दो नहुने तथा त्यसमा आमजनताको स्वामित्व समेत नहुने परिस्थिति निर्माण भइरहेको छ ।

आर्थिक वर्ष २०६६/६७ को अर्थ मन्त्रालयको वार्षिक समीक्षा प्रतिवेदनले पनि आर्थिक वर्षको अन्त्यमा बढी खर्च गर्ने प्रवृत्ति औंल्याउँदै यसो भनेको छः

“कार्यक्रम तथा आयोजनाहरुका सबै प्रक्रिया पूरा गरी समयमा नै काम सुरु हुन नसक्ने तथा जसरी पनि आर्थिक वर्षको अन्त्यमा काम सम्पन्न गर्ने प्रवृत्तिका कारण आर्थिक वर्षको अन्त्यमा बढी खर्च भएको देखिन्छ । आर्थिक वर्षको अन्त्यमा काम सम्पन्न गर्नेतर्फ मात्र ध्यान दिँदा कामको गुणस्तरीयतामा ध्यान पुग्न नसक्नेतर्फ समेत सचेत हुन जरुरी देखिन्छ । बजेट स्वीकृती र कार्यक्रम स्वीकृतीको समय तथा आवधिक रुपमा खर्च गर्न सक्ने रकमको सीमा निर्धारण गर्न सकेमा तथा बहुवर्षीय ठेक्का प्रणालीलाई संस्थागत गर्न सकेमा आर्थिक वर्षको अन्त्यमा बढी रकम खर्च गर्ने प्रवृत्ति निरुत्साहित भई सार्वजनिक खर्चको उपयुक्त परिचालन हुन सक्ने देखिन्छ ।”

महालेखा परीक्षकको कार्यालयले आर्थिक वर्ष २०६८/६९ को विवरण समेटिएको पचासौं प्रतिवेदनमा **पुँजीगततर्फ असार महिनामा मात्र ३४.७५ प्रतिशत बजेट खर्च गरेको** जनाएको छ । यो विवरणले नेपालको विकास परियोजना कार्यान्वयनको डरलाग्दो तस्वीर उजागर गरेको छ । यहीँनेर बजेट खर्चको पारदर्शिता र जवाफदेहीता सङ्कटमा परेको मान्न सकिन्छ । जनताले प्रश्न गर्न सक्छन्, आखिर असार महिनामै हतार हतारमा यतिबढी रकम किन खर्च भइरहेको छ ? भ्रष्टाचार भएको बारेमा जनताले यहीँबाट प्रश्न गर्न सक्छन् ।

“सार्वजनिक खरिद ऐन नियमका प्रावधान बमोजिम ठेक्कापट्टा हुनेबित्तिकै कार्य सञ्चालन बापत अधिकतम २० प्रतिशत मोबिलाइजेसन रकम लिने गरिन्छ । तर सो रकम अन्यत्रै खर्च गरी कामै नगर्ने वा अर्को क्षमता भएको र हैसियत नै नभएका निर्माण व्यवसायीलाई सब-कन्ट्रयाक्टमा दिई गुणस्तरहीन काम हुने गरेको आरोप छ ।” (कृष्णहरि बास्कोटा, सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, गोरखापत्र, २०७० असोज १७)

अनुमोदित बजेट (Enacted Budget)

१. परिचय

अनुमोदित बजेटसम्बन्धी सरकारी प्रतिवेदन आमजनतालाई बजेटका बारेमा जानकारी प्रदान गर्न एउटा अत्यावश्यकीय पारदर्शी प्रक्रिया हो ।

- अनुमोदित बजेट राज्यको कानुन हो र यहीकारण यो सार्वजनिक गरिनु आवश्यक छ ।
- अनुमोदित बजेटले आर्थिक वर्षमा सञ्चालन गरिने कुनै पनि कार्यक्रम/आयोजनाबारे आधारभूत जानकारी प्रदान गर्दछ । अर्को शब्दमा, बजेटको कार्यान्वयन चरणको अनुगमनका लागि यो प्रारम्भिक विन्दु हो ।
- अनुमोदित बजेटको महत्व सुरुमा सरकारले पेस गरेको बजेट प्रस्तावबाट निकै फरक रहेको अवस्थामा बढेर जान्छ । अनुमोदित बजेटले कार्यकारीले प्रस्ताव गरेको बजेट र संसद्ले अनुमोदन गरेको बजेटबीच तुलना गर्न सहयोग पुग्छ । नेपालमा भने कार्यकारीको बजेट प्रस्तावमा संसद्ले खासै परिवर्तन गर्ने प्रचलन रहेको छैन । संसद्मा खर्च कटौतीका प्रस्ताव ल्याउन सकिने भए पनि संसद्ले प्रायः त्यसलाई अस्वीकृत गरेको पाइन्छ । खर्च कटौतीका प्रस्ताव पारित भए वा कुनै कार्यक्रममा परिवर्तन गरिए सरकारमाथि नैतिक दबाब आएको महसुस गरिन्छ ।

२. अनुमोदित बजेटमा समावेश हुने दस्तावेज

बजेटमा कठिन विकल्पहरु हुन्छन्: सीमित स्रोतसाधनले धेरै किसिमका मागलाई सम्बोधन गर्नुपर्ने अवस्था रहेको हुन्छ । यसर्थ, अनुमोदित बजेट प्रतिवेदनमा सामान्यतया समाजका लागि पर्याप्त विस्तृत विवरण समेटिएको हुन्छ र

खासगरी बजेटले सबैभन्दा बढी असर पुऱ्याउने पक्षलाई मुख्यरुपमा सम्बोधन गरेको हुन्छ । आईएमएफको सिफारिस अनुसार अनुमोदित बजेटले विगत, वर्तमान र प्रक्षेपित वित्तीय क्रियाकलापका साथै प्रमुख वित्तीय चुनौतीसम्बन्धी विस्तृत जानकारी आमजनतालाई प्रदान गर्नु पर्दछ । अनुमोदित बजेटमा निम्न कुरा समाविष्ट हुनु पर्दछः

- प्रत्येक राजस्व र खर्चका कार्यक्रमको सूची सहितको सङ्क्षिप्त टिप्पणी । वित्तीय विवरणलाई समग्रताका आधारमा रिपोर्ट गरिएको हुनु पर्दछ । राजस्व (आम्दानी), खर्च, र लगानीलाई छुट्टाछुट्टै प्रस्तुत गर्नु पर्दछ ।
- खर्चका कार्यक्रमका निम्ति कार्यसम्पादन लक्ष्य समेतका गैरवित्तीय कार्यसम्पादन तथ्याङ्क ।
- कार्यकारीको बजेट प्रस्ताव र अनुमोदित बजेटबीचका प्रमुख फेरबदलको व्याख्या । नेपालमा भने बजेटमा संशोधन वा फेरबदल नै गर्नुहुँदैन भन्ने मानसिकता छ । प्रत्येक संसद्को बजेट अधिवेशनमा केही कार्यक्रम हटाउन वा संशोधन गर्न वा थप्न माग हुने गर्दछ, तर त्यसलाई सम्बोधन गर्ने अवस्थामा अर्थ मन्त्रालय बिरलै रहेको पाइन्छ ।
- सरकारको समग्र वित्तीय ब्यालेन्स र कूल ऋणको अवस्था जसलाई सरकारको वित्तीय अवस्थाको निश्चित मापदण्डका आधारमा सारांश सूचकको रुपमा उपलब्ध गराउनु पर्दछ । यो जानकारीका साथ अरु वित्तीय सूचकहरु समावेश गर्नु पर्दछ, जस्तै मुख्य ब्यालेन्स, सार्वजनिक क्षेत्र ब्यालेन्स र खूद ऋण ।
- पहिलोपटक बजेट प्रस्ताव गरेको र अनुमोदन गरेको बीचको समयावधिमा आधारित भई चालु वर्ष र बजेट वर्षको आर्थिक तथा वित्तीय प्रक्षेपण अद्यावधिक गर्नु पर्दछ ।
- सरकारको वित्तीय पूँजी तथा दायित्व, गैरवित्तीय पूँजी, रोजगारी निवृत्तीभरण दायित्व तथा भैपरी दायित्व सम्बन्धमा अनुमोदित बजेटको असरको सङ्क्षिप्त छलफल ।

३. दस्तावेज प्रकाशन हुने समयतालिका

आईबीपीका अनुसार अनुमोदित बजेट संसद्‌बाट स्वीकृत हुनासाथ प्रकाशन गर्नु पर्दछ र स्वीकृत भएको तीन महिनाभन्दा ढिलाइ गर्नु हुँदैन ।

नेपालमा भने कार्यकारीको बजेट प्रस्ताव नै अनुमोदित बजेटको रुपमा सार्वजनिक हुन्छ । सरकारले प्रस्ताव गरेको बजेटका सैद्धान्तिक पक्ष र क्षेत्रगत, मन्त्रालयगत आधारमा व्यापक छलफल भई बजेट पारित हुने प्रचलन नेपालको संविधान र संसदीय कार्यप्रक्रियामा रहेको छ । कार्यकारीको बजेट प्रस्तावमा मतदान भई बजेट पारित हुने र त्यसलाई कानुनको रुप दिइन्छ ।

अनुमोदित बजेट		
महत्व	**मुख्य विषयवस्तु**	**प्रकाशनको समयावधि**
मुलुकको कानुन	प्रमुख शीर्षकको खर्च र राजस्व सम्बन्धी सूची र सङ्क्षिप्त टिप्पणी	संसद्‌ले बजेट पारित गर्नासाथ जतिसक्दो चाँडो र बजेट अनुमोदन भएको तीन महिनाभन्दा ढिलो नगरी
बेसलाइन जानकारी प्रदान गर्दछ, जसमा आधारित रहेर बजेटको वास्तविक नतिजालाई तुलना गर्न सकिन्छ	गैरवित्तीय तथ्याङ्क	
सांसदले बजेट प्रस्तावमा गर्ने परिवर्तनको मूल्याङ्कन गर्न सक्षम तुल्याउँछ	बजेट प्रस्ताव र अनुमोदित बजेटबीचको फरकलाई सुधार गर्ने	
	समग्र ऋणको अवस्था	
	संशोधित आर्थिक प्रक्षेपण (बजेट प्रस्ताव र अनुमोदित बजेटबीच ढिलाइ भएमा)	
	सरकारको वित्तीय पूँजी र दायित्व, भैपरी दायित्व, इत्यादिमा असर	

स्रोतः इन्टरनेसनल बजेट पार्टनरसीप

आवधिक प्रतिवेदन (In–Year Report)

१. परिचय

आवधिक प्रतिवेदनले आर्थिक वर्षभित्र बजेटको कार्यान्वयनको सङ्क्षिप्त झलक प्रस्तुत गर्दछ। आवधिक प्रतिवेदन सामान्यतया छोटो हुन्छ र यसभित्र बजेटका प्रमुख भागहरु समेटिएको हुन्छ । यी विशेषताहरुले मध्यावधि समीक्षालाई आवधिक प्रतिवेदनबाट छुट्याउँछ । मध्यावधि समीक्षाले बजेटले अख्तियार गरेको रणनीतिसँग आर्थिक वर्षको मध्यमा आइपुग्दा सरकारको वित्तीय कार्यसम्पादनको विस्तृत मूल्याङ्कन गरेको हुन्छ । आवधिक प्रतिवेदनको मुख्य उद्देश्य पछिल्लो दिनसम्मको राजस्व र खर्चको प्रवृत्ति प्रस्तुत गर्नु हो ।

आवधिक प्रतिवेदनले बजेट पारदर्शिताका निम्ति महत्वपूर्ण योगदान गरेको हुन्छ किनभने सरकारले बजेट खर्च र राजस्वको प्रवृत्ति थाहा पाउन आवश्यक प्रणाली र जानकार कर्मचारी राखेको हुन्छ। खर्च र राजस्वको प्रवृत्ति पत्ता लगाउने यो क्षमताले नीति निर्माताहरु, प्रेस र आमजनतालाई नियमित किसिमबाट जानकारी प्रदान गर्न सक्छ । बजेटमा समाविष्ट योजनाहरुले बाटो बिराएका छन् वा छैनन् भन्ने कुरा बुझ्न आवधिक प्रतिवेदनले सहयोग गर्दछ । यसैगरी, आवधिक प्रतिवेदन तयारीका क्रममा भरपर्दो प्रणालीको निर्माण र सञ्चालन तथा कर्मचारीको क्षमता विकासले आवधिक प्रतिवेदनको तयारीका लागि मात्र नभई बजेटसम्बन्धी सबै प्रकारका प्रतिवेदनको उपलब्धता र सत्यता कायम गराउन मद्दत पुग्दछ ।

आवधिक प्रतिवेदनमा समेटिएका जानकारीहरु मध्यावधि समीक्षाका लागि पनि उत्तिकै उपयोगी हुन सक्छ र बजेटको प्रारम्भिक रणनीतिलाई समायोजन गर्न आवश्यक रहे-नरहेको निर्धारणका लागि मद्दत गर्दछ। उदाहरणका लागि, सरकारले बढी खर्च गरिरहेको छ वा कम खर्च गरिरहेको छ भन्ने थाहा पाउन यी प्रतिवेदनले मद्दत गर्दछन् । नियमित समायोजन वा पूरक बजेट ल्याइरहनु पर्दछ भन्ने यसको मनसाय भने होइन । यस विपरीत, नियमित

किसिमबाट बजेटमा अनियोजित पूरक विनियोजनले आधारभूत बजेटको सर्वाधिक महत्वपूर्ण कार्यलाई नजरअन्दाज गर्दछ । तर समायोजन वास्तवमै आवश्यक रहेको अवस्थामा, र यस्तो अवस्था सबैजसो मुलुकमा हुने पनि गर्दछ, आवधिक प्रतिवेदनले आवश्यक समायोजनको समय र रकम निर्धारण गर्नका लागि तथ्याङ्क उपलब्ध गराई मद्दत गर्न सक्छ ।

२. आवधिक प्रतिवेदनमा समावेश हुने जानकारी

आवधिक प्रतिवेदनलाई मासिक वा त्रैमासिकरुपमा प्रकाशन गर्न सकिन्छ । अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यास भने समग्र बजेटका मुख्यमुख्य जानकारी समेटेर मासिकरुपमा आवधिक प्रतिवेदन प्रकाशन गरिन्छ । सन् २००२ मा ओईसीडीले आफ्ना सदस्य राष्ट्रहरुमा बजेट पारदर्शिताको स्तरलाई बढावा दिने उद्देश्यले *बजेट पारदर्शिताका लागि उत्कृष्ट अभ्यास* नामको सन्दर्भ साधन प्रकाशन गरेको थियो । यी अभ्यासहरु गैर-ओईसीडी मुलुकहरुका लागि पनि उत्तिकै सान्दर्भिक छन् । आवधिक प्रतिवेदनका सन्दर्भमा ओईसीडीको अभ्यासमा भनिएको छः

- आवधिक प्रतिवेदनले बजेट कार्यान्वयनको प्रगतिलाई देखाउनु पर्दछ ।
- आवधिक प्रतिवेदनमा हरेक महिनामा उठेको राजस्व र खर्च भएको रकम समावेश गर्नु पर्दछ । मासिक राजस्वलाई राजस्वको लक्ष्य र खर्चको प्रक्षेपित रकमसँग तुलना गर्नु पर्दछ । सुरु बजेटमा अनुमान गरिएको रकममा कुनै किसिमको समायोजन गरिएको भए त्यसलाई अलग्गै देखाइनु पर्दछ ।
- सङ्क्षिप्त टिप्पणीका साथ तथ्याङ्कलाई पनि समावेश गर्नु पर्दछ । वास्तविक र प्रक्षेपित रकमबीच ज्यादै ठूलो भिन्नता आए त्यसलाई व्याख्यामार्फत स्पष्ट गर्नु पर्दछ ।
- खर्चलाई प्रमुख प्रशासकीय इकाईका आधारमा वर्गीकृत गर्नु पर्दछ (जस्तै, मन्त्रालय, विभाग, र कार्यालयहरु) । आर्थिक तथा कार्यमूलक वर्गीकरणका आधारमा खर्चलाई वर्गीकृत गर्नेगरी पूरक जानकारीहरु पनि प्रस्तुत गर्न सकिन्छ ।
- प्रतिवेदन वा सम्बद्ध दस्तावेजहरुमा सरकारको सापटी गतिविधिसम्बन्धी जानकारी पनि समावेश गर्नु पर्दछ ।

ओईसीडीको अभ्यास आईएमएफको २००७ को वित्तीय पारदर्शितासम्बन्धी असल अभ्यास संहितामा पनि समेटिएका छन्ः

- बजेटको कार्यान्वयन, अनुगमन र रिपोर्टिङका लागि स्पष्ट कार्यविधि हुनु पर्दछ ।
- लेखा प्रणालीले राजस्व, प्रतिबद्धता, भुक्तानी, बक्यौता, दायित्व र पूँजीको अवस्था पत्ता लगाउने विश्वासिलो आधार तयार पार्नु पर्दछ ।
- बजेट विकाससम्बन्धी वर्षको मध्यावधि प्रतिवेदन संसद्मा प्रस्तुत गरिनु पर्दछ ।
- आर्थिक वर्षभित्रै पूरक राजस्व र खर्चको प्रस्तावलाई संसद्मा प्रस्तुत गरिनु पर्दछ ।

खर्चका दृष्टिले प्रत्येक प्रशासकीय इकाईहरु जिम्मेवार रहेको सुनिश्चित गर्न आवधिक प्रतिवेदनले त्यस्ता प्रशासकीय इकाईहरुले गरेको वास्तविक खर्चलाई प्रस्तुत गर्नु पर्दछ । केही देशमा, केही प्रशासकीय इकाईहरु आफैँले आवधिक प्रतिवेदन जारी गर्छन् भने केही देशमा यी सबै जानकारीलाई एकत्रित गरी आवधिक प्रतिवेदनमा राखिन्छ । यो कार्य प्राय: अर्थ मन्त्रालयले गरिरहेको हुन्छ । पछिल्लो प्रक्रिया नै बढी रुचाइएको छ किनभने यसले बजेटका आङ्कडाहरु तुलना गर्न सहजता ल्याउँछ र समग्र तस्बिर सार्वजनिक हुन्छ ।

यो दस्तावेज कहिले प्रकाशन गरिनु पर्दछ ?

आईबीपीका अनुसार आवधिक प्रतिवेदनले समेट्ने समयावधिको कम्तीमा एक महिनाभित्र प्रकाशन गरिसक्नु पर्दछ (उदाहरणका लागि, जेठ महिनाको मासिक प्रतिवेदन असार महिनाको अन्त्य हुनुभन्दा अघि प्रकाशित गरिनु पर्दछ) ।

आवधिक प्रतिवेदन

महत्व	मुख्य विषयवस्तु	प्रकाशनको समयावधि
बजेट कार्यान्वयनको सङ्क्षिप्त झलक	बजेट कार्यान्वयनको प्रगति	रिपोर्टिङ अवधि अन्त्य भएको कम्तीमा एक महिना पछि (जस्तै, जुनको मासिक प्रतिवेदनलाई जुलाई ३१ भन्दा ढिलो नगरी प्रकाशन गरिसक्नु पर्दछ)
राजस्व र खर्चको प्रवृत्तिको आवधिक मापन	हरेक महिनाको वास्तविक राजस्व सङ्कलन र गरिएको खर्च, तथा योजनासँगको तुलना	
बजेट कार्यान्वयनलाई अझ राम्रो बनाउन सहयोग	सरकारकोसापटीसम्बन्धी गतिविधिहरु	
बजेट व्यवस्थापनलाई सुधार गर्न क्षमता र प्रणालीको निर्माण	बजेटसँगको विचलनको प्रारम्भिक पहिचान	

स्रोत: इन्टरनेसनल बजेट पार्टनरसीप

३. नेपालमा आवधिक प्रतिवेदन

नेपालमा आवधिक प्रतिवेदन सार्वजनिक गर्ने प्रचलन रहीआएको छ । यसले सरकारको आम्दानी, खर्च र ऋणको आवधिक (मासिक वा त्रैमासिक) प्रवृत्ति मापन गर्दछ जसबाट बजेटका अङ्कहरुको तुलना गर्न र आवश्यक परिमार्जनका लागि सहयोग पुग्दछ ।

नेपालमा बजेटसम्बन्धी आवधिक प्रतिवेदनहरु अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, मन्त्रालयका विभागहरुले नियमित अन्तरालमा प्रकाशन गरिरहेका हुन्छन् । आईबीपीको सन् २०१२ को खुला बजेट सर्भेक्षणमा नेपालको अवस्था सन्तोषजनक रहेको देखाएको छ । प्रतिवेदनले नेपालले १०० अङ्कमा ५९ अङ्क हासिल गरेको छ । यो सूचकले पनि नेपालमा आवधिक प्रतिवेदन सार्वजनिक गरिने परम्परालाई उजागर गरेको छ । यद्यपि, आवधिक प्रतिवेदनलाई एकमुष्ठरुपमा र सबैको पहुँचमा पुऱ्याउनेतर्फ निकै काम गर्न बाँकी छ ।

उदाहरणका लागि, नेपाल राष्ट्र बैंकले नेपालको आर्थिक अवस्था झल्कने गरी **देशको वर्तमान आर्थिक स्थिति** नामको प्रतिवेदन नेपाली र अंग्रेजी दुवै भाषामा प्रकाशन गर्दछ । यो प्रतिवेदनमा प्रायः निम्न कुरा समेटिएको हुन्छः

(क) **मौद्रिक स्थिति** (मुद्रा प्रदाय, कूल आन्तरिक कर्जा, सञ्चित मुद्रा, बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालनको स्थिति, बैंक तथा वित्तीय संस्थाहरुको कर्जा प्रवाहको स्थिति, तरलता व्यवस्थापन, अन्तर-बैंक कारोबार र स्थायी तरलता सुविधाको उपयोग, ब्याजदर)

(ख) **धितोपत्र बजार**

(ग) **मुद्रास्फिती र तलब तथा ज्यालादर** (उपभोक्ता मुद्रास्फिती, थोक मुद्रास्फिती, राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क)

(घ) **सरकारी वित्त स्थिति** (बजेट घाटा/बचत, सरकारी खर्च, सरकारी राजस्व, वैदेशिक नगद ऋण र अनुदान)

(ङ) **बाह्य क्षेत्र** (वैदेशिक व्यापार, शोधनान्तर स्थिति, विदेशी विनिमय सञ्चिति, अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति) ।

(स्रोतः देशको वर्तमान आर्थिक स्थिति, आर्थिक वर्ष २०७०/७१ को पहिलो महिना (साउन)को तथ्याङ्कमा आधारित, नेपाल राष्ट्र बैंक, २०७०)

यो प्रतिवेदनमा चालु आर्थिक वर्षको राजस्व र खर्चको अनुमानसँग प्राप्त भइरहेको राजस्व र खर्चलाई तुलना पनि गरेको पाइन्छ । राष्ट्र बैंकले सङ्क्षेपमा माथिको प्रतिवेदन सार्वजनिक गरेलगत्तै आर्थिक विश्लेषणमा आधारित तालिकाहरु समेत उपलब्ध गराएको हुन्छ । यी तालिकाहरुमा सरकारको सम्पूर्ण वित्तीय अवस्था झल्कने निकै विस्तृत जानकारी प्रविष्ट गरिएका हुन्छन् । यसका साथै, कतिपय विभागहरु जस्तै भन्सार विभाग, आन्तरिक राजस्व विभागले पनि राजस्वको मासिक लक्ष्यअनुरुप राजस्व प्राप्त भए नभएको तुलनात्मक विवरण सार्वजनिक गर्दछन् ।

राष्ट्र बैंकको साप्ताहिक प्रतिवेदन

नेपाल राष्ट्र बैंकले आफ्नो र अर्थ मन्त्रालयको प्रयोजनको निम्ति प्रत्येक साता नेपाल सरकारको कोष स्थिति (Treasury Position) निकाल्छ । त्यसमा नगद प्रवाहमा आधारित चालु, पूँजिगत र वित्तीय व्यवस्था खर्च अन्तरगत निकासा र खर्च, राजस्व, आन्तरिक र बाह्य ऋण, अनुदान, बजेट सन्तुलनको अवस्था र सरकारको निक्षेपसम्बन्धी तथ्याङ्क समाहित हुन्छ । तर, यस सूचनालाई सार्वजनिक जानकारीमा भने ल्याइँदैन ।

मध्यावधि समीक्षा (Mid–Year Review)

१. परिचय

मध्यावधि समीक्षा भन्नाले आर्थिक वर्षको मध्यतिर गरिने बजेट कार्यान्वयन अवस्थाको असरको विश्लेषण हो । केही देशमा, आर्थिक वर्षको प्रारम्भ भएको छ महिनाभित्रै समीक्षा गर्नुपर्ने कानुनी व्यवस्था छ । अरु केही देशमा, आर्थिक वर्षको सात महिनामा यो प्रकाशन हुन्छ, र यसमा बजेटको कार्यसम्पादन तथ्याङ्कको उपलब्धतामा उत्पन्न सामान्य कमीकमजोरीलाई प्रतिविम्बित गरिएको हुन्छ । मध्यावधि समीक्षाले अनुमोदित बजेटमा स्थापित रणनीतिसँग सरकारको वित्तीय कार्यसम्पादनलाई विस्तृतरुपमा मूल्याङ्कन गर्ने अवसर पनि सिर्जना गर्दछ। यसर्थ, बजेटले पर्याप्त किसिमबाट प्राकृतिक स्रोतसाधनको मूल्यमा भएको परिवर्तन, बजेटका विभिन्न तत्वको कार्यान्वयनको अवस्था तथा राजस्व सङ्कलन समेतका चालु समष्टीगत आर्थिक विकासलाई धान्न सकेको छ छैन भनी मूल्याङ्कन गर्न सहयोग पुऱ्याउँछ । मध्यावधि समीक्षाले मन्त्रालयहरुबीच नै स्रोतसाधनको बाँडफाँडमा समायोजन गर्न वा सुधारात्मक उपाय अपनाउन आवश्यक रहे-नरहेको सङ्केत पनि गर्न सक्छ। कार्यसम्पादनमा आधारित बजेट प्रणाली रहेका मुलुकहरुका निम्ति त यसले सार्वजनिक परियोजनामा निश्चित लक्ष्यलाई विचार गरी प्रगतिको मापन गर्ने अवसर पनि हुन सक्छ ।

मध्यावधि समीक्षाका निम्ति देशैपिच्छे फरक विधि रहेका छन् । केही देशमा, मध्यावधि समीक्षाको प्रस्तुतिलाई कानुनी मान्यता प्रदान गरिएको छ (जस्तै अस्ट्रेलिया) र त्यो समीक्षालाई संसद्मा उपलब्ध गराइन्छ र जनसमक्ष ल्याइन्छ। यद्यपि, मध्यावधि समीक्षालाई लिएर संसद्मा औपचारिक बहस भने हुँदैन र संसद्ले यसलाई स्वीकृत पनि गर्नु पर्दैन । मलावीमा मध्यावधि समीक्षा गरी त्यो संसद्मा प्रस्तुत गरिन्छ तर यो जानकारीका लागि मात्र उपयोग हुन्छ ।

केही देशमा, मध्यावधि समीक्षा र पूर्व बजेट विवरणलाई सम्मिश्रण गरी मध्यकालीन बजेट नीति विवरण तयार पारिन्छ (जस्तै, दक्षिण अफ्रिका) । केही अरु देशमा, मध्यावधि समीक्षालाई संसद् समक्ष प्रस्तुत गरिन्न वा

जनसमक्ष पनि ल्याइन्न, यसबाट समीक्षाको प्रभाव सीमित हुन जान्छ । यो अर्थ मन्त्रालयका प्राविधिक कर्मचारीबाट आन्तरिकरुपमा समीक्षा मात्र गरिन्छ जसका बारेमा मन्त्रिपरिषद्मा छलफल हुन सक्छ । यो प्रतिवेदनलाई संसद् समक्ष प्रस्तुत गरिन्न र जनसमक्ष पनि ल्याइन्न ।

मध्यावधि समीक्षाको उपयोगिता निकै छ तर यसको महत्वलाई सन्दर्भमा हेरिनु पर्दछ । मध्यावधि समीक्षाले अनुमोदित बजेटका आधारमा कुनै खास कार्यक्रममा बढी वा घटी लगानी भए-नभएको वा कुनै कार्यक्रम सही दिशामा गइरहेको छ वा छैन जस्ता कुराको मूल्याङ्कन गर्न सहयोग गर्दछ । बजेटको प्रारम्भिक रणनीतिमा कुनै किसिमको समायोजन गर्न आवश्यक छ छैन भनी निर्णय गर्न यो उपयोगी हुन्छ । आन्तरिक मध्यावधि समीक्षाले खर्चको थप अख्तियारीका लागि पूरक बजेट आवश्यक रहे-नरहेको भन्ने बारेमा जानकारी दिन्छ ।

२. मध्यावधि समीक्षामा समावेश हुने जानकारी

ओईसीडीका अनुसार मध्यावधि समीक्षा भन्नाले “बजेट कार्यान्वयनको विस्तृत अद्यावधिक विवरण, चालु आर्थिक वर्ष समेत कम्तीमा दुई आर्थिक वर्षका लागि बजेटका उपलब्धिको अद्यावधिक पूर्वानुमान” हो । ओईसीडीको सुझाव छ कि “बजेटमा अन्तर्निहीत आर्थिक अनुमानलाई समीक्षा गरिनु पर्दछ र बजेटमा हुने कुनै परिवर्तनलाई सार्वजनिक गरिनु पर्दछ”, “मध्यावधि समीक्षामा सरकारको वित्तीय पूँजी र दायित्व, गैरवित्तीय पूँजी, रोजगार निवृत्तीभरण दायित्व तथा भैपरी दायित्वहरुबारे विस्तृत छलफल गरिनु पर्दछ” ।

यो सारांश विवरणले मध्यावधि समीक्षामा उपलब्ध गराइने सामग्रीको महत्वलाई प्रकाश पार्दछ ।

पहिलो, मध्यावधि समीक्षाले बजेट परिदृश्यसम्बन्धी सरकारको चालु दृष्टिकोणलाई प्रस्तुत गर्दछ र बजेट अनुमोदित भएयताका यी परिवर्तनमा जिम्मेवार पक्षहरुलाई व्याख्या गर्दछ, जस्तै प्राकृतिक स्रोतसाधनको मूल्यमा हुने परिवर्तन । खासगरी, मध्यावधि समीक्षाले बजेटमा गरिएका उपयुक्त समायोजनमा अन्तर्निहीत अनुमानमा भएका कुनै परिवर्तनलाई सङ्केत गर्दछ । राजस्व, खर्च र सरकारी ऋणका अनुमानमा उपयुक्त समायोजन

गरिन्छ । यी अनुमान र राजस्वको स्तरबीचको सम्बन्ध स्व-प्रमाणित गर्ने किसिमको हुन्छ, तर निश्चित किसिमका खर्चहरु, जस्तै बेरोजगारी सम्बद्ध व्यवस्थाहरु पनि आर्थिक विषयका प्रमुख मुद्दा हुन् ।

दोस्रो, मध्यावधि समीक्षाले चालु आर्थिक स्थितिको सन्दर्भमा समग्र वित्तीय रणनीति उपयुक्त रहे-नरहेको तथा विद्यमान आर्थिक अवस्थाको सन्दर्भमा वित्तीय नीतिमा समायोजन गर्ने सम्भावना रहे-नरहेको पनि मूल्याङ्कन गर्दछ । त्यसर्थ, मध्यावधि समीक्षाले घरेलु तथा अन्तर्राष्ट्रिय आर्थिक अवस्था तथा त्यसबाट बजेटमा पर्न सक्ने असरसम्बन्धी दृष्टिकोणलाई स्पष्ट गर्न सरकारलाई अर्को अवसर प्राप्त हुन्छ ।

तेस्रो, मध्यावधि समीक्षाले बजेटका विभिन्न पक्षहरुको अर्धवार्षिक कार्यान्वयनको अवस्थालाई पनि सङ्केत गर्नु पर्दछ, र यो मन्त्रालय वा विभाग बमोजिम गरिएको हुनु पर्दछ । साथै, ऋण सेवा, बीमा तथा वित्तीय अनुदान वा ऋणजस्ता गैर मन्त्रालयगत विषयलाई पनि समीक्षाले समेट्नु आवश्यक हुन्छ । राजस्वका सम्बन्धमा मध्यावधि समीक्षाले राजस्व सङ्कलनको मध्यावधि अनुमान समावेश गर्नु पर्दछ । राजस्व उठ्ने अनुमान गरिएबमोजिम उठेको छ छैन, कार्यान्वयनमा रहेका समस्या वा आर्थिक अवस्थाका कारण सिर्जित परिवर्तनजस्ता विविध विषयमा पनि समीक्षा गरिनु पर्दछ ।

चौथो, मध्यावधि समीक्षाले बजेटको प्रस्तुतिदेखि नै लिइएका नीतिगत निर्णयहरुको विस्तृत विवरण समावेश गर्नु पर्दछ जसले राजस्व, खर्च व्यवस्थापन र पूँजीगत बजेट अनुमानमा असर पारेको हुन सक्छ । धेरै देशमा मध्यावधि समीक्षाले पूरक बजेट आवश्यक रहे-नरहेको समेतका जानकारी छलफलमा ल्याएको हुन्छ ।

अन्त्यमा, केही मुलुकहरु, जस्तै अस्ट्रेलियाले मध्यावधि समीक्षालाई खास नीतिगत विकासलाई प्रकाश पार्न प्रयोग गरिरहेका हुन्छ । उदाहरणका लागि, सन् २००७-०८ मा अस्ट्रेलियाको मध्यावधि समीक्षाले व्यक्तिगत आयकर सुधारको अवस्थाका बारेमा जाँच गरेको थियो । सन् २००८-०९ को समीक्षाले विश्व आर्थिक मन्दीसँग सरकारको वित्तीय नीतिको सन्दर्भलाई प्रस्तुत गरेको थियो ।

यो दस्तावेज कहिले प्रकाशन गरिनु पर्दछ ?

ओईसीडीका अनुसार मध्यावधि समीक्षा यसले समेट्ने समयावधि समाप्त भएको कम्तीमा छ हप्ताभित्र प्रकाशन गरिनु पर्दछ (उदाहरणका लागि, आर्थिक वर्षको मध्य पुस महिना हो भने मध्यावधि समीक्षा फागुन १५ भित्र प्रकाशन गरिसक्नु पर्दछ) । आईएमएफको वित्तीय पारदर्शिता निर्देशिका अनुसार मध्यावधि समीक्षाको प्रतिवेदन समीक्षा समयावधिको अन्त्यको कम्तीमा तेस्रो महिनाभित्र प्रकाशन गर्नु पर्दछ ।

मध्यावधि समीक्षा		
महत्व	**मुख्य विषयवस्तु**	**प्रकाशनको समयावधि**
बजेटमा अनुमान गरिएबमोजिम वास्तविक खर्च र राजस्व सङ्कलनको विस्तृत विश्लेषण गर्न मद्दत गर्दछ	आर्थिक अनुमानमा संशोधन र त्यसले बजेट अनुमानमा पारेको असर	ओईसीडीका अनुसार रिपोर्टिङ समयावधि समाप्त भएको कम्तीमा छ हप्ताभित्र प्रकाशन गर्नु पर्दछ ।
बजेटमा समष्टीगत अर्थमा भएका परिवर्तनको असरको मूल्याङ्कन	बजेट खर्च र राजस्व तथा अनुमानमा आएको विचलनको विस्तृत पहिचान र व्याख्या	
पूरक बजेटको आवश्यकता समेत बजेट विनियोजनमा गरिने परिवर्तनको आवश्यकता पहिचान	नीतिगत समायोजनको खोजी	आईएमएफका अनुसार रिपोर्टिङ समयावधि अन्त्य भएको कम्तीमा तीन महिनाभित्र प्रकाशन गर्नु पर्दछ ।
विशेष कार्यसम्पादन लक्ष्यलाई ध्यानमा राखी प्रगति मूल्याङ्कन	नीति निर्णयहरुको विस्तृत विवरण तथा बजेट प्रस्तुतिपछिको नीतिगत विकास	

स्रोत: इन्टरनेसनल बजेट पार्टनरसीप

३. नेपालमा बजेटको मध्यावधि समीक्षा

अर्थ मन्त्रालयले बजेटको मध्यावधि समीक्षा गर्ने प्रचलन केही वर्षदेखि सुरु गरेको छ । मध्यावधि समीक्षालाई व्यवस्थित गर्न मन्त्रालयले पुस्तकाकारकै रुपमा प्रकाशन गर्न थालेको छ । यो कार्य बजेट पारदर्शिताका सन्दर्भमा निकै उल्लेखनीय कार्य मान्न सकिन्छ । उदाहरणका लागि आर्थिक वर्ष २०६६/६७ को मध्यावधि समीक्षा प्रतिवेदनलाई नै हेरौं । २०६६ साउनदेखि पुस महिनासम्मको विवरण समेटिएको यो प्रतिवेदनमा निम्न कुरा समावेश गरिएको छः

(क) समष्टिगत आर्थिक तथा वित्तीय स्थितिको विश्लेषण
- विश्वको उत्पादन स्थिति
- राष्ट्रिय अर्थतन्त्र
- उपभोक्ता मुद्रास्फिती
- मौद्रिक स्थिति
- बाह्य क्षेत्र
- धितोपत्र बजार

(ख) राजस्व नीति र कार्यक्रमको प्रगति

(ग) सार्वजनिक खर्चको स्थिति

(घ) राष्ट्रिय प्राथमिकताप्राप्त मुख्यमुख्य विकास आयोजन/कार्यक्रमको प्रगति समीक्षा

आर्थिक वर्ष २०६६-६७ को मध्यावधि समीक्षामा गत वर्षको बजेट कार्यान्वयनबाट सिकिएका पाठलाई यसरी बुँदागत रुपमा प्रस्तुत गरिएको छः

१. नेपालमा विकासको लागि स्रोत र साधनको कमी रहेनछ । बरु कमी रहेछ काम गर्ने इच्छाशक्ति र प्रतिबद्धताको,

२. राजनीतिक स्थिरता बिना विकासले वाञ्छित गति लिन सक्दो रहेनछ,

३. संक्रमणकालमा आर्थिक स्थायित्व र स्थिरता कायम गर्न सकिँदो रहेनछ । साथै, यस्तो अवस्थामा आर्थिक अनुशासन पनि कमजोर बन्दो रहेछ,

४. विषयगत मन्त्रालयहरुले स्वामित्व ग्रहण नगरेका नीति तथा कार्यक्रमको तर्जुमाको चरणदेखि नै सरोकारवालाको सहभागिता नभएमा त्यस्ता नीति र कार्यक्रमहरुको कार्यान्वयन गर्न कठिन पर्दो रहेछ,

(ङ) बाँकी अवधिको राजस्व र व्ययको प्रक्षेपण
(च) बजेट कार्यान्वयनमा देखिएका र भोगिएका समस्या एवम् चुनौती
(छ) सुधारका क्षेत्रहरुको पहिचान

यो मध्यावधि समीक्षाले नेपालको बजेट प्रणालीमा रहेका कमीकमजोरी, चुनौती र समस्या समाधानका लागि अपनाउन सकिने सुझाव समेतको विस्तृत विवरण प्रस्तुत गरेको छ। मध्यावधि समीक्षामा प्रस्तुत गरिएका केही सुझाव हेरौं:

(क) आगामी वर्षको बजेट तर्जुमा र कार्यान्वयनमा प्रभावकारिता ल्याउन आर्थिक वर्ष सुरु हुनु केही महिना अघि बजेट पारित गर्नुपर्ने,
(ख) त्रिवर्षीय खर्च प्रक्षेपण र बहुवर्षीय ठेक्का प्रणालीलाई परिमार्जन गर्दै व्यापक तुल्याउनुपर्ने,
(ग) स्रोतको निश्चितता गरेर मात्र बजेट विनियोजन गर्नुपर्ने,
(घ) बजेट छलफललाई गुणस्तरीय बनाउने र नयाँ आयोजनाहरुको सम्भाव्यता अध्ययन र विस्तृत डिजाइन सहितको प्रोजेक्ट बैंक तयार गर्नुपर्ने,
(ङ) टेन्डर प्रक्रिया र खरिद ऐन, नियममा समसामयिक सुधार गर्नुपर्ने,
(च) अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी बनाउनुपर्ने, नतिजामा आधारित बजेट प्रणालीको कार्यान्वयन गर्नुपर्ने,

५. विस्तृत सम्भाव्यता अध्ययन, सर्भे डिजाइन, कार्यान्वयन योजना नबनाइकन नयाँ कार्यक्रम घोषणा गर्दा तिनको कार्यान्वयन अलपत्र पर्दो रहेछ,
६. पर्याप्त छलफल र सहमति बिना नयाँ नीति घोषणा गर्न नहुने रहेछ,
७. सीमित साधनलाई धेरै आयोजनाहरुमा छर्नु नहुने रहेछ,
८. लगानी र सुधार प्रक्रियालाई सँगसँगै लैजानु पर्दो रहेछ, सुधार बिनाको लगानीले मात्र प्रतिफल दिँदो रहेनछ,
९. नीतिमा निरन्तरता र निश्चितता चाहिँदो रहेछ,
१०. संस्थागत समन्वयको अभावमा नीति र कार्यक्रमको प्रभावकारी कार्यान्वयन सम्भव नहुने रहेछ,
११. कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली सुधारको लागि राम्रो परिपाटी रहेछ।

(छ) सार्वजनिक सम्पत्तिको अभिलेखन र व्यवस्थापन गर्नुपर्ने,
(ज) कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको विस्तार गर्नुपर्ने ।

साथै यो प्रतिवेदनमा चालु आवको संशोधित आयव्ययको अनुमान, अर्धवार्षिक क्षेत्रगत र शीर्षकगत खर्च, राजस्व असुली विवरण, वस्तुगत र सोझै भुक्तानी बजेट विवरण, मन्त्रालयगत/निकायगत थप बजेट मागको विवरण, सरकारले उठाएको आन्तरिक ऋण बापतको कुल दायित्व, बाह्य सहायता प्रतिबद्धता लगायतका विवरणहरु समेटिएका छन् ।

आर्थिक वर्ष २०६८/६९ को बजेटको मध्यावधि समीक्षामा पनि विगतमा झैं बजेटको सफल कार्यान्वयनमा देखिएका समस्या र चुनौती प्रस्तुत गरिएको छ । खासगरी, सार्वजनिक निर्माण क्षेत्रमा जग्गाको मुआब्जा र जग्गा प्राप्तीमा समस्या देखिएको, कतिपय जलविद्युत् आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कनको कार्य समयमै सम्पन्न नहुँदा योजना कार्यान्वयनमा ढिलाइ भएको, आयोजनाका सरोकारवाला र अन्य असम्बन्धित पक्षहरुबाट आयोजनासँग अनावश्यक माग राखी अबरोध सिर्जना गरिएको, ठेक्का सम्झौताअनुरुप समयमै काम सम्पन्न गर्ने प्रवृत्ति नरहेको, आर्थिक वर्षको मध्यमा कर्मचारीको सरुवा गर्ने परिपाटी रहेको, यथार्थ लागत र संस्थागत क्षमताभन्दा बढी बजेट प्रस्ताव गर्ने बानी बसेको, त्रिवर्षीय खर्च प्रक्षेपण बमोजिम खर्च प्रक्षेपण हुन नसकेको तथा आर्थिक वर्ष सुरु हुनुअगावै बजेट पारित गर्ने व्यवस्थाको माग सर्वत्र गरिए पनि कार्यान्वयनमा आउन नसकेको उल्लेख गरिएको छ । गैर आर्थिक सन्दर्भ र विषयका कारणले पनि बजेटको प्रस्तुति र पारित गर्ने कार्यलाई प्रतिकूल असर पारेको छ ।

प्रत्येक वर्ष सार्वजनिक गरिने मध्यावधि समीक्षामा बजेट निर्माणदेखि कार्यान्वयन, अनुगमन र मूल्याँकन तथा लेखापरीक्षणसम्मका गतिविधिमा नीतिगत र कार्यान्वयनगत पक्षमा गर्नुपर्ने सुधारको लामै र यथार्थ चित्र प्रस्तुत गरिए पनि त्यसअनुरुप सुधारका काम असाध्यै सुस्त गतिमा भएका छन् । बजेट निर्माण र कार्यान्वयनलाई राजनीतिसँग चाहिनेभन्दा बढी जोडेर हेर्ने तथा सकारात्मक परिणाम ल्याउने र दूरगामी महत्वका कतिपय योजना र कार्यक्रम पनि असफल बनाइने प्रवृत्ति मौलाएको छ ।

वार्षिक प्रतिवेदन (Year–End Report)

१. परिचय

वार्षिक प्रतिवेदनले सरकारले कार्यान्वयन गरेको बजेटको कार्यसम्पादनका साथै त्यसै आर्थिक वर्षभित्र जारी गरिएको कुनै पूरक बजेटका बारेमा टिप्पणी प्रस्तुत गर्दछ । बजेटमा व्यवस्था गरिएअनुरुप वास्तविक खर्च र सङ्कलित रकमलाई समेट्छ । केही देशमा, मूल बजेटमा उल्लिखित भौतिक उपलब्धि लक्ष्यको सन्दर्भमा सरकारको कार्यसम्पादनलाई प्रतिवेदनमा समावेश गर्ने प्रचलन रहेको छ ।

वार्षिक प्रतिवेदन विस्तृत किसिमको हुन सक्छ, र यसले केन्द्रीय सरकार तथा प्रत्येक मन्त्रालयको वित्तीय कार्यसम्पादनको व्याख्या गरेको हुन्छ । तर कहिलेकाहीँ, मन्त्रालयहरुले पनि बढी विस्तृत ढाँचाका प्रतिवेदन जारी गर्न सक्छन् र त्यसमा गत आर्थिक वर्षको मन्त्रालय तथा सो मातहतका विभागहरुको कार्यसम्पादन प्रस्तुत गरेका हुन्छन् । उदाहरणका लागि, स्लोभेनिया र न्यूजील्यान्ड ।

वार्षिक प्रतिवेदन र सरकारको अन्तिम लेखापरीक्षण दुई अलग विषय रहेको कुरामा विचार पुऱ्याउनु पर्दछ । लेखापरीक्षण प्रतिवेदनले सरकारको वास्तविक खर्च र राजस्व सङ्कलनलाई विस्तृतरुपमा प्रस्तुत गरेको हुन्छ र महालेखा परीक्षकले सरकारले बजेटरी वा खरिद नियम उल्लङ्घन गरेको छ छैन भनी विश्लेषण गर्दछन् । वार्षिक प्रतिवेदनले सरकारको नीति उद्देश्य अनुरुप कार्य गर्न मन्त्रालयहरु सक्षम भए नभएको पनि मूल्यांकन गर्दछ । वार्षिक प्रतिवेदन सम्बद्ध मन्त्रालय वा अर्थ मन्त्रालयले तयार पार्दछ भने लेखापरीक्षण प्रतिवेदन महालेखा परीक्षकले तयार पार्दछ ।

वार्षिक प्रतिवेदनले गत वर्षको कार्यसम्पादनमाथि विचार गर्न सरकारका लागि महत्वपूर्ण अवसर उपलब्ध गराउँछ । यसले क्षेत्रगत मन्त्रालयले कस्ता

नीति र कार्यक्रमलाई सबलीकृत गर्नु पर्दछ र नीतिको भावी दिशासम्बन्धी धारणा बनाउन मद्दत गर्दछ ।

वार्षिक प्रतिवेदनमा समावेश गरिनुपर्ने मुख्यमुख्य विषयः

१. खर्च र राजस्वको अवस्था, समग्र बजेट सन्तुलन र यसको वित्तीय अवस्था ।
२. सरकारको समग्र ब्यालेन्स, पूँजी र दायित्वको अवस्था (सरकारी ऋणको अवस्था)
३. खर्चका लागि आर्थिक तथा कार्यमूलक वर्गीकरण समेटिएको बजेटको उपलब्धि र विभिन्न राजस्व शीर्षक अन्तर्गत प्राप्त राजस्व विवरण ।
४. क्षेत्र र मन्त्रालयगत रुपमा सरकारी खर्चको प्रस्तुतिकरण । अनुमोदित बजेटसँग खर्चको अवस्थाको तुलनात्मक स्थिति बुझ्न यसले मद्दत गर्दछ ।

वार्षिक प्रतिवेदनले सबैभन्दा पछिल्लो आर्थिक वर्षको समष्टीगत आर्थिक अवस्थालाई समावेश गरेको हुनुपर्दछ । बजेटको प्रारम्भिक अनुमानका आधारमा उपलब्धिलाई विश्लेषण गर्नु आवश्यक हुन्छ। प्रतिवेदनमा बजेटमा समेटिएका नीतिहरुको उपयुक्तताका बारेमा पनि टिप्पणी राख्नुका साथै चालु तथा आउँदा वर्षमा वित्तीय नीतिको कार्यसम्पादनलाई सबलीकृत गर्ने उपायहरुलाई पनि सुझाउनु पर्दछ। हालैका वर्षको वित्तीय कार्यसम्पादनको नतिजालाई समेत विचार गरी बजेटको दिगोपनमा सुधार आयो वा कमजोरी भयो भन्ने सम्बन्धमा पनि वार्षिक प्रतिवेदनले औंल्याउनु पर्दछ।

यसबाहेक, वार्षिक प्रतिवेदनमा विभिन्न क्षेत्रगत मन्त्रालयहरुको वार्षिक प्रतिवेदनको सारांशलाई पनि समावेश गर्नु पर्दछ, र यसमा विभिन्न मन्त्रालयको कार्यसम्पादनका सबल र कमजोर पक्षलाई प्रकाश पार्नु पर्दछ। मन्त्रालयहरुले तोकिएका उपलब्धिका सूचकलाई हासिल गर्न सकेका थिए वा थिएनन् तथा सिकाई के रह्यो भनी वार्षिक प्रतिवेदनमा समेट्नु पर्दछ ताकि त्यसलाई भविष्यमा सुधार गर्न सकियोस् ।

केही देशमा, जस्तै बेलायत, मन्त्रालयहरुले गरेका खर्चको सरकारले विस्तृत मूल्याङ्कन गर्दछ। कार्यक्रमका सन्दर्भमा गरिएको खर्चको प्रवृत्ति,

उत्पादकत्व र मूल्यलाई विचार गरेर हुने यो मूल्याङ्कनको मुख्य उद्देश्य नै विगतबाट सिक्नु र भावी नीति निर्माणमा सहयोग गर्नु हो ।

२. वार्षिक प्रतिवेदनमा रहने विषयबस्तु

ओईसीडीका अनुसार वार्षिक प्रतिवेदन समेट्ने समयावधि समाप्त भएको कम्तीमा छ महिनाभित्र प्रकाशन गरिनु पर्दछ (उदाहरणका लागि, आर्थिक वर्ष असारमा अन्त्य भएको अवस्थामा वार्षिक प्रतिवेदन सोही वर्षको पुस मसान्त भित्र प्रकाशन गरिसक्नु पर्दछ) ।

आईएमएफको वित्तीय पारदर्शिता निर्देशिका अनुसार वार्षिक प्रतिवेदन आर्थिक वर्षको अन्त्य भएको कम्तीमा एक वर्षभित्र प्रकाशन गर्नु पर्दछ ।

वार्षिक प्रतिवेदन

महत्व	मुख्य विषयवस्तु	प्रकाशनको समयावधि
आर्थिक वर्षको अन्त्यमा बजेटमा उल्लिखित वास्तविक खर्च र राजस्व सङ्कलनको विस्तृत मूल्याङ्कन गर्न मद्दत गर्दछ	समग्र बजेटको उपलब्धि	ओईसीडीका अनुसार रिपोर्टिङ समयावधि समाप्त भएको कम्तीमा छ महिनाभित्र प्रकाशन गर्नु पर्दछ ।
बजेटका लक्ष्य र कार्यसम्पादन सूचकलाई विचार गरी सरकारको कार्यसम्पादनको विश्लेषण गर्दछ	सरकारको पूँजी र दायित्व (ब्यालेन्स सिट) को समग्र अवस्था	
भावी नीतिगत दिशानिर्देश गर्न सूचित गर्दछ	कार्यमूलक र आर्थिक वर्गीकरणका आधारमा खर्च तथा विभिन्न शीर्षक अन्तर्गत सङ्कलित राजस्वको यथार्थ विवरण	आईएमएफका अनुसार रिपोर्टिङ समयावधि अन्त्य भएको कम्तीमा एक वर्षभित्र प्रकाशन गर्नु पर्दछ ।

महत्व	मुख्य विषयवस्तु	प्रकाशनको समयावधि
	क्षेत्र र कार्यक्रमका आधारमा सरकारी खर्चको सारंश	
	समष्टीगत आर्थिक प्रक्षेपण र वास्तविक नतिजाबीचको विचलनको व्याख्या	
	मन्त्रालयहरु/निकायहरुको कार्यसम्पादनका सबल र दुर्बल पक्षको व्याख्या	
	बजेटका लक्ष्य र कार्यसम्पादन सूचकलाई विचार गरी सरकारको कार्यसम्पादन सम्बन्धी गैरवित्तीय जानकारी	

स्रोतः इन्टरनेसनल बजेट पार्टनरसीप

३. नेपालमा वार्षिक प्रतिवेदन

अर्थ मन्त्रालयले प्रत्येक वर्ष चालु आर्थिक वर्षको समीक्षा गरिएको वार्षिक मूल्याङ्कन प्रतिवेदन पनि सार्वजनिक गर्ने गरेको छ। यो प्रतिवेदनमा देशको आर्थिक स्थिति, बजेटका नीति तथा कार्यक्रमहरुको कार्यान्वयन प्रगति, ठूला आयोजनाको प्रगति विवरण, वार्षिक खर्च विश्लेषण, सार्वजनिक खर्च व्यवस्थापन तथा समस्या र सुझाव समेटिने गरेको छ। खासगरी, महालेखा नियन्त्रक कार्यालयबाट तयार पारिने वार्षिक विवरणबाट प्राप्त हुने सूचनाहरुको आधारमा अर्थ मन्त्रालयको बजेट महाशाखाले यो वार्षिक प्रतिवेदन तयार गर्ने गर्दछ। अर्थ मन्त्रालयले तयार गर्ने गरेको वार्षिक प्रतिवेदन अन्तर्राष्ट्रिय बजेट पार्टनरसीप (आइबीपी) ले तोकेको समयसीमाभित्रै र आवश्यक सूचना समावेश गरेको पाइएको छ।

अर्थ मन्त्रालयले २०६७ पुसमा प्रकाशन गरेको अर्थात आर्थिक वर्ष २०६६/६७ समाप्त भएको ६ महिनापछि सार्वजनिक गरेको वार्षिक मूल्याङ्कन प्रतिवेदनका सम्बन्धमा भनिएको छः "आर्थिक वर्ष व्यतित भएपछि बजेटको कार्यान्वयनको यथार्थपरक मूल्याङ्कन गरेपछि के उपलब्धि भयो, कस्ता समस्या रहे र भावी बजेट कार्यान्वयन गर्दा कुन विषयमा ध्यान दिनु आवश्यक छ भन्ने कुराको

जानकारी प्राप्त हुन सक्छ ।" बजेट नै ढिलो पारित भए पनि आर्थिक वर्ष २०६६/६७ बजेट कार्यान्वयनका उपलब्धि सन्तोषजनक रहेको समीक्षामा जनाइएको छ ।

यो वार्षिक समीक्षा खासगरी सम्बन्धित मन्त्रालयबाट उपलब्ध सूचना, देशको समग्र आर्थिक अवस्थाको सम्बन्धमा नेपाल राष्ट्र बैंकका प्रकाशन र आयव्ययको सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणाली {Financial Management Information System (FMIS)} र क्षेत्रगत मन्त्रायहरु, राष्ट्रिय योजना आयोगबाट उपलब्ध भएका तथ्याङ्क (Secondary Data) का आधारमा तयार पारिएको हुन्छ। प्रतिवेदन तयारी गर्दा अर्थ मन्त्रालयले स्थलगत भ्रमण, अन्तर्वार्ता, विस्तृत सर्भेक्षणजस्ता साधनको प्रयोग गर्न सकेको पाइँदैन। देशमा सञ्चालित ठूला आयोजनाको समीक्षा पनि दोस्रो स्रोतकै आधारमा गर्नुपरेको प्रतिवेदनमै उल्लिखित छ ।

हालका वर्षहरुमा वार्षिक प्रतिवेदनलाई अझ गुणस्तरीय बनाउने प्रयत्न हुन थालेका छन्। अर्थ मन्त्रालय स्वयम्ले पनि रु. ३३ करोडभन्दा माथिका ठूल्ठूला आयोजनाको आफैंले पनि स्थलगत अनुगमन गर्न थालेको छ। यी कार्यबाट आयोजना कार्यान्वयनमा देखिएका समस्या र बाध अड्चन फुकाउन मद्दत मिलेको अर्थ मन्त्रालयको भनाइ रहेको छ ।

अध्याय ३

बजेट निगरानी



लेखापरीक्षण र लेखापरीक्षण प्रतिवेदन ११८
लेखापरीक्षणः सिद्धान्त र विधि १३१

बजेट निगरानी
(Budget Oversight)

१. परिचय

संसदले बजेट अनुमोदन गरेपछि त्यस्तो अनुमोदित बजेटलाई कार्यकारी अर्थात् सरकारले कार्यान्वयनमा ल्याउँछ । यसरी खर्च गर्दा नियम/कानुन तथा पूर्व निर्धारित विधि र प्रक्रिया पालना हुनुपर्छ । सरकारले त्यस्ता नियम/कानुन, विधि र प्रक्रिया पालना गरे वा नगरेको हेर्नु र सार्वजनिक स्रोतको उच्चतम उपयोग भएको सुनिश्चित गर्नु नै बजेट निगरानीको प्रमुख ध्यय हो । अनुगमन तथा मुल्याङ्कन र आन्तरिक नियन्त्रणमा संलग्न सरकारको आफ्नै संरचनाले पनि बजेट कार्यान्वयनको निगरानी गरिरहेको हुन्छ । तर, निगरानी निकाय भन्नाले बजेट कार्यान्वयन सही किसिमले भए/नभएको हेर्ने सरकारको संरचना भन्दा बाहिर रहेका स्वतन्त्र र संवैधानिक निकाय भन्ने बुझिन्छ ।

२. नेपालमा बजेट निगरानी

नेपालको सन्दर्भमा व्यवस्थापिका संसद् र महालेखा परीक्षकको कार्यालय महत्वपूर्ण निगरानी निकाय हुन् । संसद्मा कुनैपनि बेला बजेट कार्यान्वयनका सन्दर्भमा सांसदहरुले आवाज उठाउन र सरकारको ध्यानाकर्षण गराउन सक्छन् भने संसद्ले सरकार र जिम्मेवार पदाधिकारीलाई सचेत गराउन वा गल्ती सुधारका लागि आवश्यक निर्देशन दिन सक्छ । महालेखा परीक्षकको कार्यालयले आर्थिक कारोबार गर्दा नियम कानुनको पालना गरे वा नगरेको, लेखाका सिद्धान्तअनुसार अभिलेखन र लेखाङ्कन गरिए वा नगरिएको तथा हरेक कारोबार गर्दा स्रोत र साधनको समुचित उपयोग भए नभएको र कार्यान्वयन गर्ने जिम्मेवार निकायले पर्याप्त सावधानी अपनाए वा नअपनाएको बारेमा परिपालना र वित्तीय लेखापरीक्षण गर्दछ ।

महालेखा परीक्षकले लेखापरीक्षण गरिसकेपछि हरेक वर्ष वार्षिक प्रतिवेदन राष्ट्रपतिलाई बुझाउँछ । त्यस प्रतिवेदनमाथि संसद्को सार्वजनिक लेखा समितिमा छलफल हुन्छ । महालेखा परीक्षकको प्रतिवेदनले उठान गरेका विषयका आधारमा सार्वजनिक लेखा समितिले सबै विषयगत मन्त्रालयका र महत्वपूर्ण सरकारी निकायका अधिकारीसँग छलफल गरिसकेपछि प्रतिवेदन तयार पारी पूर्ण संसद्समक्ष प्रस्तुत गर्दछ। यसरी सार्वजनिक लेखा समितिको प्रतिवेदनका आधारमा संसद्ले सरकारका मन्त्रीलाई संसद्मा उपस्थित गराउन र सुधारका लागि सरकारलाई आवश्यक निर्देशन दिन सक्छ। तर, अहिलेसम्म पूर्ण संसदले यस्तो भूमिका निर्वाह गरेको दृष्टान्त भेट्न सकिएको छैन ।

लेखापरीक्षण र लेखापरीक्षण प्रतिवेदन
(Auditing and Audit Report)

बजेट चक्रको अन्तिम चरणमा सार्वजनिक स्रोतसाधनको प्रभावकारी र सही ढङ्गबाट प्रयोग भए-नभएको जाँच गर्ने लक्ष्यका साथ विभिन्न क्रियाकलाप भइरहेका हुन्छन् । सामान्यतया सरकारले संसद् र आम जनतासमक्ष आर्थिक परिचालनसँग जोडिएका क्रियाकलापहरु प्रस्तुत गर्नुपर्दछ । सरकारी बजेटको पोष्टमार्टम गर्नेकार्य कुनै स्वतन्त्र र व्यावसायिक निकाय, जस्तै महालेखा परीक्षकलाई नियमित पुनरावलोकन गर्ने जिम्मेवारी दिइनुपर्दछ । महालेखा परीक्षकले औँल्याएका निष्कर्षलाई संसद्मा प्रस्तुत गरिनुपर्दछ जसले बजेट कार्यान्वयनको अभ्यासमा सरकारलाई अझ बढी जिम्मेवार बनाओस । मूल्याङ्कन र लेखापरीक्षणले सरकारले बजेट कानुनलाई अनुसरण गरेको छ छैन वा सार्वजनिक स्रोतसाधनलाई राम्रोसँग प्रयोग गरिरहेको छ छैन भनी ठम्याउन संसद्लाई सक्षम तुल्याउँछ । यही कारण आधुनिक बजेट निर्माण सुधार कार्यक्रमले सार्वजनिक संस्थाहरुमाथि आफ्ना कार्यसञ्चालनमा सुधार ल्याउन बजेट कार्यसम्पादनसम्बन्धी जानकारी उपलब्ध गराउने सम्बन्धमा असाध्यै जोड दिएको छ ।

नेपालमा भने सरकारी कार्यालय, आयोजना तथा सरकारको पूर्ण वा आंशिक स्वामित्वमा सञ्चालित संस्थाको लेखापरीक्षण सामान्यतया दुई किसिमबाट हुने गरेको छः

(१) आन्तरिक लेखापरीक्षण
(२) महालेखा परीक्षकको अन्तिम लेखापरीक्षण

२. एकल खाता कोष प्रणाली

बजेटमा विनियोजित रकम खर्च गर्ने अख्तियारी प्राप्त गरेपछि सम्बन्धित कार्यालय वा परियोजनाले आवश्यक रकम निकासाका निम्ति महालेखा नियन्त्रक

कार्यालय र जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका) मा सम्पर्क गर्दछन् । कोलेनिकाले सम्बन्धित कार्यालय वा परियोजनाले बजेटमा तोकिएबमोजिमको रकम चौमासिक आधारमा निकासा माग गरेपछि बजेट निकासा दिन्छ। तर, एकल खाता कोष प्रणाली लागू भएका जिल्लामा स्वीकृत बजेट रकमको सीमाभित्र रही सम्बन्धित कार्यालय वा परियोजनाको आग्रह बमोजिम कोलेनिका मार्फत सम्बन्धित पक्ष (व्यक्ति/संस्था) लाई भुक्तानी दिइन्छ। एकल खाता प्रणाली भनेको सबै सरकारी कार्यालयबाट हुने खर्चको भुक्तानी एकै बैंक खाताबाट गरिने विधि हो। आन्तरिक नियन्त्रणको महत्वपूर्ण औजारको रुपमा यो प्रणाली अपनाउन सुरु गरिएको हो ।

एकल खाता कोष प्रणालीअन्तर्गत सरकारी कार्यालयहरुले कुनै व्यक्ति वा संस्थालाई भुक्तानी दिँदा जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई बजेट शीर्षक, भुक्तानी पाउनुपर्ने व्यक्ति वा संस्थाको नाम र रकम उल्लेख गरी अनुरोध गर्दछ । कोलेनिकाले सम्बन्धित बजेट शीर्षकमा रकम भए नभएको एकिन गरी त्यो व्यक्ति वा संस्थाको नाममा चेक जारी गर्दछ, र सम्बन्धित कार्यालय मार्फत त्यो चेक सम्बन्धित व्यक्ति वा संस्थालाई उपलब्ध गराइन्छ।

उदाहरणका लागि, जिल्ला वन कार्यालय बाराले रु. १० हजारको स्टेशनरी सामान रामगोपाल स्टेशनरी सप्लायर्सबाट खरिद गर्दछ भने जिल्ला वन कार्यालयले सोझै रामगोपाल सप्लायर्सका नाममा चेक जारी गर्न सक्दैन । त्यसका लागि उसले कोलेनिका बारालाई रु. १० हजार रामगोपाल सप्लायर्सका नाममा जारी गर्न अनुरोध गर्दछ। त्यसपछि कोलेनिकाले सम्बन्धित शीर्षकमा रकम भए-नभएको हेरी सो सप्लायर्सको नाममा चेक तयार गर्दछ। यो चेक कोलेनिकाले जिल्ला वन कार्यालयलाई दिन्छ, र जिल्ला वन कार्यालयबाट रामगोपाल सप्लायर्सले सो चेक बुझ्दछ ।

> ***विद्यालयहरुको भुक्तानीका सन्दर्भमा एकल खाता कोष प्रणालीको सफल कार्यान्वयन हुन नसकेको यो अपवाद हेरौँ:*** *जिल्ला शिक्षा कार्यालय काठमाडौँले थापाथलीस्थित गुह्येश्वरी बालशिक्षा माविमा कार्यरत शिक्षक तथा कर्मचारीको तलब, भत्ता र विद्यालयको अन्य खर्च बापत विद्यालयबाट भुक्तानी पाउनुपर्ने शिक्षक-कर्मचारी र अन्य व्यक्ति वा संस्थाको नाममा बेग्लाबेग्लै चेक जारी हुनुपर्नेमा त्यसो नगरी विद्यालयकै नाममा अनुदान*

बापत एकमुष्ठ रकमको चेक दिने र सो चेक विद्यालयले आफ्नै खातामा जम्मा गरी सम्बन्धित सबैलाई आफैँले चेक बनाई आफ्नै खाताबाट भुक्तानी दिने गरेको छ । यस्तो अवस्था देशैभर छ ।

३. आन्तरिक लेखा परीक्षण

कोलेनिकाले सरकारी कार्यालय वा विकाससँग सम्बन्धित योजनाको आन्तरिक लेखापरीक्षण गर्दछ। चौमासिकरुपमा हरेक सरकारी कार्यालयहरुको आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने प्रावधान भए पनि हालसम्म त्यसको व्यवहारिक कार्यान्वयन हुन सकेको पाइन्न । तैपनि, वार्षिकरुपमा भने आन्तरिक लेखापरीक्षण गरी महालेखा परीक्षकबाट अन्तिम लेखापरीक्षण हुनुअघि नै आन्तरिक लेखापरीक्षण प्रतिवेदन तयार गरिसक्ने प्रचलन छ । यसरी देशभरका कोलेनिकाले तयार गरेका आन्तरिक लेखापरीक्षण प्रतिवेदनका आधारमा महालेखा परीक्षकको कार्यालयले एकीकृत आन्तरिक लेखापरीक्षण प्रतिवेदन तयार गर्दछ ।

महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको पचासौं प्रतिवेदन (आर्थिक वर्ष २०६८/६९) ले *आन्तरिक लेखापरीक्षण नहुने र भएकोमा पनि विश्वसनीय नरहेको* जनाएको छ । आन्तरिक लेखापरीक्षणका सम्बन्धमा महालेखा परीक्षकको कार्यालयको पचासौँ प्रतिवेदन भन्छः

"आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ अनुसार कोष तथा लेखा नियन्त्रक कार्यालयले सरकारी कार्यालयको सबै प्रकारको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ । यो वर्ष ५६ कोष तथा लेखा नियन्त्रक कार्यालयको अध्ययनबाट आन्तरिक लेखापरीक्षणको लागि जनशक्ति पर्याप्त रहेको र लेखापरीक्षणको लागि आवश्यक सूचनामा बिनारोकटोक पहुँच रहेको अवस्था देखियो । तर लेखापरीक्षणमा संलग्न जनशक्तिलाई तालिमको अवसर नभएको, जिल्लास्थित सबै निकायको लेखापरीक्षण फाइल खडा गरी व्यवस्थितरुपमा नराखेको, लेखापरीक्षण निकायको इकाईगत लेखापरीक्षण योजना तयारी र सोअनुसारको कार्यविधि अवलम्बन गरी लेखापरीक्षण सम्पादन गरेको देखिएन । आन्तरिक लेखापरीक्षण निर्देशिका, २०६८ जारी भएता पनि पालना नगरिएको, सम्पादित लेखापरीक्षणको सुपरीवेक्षण हुने नगरेको र चौमासिकरुपमा लेखापरीक्षण सम्पन्न नगरेको स्थिति छ ।

प्राय:जसो कार्यालयको आन्तरिक लेखापरीक्षणबाट बेरुजु नऔँल्याइने तर अन्तिम लेखापरीक्षणबाट बेरुजु देखिने गरेको छ । फलस्वरुप सरकारको आन्तरिक लेखापरीक्षण गुणस्तरीय एवम् भरपर्दो देखिँदैन ।

कतिपय स्वायत्त संस्थाले आन्तरिक लेखापरीक्षणको लागि विशेषज्ञ सेवा लिने गरेकोमा यस्तो सेवा वर्ष व्यतित भएपछि मात्र लिने गरेकाले आन्तरिक नियन्त्रणको उद्देश्यअनुसार कार्य हुन सकेको छैन । जिल्ला विकास समिति र त्रिभुवन विश्वविद्यालयमा आफ्नै आन्तरिक लेखापरीक्षण शाखा भएता पनि आन्तरिक लेखापरीक्षण हुन नसकेको र भएकोमा पनि ढिला हुने गरेको छ ।"

४. आन्तरिक लेखापरीक्षणको आन्तरिक प्रयोजन मात्रै

महालेखा नियन्त्रकको कार्यालयले आन्तरिक लेखापरीक्षण गरी त्यसक्रममा देखिएका कमीकमजोरी, त्यस्ता कमीकमजोरी सुधार गर्न गरिएका प्रयास र त्यसको प्रतिफल समेत समेटी आन्तरिक लेखापरीक्षण प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्ने देखिन्छ । तर, समग्र आन्तरिक लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गर्ने, छलफलमा ल्याउने, नागरिक खबरदारी गराउने गरेको पाइन्न । अझ, महालेखा परीक्षकको कार्यालयले लेखापरीक्षण गर्न सुरु गर्दासम्म पनि सो प्रतिवेदन तयार नहुँदा प्रतिवेदनकै औचित्यमाथि प्रश्न उठ्ने, र त्यो प्रतिवेदन महालेखा नियन्त्रक कार्यालयकै दराजमा थन्किने र धमिरा लाग्ने अवस्था छ । त्यसबाट आन्तरिक नियन्त्रणको अवस्थामा सुधार ल्याउन के योगदान पुग्ला ?

५. महालेखा परीक्षक

नेपालको अन्तरिम संविधान, २०६३ को भाग १२ मा महालेखा परीक्षकको नियुक्ति, योग्यता, काम, कर्तव्य र अधिकार तथा महालेखाको प्रतिवेदनको व्यवस्था गरेको छ । यो संवैधानिक निकाय भएकाले निकै स्वतन्त्र रहेको मान्न सकिन्छ । यो नेपालको सर्वोच्च लेखापरीक्षण निकाय हो ।

६. महालेखा परीक्षकको काम, कर्तव्य र अधिकार

(१) सर्वोच्च अदालत, व्यवस्थापिका-संसद्, संविधानसभा, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखापरीक्षक, लोकसेवा आयोग,

निर्वाचन आयोग, राष्ट्रिय मानव अधिकार आयोग, महान्यायाधिवक्ताको कार्यालय तथा अन्य संवैधानिक निकायको कार्यालय र नेपाली सेना एवं सशस्त्र प्रहरी वा नेपाल प्रहरी लगायतका सबै सरकारी कार्यालय र अदालतको लेखा कानुनद्वारा निर्धारित तरिका बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुनेछ ।

(२) पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षणको लागि लेखापरीक्षक नियुक्त गर्दा महालेखापरीक्षकसँग परामर्श गर्नुपर्दछ । त्यस्तो संगठित संस्थाको लेखापरीक्षण गर्दा अपनाउनु पर्ने सिद्धान्तको सम्बन्धमा महालेखापरीक्षकले आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) महालेखापरीक्षकलाई लेखापरीक्षणसँग सम्बन्धित कागजपत्र जुनसुकै बखत हेर्न पाउने अधिकार हुनेछ । सो अनुसार महालेखापरीक्षक वा त्यसका कुनै कर्मचारीले माग गरेको जुनसुकै कागजपत्र तथा जानकारी उपलब्ध गराउनु सम्बन्धित कार्यालय प्रमुखको कर्तव्य हुनेछ ।

(४) लेखापरीक्षण गरिने लेखा सम्बन्धित कागजात कानुनका अधीनमा रही महालेखापरीक्षकद्वारा तोकिएको ढाँचामा राखिनेछ ।

(५) माथि उल्लेख भएका कार्यालयहरूको लेखाका अतिरिक्त अन्य कुनै कार्यालय वा संस्थाको महालेखापरीक्षकबाट लेखापरीक्षण गर्नुपर्ने गरी कानुनद्वारा व्यवस्था गर्न सकिनेछ ।

७. वार्षिक प्रतिवेदन र यसमा रहने जानकारी

(१) संविधानमा महालेखापरीक्षकले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्ने र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद् समक्ष पेश गर्ने व्यवस्था छ ।

(२) राष्ट्रपतिसमक्ष पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त महालेखापरीक्षकबाट वर्षभरीमा लेखापरीक्षण गरेका निकायको विवरण, लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति, बेरुजु फछ्र्यौट गर्न गरेको प्रयास र बेरुजु फछ्र्यौटका सम्बन्धमा प्राप्त उपलब्धि तथा लेखापरीक्षण सम्बन्धमा भविष्यमा गर्नु पर्ने सुधारको विवरण उल्लेख हुन्छ ।

महालेखा परीक्षकको विभागले तयार पार्ने वार्षिक प्रतिवेदन सार्वजनिक सम्पत्ति हो । बजेटको पारदर्शिता र जवाफदेहीता कायम राख्न सरकारी संयन्त्रहरु सक्षम रहेका छन्-छैनन् भन्ने निक्यौंल गर्न यो दस्तावेजको अध्ययन गरिनु आवश्यक छ । बजेट खर्च निश्चित प्रक्रिया र तोकिएका विधि, मापदण्डको प्रयोग नगरी जथाभावी गर्नु हुँदैन । यस्तो गरिए त्यो बेरुजु हुन्छ ।

८. बेरुजुको पहाड

आर्थिक कार्यविधि ऐन, २०५५ मा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमुनासिब तरिकाले आर्थिक कारोबार गरेको व्यहोरा लेखापरीक्षणद्वारा औँल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रुपमा परिभाषित गरिएको छ। सरकारी निकायको जवाफदेहिता, वित्तीय कारोबारको स्वच्छता र अनुशासनको स्तर मापन गर्ने औजारको रुपमा समेत बेरुजुलाई लिने गरिएको छ । महालेखा परीक्षकको २०६९ सालको पचासौं प्रतिवेदनमा सरकारी कार्यालय, सङ्गठित संस्था, समिति, अन्य संस्था र जिल्ला विकास समितिहरुले उपर्युक्तबमोजिम कामकारबाही नगरेकोले असुल फछ्यौंट गर्नुपर्ने तथा कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रु. दुई खर्ब चार अर्ब २५ करोड ७४ लाख रहेको देखाइएको छ । महालेखाको प्रतिवेदन भन्छ, *"कार्यालयको नामनामेसी र फछ्यौंट तथा सम्परीक्षण नगराएको रकमसहितको विवरण सम्बन्धित विभागीय मन्त्री/राज्यमन्त्री र निकाय प्रमद्रखलाई जानकारी गराउँदा पनि रु. ३५ अर्ब सात करोड ५१ लाख बेरुजु फछ्यौंट हुन बाँकी छ ।"*

तीन वर्षको बेरुजुको तुलनात्मक विवरण

प्रतिवेदन	लेखापरीक्षण अङ्क (रु. लाखमा)	बेरुजु अङ्क (रु. लाखमा)	प्रतिशत
अठ्चालीसौं (२०६६/६७)	४,६७,३७,५०	१८,९२,९३	४.०५
उनन्चासौं (२०६७/६८)	५,२७,५६,०८	२२,५०,३७	४.२६
पचासौं (२०६८/६९)	७,४२,५९,४३	२७,९६,९६	३.७७

महालेखाको प्रतिवेदन अनुसार गत वर्षको तुलनामा बेरुजुको अङ्क वृद्धि भए पनि लेखापरीक्षण अङ्कको तुलनामा बेरुजु प्रतिशत घटेको छ। बेरुजु प्रतिशत घट्नुमा यस वर्षको पुँजीगततर्फ बजेटको तुलनामा ५६.६२ प्रतिशतमात्र खर्च हुनु रहेको छ ।

९. कार्यमूलक लेखापरीक्षण

महालेखा परीक्षकको प्रतिवेदन सामान्यतया दुई किसिमको हुन्छ । पहिलो, एकीकृत लेखापरीक्षण र दोस्रो, निकायगत लेखापरीक्षण। एकीकृत लेखापरीक्षण प्रतिवेदनले देशको समग्र लेखाको अवस्था झल्काउँछ । सरकारको आय, व्यय र आन्तरिक तथा बाह्य ऋणको अवस्था, खर्च गर्दा अपनाइएको विधि र समस्या, बेरुजु लगायतका विवरण समेटिएको हुन्छ । तर, निकायगत लेखापरीक्षण सीमित हुन्छ, अर्थात महालेखा परीक्षकको विभागले छानेका केही कार्यालय र निकायको समग्र कार्यसम्पादन लेखापरीक्षण गरिएको हुन्छ।

केही वर्षदेखि महालेखा परीक्षकको कार्यालयले यस्तो लेखापरीक्षण गरिरहेको छ । महालेखाले आर्थिक वर्ष २०६७/६८ मा विभिन्न विषय र क्षेत्रसँग सम्बन्धित २७ वटा निकायको कार्यमूलक लेखापरीक्षण गरेको थियो । उदाहरणका लागि, अनौपचारिक शिक्षा कार्यक्रमसँग सम्बन्धित कार्यमूलक लेखापरीक्षणमा अवस्था, स्रोतसाधनको व्यवस्था, देखिएका कमीकमजोरी, औपचारिक शिक्षासँग सम्बन्ध लगायतका विषयमा प्रकाश पारिएको छ । यो कार्यमूलक लेखापरीक्षण स्थलगत अवलोकनमा आधारित, निकै विस्तृत किसिमको भए पनि यहाँ औँल्याइएका कमीकमजोरी सच्याउनेतर्फ सम्बन्धित निकाय कति अग्रसर होला भन्ने अन्योल छ ।

नेपालमा सार्वजनिक लेखाको प्रक्रिया

बजेट निकासा (अर्थ मन्त्रालय/ महालेखा नियन्त्रक/कोलेनिका)

आन्तरिक लेखापरीक्षण (महालेखा नियन्त्रक/कोलेनिका)

अनुगमन/निर्देशन (महालेखा नियन्त्रक/कोलेनिका)

वार्षिक प्रतिवेदन (कार्यालय, विभाग, मन्त्रालय)

अन्तिम लेखापरीक्षण (महालेखा परीक्षकको कार्यालय)

वार्षिक प्रतिवेदन (महालेखा परीक्षकको कार्यालय)

लेखापरीक्षण प्रतिवेदन हस्तान्तरण (महालेखा परीक्षकबाट राष्ट्रपति समक्ष)

संसद्मा प्रतिवेदन प्रस्तुत (महालेखाको प्रतिवेदन प्रधानमन्त्री मार्फत संसद्मा प्रस्तुत)

सार्वजनिक लेखा समिति (महालेखा परीक्षकको प्रतिवेदनमाथि छलफल/निर्देशन/अनुगमन)

निगरानी प्रक्रियाको प्रचलित पद्धति

- *संसद्को समितिले लेखापरीक्षण प्रतिवेदनमाथि सुनुवाइ गर्दछ*
- *प्रत्येक सरकारी निकायले वार्षिक प्रतिवेदन बनाउँछन् र सर्वोच्च लेखापरीक्षण संस्थामा बुझाउँछन्*
- *सर्वोच्च लेखापरीक्षक संस्थाका कर्मचारीले त्यसको परीक्षण गर्छन्*
- *लेखापरीक्षणको नतिजाका आधारमा सर्वोच्च लेखापरीक्षण निकायले सम्बन्धित निकायलाई लेखापरीक्षण धारणा दिन्छ र समग्र प्रतिवेदन संसदीय समितिमा पेश गर्छ*
- *संसदीय समितिले सुधारका लागि कार्यकारी निकायहरुले गर्नुपर्ने कामसम्बन्धी सुझावहरु पूर्ण संसद्मा प्रस्तुत गर्छ*
- *संसद्ले लेखापरीक्षणमा औँल्याइएका विषयमा आवश्यक सुधारका लागि प्रस्ताव पारित गर्छ*

१०. नेपालमा महालेखाको प्रतिवेदन संसदमा पुग्ने प्रक्रिया

महालेखा परीक्षकले आर्थिक वर्षको लेखापरीक्षण कार्य सम्पन्न गरिसकेपछि त्यसलाई प्रतिवेदनको रुपमा राष्ट्रपतिसमक्ष पेस गर्दछ। यो महालेखा परीक्षकको संवैधानिक दायित्व पनि हो । संविधान बमोजिम राष्ट्रपतिले आफुले प्रप्त गरेको महालेखाको प्रतिवेदन प्रधानमन्त्रीलाई हस्तान्तरण गर्छन् र प्रधानमन्त्रीले सो प्रतिवेदन संसद्मा पठाउँछन् । विगतमा महालेखाको प्रतिवेदन गोप्य रहने गरे पनि आजभोलि महालेखा परीक्षकले राष्ट्रपतिसमक्ष प्रतिवेदन बुझाउनासाथ प्रतिवेदनको सारांश सार्वजनिक गर्ने र अर्को दिन पत्रकार सम्मेलन गरी प्रतिवेदनका मूल पक्षहरुलाई सार्वजनिक गर्ने परिपाटी रहेको छ। तर, महालेखाले औँल्याएका लेखासम्बन्धी विषयहरुमाथि छानबिन गर्ने र सरकारलाई आमन्त्रण गरेर छलफलमा डाक्ने, निर्देशित गर्ने कार्य संसद्को सार्वजनिक लेखा समितिको हो । त्यसर्थ, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले महालेखा कार्यालयको प्रतिवेदनलाई संसद् समक्ष बुझाउनु पर्दछ ।

११. सार्वजनिक लेखा समिति

महालेखा परीक्षकले राष्ट्रपतिसमक्ष हस्तान्तरण गरेको वार्षिक लेखापरीक्षण प्रतिवेदन माथि भनिएझैं जनप्रतिनिधिहरुको सर्वोच्च संस्था संसद्मा प्राप्त हुन्छ र संसद्मा रहने सार्वजनिक लेखा समितिमा यसबारेमा गहन छलफल र विश्लेषण हुन्छ । प्रतिवेदनले औँल्याएका तथ्य र निष्कर्षका बारेमा समितिले सम्बन्धित सरकारी निकायलाई आमन्त्रण गर्ने, निर्देशन दिने गर्दछ । बजेटको पारदर्शिताका सन्दर्भमा महालेखाको प्रतिवेदन निकै प्रभावशाली औजार हो । सार्वजनिक लेखा समितिको मुख्य काम, कर्तव्य र अधिकार देहायबमोजिम छः

- कार्यक्षेत्रअन्तर्गतका निकायहरुको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अन्य क्रियाकलापको मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने एवम् सोको प्रतिवेदन संसद्मा पेश गर्ने,
- कार्यक्षेत्रअन्तर्गतका निकायहरुको आयव्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तथा विद्यमान नीतिको सट्टा वैकल्पिक नीतिको सम्बन्धमा निर्देशन दिई रायसहितको प्रतिवेदन पेश गर्ने,
- कार्यक्षेत्र सम्बद्ध विषयहरुमा मन्त्रिपरिषद्का सदस्यहरुले सरकारको तर्फबाट संसद्मा समय समयमा दिएका आश्वासनहरु पूरा गर्न सरकारद्वारा उठाइएका कदमहरुको अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिई सोको प्रतिवेदन संसद्मा पेश गर्ने,
- कार्यक्षेत्रअन्तर्गतको सार्वजनिक सम्पत्तिको संरक्षण भएको, सरकारबाट प्रचलित कानुनको पालना भए नभएको तथा विभिन्न आयोगका प्रतिवेदन कार्यान्वयन भए नभएको बारेमा प्रतिवेदन पेश गर्ने,
- महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजुको जाँच गरी महालेखा परीक्षकद्वारा भए गरेका कामकारवाही र सो सम्बन्धमा सम्बन्धित निकायबाट हुनुपर्ने कामकारवाही कानुन सङ्गत र औचित्यपूर्ण तरिकाबाट भए नभएको जाँच गर्ने ।

१२. बजेट पारदर्शिताको कसीमा महालेखाको प्रतिवेदन

(१) महालेखा परीक्षकको कार्यालयले तयार पार्ने वार्षिक प्रतिवेदन बजेटलाई पारदर्शी बनाउन निकै उपयोगी दस्तावेज हो । यो प्रतिवेदनले सरकारी आयव्ययको स्वरुपलाई नजिकबाट नियाल्ने प्रयत्न गरेको पाइन्छ ।

आम जनताले भुल्न नहुने कुरा नै प्रतिवेदनमा सही ठहऱ्याइएका र प्रस्तुत गरिएका कैयन बिल, भौचर सम्पूर्ण औपचारिक प्रक्रिया पुऱ्याए पनि ती नक्कली हुन सक्छन् । सबैको मिलोमतोमा भएगरेको कामलाई महालेखा परीक्षकका कर्मचारी र प्रतिनिधि संस्था/व्यक्तिले पनि पत्ता लगाउन मुस्किल हुन्छ, अथवा थाहा पाएका कतिपय तथ्य पनि "लोभमा परेर" आँखा चिम्लिदिने खतरा रहन्छ । उदाहरणका लागि, महालेखा परीक्षकको कार्यालयको ५०औं वार्षिक प्रतिवेदन अनुसार *कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६८।६९ को व्यवस्था र वार्षिक कार्यक्रमअनुसार प्राथमिक तहका विद्यार्थीका लागि दिवा खाजाबापत प्रतिविद्यार्थी दैनिक रु.१२।- का दरले विद्यालय खुल्ने दिन गणना गरी २०० दिनसम्मको खाजाको व्यवस्था गर्न विद्यालयलाई रकम निकासा दिने व्यवस्था छ । नमुना परीक्षणमा परेका जिल्ला शिक्षा कार्यालय कैलालीले २५ हजार २२० विद्यार्थीका लागि कार्यालयको अभिलेख अनुसार विद्यालय खुलेको दिन २०७ को रु ६ करोड २६ लाख ४६ हजार निकासा दिएकोमा बढी निकासा दिएको रु.२१ लाख १८ हजार, जुम्लाले फ्ल्यास रिपोर्टमा उल्लेख भएको विद्यार्थी संख्याभन्दा बढीलाई रु.२ लाख ५९ हजार खर्च देखाएको र हुम्लाले निकासा विवरणको जोड जम्मामा फरक परी रु.६ लाख २६ हजार बढी निकासा दिएकोले असुल गर्नुपर्दछ ।* यो विवरणमा उल्लिखित विद्यार्थीको संख्या, विद्यार्थीले खाजा पाए-नपाएको र विद्यालयमा खाजा खुवाउने प्रचलन रहे-नरहेकोजस्ता कुरामा नागरिकले प्रश्न गर्न सक्छन् । महालेखाको टोलीले पनि फिल्डको अवलोकन गर्न सक्छ, तर उसका निम्ति यो बाध्यकारी हुँदैन । टोलीले निकासा, खर्चको फाँटबारी सही भए-नभएको, प्रक्रिया पुऱ्याइएको छ छैन, शिक्षा कार्यालयले रकम बुझाएको भरपाई राखेको छ छैन, विद्यालयको सहीछाप छ छैन जस्ता विवरण हेर्ने गर्दछ । त्यसैले, लेखापरीक्षण, कार्यक्रम सञ्चालन र प्रगतिबीच धेरै फरक परेको हुन सक्छ ।

(२) महालेखाको प्रतिवेदनले औंल्याएका तथ्यका आधारमा पनि बजेटलाई पारदर्शी बनाउन नागरिक समाज, सञ्चार संस्था र व्यक्तिले योगदान गर्न सक्छन् । बजेट पारदर्शी हुनु भनेको भ्रष्टाचारमा कमी आउनु र सदाचार, सुशासन कायम हुनु पनि हो । जनताले तिरेको करको

दुरुपयोग रोक्न महालेखाको प्रतिवेदन एक इँटा मात्र हो, दुरुपयोग रोक्न व्यापक पहल, सक्रियता र सचेतना जरुरी हुन्छ ।

(३) महालेखाको प्रतिवेदन आमजनताको पहुँचमा असाध्यै कम हुन्छ । महालेखा परीक्षकको कार्यालयले पनि प्रतिवेदनका सम्बन्धमा जिल्ला, गाउँ तहमा पुगेर छलफल चलाउँदैन । प्रतिवेदन राष्ट्रपति, प्रधानमन्त्री हुँदै संसद् समक्ष पुग्छ र प्रायः त्यहीँ छलफल भई टुङ्गिन्छ । महालेखा परीक्षक कार्यालयले पनि आफ्नो प्रतिवेदनलाई जिल्ला, गाउँ र परियोजना तहमा लगेर छलफल चलाउनु पर्ने हो कि ? जनताले बुझ्नेगरी प्रतिवेदनलाई सार्वजनिक गर्न सकिए पनि त्यो प्रतिवेदनमा भएका कुरालाई लिएर नागरिक तहबाट आवाज उठ्न सक्छ । हाल महालेखाले आफ्नो प्रतिवेदन प्रकाशन गर्ने, प्रतिवेदनका सम्बन्धमा पत्रकार सम्मेलन गरी मिडिया मार्फत सार्वजनिक गर्ने, प्रतिवेदनलाई वेबसाइटमा राख्नेजस्ता केही राम्रा काम गरिरहेको छ, तर त्यो पर्याप्त देखिन्न ।

(४) महालेखाको प्रतिवेदन विभिन्न आङ्कडा, अर्थशास्त्रीय र लेखासम्बन्धी विशेष शब्दावलीले भरिपूर्ण हुने गरेको छ । यो प्रतिवेदन जनताले बुझ्न कठिन हुन्छ । प्रतिवेदन जनताका निम्ति होइन भन्ने हो भने अर्को कुरा, नत्र यो प्रतिवेदन सहज, सरल र सकेसम्म विभिन्न भाषामा उपलब्ध हुनुपर्दछ । प्रतिवेदन सार्वजनिक भएलगत्तै जनताले त्यो प्रतिवेदनको पनि गुणस्तरीयता, विश्वसनीयता 'अडिट' गर्न सक्छन् ।

(५) महालेखाको टोली जिल्ला/परियोजनामा पुग्नासाथ सुनिने गरेका टीकाटिप्पणी निकै लज्जित पार्ने किसिमका छन् । देशको समग्र लेखाको अध्ययन, विश्लेषण र रुजु गर्ने गहन जिम्मेवारी बोकेको महालेखाप्रति आउने वा सुनिने यस्ता टीकाटिप्पणीमाथि केन्द्रीय कार्यालय सचेत हुनु आवश्यक छ । आम धारणा नै छ, 'महालेखाको टोली आएको छ, उनीहरुका लागि निकै राम्रो खानपिन र दामको व्यवस्था गर्नुपर्छ ।' यो कार्यमा कार्यालय प्रमुख र लेखा हेर्ने व्यक्ति/लेखा नियन्त्रक निकै सक्रिय हुन्छन् । जसले 'बन्दोबस्त' राम्रोसँग गर्दैन उसकै बारेमा विभिन्न प्रश्न उठाइन्छ, र बेरुजु देखाइन्छ भन्ने टिप्पणी सुनिने गरिन्छ । ठूलै भ्रष्टाचार भएको वा अनियमितता भएको आशंका गरिएका कैयन

कार्यालयका सम्बन्धमा महालेखाको प्रतिवेदन मौन रहनुले पनि यसलाई पुष्टी गर्दछ । कार्यालय र परियोजनामा उत्पन्न गराइने त्रासको मनोविज्ञानलाई अन्त्य गर्न महालेखा परीक्षकको कार्यालयले आफ्नै टोलीको पनि छड्के जाँच गर्ने, अनुसन्धान गर्नेजस्ता कार्यहरु गरिनु आवश्यक छ। अथवा, महालेखा स्वयमले सार्वजनिक सूचना गरी नागरिक समाजलाई पहरेदारी गरिदिन आग्रह गर्नु पर्दछ।

(६) महालेखाको प्रतिवेदन अङ्कको लेखाजोखामा मात्र सीमित नहोस्, देशको लेखाप्रणाली लथालिङ्ग नहोस्, असुल गर्नैपर्ने बेरुजु उठाउन महालेखाले पनि भूमिका निर्वाह गर्न पाओस्, अक्षम लेखा नियन्त्रक भए उनीमाथि कारबाही गर्नेसम्मको अधिकार महालेखाले पाओस् तथा प्रत्येक वर्ष असुल गर्नैपर्ने बेरुजु लगातार पाइए त्यस्ता कार्यालय प्रमुख र लेखाका कर्मचारीमाथि विभागीय कारबाही गर्न सिफारिस गरोस्। यी कार्य गर्न सकिए महालेखाको लेखापरीक्षणप्रति जनताको विश्वास बढेर जान्छ । महालेखा 'दाँत नभएको' संस्थामा मात्र रहनु कदापी उचित होइन ।

लेखापरीक्षणः सिद्धान्त र विधि

परिचय

लेखापरीक्षण प्रतिवेदनले गत आर्थिक वर्ष सरकारले जनताबाट उठाएको कर र खर्चसम्बन्धी सरकारको रिपोर्टिङ ठीक छ छैन भनी स्वतन्त्र र आधिकारिक विवरण जनसमक्ष ल्याउँछ। लेखा प्रतिवेदन सरकारले आर्थिक वर्षभित्र वित्तीय व्यवस्थापन कानुन र नियमलाई पालना गरेको छ छैन भनी जनाउ दिन्छ। केही देशमा, लेखा प्रतिवेदनले पूँजी र दायित्वसम्बन्धी वित्तीय विवरणमा रहेका सूचनाको सत्यताका विषयमा टिप्पणी पनि गर्दछ र सरकारी खर्चको क्षमता र प्रभावकारिताका सम्बन्धमा धारणा प्रस्तुत गर्दछ।

त्यसकारण, लेखा प्रतिवेदन जवाफदेहीतामा देखिएका कमीकमजोरी बन्द गर्ने एउटा महत्वपूर्ण पक्ष हो। सरकारले जनताबाट कर, सापटी उठाउन र खर्च गर्न अख्तियारी सहितको स्वीकृति पाएको हुन्छ भने संसद् र आमजनताले सरकारबाट भएको बजेट परिचालनको विश्वसनीयता कायम रहेको तथा त्यो कानुनसम्मत भए नभएको बुझ्न चाहेका हुन्छन्।

अधिकांश देशहरुमा, सरकारको लेखापरीक्षण निकायलाई सरकारी नीतिहरुमाथि सोझै प्रश्न उठाउने कार्यादेश प्राप्त हुँदैन, र यो निकाय सरकारले नीतिहरुको कार्यान्वयन कसरी गर्‍यो भनेर अध्ययनमै खुम्चिएका हुन्छन्। तैपनि, लेखा प्रतिवेदनमा रहेका सूचना तथा जानकारीहरु संसद् र नागरिक समाजका लागि अत्यन्तै उपयोगी हुन सक्छन्। उनीहरुले लेखा प्रतिवेदनमा औँल्याइएका तथ्यका आधारमा सरकारी नीतिमाथि प्रश्न उठाउन सक्छन्।

लेखा प्रतिवेदनमा समाविष्ट विवरणहरु कार्यकारी तहमा रहेकाहरु बाहेकका व्यक्ति वा संस्थालाई सुनजस्तै मूल्यवान हुन्छन्। सर्वोच्च लेखा निकायहरु (महालेखा परीक्षक) स्वतन्त्र निकाय रहने, सिद्धान्ततः यो निकायलाई सरकारका सूचनामा पूर्णरुमा पहुँच हुने तथा संसद् र जनतालाई सोझै रिपोर्ट गर्ने कार्यादेश प्राप्त हुने भएकाले यो निकायको विशेष महत्व छ। सरकारलाई संसद्, प्रेस वा नागरिक समाजले लेखा प्रतिवेदनका आधारमा गरिने टिप्पणीलाई आलोचना गर्न वा अस्वीकृत

गर्न निकै कठिन हुन्छ । कतिपय अवस्थामा सर्वोच्च लेखा परीक्षण निकायले आफूले गरेका कार्यको जानकारी गराउन प्रेस विज्ञप्ति नै जारी गर्न सक्छन् ।

सर्वोच्च लेखापरीक्षण निकायले कानुनी र व्यवहारिक दुवै किसिमबाट ज्यादै वा कम स्वतन्त्रता प्राप्त गरेका हुन्छन् । कानुनी कार्यादेश, सीमा, पदाधिकारीको नियुक्ती र खारेज, कर्मचारी भर्ना र क्षमताले नै (लेखापरीक्षण निकायको) जनताका निम्ति विश्वसनीय र सक्षम पहरेदार (वाचडग)को रुपमा काम गर्न सक्ने निर्क्योल गर्दछ । लेखापरीक्षण निकायको सञ्चालन र रिपोर्टिङको सन्दर्भमा अन्तर्राष्ट्रिय मापदण्ड समेत निर्माण गरिएका छन् ।

लेखा प्रतिवेदनमा समावेश गरिने जानकारी सर्वोच्च लेखापरीक्षण निकायको किसिम र यसको कानुनी कार्यादेशमा निर्भर गर्दछ । साथै, सरकारले तयार पार्ने वित्तीय प्रतिवेदन र विवरणमा समावेश गरिने जानकारी पनि लेखा प्रतिवेदनका लागि महत्वपूर्ण हुन्छ । कार्यकारी नै वस्तुनिष्ठ र पूर्ण स्वरुप सहितको वित्तीय विवरणलाई विश्वसनीय ढङ्गबाट सूचना प्रकाशनका लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली कायम रहेको सुनिश्चित गर्नका लागि जिम्मेवार हुन्छ ।

सरकारका लेखापरीक्षण निकायहरुमा खासगरी तीनवटा मुख्य संस्थागत मोडेल विद्यमान छन् र यिनैले प्रतिवेदनमा समावेश गरिने सामग्रीको निर्क्योल हुने गर्दछ (डाई र स्टापेनहर्स्ट, १९९८):

- **नेपोलियन मोडेल:** समाविष्ट न्यायिक निकायको रुपमा स्थापित कोर्ट अफ एकाउन्टका मजिस्ट्रेटहरु नियमितता लेखापरीक्षणमा केन्द्रित रहन्छन् । फ्रान्सबाट सुरु भएको र युरोप, दक्षिण अमेरिका र अफ्रिकाका कतिपय देशमा प्रचलनमा रहेको यो मोडेलमा अरु मोडेलमा झैं सर्वोच्च लेखापरीक्षण निकाय र संसद्बीचजस्तो सम्बन्ध हुँदैन ।
- **वेस्टमिन्स्टर मोडेल:** यो मोडेलअन्तर्गत महालेखा परीक्षकले संसद् समक्ष प्रतिवेदन पेस गर्दछन् । बेलायतबाट आरम्भ भएको यो मोडेल बेलायती कमनवेल्थ देशहरुमा फैलिएको छ ।
- **बोर्ड मोडेल:** एसियामा प्रचलनमा रहेको यो मोडेलमा वेस्टमिन्स्टर मोडेलकै स्वरुपमा अध्यक्ष र सानो समितिले कार्य गर्दछ ।

विश्वभर लेखा प्रतिवेदनको कुनै एक मोडेल मात्र प्रचलनमा छैन । विश्वमा खासगरी दुई किसिमका लेखापरीक्षण विधि छन्:

- *नियमितता लेखापरीक्षण:* सर्वोच्च लेखापरीक्षण निकायले प्रत्येक सरकारी निकाय र सरकारकै वित्तीय विवरणको तथ्यपरकता र स्वच्छताको जाँच गर्दछ। लेखापरीक्षकले नियन्त्रण प्रणाली जाँच गर्दछ, कारोबार र ब्यालेन्सको नमुना जाँच गर्दछ र टिप्पणी लेख्दछ। लेखापरीक्षकले संसद्बाट तोकिएको बजेटको सीमा (विनियोजन) लाई उल्लङ्घन गरी खर्च भएको छ छैन जाँच पनि गर्दछ। त्यस्तो गरिएको भए गैरकानुनी ठहऱ्याइन्छ।
- *कार्यसम्पादन लेखापरीक्षण:* सर्वोच्च लेखापरीक्षण निकायले खर्च गरिएको रकमबाट जनताले प्रतिफल प्राप्त गरे नगरेको बताउँछ। यसमा सरकारी खर्चको आर्थिक, सक्षमता र प्रभावकारिताको विश्लेषण गरिएको हुन्छ। कार्यसम्पादन लेखापरीक्षण बढ्दो लागत र सरकारको आकारका सम्बन्धमा जनचासो तीव्र हुँदै गएपछि सन् १९६० को दशकमा औद्योगिक देशहरुबाट प्रारम्भ भएको हो। त्यसपछि यो प्रचलन धेरैवटा विकासशील मुलुकमा फैलिएको छ।

  सरकारी कार्यालयहरुद्वारा सेवा प्रवाह गर्दा वा कार्यक्रम/आयोजना सञ्चालन गर्दा गराउँदा प्रचलित कानुनअनुसार मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता ल्याउने ढङ्गले सञ्चालन वा कार्यान्वयन भए नभएको परीक्षण गर्ने पद्धति कार्यमूलक लेखापरीक्षण भित्र पर्दछ। यसअन्तर्गत संवैधानिक वा अरु सरकारी कार्यालयद्वारा प्रवाहित सेवा र कार्य वा सञ्चालन गरिएका योजना र कार्यक्रमको परीक्षण मूल्याङ्कन गरिन्छ। आर्थिक वर्ष २०६१/६२ देखि आरम्भ गरिएको कार्यमूलक लेखापरीक्षण निकै प्रभावकारी भएको पाइएको छ। महालेखा परीक्षकको वार्षिक प्रतिवेदन, २०६७ मा विभिन्न ९ वटा मन्त्रालयअन्तर्गतका १४ वटा विभाग र कार्यालयको कार्यमूलक लेखापरीक्षण सम्पन्न भएको थियो।

लेखा प्रतिवेदनले सर्वोच्च लेखापरीक्षण निकायको कानुनी हैसियतको सीमा र प्रकृतिलाई सङ्केत गर्नु पर्दछ। यो कार्यादेशले सर्वोच्च लेखापरीक्षण निकायलाई सरकारको वार्षिक बजेट तथा अतिरिक्त बजेट प्राप्त गर्ने सबै केन्द्रीय सरकारी निकायहरुको राजस्व, खर्च, र पूँजी तथा दायित्वको लेखापरीक्षण गर्नेगरी सशक्तीकरण गर्नु पर्दछ। सरकारी स्वामित्वका संस्थानहरुको लेखापरीक्षण प्राय: निजी क्षेत्रका लेखापरीक्षण निकायबाट गरिन्छ, तथापि यी लेखापरीक्षणको गुणस्तरीयता जाँच र टिप्पणी गर्ने अधिकार सर्वोच्च लेखापरीक्षण निकायमा

हुन्छ। सर्वोच्च लेखापरीक्षण निकायको कार्यादेशमा सामान्यतया लेखापरीक्षण टिप्पणी, निचोड र सिफारिस गर्ने रहेको हुन्छ।

यो दस्तावेज कहिले प्रकाशन गरिनु पर्दछ ?

आईएमएफका अनुसार लेखा प्रतिवेदन कम्तीमा अर्को आर्थिक वर्षभित्रै प्रकाशन गर्नु पर्दछ (उदाहरणका लागि, आर्थिक वर्ष असार मसान्तमा अन्त्य भएको छ भने लेखा प्रतिवेदन अर्को वर्षको असार मसान्त अघि प्रकाशन गरिनु पर्दछ)।

ओईसीडीले आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र लेखा प्रतिवेदन प्रकाशन गर्नु सबैभन्दा राम्रो हुने सुझाव दिएको छ।

लेखापरीक्षण प्रतिवेदन		
महत्व	मुख्य विषयवस्तु	प्रकाशनको समयावधि
बजेट कार्यान्वयनको स्वतन्त्र र आधिकारिक विश्लेषण	सरकारका वित्तीय विवरणको सत्यता र स्वच्छता सम्बन्धी टिप्पणी	ओईसीडीका अनुसार बजेट वर्ष समाप्त भएको छ महिनाभित्र
बजेट कानुन मुताबिक सरकार सञ्चालित छ छैन भनी मूल्याङ्कन	सार्वजनिक वित्त व्यवस्थापनका लागि सरकारको नियन्त्रण प्रणालीको पर्याप्ततामाथि टिप्पणी	
सरकारी वित्तीय विवरणको सत्यता र विश्वसनीयताका सम्बन्धमा टिप्पणी	सार्वजनिक वित्त सम्बन्धी बजेट र अरु सम्बद्ध कानुनको सरकारले उल्लङ्घन गरेको भए त्यसको पहिचान	आईएमएफका अनुसार रिपोर्टिङ समयावधि अन्त्य भएको कम्तीमा एक वर्षभित्र
जवाफदेहीतामा देखिएका कमजोरीलाई बन्द गरिदिन्छ	लेखापरीक्षण गरिएको खाता सम्बन्धी महालेखा परीक्षकको धारणा वा टिप्पणी	
सरकारको कार्यसम्पादनकोविश्लेषण रहेकाले संसद्, नागरिक समाज र सञ्चार माध्यमका लागि मूल्यवान स्रोत	लेखापरीक्षणबाट पहिचान गरिएका समस्या सुल्झाउन दिइएको सिफारिसको सूची	
	अघिल्लो लेखापरीक्षण सिफारिसको अवस्थाको खोजी	

स्रोतः इन्टरनेसनल बजेट पार्टनरसीप

महालेखा परीक्षक
वित्तीय व्यवस्थापन
भ्रष्टाचार
• आयोजना
• विकास निर्माण
• रकमान्तर
• अप्रत्याशित कार्य
• नियम बिपरित खर्च
• बेरुजु
• कमजोर निगरानी
?!

अध्याय ४

बजेट पारदर्शिता र नेपाल



बजेट प्रक्रियामा संलग्न हुने निकाय र तिनको भूमिका १५३
नेपालमा बजेटसँग सम्बन्धित दस्तावेजहरु १५६

१. परिचय

बजेटको पारदर्शिता केवल बजेट सार्वजनिक गर्दैमा सुनिश्चित हुने विषय होइन । बजेट निर्माण, बजेट प्रस्तुत, बजेट कार्यान्वयन र बजेटको निगरानीका सबै चरणमा नागरिकको यथेष्ट सहभागिता हुनुपर्दछ, उनीहरुले ती छलफलमा भाग लिन पाउनुपर्दछ र बजेटमा देखिएका कमीकमजोरीमाथि प्रश्न उठाउन पाउनुपर्दछ । बजेट निर्माणका सन्दर्भमा नेपाली कर्मचारीतन्त्र निकै अनुदार रहने गरेको छ । बजेट कहाँ, कसले र कसरी बनाइरहेको छ भन्ने सामान्य जानकारीबाट आम जनता बेखबर हुँदै आएका छन् । बजेट निर्माणमा प्रमुख भूमिका निर्वाह गर्ने राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयले बजेटलाई निकै प्राविधिक, वस्तुनिष्ठ र व्यावसायिक बनाउने कोसिस गरे पनि पर्याप्त जनसहभागिताको अभावका कारण त्यो सफल हुन सकिरहेको छैन ।

बजेट निर्माणका सन्दर्भमा नागरिकका आवाजलाई थुन्ने काम गरियो भने त्यसले वाञ्छित उपलब्धि हासिल गर्न मद्दत गर्दैन । नेपालको बजेट निर्माणको समग्र पक्षमाथि विचार गर्ने हो भने जनतासँग प्रत्यक्ष सरोकार राख्ने कार्यक्रममा समेत जनताको भनाई, उनीहरुका आवाज र धारणालाई आत्मसात गरेको पाइन्न । अधिकांशतः बजेट निर्माणको पद्धति नै माथिबाट तलको सिद्धान्तमा आधारित छ । गाउँघरमा निर्माण गर्नुपर्ने स-साना विकास निर्माण, विद्यालय स्थापनाजस्ता काममा समेत जनताको प्रत्यक्ष सहभागिता खोजिन्न । उनीहरुका जनप्रतिनिधिहरु (सांसद्, स्थानीय निकायका प्रतिनिधि) ले बजेटमा योजना पार्न पहल गरिदिए वा स्थानीय जनता स्वयम् सक्रिय भई सम्बन्धित निकायमा दबाब दिएमात्र त्यो बजेटमा समावेश हुनेजस्तो अवस्था छ । योजनाका निम्ति विनियोजन गरिने रकम पनि स्थानीय आवश्यकतामा आधारित हुनुपर्छ । यस तथ्याङ्कलाई केन्द्रविन्दुमा राखेर बजेट निर्माण गर्न त तलबाट माथिको पद्धति वा दुवैको सम्मिश्रण हुनुपर्दछ ।

२. बजेट पारदर्शिता के हो ?

बजेटको पारदर्शिता भनेकै बजेटको समग्र प्रक्रिया, बजेटसँग सम्बन्धित दस्तावेजहरुको सहज प्राप्ती र पहुँच तथा बजेटसँग सम्बन्धित सूचना र जानकारीमा नागरिकको सरल पहुँच हो । राष्ट्रिय महत्वका ठूल्ठूला आयोजनादेखि गाउँघरमा सञ्चालन हुने सानातिना विकास कार्यक्रम लगायत

पूर्व बजेट विवरण
कार्यकारीको बजेट प्रस्ताव
नागरिक बजेट
अनुमोदित बजेट
आवधिक प्रतिबेदन
अर्ध बार्षिक समीक्षा
वार्षिक प्रतिबेदन
लेखापरिक्षण प्रतिबेदन

सरकारका संयन्त्रले गर्ने प्रशासनिक खर्च समेतका सबै चालु र पुँजीगत खर्च तथा आय (ऋण, अनुदान समेत) का बारेमा जनताको प्रत्यक्ष चासो हुनुपर्दछ । यी चासो राख्न पाउनु नागरिकको नैसर्गिक अधिकार पनि हो । नेपालको अन्तरिम संविधानले नै अधिकांश यस्ता सूचनामा नागरिकको पहुँच रहने र सरकार स्वयम्ले यी जनचासोसँग जोडिएका सबै कुरा स्वस्फूर्तरुपमा सार्वजनिक गर्नुपर्ने व्यवस्था गरेको छ । बजेटको पारदर्शिताले कुनै पनि सेवा र कार्यक्रमको गुणस्तरीयता कायम राख्न मद्दत पुग्दछ । सूचनामा हुने सरल पहुँचले नागरिकका निम्ति प्रश्न गर्ने अवसर जुटाइदिन्छ ।

बजेट पारदर्शिताका सन्दर्भमा बजेट निर्माणदेखि कार्यान्वयन, अनुगमनसम्मका कार्यहरुमा विशेषतः अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, सम्बन्धित मन्त्रालयहरु र माथिल्लो तहका कार्यालयहरुको विशेष भूमिका र जिम्मेवारी हुन्छ । प्रायः यी निकायहरुले बजेटको स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने र बजेटलाई कहाँ, कसरी, कहिले, कुन स्वरुपमा खर्च गर्ने भन्ने निर्धारण गरेका हुन्छन् । त्यसर्थ, यिनै निकाय बजेटसँग सम्बन्धित सूचना प्रवाहमा पनि मुख्य जिम्मेवार रहेका हुन्छन् । अध्ययनहरुले राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र सम्बन्धित मन्त्रालय तथा विभागहरु सूचना सङ्ग्रह र प्रशोधनमा निकै सक्रिय रहे पनि त्यसलाई आन्तरिक प्रयोजनमा मात्र सीमित गर्ने प्रचलन छ । देशभर उपलब्ध सञ्चारका सञ्जाल मार्फत आफैं यी दस्तावेजमा रहेका कुराहरुलाई सार्वजनिक गर्नेतर्फ उनीहरुमा खासै चासो रहेको पाइन्न । कतिपय दस्तावेज निकै सूचनामूलक, तथ्यमा आधारित र आलोचनात्मक रहेका पाइन्छन्, तर त्यस्ता विषयमा नागरिक तहमा बिरलै छलफल भएको हुन्छ । नागरिक तहमा छलफल गर्नैपर्ने र नागरिकले प्रश्न उठाउनैपर्ने महत्वपूर्ण विषय यी दस्तावेजमा संलग्न गरिए पनि त्यो ओझेलमा परेको छ, र सरकारी कार्यालयका दराजमा थन्किएका यी दस्तावेजमा धुलो जमेर बसेको उदाहरण पनि छ । हो, सचेत नागरिकले यी दस्तावेजमा के छ भनी माग्न, अध्ययन गर्न र त्यहाँ रहेका महत्वपूर्ण सूचनाका सम्बन्धमा छलफल चलाउन तथा बहसमा ल्याउन सक्छन् तर त्यसो गर्ने हैसियत, क्षमता, धैर्यता र लगन भएका नागरिकको संख्या कमै हुन्छ ।

त्यहीकारण बजेट पारदर्शिताको विषयलाई संगठित र योजनाबद्धरुपमा उठाउनुपर्ने आवश्यकता देखिएको हो । भ्रष्टाचार हुने, अनुशासनहीनता बढ्ने, जवाफदेहीता नरहने तथा चरम नातावाद-कृपावाद हुनेजस्ता कुराहरु पनि

बजेट पारदर्शितासँगै जोडिएर आउने गर्दछन् । बजेटलाई सकेसम्म नदेखाउने, बजेट खर्च गरिएकोमा पनि कहाँ, कसरी, कतिजस्ता खण्डिकृत सूचना नदिने तथा त्यसको औचित्य स्थापित नगर्नेजस्ता मनोवृत्तिलाई निरुत्साहित गर्न, नागरिक खबरदारी गर्न र बजेटको सही प्रयोग हुने परिस्थिति निर्माण गर्न यस्तो संगठित प्रयास आवश्यक भएको हो । आफ्नो अनुकूलका कार्यक्रम बनाउने, रकम विनियोजन गर्ने, गोप्यरुपमा टेन्डर पार्ने र गुणस्तरहीन कार्य गरेर भ्रष्टाचार गर्ने प्रवृत्ति पनि छ । यो कार्यमा माथिदेखि तलसम्मका गिरोह सक्रिय भएका पाइएका छन् । उनीहरुले नै टेन्डर प्रक्रियालाई अबरुद्ध पार्ने, धाँधली गर्ने र गर्न लगाउनेजस्ता काम गरेका उदाहरण छन् । देशमा मौलाएको दण्डहीनताले बजेटको समग्र प्रक्रियामै असर पारिरहेको छ । यो प्रवृत्तिसँग आमजनताले सहजै प्रतिरोध गर्न सक्दैनन् वा विवादमा पर्न चाहँदैनन् । आमजनता बजेट प्रक्रियामा भइरहेका यस्ता दृश्यलाई टुलुटुलु हेरेर बस्न बाध्य हुन्छन् ।

३. बजेट पारदर्शिताका तत्वहरु

बजेट पारदर्शिता निकै जल्दोबल्दो विषय हो, खासगरी नेपालजस्ता अतिकम विकसित मुलुकमा यो विषयले गहन महत्व राख्दछ । सरकारसँग हुने सीमित स्रोतसाधनले असीमित चाहना पूरा गर्नुपर्ने हुन्छ । जनताका आकाँक्षा निकै बढी हुन्छन् तर सरकारले ती सबैलाई यथेष्ट बजेट छुट्याएर सम्बोधन गर्ने अवस्था छैन । हुनत अध्ययनहरुले नेपालको विकास प्रयासमा स्रोतसाधनको कमी होइन, इच्छाशक्तिको अभाव हो भन्ने देखाएका छन् । स्रोतसाधनको कमी नभए पनि आखिर देशको विकासमा कुन पक्षले अबरोध गरिरहेको छ त ? आमजनताले यही प्रश्न गरिरहेका छन्, तर ठोस र वस्तुगत जवाफ पाउन सकेका छैनन् । उनीहरुको आक्रोश राजनीतिक नेतृत्व र उच्च सरकारी निकाय तथा पदाधिकारीमाथि हुने गरेको छ जसले देशको विकासलाई पहिलो, अनिवार्य र मूल मुद्दा बनाउन सकेका छैनन् । बजेट पारदर्शिता कायम गर्न आवश्यक केही पक्षहरु निम्न बमोजिम छन्:

(क) बजेट निर्माण, स्वीकृति र कार्यान्वयनमा नागरिकको पहुँच, संलग्नता हुनुपर्छ,

(ख) सबै बजेट दस्तावेजहरु प्रकाशन भएको हुनुपर्छ, र तिनमा पर्याप्त सूचना हुनुपर्छ,

(ख) बजेटका सूचनाहरु आमजनताले सहज र सरलरुपमा प्राप्त गर्नुपर्छ,
(ग) बजेटमा रहेका सूचना र जानकारीहरु आमनागरिकले समयमै प्राप्त गर्न सक्नुपर्छ,
(घ) बजेटमा रहेका सूचना र जानकारीका सम्बन्धमा स्वस्थ छलफल गर्ने वातावरण हुनुपर्छ,
(ङ) बजेट कार्यान्वयनको मूल्याँकन र अनुगमनमा प्रभावकारिता हुनुपर्छ,
(च) बजेट प्रक्रियामा संलग्न सबै निकायको भूमिका प्रभावकारी हुनुपर्छ, र निगरानी निकायहरु स्वतन्त्र र सक्षम हुनुपर्छ ।

४. खुला बजेट सर्भेक्षण

बजेटको समग्र प्रक्रिया खुला हुनुपर्ने अन्तर्राष्ट्रिय मान्यता र प्रचलन रहेको छ । जनतासँग प्रत्यक्ष चासो र सरोकार रहने यो विषयलाई गोप्य राख्ने, सूचनामा पहुँच नदिनेजस्ता लोकतान्त्रिक पद्धतिविरोधी क्रियाकलापले देशको समतामूलक, दिगो र प्रतिस्पर्धात्मक क्षमतालाई कमजोर बनाउँछ । बजेटका समग्र प्रक्रियादेखि निगरानीका कार्यहरुमा खुलापन आवश्यक हुन्छ । यही तथ्यलाई मनन गरी *अन्तर्राष्ट्रिय बजेट पार्टनरसीप* (आईबीपी)ले हरेक वर्ष विश्वव्यापी खुला बजेट सर्भेक्षण गर्दछ । यो सर्भेक्षणले बजेटको समग्र प्रक्रिया कति खुला छ, बजेट प्रक्रियामा नागरिकको सहभागिताको स्थिति के छ, बजेटका दस्तावेजको प्रकाशनको स्थिति के छ, ती दस्तावेजमा नागरिकको पहुँचको अवस्था के छ, निगरानी गर्ने निकायहरुको स्वतन्त्रता र सक्षमताजस्ता पक्षहरुलाई समेटेको छ । अन्तर्राष्ट्रियस्तरमा बजेटका विषयमा छलफल चलाउन, बजेटको खुलापनका निम्ति पैरवी गर्न तथा बजेटका समग्र प्रक्रियालाई नागरिकमैत्री बनाउन यो सर्भेक्षण निकै फलदायी भएको मान्न सकिन्छ ।

आईबीपीले गरेको खुला बजेट सर्भेक्षणले औँल्याएका केही तथ्यहरु तल सविस्तार दिइएको छ । सर्भेक्षणको मापनको अङ्कभार १०० रहेको छ, र नेपालले सन् २०१२ मा ४४ अङ्क प्राप्त गरेको छ । बजेट खुलापनका दृष्टिले नेपाल ४१-६० को समूहमा परेकोले नेपालको अवस्था त्यति सन्तोषजनक मान्न सकिन्न । आईबीपीको सूचकले अङ्कभारलाई निम्न बमोजिम वर्गीकरण गरेको छः

८०-१००	पर्याप्त
६१- ८०	निकै
४१-६०	केही
२१-४०	न्यून
०-२०	नगण्य

बजेटसँग सम्बन्धित दस्तावेजको समग्र अध्ययन अनुसन्धानबाट नेपालको खुला बजेटको अवस्था दक्षिण एसियाली मुलुककै तुलनामा पनि त्यति सन्तोषजनक छैन । सर्भेक्षणले नेपालभन्दा राम्रो अवस्थामा भारत, अफगानिस्तान, बंगलादेश, पाकिस्तान र श्रीलंका रहेका छन् । यी राष्ट्रले बजेट पारदर्शिताका सन्दर्भमा निकै काम गरिसकेको सर्भेक्षणले देखाएको छ (हेर्नुहोस् खुला बजेटको तुलनात्मक चित्र) ।

आईबीपीले खासरुपमा बजेट प्रक्रियामा रहेका प्रमुख आठ दस्तावेजलाई सर्वेक्षणको मूल आधार बनाएको छ । यी दस्तावेजहरुमा पूर्व बजेट विवरण,



कार्यकारीको बजेट प्रस्ताव, अनुमोदित बजेट, नागरिक बजेट, आवधिक प्रतिवेदन, मध्यावधि प्रतिवेदन, वार्षिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन रहेका छन् । यी विवरण र प्रतिवेदनको उपलब्धता तथा त्यसमा नागरिकको पहुँचको अवस्था तल दिइएको छ ।

प्रमुख आठ बजेट दस्तावेज र तिनमा नागरिकको पहुँच

दस्तावेज	व्याख्या	उपलब्धता
पूर्व बजेट विवरण (Pre-Budget Statement)	पूर्व बजेट विवरणले सरकारको नीति तथा बजेटको सम्बन्धबारे जानकारी दिनुका साथै संसद्मा प्रस्तुत हुने बजेट प्रस्तावलाई परिभाषित गर्ने विस्तृत आधार प्रदान गर्छ ।	निर्माण नै गरिँदैन
कार्यकारीको बजेट प्रस्ताव (Executive's Budget Proposal)	यसले नीतिगत उद्देश्यलाई कार्यरुप प्रदान गर्न कर तथा अन्य स्रोतबाट राजस्व उठाउने र त्यसलाई प्राथमिकता प्राप्त क्षेत्रमा खर्च गर्ने सरकारका योजनाहरु प्रस्तुत गर्दछ ।	सार्वजनिक हुन्छ
अनुमोदित बजेट (Enacted Budget)	यो कार्यकारी (सरकार) लाई राजस्व परिचालन गर्न, खर्च गर्न तथा ऋण उठाउन अख्तियारी प्रदान गर्ने उपकरण हो ।	सार्वजनिक हुन्छ
नागरिक बजेट (Citizen's Budget)	नीतिगत उद्देश्य हासिल गर्नका लागि राजस्व परिचालन र सार्वजनिक कोषबाट खर्च गर्ने सरकारका योजनालाई सर्वसाधारणले बुझ्ने भाषामा गरिने प्रस्तुति ।	निर्माण नै गरिँदैन
आवधिक प्रतिवेदन (In–Year Report)	यसले वास्तविक आम्दानी, खर्च र ऋणको आवधिक (मासिक वा त्रैमासिक) प्रवृत्ति मापन गर्दछ जसबाट बजेटका अंकहरुको तुलना र आवश्यक परिमार्जनकालागि सहयोग पुग्छ ।	सार्वजनिक हुन्छ
मध्यावधी समीक्षा (Mid–Year Review)	आर्थिक वर्षको मध्यमा गरिने बजेटका समग्र प्रभावहरुको सिंहावलोकन तथा स्वीकृत बजेट नीतिहरुमा असर पार्ने गरी आर्थिक अनुमानहरुमा कुनै परिवर्तन भएको छ भने तिनको विश्लेषण ।	सार्वजनिक हुन्छ
वार्षिक प्रतिवेदन (Year–End Report)	स्वीकृत बजेट र त्यसमा आधारित रहेर गरिने बजेट कार्यान्वयनको यथार्थ अवस्था तुलनाको जानकारी ।	सार्वजनिक हुन्छ
लेखापरीक्षण प्रतिवेदन (Audit Report)	मुलुकको सर्वोच्च लेखापरीक्षण निकायबाट गरिने सरकारका लेखाहरुको स्वतन्त्र मूल्याँकन । मुख्यत, यसले सरकारले राजस्व संकलन र खर्च स्वीकृत बजेटमा आधारित रहेर गरेको छ छैन परीक्षण गर्नका साथै सरकारका आम्दानी र खर्चको लेखा सही छन् वा छैनन् र तिनले मुलुकको वास्तविक वित्तीय अवस्था चित्रण गर्छन् वा गर्दैनन् भन्ने कुराको जानकारी दिन्छ ।	सार्वजनिक हुन्छ

नेपालले बजेटसँग सम्बन्धित प्रमुख आठ दस्तावेजलाई कुनै न कुनै रुपमा प्रकाशन र सार्वजनिक गर्ने गरेको भए पनि सर्भेक्षणले नेपालको अवस्था निकै नाजुक भएको देखाएको छ ।

खुला बजेट सूचक

खुला बजेट सर्भेक्षणबाट अध्ययन गरिएका मुलुकहरुले आठ मुख्य बजेट दस्तावेजहरु नागरिकहरुलाई उपलब्ध गराउँछन् वा गराउँदैनन् भन्ने कुराको परीक्षण गर्नुका साथै ती दस्तावेजमा भएका जानकारीहरु पर्याप्त, समयबद्ध र उपयोगी भए वा नभएको हेर्दछ। सर्भेक्षणमा अन्तर्राष्ट्रिय मुद्राकोष (आईएमएफ), अन्तर्राष्ट्रिय सहयोग तथा विकास संस्था (ओईसीडी) तथा सर्वोच्च लखापरीक्षण निकायहरुको अन्तर्राष्ट्रिय संघ (इन्टोसाई) लगायतले प्रतिपादन गरेका मुलुकको बजेट पारदर्शिता मापनका अन्तर्राष्ट्रियरुपमा स्वीकार्य मापदण्डहरुको प्रयोग गरिएको छ। कुनैपनि मुलुकको बजेट पारदर्शिताको स्तर निर्धारण र मापनको





नेपाल राष्ट्र बैंकको पूर्व बजेटकालीन समीक्षा

प्रत्येक वर्षको जेठ महिनामा नेपाल राष्ट्र बैंकले पूर्व बजेटकालीन समीक्षा नामको विस्तृत प्रतिवेदन अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई बुझाउँछ । यसमा उत्पादन, मौद्रिक एवं वित्तीय, सरकारी वित्त, मूल्य, बाह्य स्थिति, चालु वर्षको अनुमान र आगामी वर्षको प्रक्षेपण रहन्छ र आगामी वर्षको लागि सरकारले के गर्नुपर्ला भन्ने सुझाव समेत रहेको हुन्छ तर यो प्रतिवेदन गोप्य रहन्छ। यो प्रतिवेदन सार्वजनिक हुने हो भने बजेट पारदर्शिता बढ्न सक्छ ।

प्रयोजनका लागि बजेट सर्भेक्षणका निमित्त तयार पारिएका १२५ प्रश्नमध्ये ९५ वटा प्रश्नमा प्राप्त हुने अङ्कलाई आधार मानिन्छ ।

सन् २०१२ को सर्भेक्षणमा नेपालले १०० मध्ये ४४ अङ्क प्राप्त गरेको छ । यो सर्भेक्षणमा समेटिएका १०० मुलुकको औसत अर्थात् ४३ अङ्कभन्दा थोरैले बढी हो । तर, यो नेपालका दक्षिण एसियाली छिमेकीहरुको भन्दा कम हो । नेपालको यो स्कोरले बजेट वर्षभर सरकारले बजेट र आर्थिक गतिविधि सम्बन्धी थोरै मात्र जानकारी जनतालाई उपलब्ध गराउँछ भन्ने जनाउँछ । यसले सार्वजनिक स्रोतको प्रयोगमा सरकारलाई जवाफदेही बनाउन नागरिकका लागि निकै चुनौती खडा गर्दछ ।

खुला बजेट सूचक सर्भेक्षणका क्रममा हेरिएका प्रमुख आठ बजेट दस्तावेजका सहायक स्कोरहरुको समग्रता हो। सहायक स्कोरहरुले सम्बन्धित दस्तावेजहरुमा रहेका सूचनाको मात्रा र सार्वजनिकरुपमा उपलब्धताका आधारमा प्राप्त हुने अङ्कको औसतलाई जनाउँछन् । सहायक स्कोरहरु सर्भेक्षणमा समेटिएका सबै देशहरुका बीचमा तुलनायोग्य हुन्छन् ।

सुझाव

नेपालको खुला बजेट सर्भेक्षण स्कोर पछिल्ला तीनवटा सर्भेक्षणमा निकै स्थिर देखिएको छ । तैपनि, नेपालले सन् २०१२ को खुला बजेट सूचकमा १००

नेपालमा पूर्व बजेट विवरण निर्माण र प्रकाशन गरिँदैन

बजेट पारदर्शिता कायम गर्नका लागि कार्यकारीको बजेट प्रस्ताव तयार हुनुभन्दा कम्तिमा ३० दिनअघि बजेटका प्राथमिकता समेटिएको पूर्व बजेट विवरण तयार गरी सरकारले आम नागरिकका लागि प्रकाशन गर्नुपर्दछ भन्ने अन्तर्राष्ट्रिय मान्यता छ । तर, नेपालमा यसरी पूर्व बजेट विवरण तयार गरी सर्वसाधारणका लागि प्रकाशित गर्ने प्रचलन छैन । नेपालमा संसद् भएको बेला संसद्मा पूर्व बजेट छलफलको औपचारिकता पूरा गर्ने गरिएता पनि पूर्व बजेट विवरणमा आधारित रहेर त्यस्तो छलफल गर्ने प्रचलन नहुँदा बजेट पारदर्शिताका दृष्टिकोणले यो अर्थपूर्ण बन्न सकेको छैन ।

सन् २०१२ को नेपालको खुला बजेट सर्भेक्षणको स्कोर ४४ हो जुन २००८ को सर्भेक्षणदेखि निकै स्थिर देखिन्छ

मध्ये ४४ अङ्क प्राप्त गरेको आधारमा विभिन्न अल्पकालीन र मध्यकालीन उपायहरुबाट सरकारले बजेट पारदर्शिता विस्तार गर्न सक्ने देखिन्छ जसमध्ये केही उपाय भने झण्डै बिनालागत नै पूरा गर्न सकिने देखिन्छ ।

आईबीपीले नेपाललाई बजेट पारदर्शिता प्रवर्द्धनका लागि निम्न लिखित कदमहरु चाल्न सुझाएको छः

- पूर्व बजेट विवरण र नागरिक बजेट निर्माण र सार्वजनिक गर्ने । पूर्व बजेट विवरणका लागि विषयवस्तुको विस्तृत मार्गदर्शन http://bit.ly/QGzHv8 (सहयोगी पुस्तक) मा पाउन सकिन्छ । खुला बजेट सर्भेक्षण २०१२ अनुसार नेपालको छिमेकी अफगानिस्तान लगायत ४७ देशले पूर्व बजेट विवरण सार्वजनिक गर्छन् । त्यस्तै नागरिक बजेटको विषयवस्तुका लागि विस्तृत मार्गदर्शन http://bit.ly/QGzFmJ (सहयोगी पुस्तक) मा पाउन सकिन्छ । खुला बजेट सर्भेक्षण २०१२ अनुसार नेपालका छिमेकी अफगानिस्तान र भारत लगायत २६ देशले नागरिक बजेट विवरण सार्वजनिक गर्छन् ।
- विशेषगरी तल उल्लिखित क्षेत्रमा सूचनाहरु प्रदान गर्नेमा केन्द्रित रहेर कार्यकारीको बजेट प्रस्तावलाई बढी सूचनामूलक बनाउनुपर्छः
    - अघिल्लो वर्ष खर्चहरुको कार्यक्रमका आधारमा गरिएको वर्गीकरण
    - कम्तिमा बजेट वर्षभन्दा पछिल्लो दुई वर्षको कुल राजस्वको बहुवर्षीय अनुमान
    - बजेट निर्माणका लागि प्रयोग गरिएका समग्र आर्थिक स्थितिका बारे अनुमान तथा प्रक्षेपणहरुको प्रभाव
    - गैह्र बजेटरी कोषहरु, सार्वजनिक निकायहरुमा गरिएका सारिणी (ट्रान्स्फर), अर्धवित्तीय क्रियाकलापहरु, खर्च बक्यौता, भैपरि आउने र भविष्यको दायित्व, वित्तीय र गैह्र वित्तीय सम्पत्तिहरु, पूर्वनिर्धारित प्रयोजन भएका आम्दानी, कर खर्चहरु तथा गोप्य शीर्षकहरुमा छुट्याइएको बजेटको प्रतिशत, र
    - बजेटलाई सरकारका नीतिगत उद्देश्यहरुसँग जोड्ने तथा खर्च योजनाका लागि गैह्र वित्तीय तथा प्रगतिसम्बन्धी जानकारी

- बजेट वर्षको निश्चित मितिसम्मको यथार्थ खर्च र राजस्वलाई सोही अवधिको सुरु अनुमान वा अघिल्लो वर्षको सोही अवधिका लागि गरिएको अनुमानका आधारमा तुलना गरेर तथा सरकारी ऋणमा बजेट वर्षको यथार्थ सापटीबारे जानकारी समेटेर आवधिक प्रतिवेदनहरुको व्यापकता अभिवृद्धि गर्ने,
- राजस्व र खर्च दुवैको अनुमानित र वास्तविक उपलब्धिमा देखिएको फरक, समग्र अर्थतन्त्र सम्बन्धित परिसूचकहरु, गैह्र वित्तीय सूचना तथा प्रगति सूचकहरु, सबैभन्दा कमजोर वर्गका जनताका लागि प्रत्यक्ष फाइदा दिनका लागि लक्षित गरिएको रकम तथा गैह्र बजेटरी कोषहरु समेतको व्याख्या समेटेर वार्षिक प्रतिवेदनको व्यापकता वृद्धि गर्ने ।
- गैह्र बजेटरी कोषहरु तथा सरकारले लेखापरीक्षण प्रतिवेदनमा दिइएका सुझावहरुमाथि गरेको कारवाहीको प्रतिवेदन समेत समेटेर लेखापरीक्षण प्रतिवेदनको व्यापकता बढाउने । त्यसैगरी सर्वोच्च लेखापरीक्षण निकायले सुरक्षा क्षेत्र तथा गोप्य कार्यक्रमहरुको समेत विस्तृत लेखापरीक्षण प्रतिवेदन संसद् समक्ष पठाउनुपर्छ ।

संसद् र सर्वोच्च लेखापरीक्षण निकायको सबलता

खुला बजेट सर्भेक्षणले बजेट निगरानीमा संसद् र सर्वोच्च लेखापरीक्षण निकायको प्रभावकारिता परीक्षण गर्दछ । प्रायःजसो देशको संविधानले नै बलियो बनाएका यी संस्थाहरुको राष्ट्रिय बजेट योजना निर्माण तथा कार्यान्वयनमा भूमिका रहन्छ । बजेट सर्भेक्षणले संसदहरुको बजेट निगरानी कार्यको कार्यसम्पादन स्तर ११ वटा सूचकका आधारमा मापन गर्दछ । कार्यकारीसँग बजेट पेश हुनुअघि बजेट मस्यौदा माथि गरिने परामर्श, संसद्को अनुसन्धान क्षमता, समग्र बजेट नीतिबारेमा गरिने औपचारिक छलफल, बजेटमाथि छलफल र स्वीकृतिका लागि उपलब्ध हुने समय, बजेट प्रस्तावलाई परिमार्जन गर्न सक्ने कानुनी अधिकार, खर्चमा भएको परिवर्तन र राजस्व संकलनमा भएको वृद्धिको अनुमोदन, पूरक बजेट निर्माण गर्ने सामर्थ्य, भैपरि कोषहरुको प्रयोगलाई अनुमोदन गर्ने अख्तियारी तथा लेखापरीक्षण प्रतिवेदनको सूक्ष्म अध्ययन यसमा पर्दछन् ।

त्यसैगरी, सर्भेक्षणले तल उल्लिखित सूचकको प्रयोग गरी प्रभावकारी बजेट निगरानीमा सर्वोच्च लेखापरीक्षण निकायको सशक्तताको मापन गर्दछः

- सर्वोच्च लेखापरीक्षण निकायको प्रमुख हटाउने अधिकार
- सार्वजनिक वित्तको लेखापरीक्षण गर्ने कानुनी अधिकार
- वित्तीय स्रोत साधनको उपलब्धता, र
- सीप भएका लेखापरीक्षकहरुको उपलब्धता

सुझावहरु

आईबीपीले बजेट निगरानीमा सुधारका लागि निम्न सुझाव प्रस्तुत गरेको छः

- बजेटको प्राथमिकता निर्धारणको प्रक्रियाको एउटा हिस्साका रुपमा सरकारले विभिन्न तहमा सांसदहरुसँग परामर्श गर्नैपर्छ । बजेट विश्लेषणमा सहयोगका लागि संसदसँग विशेषीकृत बजेट अनुसन्धान कार्यालय हुनुपर्छ । संसद्सँग सरकारको बजेट प्रस्तावमा संशोधन गर्न सक्ने पूर्ण अधिकार हुनुपर्छ । सरकारले एउटा प्रशासनिक इकाईबाट अर्को प्रशासनिक इकाईमा र एक शीर्षकबाट अर्को शीर्षकमा बजेट सार्न (रकमान्तर गर्न), बजेट कार्यान्वयनको क्रममा सिर्जना हुने थप आम्दानी खर्च र भैपरी कोषहरुको प्रयोग गर्न संसद्को पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था हुनुपर्छ । यसका लागि सरकारले खर्च गर्नु अगावै संसद्बाट पूरक बजेटमा स्वीकृति लिनुपर्ने हुन्छ ।

बजेट निगरानी र सहभागितामा नेपाल दक्षिण एसियामा औसत स्थितिमा छ

देश	संसदको सबलता	सर्वोच्च लेखापरीक्षण निकायको सबलता	जनसहभागिता
अफगानिस्तान	मध्यम	सबल	कमजोर
बंगलादेश	मध्यम	सबल	कमजोर
भारत	सबल	सबल	कमजोर
नेपाल	मध्यम	सबल	कमजोर
पाकिस्तान	मध्यम	सबल	कमजोर
श्रीलंका	मध्यम	मध्यम	कमजोर

सबल: अङ्क ६६ देखि १००, **मध्यम:** अङ्क ३४ देखि ६६, **कमजोर:** अङ्क ३४ भन्दा कम

जनसहभागिताको अवसर

अनुसन्धान र वकालतमा नागरिक समाजको विगत १५ वर्षको अनुभवले के देखाउँछ भने पारदर्शिता मात्रै सुशासन प्रबर्द्धनका लागि पर्याप्त हुँदैन । पारदर्शिताका साथै बजेट प्रक्रियामा जनसहभागिताको अवसर मार्फत बजेट प्रक्रियाको खुलापनले थप सकारात्मक परिणाम ल्याउन सक्छ । त्यसैले खुला बजेट सर्भेक्षणले जनताले बजेट निर्णय प्रक्रियामा सहभागी हुने अवसरहरुको परीक्षण गर्छ । त्यस्ता अवसर कार्यकारी, संसद् र सर्वोच्च लेखापरीक्षण निकायले बजेट चक्रभरी नै उपलब्ध गराउन सक्छन् ।

यी सूचकका आधारमा खुला बजेट सर्भेक्षण २०१२ ले नेपालमा बजेट प्रक्रियामा जनसहभागिताको स्तर सीमित रहेको देखाउँछ ।

सुझाव

खुला बजेट सर्भेक्षणमा कमजोर देखिएका मुलुकहरुको परिसूचकलाई ध्यान दिँदै आईबीपीले नेपाललाई बजेट प्रक्रियामा जनसहभागिता विस्तार गर्न सुझाव दिन्छ ।

५. बजेट पारदर्शिता र नागरिक सहभागिताको अन्तरसम्बन्ध

सरकारले हरेक वर्ष सार्वजनिक गर्ने बजेट आमजनताका लागि निकै चासोको विषय हुन्छ । बजेटले उनीहरुको जीवनमै सकारात्मक र नकारात्मक असर पारिरहेको हुन्छ । सरकारले बढ्दो खर्च धान्न विभिन्न किसिमका स्रोतसाधन र वित्तीय परिचालन गर्नुपर्ने अवस्था हुन्छ, र यो कुनैपनि सरकारको बाध्यता हो । सरकारले जनताबाट कर उठाउने, विभिन्न द्विपक्षीय र बहुपक्षीय दातृ निकायबाट अनुदान र ऋण लिने, आफ्नै देशभित्रबाट ऋण लिने गर्दछ । सरकारले उठाउने ऋण पनि आखिर जनताकै थाप्लोमा पुग्छ । यी वित्तीय परिचालन मार्फत सरकार चलेको हुन्छ, त्यसैले जनतासँग सरकारको अन्योन्याश्रित सम्बन्ध हुन्छ ।

जनताले बजेटमा अत्यधिक चासो राख्नुपर्ने कारण पनि यही हो । बजेट राजनीतिक दस्तावेज पनि भएकाले सत्तापक्षका योजना, कार्यक्रम पनि हाम्रोजस्तो अतिकम विकसित मुलुकमा परेकै हुन्छ । यहीकारण, बजेट सही

ठाउँमा नपुगी देशभित्र छरिएर रहेका अनेकौं योजना र कार्यक्रममा छरिएर जान्छ, र त्यसले अपेक्षित प्रतिफल दिँदैन। यो अवस्थाबाट नेपालका सरकारहरु प्रत्येक वर्ष आलोचित हुँदै आएका छन् । जनताले चाहेअनुसारका कार्यक्रम नआउने, बरु जनतालाई गुमराहमा राखेर योजना र कार्यक्रम बनाइने गर्दा ती योजना असफल, क्षणिक र बेवारिसे बन्ने गरेका उदाहरण छन् ।

त्यहीकारण बजेट पारदर्शिता कायम राख्न नागरिक सहभागिता जरुरी हुन्छ । सुन्दा यो विषय जति कर्णप्रिय छ, कार्यान्वयन तहमा लैँजादा त्यतिकै चुनौतीपूर्ण छ । देशभरका सबै योजनामा नागरिकको सहभागिता सम्भव छ ? सम्भव छ, तर त्यसका निम्ति कार्यक्रम र योजना सञ्चालनको बागडोर सम्हाल्ने व्यक्तिमा दृढ इच्छाशक्ति हुनुपर्दछ । नागरिकलाई योजना बनाउँदा, कार्यान्वयन तहमा जाँदा, अनुगमन र मूल्याँकन गर्दा तथा लेखापरीक्षण गर्दा सहभागी गराउन सकिन्छ । कार्यक्रम स्वीकृत भएपश्चात विनियोजन भएको रकमबारे जानकारी दिने, योजनाका बारेमा छलफल चलाउने गरिए त्यसले नागरिकलाई र सरकारलाई पनि फाइदा पुग्छ। स्थानीय तहमा नागरिकले पनि श्रमदान गर्ने, वस्तुगत र नगद सहयोग गर्ने, योजनाको कार्यक्षेत्रलाई विस्तार गर्ने सम्भावना रहन्छ । तर, बजेट कति आयो, त्यो बजेट कहाँ, के कति खर्च हुन्छ भन्ने बारेमा जानकारी नदिइए आमजनतामा आशंका उत्पन्न हुन्छ, र उनीहरुको सहभागिता कमजोर भएर जान्छ । कतिपय अवस्थामा नागरिकको सहभागिता हुनुको साटो त्यस्तो कार्यक्रम र योजनालाई नै असफल बनाउने, बन्न नदिने, अबरोध सिर्जना गर्नेजस्ता क्रियाकलाप हुन्छन् ।

अर्थ मन्त्रालय

बजेट प्रक्रियामा संलग्न हुने निकाय र तिनको भूमिका

बजेट प्रक्रिया	संलग्न निकाय	भूमिका
बजेट निर्माण	अर्थ मन्त्रालय	● मन्त्रालय अन्तर्गतका विभागबाट प्राप्त सूचनाका आधारमा राजस्वको प्रक्षेपण गर्ने । ● प्राप्त हुन सक्ने वैदेशिक अनुदान एकिन गर्ने । ● विषयगत मन्त्रालयहरुलाई बजेटको सिलिङ् पठाउने र सो अनुसारको बजेट तथा कार्यक्रम प्राप्त गर्ने र त्यसलाई एकीकरण गरी सरकारको बजेट प्रस्ताव तयार पार्ने । ● विकास कार्यक्रमका सन्दर्भमा योजना आयोगसँग परामर्श गर्ने र स्वीकृति लिने ।
	राष्ट्रिय योजना आयोग	● विकास योजनाहरुको मूल्याङ्कन गरी प्राथमिकता तोक्ने । ● बजेटमा परेका आयोजना/कार्यक्रम स्वीकृत गर्ने ● आवधिक योजना निर्माण गर्ने र आवधिक योजना अनुसार बजेट तयार भए नभएको हेर्ने । ● स्रोत पहिचान र बजेट निर्माणमा अर्थ मन्त्रालयसँग सँगसँगै काम गर्ने । ● अन्तर मन्त्रालय समन्वय गर्ने
	विषयगत मन्त्रालयहरु	● अर्थ मन्त्रालयले तोकको बजेटको सीमाभित्र रही आफू अन्तर्गतका कार्यालयहरुबाट विकास योजना र खर्च योजना प्राप्त गरी अर्थ मन्त्रालयमा पठाउने ।
	संसदीय समिति	● पूर्व बजेट विवरण माथिको छलफल वा समितिमा हुने बजेटसम्बन्धी छलफलका आधारमा बजेट प्रस्ताव निर्माणमा अर्थ मन्त्रालयलाई आवश्यक सल्लाह र सुझाव दिने ।

बजेट स्वीकृति	व्यवस्थापिका/ संसद्	● अर्थमन्त्रीले पेस गरेको बजेटका हरेक शीर्षकमा दफावार छलफल गरी बजेट पारित गर्ने वा नगर्ने अधिकार संसद्लाई हुन्छ।
बजेट कार्यान्वयन	अर्थ मन्त्रालय	● मातहतका कार्यालयहरुमार्फत कर असुली गर्ने। ● वैदेशिक सहायता (ऋण र अनुदान) प्राप्त गर्ने। ● मन्त्रालयहरुलाई खर्चको अख्तियारी प्रदान गर्ने। ● बजेट कार्यान्वयनको नियमित समीक्षा गर्ने
	विषयगत मन्त्रालयहरु	● खर्चको अख्तियारी प्राप्त गर्न आवश्यक प्रक्रिया पूरा गर्ने । ● लेखा राख्ने र आवधिक प्रतिवेदन तयार गर्ने । ● समयमा विकास कार्यक्रमको ठेक्का दिने र प्रगति समीक्षा गर्ने ।
	नेपाल राष्ट्र बैंक	● सरकारको ढुकुटीको व्यवस्थापन गर्ने । ● सापटी उठाउन सरकारलाई सहयोग गर्ने र कहिलेकाहिँ सरकारलाई आफैँ पनि ऋण उपलब्ध गराइदिने । ● मुद्राको उपलब्धता सुनिश्चित गर्ने ।
	महालेखानियन्त्रक कार्यालय	● कोष तथा लेखा नियन्त्रण कार्यालयहरु मार्फत रकम नेपाल सरकारका कार्यालय निकासा ● आन्तरिक लेखापरीक्षण
अनुगमन र मूल्याङ्कन	राष्ट्रिय योजना आयोग	● प्राथमिकता प्राप्त परियोजनाको अनुगमन तथा मूल्याङ्कन ● राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकको आयोजना गर्ने
	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	● विभिन्न मन्त्रालयको कार्यप्रगति समीक्षा गर्ने र आवश्यक निर्देशन दिने
	अर्थ मन्त्रालय, अनुगमन तथा मूल्याङ्कन महाशाखा	● राजस्व तथा खर्च नीतिको प्रभावकारिता तथा बजेट कार्यान्वयनको निरन्तर अनुगम र मुल्याङ्कन गर्ने
	विषयगत मन्त्रालयहरु	● सम्बन्धित मन्त्रालय अन्तर्गत कार्यान्वयन भइरहेका योजनाहरुको अनुगमन र मूल्याङ्कन गर्ने

	सार्वजनिक खरीद अनुगमन कार्यालय	● सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम ठेक्का प्रक्रिया र सार्वजनिक खरितका अन्य काम भए/नभएको अनुगमन गर्ने
	अन्य अनुगमन इकाईहरु	● विभिन्न परियोजनाका कार्यालयहरु तथा अन्य सरकारी कार्यालयहरुमा पनि अनुगमन तथा मूल्याङ्कन इकाई हुन्छन् ।
लेखापरीक्षण र निगरानी	महालेखापरीक्षकको कार्यालय	● सरकारी कार्यालयहरुको नियमितता र वित्तीय लेखापरीक्षण गर्ने र प्रतिवेदन तयार पार्ने ● कार्यमूलक लेखापरीक्षण गर्ने र प्रतिवेदन तयार पार्ने
	संसद्को सार्वजनिक लेखा समिति	● महालेखा परीक्षकको प्रतिवेदनमाथि छलफल गर्ने ● सम्बन्धित अधिकारीहरुलाई बोलाएर छलफल गर्ने तथा महालेखा परीक्षकको प्रतिवेदनमा औंल्याइएका कुराहरु कार्यान्वयन गर्न लगाउने ● संसदको पूर्ण बैठकमा प्रतिवेदन पेस गर्ने ।

नेपालमा बजेटसँग सम्बन्धित दस्तावेजहरु

क्र.सं	दस्तावेज	प्रकाशक	मुख्य विषयवस्तु	कहिले
१	बजेट वक्तव्य/भाषण	अर्थ मन्त्रालय	● आयव्ययको अनुमान ● आयव्ययसँग सम्बन्धित अनुसूचीहरु	असारको अन्तिम साता
२	व्यय अनुमानको विवरण (रातो किताब)	अर्थ मन्त्रालय	● सञ्चित कोषमाथि व्ययभार हुने र त्यस्तो कोषबाट विनियोजन हुने रकमको निकायगत, कार्यगत र शीर्षकगत विवरण ● वैदेशिक अनुदान तथा ऋण सारंश ● कार्यक्रमको प्राथमिकता, रणनीति, लैंगिक, गरिबमुखी र जलवायु संकेत सहितको बजेट विवरण	बजेट लगत्तै सार्वजनिक हुने
३	आर्थिक सर्भेक्षण	अर्थ मन्त्रालय	● देशको तुलनात्मक आर्थिक सूचक ● अर्थतन्त्रका प्रमुख चुनौती ●सार्वजनिक वित्त ● विकास कार्यक्रमको प्रगति, चुनौती, समस्याको तुलनात्मक विवरण	आर्थिक वर्षको अन्तिम साता
४	सार्वजनिक संस्थानहरुको वार्षिक प्रगति समीक्षा	अर्थ मन्त्रालय	● सार्वजनिक संस्थानहरुको बारेमा एकीकृत र एकमुष्ठ जानकारी ● संस्थानको योगदानको विश्लेषण र वार्षिक समीक्षा	आर्थिक सर्भेक्षणसँगै

५	बजेटको मध्यावधि समीक्षा (साउनदेखि पुससम्मको विवरण समेटिएको)	अर्थ मन्त्रालय	● देशको आर्थिक तथा वित्तीय स्थितिको विश्लेषण ● राजस्व नीति र कार्यक्रमको प्रगति ● सार्वजनिक खर्चको स्थिति ● राष्ट्रिय प्राथमिकताप्राप्त मुख्य विकास आयोजनाको प्रगति समीक्षा ● बाँकी अवधिको राजस्व र व्ययको प्रक्षेपण ● सुधारका क्षेत्रहरुको पहिचान	माघ
६	बजेटको वार्षिक समीक्षा	अर्थ मन्त्रालय	● देशको आर्थिक स्थिति ● बजेटका नीति तथा कार्यक्रमहरुको कार्यान्वयन प्रगति, ठूला आयोजनाको प्रगति विवरण ● वार्षिक खर्च विश्लेषण ● सार्वजनिक खर्च व्यवस्थापन ● समस्या र सुझाव	अर्को आर्थिक वर्षको पुस महिना सम्ममा
७	आर्थिक सर्भेक्षण	अर्थ मन्त्रालय	● देशको तुलनात्मक आर्थिक सूचक ● अर्थतन्त्रका प्रमुख चुनौती ● सार्वजनिक वित्त ● विकास कार्यक्रमको प्रगति, चुनौती, समस्याको तुलनात्मक विवरण	आर्थिक वर्षको अन्तिम साता
८	सार्वजनिक संस्थानहरुको वार्षिक प्रगति समीक्षा	अर्थ मन्त्रालय	● सार्वजनिक संस्थानहरुको बारेमा एकीकृत र एकमुष्ठ जानकारी ● संस्थानको योगदानको विश्लेषण र वार्षिक समीक्षा	आर्थिक सर्भेक्षणसँगै

९	बजेटको मध्यावधि समीक्षा प्रतिवेदन (साउनदेखि पुससम्मको विवरण समेटिएको)	अर्थ मन्त्रालय	● देशको आर्थिक तथा वित्तीय स्थितिको विश्लेषण ● राजस्व नीति र कार्यक्रमको प्रगति ● सार्वजनिक खर्चको स्थिति ● राष्ट्रिय प्राथमिकताप्राप्त मुख्य विकास आयोजनाको प्रगति समीक्षा ● बाँकी अवधिको राजस्व र व्ययको प्रक्षेपण ● सुधारका क्षेत्रहरुको पहिचान	माघ
१०	बजेटको वार्षिक मूल्याङ्कन प्रतिवेदन	अर्थ मन्त्रालय	● देशको आर्थिक स्थिति ● बजेटका नीति तथा कार्यक्रमहरुको कार्यान्वयन प्रगति, ठूला आयोजनाको प्रगति विवरण ● वार्षिक खर्च विश्लेषण ● सार्वजनिक खर्च व्यवस्थापन ● समस्या र सुझाव	अर्को आर्थिक वर्षको पुस महिना सम्ममा
११	मध्यकालीन बजेट संरचना	अर्थ मन्त्रालय	● तीन आर्थिक वर्षको बजेटको सैद्धान्तिक पक्ष र स्रोतको खाका	प्रत्येक तीन वर्षमा निर्माण र समीक्षा
१२	मध्यकालीन खर्च संरचना	अर्थ मन्त्रालय	● तीन आर्थिक वर्षको खर्चको विवरण ● तीन आर्थिक वर्षलाई जोड्ने संरचना	प्रत्येक तीन वर्षमा निर्माण र समीक्षा
१३	स्रोत पुस्तक- श्वेत पुस्तक	अर्थ मन्त्रालय	● दातृ निकायबाट प्राप्त हुने स्रोतको मन्त्रालयगत विवरण ● विभिन्न दातृ निकायले उपलब्ध गराउने वैदेशिक अनुदान र ऋण ● वैदेशिक सहायतामा सञ्चालित परियोजनामा उपलब्ध गराइएको रकम	बजेटसँगै

१४	विकास सहायता प्रतिवेदन	अर्थ मन्त्रालय	● वैदेशिक सहायताको स्थिति ● वैदेशिक सहायता पारदर्शिता ● वैदेशिक सहायता प्रतिबद्धता र प्राप्ती ● क्षेत्रगत विनियोजन ● सहायताको प्रकार ● सहायताको भौगोलिक क्षेत्रगत वितरण ● वैदेशिक सहायता प्रवाह र सहायताको प्रभावकारिता ● वैदेशिक सहायता प्राप्त गर्ने दश प्रमुख क्षेत्रहरु	चैत
१५	Aid Management Platform (AMP)	अर्थ मन्त्रालय	● वैदेशिक सहायतामा सञ्चालित परियोजना ● हरेक क्षेत्र र परियोजनामा दातृ निकायको प्रतिबद्धता र निकासा ● सहायताको दातृ निकायहरु, परियोजना सञ्चालन भएको स्थान ● परियोजना आरम्भ र समाप्त हुने समय ● विगत र वर्तमानमा सञ्चालित परियोजनाको विवरण	सन् २०१३ बाट आरम्भ (इन्टरनेटमा आधारित Open Data Portal)
१६	महालेखा परीक्षकको वार्षिक प्रतिवेदन	महालेखा परीक्षकको कार्यालय	● लेखापरीक्षण गरेका निकायहरु र ती निकायका आर्थिक कारोबारको झलक ● लेखापरीक्षणबाट देखिएको बेरुजु ● बेरुजु फछ्र्यौट गर्न गरेको प्रयास र प्राप्त उपलब्धि ● लेखापरीक्षणमा गर्नुपर्ने सुधार	पछिल्लो आर्थिक वर्षको चैत महिनाभित्र
१७	वार्षिक तथा मासिक प्रतिवेदन	महालेखा नियन्त्रकको कार्यालय	● वार्षिक तथा मासिक जिल्लागत निकासा स्थिति	मासिक र वार्षिक रुपमा

बजेट प्रक्रियामा प्रभाव पार्ने संवैधानिक, कानुनी तथा नीतिगत व्यवस्था

- नेपालको अन्तरिम संविधान, २०६३
- संविधानसभा (व्यवस्थापिका-संसद्को कार्य सञ्चालन) नियमावली, २०६५
- आर्थिक कार्यविधि ऐन, २०५५
- आर्थिक कार्यविधि नियमावली, २०६४
- आर्थिक कार्यविधि नियमावली, २०६४
- स्थानीय स्वायत्त शासन ऐन, २०५५
- स्थानीय स्वायत्त शासन नियमावली, २०५६
- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली, २०६४
- भ्रमण खर्च नियमावली, २०६४
- वैदेशिक सहायता नीति, २०५९ (अर्थ मन्त्रालयले नयाँ नीति तयार गरिरहेको)
- जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७
- नगरपालिका अनुदान व्यवस्थापन कार्यविधि, २०६७
- गाउँ विकास समिति अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०६७
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६३
- नेपाल राष्ट्र बैंक ऐन, २०५८
- लेखापरीक्षण ऐन, २०४८
- राजस्व लेखा निर्देशिका, २०६३ (पहिलो संशोधन २०६४)
- भन्सार ऐन, २०६४
- भन्सार नियमावली, २०६४
- मूल्य अभिवृद्धि कर ऐन २०५२
- मूल्य अभिवृद्धि कर नियमावली, २०६५
- मूल्य अभिबृद्धि कर निर्देशिका, २०६९
- आयकर ऐन, २०५८
- आयकर नियमावली, २०५९
- बाहाल कर असुली सम्बन्धी निर्देशीका, २०६८
- राजस्व न्यायाधीकरण ऐन, २०३१
- नेपाल राष्ट्रबैंक ऐन, २०५८

बजेटसँग सम्बन्धित शब्दावलीहरु

बजेट (Budget)

आगामी बर्षको अनुमानित आय, व्यय, ऋण, सहायतता आदिको विस्तृत विवरण समेटिएको सरकारी दस्तावेज नै बजेट हो। यो सरकारको मुख्य आर्थिक दस्तावेज हो । यसले सरकारले आफूले लिएका समग्र नीति तथा कार्यक्रमले परिलक्षित उद्देश्यसँग आर्थिक नीतिको तादाम्यता र विकास प्राथमिकता झल्काउँछ ।

रातो किताब (Red Book)

आगामी वर्षका लागि तय गरिएको खर्चको शीर्षकगत विवरण, चालु वर्षको संशोधित अनुमान र गत वर्षको यथार्थ खर्च विवरण समेटिएको सरकारी दस्तावेज । यसमा सञ्चित कोषबाट तथा विनियोजन ऐन बमोजिम हुने व्यय अनुमानको सम्पूर्ण विवरण समेटिएको हुन्छ ।

बाँडफाँड (Apportionment)

निर्दिष्ट सीमाभित्र रहेर, निश्चित समयमा विनियोजित वा स्वीकृत रकम खर्च गर्न वा कसैलाई भुक्तानी गर्न सम्बद्ध मन्त्रालय र खर्चका अन्य इकाईहरूका लागि सामान्यतया अर्थ मन्त्रालयले गर्ने रकमको स्वीकृति वा वितरण ।

विनियोजन (Appropriation)

कानुन बमोजिम निश्चित सीमाभित्र रहेर तोकिएको उद्देश्य प्राप्तिका लागि सार्वजनिक स्रोत खर्चन संसद्ले कार्यकारीलाई दिएको स्वीकृति । वार्षिक विनियोजन बजेट कानुन वा कुनै कुनै देशमा बजेट कानुनसँग मिल्ने गरी छुट्टै विनियोजन ऐनमार्फत् गरिन्छ। निर्दिष्ट उद्देश्य हासिल गर्न कहिलेकाहिँ वार्षिक विनियोजन अपर्याप्त देखिन आएमा पुरक विनियोजन पनि स्वीकृत गर्ने गरिन्छ। कहिलेकाहिँ छुट्टै कानुनमार्फत् एक आर्थिक वर्षभन्दा बढी अवधिसम्मका लागि त्यस्तो अख्तियारी प्रदान गरेमा त्यसलाई 'स्थायी विनियोजन' नामले पनि परिभाषित गरिन्छ (जस्तैः सामाजिक सद्रक्षा कानद्रन) । अधिकांश देशमा विनियोजन बाहिरको दायित्व निर्वाह गर्नङ्ग परेमा निकाय तथा विभागहरूका लागि कार्यकारीको विशेष स्वीकृति आवश्यक पर्छ ।

भैपरि कोष (Contingency Fund/Contingency Reserve)

अनुमान नगरिएको बाह्य परिस्थिति सामना गर्नका लागि पछि बाँडफाँड हुने गरी बजेटभित्रै व्यवस्था गरिएको कोष । मध्यकालीन बजेट ब्यवस्थामा भैपरि आउने वा नीतिगत कोषको व्यवस्था बजेटमा आवश्यक लचकता प्रदान गर्न र कुनै शीर्षकमा खर्च गरिहाल्नुपर्ने अवस्था नआउँदै खर्च नहोस् भन्नका लागि यस्तो कोषको व्यवस्था गरिन्छ ।

भैपरि आउने दायित्व (Contingent Liability)

दायित्वमा सहभागी भएको तर त्यस्तो दायित्व तिर्नंपर्ने कुरा भविष्यमा हुने वा नहुने कुनै घटना र त्यसको समयमा निर्भर गर्ने कुरा भैपरि आउने दायित्व हो । यी अहिलेको हकमा वास्तविक दायित्व हैनन् (भविष्यमा पनि त्यस्तो दायित्व सिर्जना हुँदै नहुन पनि सक्छ)

आर्थिक वर्गीकरण (Economic Classification)

आर्थिक कारोबारको प्रकृतिका आधारमा खर्चहरू, खरिद तथा निःसर्ग (बिक्रीलगायत) को क्षेत्रगत विभाजन गर्ने प्रक्रिया नै आर्थिक वर्गीकरण हो । यसलाई क्षेत्रगत वर्गीकरण -Sectoral Classification) पनि भनिन्छ । कृषि, सेवा र उत्पादनमूलक क्षेत्र गरी तीनवटा मुख्य क्षेत्रहरू हुन्छन् ।

प्रशासनिक वर्गीकरण (Administrative Classification)

खर्च गर्ने इकाईहरुका आधारमा गरिने खर्चको वर्गीकरण । जस्तै, मन्त्रालय, विभाग वा कार्यालयहरू खर्च गर्ने इकाई हुन् ।

कुल गार्हस्थ्य उत्पादन (Gross Domestic Product)

समग्र उत्पादनको मापन, जुन उत्पादन प्रक्रियामा सहभागी सबै बासिन्दा व्यक्ति वा उत्पादन इकाईले गर्ने कुल मूल्य अभिवृद्धिको जोडफलसँग बराबर हुन्छ (यदि कर तिरिएको छ भने त्यो घटाउनुपर्छ तथा कुनै आर्थिक सहायता वा छुट पाएकोमा मूल्य अभिवृद्धिबाट त्यो घटाउनुपर्छ । अर्को शब्दमा देशको भौगोलिक सीमाभित्र गरिएको उत्पादनको जोड जसमा कुनै पनि कुरा दोहोरो जोडिएको छैन त्यो नै कुल गार्हस्थ्य उत्पादन हो ।

रकमान्तर (Virement)

कुनै आर्थिक वर्षको बीचमा लक्षित खर्च योजनालाई एउटा खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा सार्ने प्रक्रिया। रकमान्तरको स्वीकृति लिनका लागि खर्च गर्ने निकायले सामान्यतया स्वीकृत प्रशासनिक प्रक्रिया अवलम्बन गर्नुँपर्ने हुन्छ।

मध्यकालीन खर्च संरचना (Medium Term Expenditure Framework)

वार्षिक बजेट दीर्घकालीन योजनासँग मेल खाने किसिमको होस् र खर्चको योजना केही लामो समयको होस् भन्नका लागि सामान्यतयाः तीन वर्षको खर्च अनुमान वर्षैपिच्छे तयार गरिने प्रणाली। बजेट तर्जुमा गर्दा हरेक वर्ष थप दुई वर्षको खर्च अनुमान पनि सँगै राखी बजेट सँगसँगै त्यस्तो संरचना तयार गरिन्छ।

निकासा (Disbursement)

कुल वार्षिक विनियोजनको सबै वा आंशिक रकम त्रैमासिक वा मासिकरुपमा सम्बन्धित मन्त्रालय वा खर्च गर्ने निकायलाई खर्चने प्रयोजनका लागि उपलब्ध गराउनु। त्यसैगरी, खरिद संझौता बमोजिम ठेकेदारलाई दिनुपर्ने संझौता अनुसार दिइने निकासा।

नतिजामूलक बजेट (Result Based Budget)

कुनै कामसँग नभई त्यस्तो काम गरेवापत प्राप्त हुने वा हुनुपर्ने प्रतिफलमा आधारित रहेर बनाइने बजेट।

घाटा बजेट/न्यून वित्त/बजेट घाटा (Budget Deficit/Deficit Financing)

सामान्यतया बजेट निर्माण गर्दा स्रोतभन्दा पनि सरकारले गर्ने वा गर्नैपर्ने खर्चलाई आधार बनाएर तयार गरिन्छ। त्यस्तो खर्च गर्ने प्रयोजनका लागि आवश्यक स्रोत देशभित्रैबाट हुने राजश्व परिचालन र वैदेशिक अनुदानले थेग्न नसक्ने अवस्थामा सरकार व्यय अनुमानभन्दा आय अनुमान कम हुन जान्छ भने त्यस्तो बजेट। यसरी अपुग हुने रकमलाई वैदेशिक वा आन्तरिक ऋण वा दुवैबाट परिपूर्ति गरिन्छ जसलाई न्यून वित्त भनिन्छ।

चालु खर्च (Recurrent Expenditure)

सरकार, मन्त्रालय र अन्य खर्चका इकाईहरुको दैनिक प्रशासनिक खर्च वा एक आर्थिक वर्षभन्दा बढी समयसम्म असर बाँकी नरहने खर्च, जस्तै शान्ति-सुरक्षा, तलब-भत्ता, पानी-बिजुली इत्यादिमा गरिने खर्च । यस्तो खर्चको उपलब्धि खर्च गरिएको समयसम्म मात्र रहन्छ र सालबसाली रुपमा गरिराख्नुपर्ने हुन्छ । यो प्राथमिक खर्च हो किनभने चालु खर्च नगरेमा सरकारको दैनिक प्रशासन नै ठप्प हुन्छ ।

पूँजीगत खर्च (Capital Expenditure)

दीर्घकालीन हितको उद्देश्य राखी गरिने खर्च जस्तै, सडक यातायात लगायतका पूर्वाधार निर्माण। पूँजीगत खर्चको असर एक आर्थिक वर्षभन्दा बढी र कहिलेकाहिँ दशकौंसम्म पनि रहन्छ (जस्तै जलविद्युत् आयोजनामा गरिने खर्च ।

विकासका प्रतिफलमा आधारित व्यवस्थापन (Result Based Management)

सरकारले सञ्चालन गर्ने विकासका कार्यक्रमहरुबाट निर्धारित प्रतिफलको सुनिश्चितताका लागि सोहीअनुसार त्यस्ता कार्यक्रमको कार्यान्वयन गर्न लागू गर्ने आधुनिक र वैज्ञानिक व्यवस्थापन पद्धति । यस्तो व्यवस्थापन परम्परागत प्रक्रिया केन्द्रित नभई प्रतिफल केन्द्रित हुन्छ । अर्थात् कसरी काम गर्नेभन्दा पनि कस्तो प्रतिफल हासिल गर्ने भन्नेमा केन्द्रित गरिने व्यवस्थापन ।

पूरक बजेट (Supplementary Budget)

आर्थिक वर्षको मध्यतिर आइपुग्दा संसद्ले स्वीकृत गरेको बजेटमा उल्लेखितभन्दा फरक शीर्षकमा खर्च गर्नुपर्ने वा बजेटको प्राथमिकतामा नै परिवर्तन गर्नुपर्ने भएमा त्यस्तो परिवर्तनको प्रस्ताव तयार गरी अनुमोदनका लागि सरकारले संसद्मा पेश गर्ने बजेट प्रस्ताव । सामान्यतया आर्थिक वर्षको चिमा सरकार परिवर्तन भएमा वा महत्वपूर्ण परिवर्तन तत्कालै गर्नु आवश्यक देखिएमा पूरक बजेट पेस गर्ने गरिन्छ ।

सावाँ भुक्तानी (Principal Repayment)

देशभित्र उठ्ने राजस्व बजेटले परिलक्षित गरेका कार्यक्रम कार्यान्वयनका लागि अपुग हुने भएमा देशभित्र वा बाहिरबाट सरकारले ऋण लिने गर्दछ जुन तोकिएको भाकाभित्र फिर्ता गर्नंपर्ने हुन्छ । यसरी गरिने फिर्ता सावाँ भुक्तानी

हो । परामपरागत बजेट पद्धतिमा यसलाई खर्चका रुपमा राख्ने चलन रहेको भए पनि अहिले यसलाई खर्च अन्तर्गत राखिँदैन ।

राजस्व (Revenue)

सरकारको आम्दानी । सरकारले कर, सेवा शुल्क, दस्तुर, सरकारी सम्पत्तिको भाडा लगायत मार्फत आम्दानी गर्दछ । सामान्यतयाः राजस्व कर र गैह्र कर गरी दुई किसिमका हुन्छन् ।

राजस्व अनुमान (Revenue Estimate)

बजेट आगामी वर्षको लागि राज्यको आय र व्ययको अनुमान हो । स्वदेशभित्रैबाट हुने आम्दानीको अनुमान नै राजस्व अनुमान हो ।

आन्तरिक ऋण (Internal Borrowing)

न्यून वित्त परिपूर्ति गर्नका लागि देशभित्रैबाट उठाइने सामान्यतया छोटो अवधीको ऋण । नेपाल सरकारका लागि यस्तो ऋण नेपाल राष्ट्र बैंकले ट्रेजरी बिल, ऋणपत्र आदि जारी गरी उठाउँछ । सामान्यतयाः वाणिज्य बैंकहरुले सरकारको लागि ऋणदाताको काम गर्दछन् । पछिल्ला वर्षहरुमा वैदेशिक ऋणभन्दा आन्तरिक ऋणको मात्रा बढी हुँदै गएको छ ।

वैदेशिक ऋण (Foreign Debt)

न्यून वित्त भएको अवस्थामा त्यसलाई पूर्ति गर्नको लागि सरकारले छिमेकी मुलुकहरू वा बहुपक्षीय सहायता एजेन्सीहरूसँग लिने ऋण । सामान्यतयाः विकासका आयोजनाहरू कार्यान्वयनका लागि लिइने यस्तो ऋण सहुलियतपूर्ण ब्याजदरमा र लामो अवधिका लागि लिइन्छ ।

सार्वजनिक वित्तीय व्यवस्थापन (Public Financial Management)

सरकारी आम्दानी तथा खर्चको व्यवस्थापन । राजस्व परिचालन, बाँडफाँड, खर्च लगायतको योजना, त्यस्ता योजना कार्यान्वयन, नियन्त्रण, अनुगमन, मूल्याङ्कनजस्ता आर्थिक व्यवस्थापनका काम ।

सप्लायर (आपूर्तिकर्ता) (Supplier)

वस्तु तथा सेवाको आपूर्तिकर्ता । सरकारले खरिद गर्न चाहेको वस्तु तथा सेवाको स्वदेशी वा विदेशी बिक्रेता वा आपूर्तिकर्ता ।

कन्ट्र्याक्ट (Contract)

कुनै वस्तु तथा सेवाको आपूर्ति गर्न वा भौतिक संरचना निर्माण गर्न सरकारले कुनै व्यक्ति, संस्था वा कम्पनीसँग गरेको सम्झौता । यस्तो सम्झौतामा दुवै पक्षको काम कर्तव्य र अधिकार, वस्तु तथा सेवाको गुणस्तर, काम सक्नु पर्ने वा वस्तु तथा सेवा प्रदान गरिसक्नुपर्ने समयावधि, रकम भुक्तानीको तरिका आदि उल्लेखित हुन्छ । यसका लागि निश्चित कानुनी प्रक्रिया पुरा गरिनुपर्छ ।

टेन्डर तथा कोटेशन (Tender or Quotation)

वस्तु तथा सेवाको आपूर्तिकर्ता छनौट गर्ने प्रयोजनका लागि लिइने लिखित प्रस्ताव वा आपूर्तिकर्ताले वस्तु तथा सेवाको आपूर्ति गर्न इच्छा जाहेर गरेको इच्छापत्र । खरिद प्रक्रियाको छड पारदर्शिता कायम गर्न तथा वस्तु तथा सेवाको गुणस्तर र मूल्यका आधारमा प्रतिस्पर्धाको सुनिश्चितताका लागि टेन्डर लिइन्छ । यसमा खरिदकर्ताले खोजेको सम्पूर्ण विवरण समेटिएको हुन्छ। टेन्डर सिलबन्दी गरी पेश गरिन्छ भने त्यसलाई सिल्ड टेन्डर भनिन्छ। सामान्यतया टेन्डरका लागि पत्रपत्रिकामा सूचना प्रकाशित गरिन्छ। कोटेशन पनि इच्छापत्र नै हो तर यसमा टेन्डर जस्तो विस्तृत विवरण नखुलाइ वस्तु तथा सेवाको सामान्य जानकारी मात्र समेटिएको हुन्छ। सामान्यतयाः टेन्डर मध्यमस्तरको खरिद प्रक्रियाका लागि प्रयोग गरिन्छ भने कोटेशन कम मूल्यको वस्तु तथा सेवा खरिदमा प्रयोग गरिन्छ।

बिडिङ (Bidding)

ठूलो खरिद र ठेक्कापट्टा सम्बन्धी निर्णय लिने प्रयोजनका लागि प्रस्ताव लिने र त्यस्ता प्रस्तावका बीचमा प्रतिस्पर्धा गराउने प्रक्रिया। यस्तो प्रस्ताव सिलबन्दी गरी योप्य तवरले खरिद गर्ने निकायमा पेश हुन्छ र सम्बन्धित क्षेत्रका विशेषज्ञ समेतको रायसुझावका आधारमा त्यस्तो प्रस्तावको मूल्याङ्कन गरिन्छ । यस्तो मूल्याङ्कननबाट सबैभन्दा उपयुक्त ठहरिएको प्रस्ताव गरी र सो प्रस्ताव पेश गर्ने पक्षसँग वस्तु तथा सेवा खरिदको सम्झौता गरिन्छ। बिडको एउटै प्रस्ताव हजारौं पेजको पनि हुन सक्छ । कहिलेकाहिँ प्रस्ताव विभिन्न चरणमा पनि पेश गर्नुपर्ने हुन सक्छ । एउटा चरण पार गरेका बिडरलाई अर्को चरणमा सहभागी हुन पाउने व्यवस्था गरिन्छ।

स्पेसिफिकेशन (Specification)
वस्तु तथा सेवाको विशेषता । वस्तुको गुणस्तर, मोडेल, ब्राण्ड, सम्भावित टिकाउ अवधि, त्यसमा प्रयोग भएका सामग्री लगायतका विवरण । कुनै पनि खरिदको निर्णयका लागि लिइने कोटेशन, टेन्डर वा बिडमा वस्तुको स्पेसिफिकेशन खुलाइएको हुन्छ ।

खरिद आदेश (Purchase/ Procurement Order)
सप्लायरलाई वस्तु उल्लेखित मूल्य र गुणस्तरको वस्तु पठाइदिनु भनी ग्राहकले पठाएको आधिकारिक पत्र । यसको खास नमुना हुन्छ जसलाई खरिद आदेश फाराम भनिन्छ । यो वस्तु खरिद-बिक्रीको सम्झौता जस्तै हो ।

प्रतितपत्र (Letter of Credit)
वैदेशिक आपूर्तिकर्ताले सामान पठाउनुअघि भुक्तानीको सुनिश्चितता खोज्दछ । ग्राहकबाट सम्झौता बमोजिम रकम भुक्तानी नभएमा आफूले तिरिदिने बेहोराको पत्र ग्राहकको बैंकले आपूर्तिकर्ताको बैंकलाई पठाउने पत्र नै प्रतितपत्र हो । यो जमानी जस्तै हो ।

जमानत (Collateral)
कसैलाई दिएको ऋणको रकम डुब्न नपाओस् वा उदारोमा वस्तु बिक्री गरे बापत असुल हुनुपर्ने रकम सजिलै उठाउन सकियोस् भन्नका लागि धितो वा सुरक्षणमा लिइने सम्पत्ति । उधारोमा सामान बिक्री गर्ने विदेशी आपूर्तिकर्ताले प्रतितपत्रलाई जमानतको रुपमा लिन्छ र प्रतितपत्र दिने स्वदेशी बैंकले ग्राहकको सम्पत्ति धितोमा लिन्छ ।

सूचीकृत आपूर्तिकर्ता (Specified Vendor)
वस्तु तथा सेवा खरिद गर्दा गुणस्तर कायम होस् भन्नका लागि निश्चित मापदण्ड पूरा गरेका आपूर्तिकर्ताबाट खरिद गर्ने उद्देश्यले तयार गरिएको सप्लाएर सूचीमा परेका आपूर्तिकर्ता ।

तजबिजी निर्णय (Discretionary Decision)
विधि, प्रक्रिया र मापदण्ड अनुसार नभई निर्णयकर्ताको स्वविवेकमा हुने निर्णय । कहिलेकाहिँ यस्तो निर्णयले स्वेच्छाचारिता र भ्रष्टाचार बढाउने

सम्भावना हुन्छ । त्यसो भन्दैमा यस्तो निर्णय नराम्रै हुन्छ भन्ने होइन बरु निर्णयकर्ताले असल नियतले काम गर्दासम्म मात्र राम्रो हुन्छ भन्ने चाहिँ हो ।

ठेक्का प्रदान (Awarding Contract)

बिडिङ्, टेन्डर वा कोटेशनको मूल्याङ्कनपछि सबैभन्दा योग्य प्रस्तावकलाई काम आगाडि बढाउन गरिने छनोट ।

सोधभर्ना (Reimbursement)

काम गरिसकेपछि त्यस्तो काम नर्दा लागेको खर्च तिर्ने वा भर्ने । नेपाल सरकारले कतिपय वैदेशिक सहयोगमा सञ्चालन हुने परियोजना कार्यान्वयनमा सुरुमा आफैँ रकम लगानी गर्छ र काम सकिएपछि तोकिएको ढाँचामा आर्थिक विवरण पेश गरेपछि दाता संस्थाले खर्चको सोधभर्ना गर्दछन् । सरकार वा सरकारी निकायबाट ठेक्का पाउने ठेकेदारले पनि काम गरिसकेपछि सोधभर्ना पाउने व्यवस्था भएको हुन सक्छ ।

विशिष्ट मापन (Benchmarking)

कार्यसम्पादन बढाउनका लागि एउटा संस्थालाई र अर्को संस्थासँग तुलना गर्ने पद्धतिहरु । लागतलाई प्रतिफलमा परिणत गर्नका लागि गरिने काम र कार्यपद्धतिलाई प्रक्रिया मापन र कार्यसम्पादन सूचकका आधारमा संस्थाको वास्तविक कार्यसम्पादनको अवस्थाको तुलना गर्नलाई कार्यसम्पादन मापन भनिन्छ ।

पूर्व नियन्त्रण/पूर्व परीक्षण (Ex ante Control /A priori Audit)

खास खर्चको लागि पूर्व स्वीकृति । कारोबारहरू अधिकारप्राप्त अधिकारीको स्वीकृतिमा, नियमित र कानुनसम्मत र बजेटको परिधिभित्रबाट भएको हो वा होइन सो निश्चित गर्नका लागि भुक्तानी आदेश र सहयोगी दस्तावेजहरु प्राप्ति र परीक्षण गरिन्छ । त्यस्तो परीक्षण अर्थ मन्त्रालयको स्वीकृतिमा वा सम्बन्धित मन्त्रालयले गर्न सक्छन् ।

कार्यसम्पादन मापन (Performance Measurement)

सम्बद्ध लागत, प्रशोधन (कार्यप्रक्रिया), परिणाम र उपलब्धिको परीक्षण गरी त्यसैका आधारमा गरिने संस्थाका कार्यक्रम वा क्रियाकलापहरूको क्षमता र प्रभावकारिता मूल्याङ्कन ।

मध्यावधि मूल्याङ्कन (Mid-Term Review)
अर्थ मन्त्रालयले गर्ने वार्षिक बजेटले परिलक्षित गरेका योजनाको कार्यान्वयनको पहिलो छ महिनाको प्रगति समीक्षा ।

अनुदान (Grant)
भविष्यमा साँवा वा ब्याज फिर्ता गर्न नपर्नेगरी प्राप्त हुने सहयोग । यस्तो सहयोग सरकारको एउटा निकायले अर्को निकायलाई, जस्तै केन्द्र सरकारले स्थानीय निकायलाई पनि दिन सक्तछ जसलाई आन्तरिक अनुदान भनिन्छ भने विदेशी मुलुक तथा तातृ संस्थाले केन्द्र सरकारलाई पनि दिन्छन् भने त्यसलाई वैदेशिक अनुदान भनिन्छ ।

गैर बजेटरी कोष (Extra Budgetary Fund)
बजेटमा उल्लेख नगरिएको र विनियोजन ऐन अनुसार नभई बेग्लै ऐन वा नियमअनुसार खर्च गर्नेगरी सरकारले खडा गर्ने विशेष कोषहरु । जस्तै, गरिबी निवारण कोष, प्रधानमन्त्री राहत कोष, युवा स्वरोजगार कोष आदि ।

लेखाङ्कन पद्धति (Accounting System)
आर्थिक कारोबारहरूको प्रशासन गर्ने, हिसाब राख्ने र प्रतिवेदन गर्ने प्रयोजनका लागि अपनाइने लेखाविधि । आन्तरिक नियन्त्रण प्रणाली, लेखा किताब, लेखाका योजना र तत्सम्बन्धी रेखात्मक प्रस्तुतिहरूको समग्र पद्धति । लेखाङ्कन पद्धति दोहोरो लेखा प्रविष्टिको लेखाविधिमा आधारित, लेखाको पहिचान कायम गर्न प्राप्ति र भुक्तानीका आवश्यक सबै प्रक्रिया समेटिएको, सञ्चालन खातासँगै सम्पत्ति र दायित्व खाता पनि एकीकरण गरिएको तथा सबै हिसाबको अभिलेख लेखापरीक्षण गर्न सकिने स्वरुपमा राखिएको हुनुपर्छ ।

प्राप्य बिल वही/देय बिल बही (Accounts Payable/Receivable)
आपूर्तिकर्तालाई बुझाउनुपर्ने/ उपभोक्ताबाट लिनुपर्ने रकम

एकरुअल लेखाविधि (Accrual Accounting)
स्रोतको प्रवाहको अभिलेख आर्थिक मूल्य सिर्जना भएको, परिवर्तन भएको, लेनदेन भएको, हस्तान्तरण भएको वा विस्तारित भएको अवस्थामा नै राख्ने लेखाप्रणाली । तसर्थ, स्वामित्व परिवर्तन भएको जनाउने प्रवाहको प्रविष्टी स्वामित्व सरेको अवस्थामा, सेवाको अभिलेखीकरण त्यस्तो सेवा प्रदान

गरिएकोमा, वस्तुको अभिलेखीकरण वस्तुको उत्पादन भएको समयमा र मध्यस्थ वस्तुको अभिलेखीकरण त्यस्ता वस्तुहरूको उपयोग भएको अवस्थामा नै गरिन्छ ।

बक्यौता (Arrears)
सम्झौता बमोजिम सामान्य व्यापारिक अवधिभित्र भुक्तानी वा प्राप्ति नभएको रकम । बक्यौतामा सरकारका मन्त्रालय वा निकायहरूले आपूर्तिकर्ताहरूलाई तिर्नँपर्ने दायित्व, बाँकी तलब, हुन बाँकी हस्तान्तरण, साँवा भुक्तानी लागत आदि पर्दछन् । कर बक्यौता सरकारलाई अन्य पक्षले तिर्नुपर्ने तर नतिरिएको दायित्व हो ।

लेखापरीक्षण धारणा (Audit Opinion)
लेखापरीक्षण अनुसन्धानको अन्तमा लेखापरीक्षकले एउटा धारणा प्रस्तुत गर्दछ । लेखापरीक्षकले उसको कामको प्रकृति, उसले निर्वाह गर्ने भूमिका आदि सम्बन्धमा उल्लेख गरी तयार गर्ने गर्ने प्रतिवेदन नै लेखापरीक्षण धारणा हो । लेखापरीक्षण धारणामा परिक्षकले लेखा प्रतिवेदनहरूले झल्काउने वर्षको अन्तमा रहेको वित्तीय अवस्था, सञ्चालनको नतिजा र अर्थिक अवस्थामा आएको परिवर्तनको जनाउ दिन्छ । सामान्यतया लेखापरीक्षकले सर्तरहीत वा सामान्य, सर्तयुक्त, विपरीत र अस्वीकार गरी चार प्रकारका लेखापरीक्षण धारणा प्रस्तुत गर्दछ ।

नगदी लेखाङ्कन (Cash Accounting)
नगदप्राप्ति र भुक्तानीलाई मात्र अभिलेख गर्ने लेखाङ्कन पद्धति । यसमा नगदको कारोबार भएको समयमा मात्र अभिलेख गरिन्छ ।

नगद व्यवस्थापन (Cash Management)
कुनै निकाय वा केन्द्रको नगद प्रवाहको प्रक्षेपण, खर्च गर्ने निकायलाई गरिने रकम निकाशा, नगद प्रवाह र अनुमानित नगद आवश्यकताको अनुगमन र सरकारका कार्यक्रमलाई आवश्यक वित्त व्यवस्थाका लागि सरकारी सुरक्षणहरु जारी वा फिर्ता गर्नेसम्मका काम ।

दोहोरो लेखा/स्रेस्ता प्रणाली

(Double-Entry Accounting /Double-Entry Book Keeping)

हरेक कारोबारको समान मूल्यमा दुईतिर असर देखाउने (डेबिट र क्रेडिट) गरी लेखाङ्कन गर्ने विधि । परम्परागत रुपमा सम्पत्ति खातामा वृद्धि, दायित्वमा कमी र खुद सम्पत्तिमा वृद्धि डेबिट हुन्छन् भने त्यसको ठीक उल्टो दायित्वमा वृद्धि, सम्पत्तिमा कमी र खुद सम्पत्तिमा गिरावट आउने विषय क्रेडिट हुन्छन् । यो पद्धतिले स्थिरता र बहावको सम्बन्ध कायम गर्ने कुराको सहजीकरण गर्दछ ।

वित्तीय व्यवस्थापन **(Financial Management)**

सार्वजनिक स्रोतको प्रयोग इमान्दारिता, नियमितता, दक्षता र प्रभावकारिताका निर्धारित मापदण्ड पूरा गरेर मात्र होस् भन्ने हेतुले मन्त्रालय र सम्बद्ध निकायहरुका लागि तोकिएको कानुनी र प्रशासनिक व्यवस्था र मापदण्ड । राजस्व उठाउने, सार्वजनिक खर्चको व्यवस्थापन र नियन्त्रण एवं कहिलेकाहिँ सम्पत्तिको व्यवस्थापनसम्मको काम वित्तीय व्यस्थापनअन्तर्गत पर्छ ।

वित्तीय विवरण **(Financial Statements)**

निकायले आफ्नो वित्तीय अवस्था र कार्यसम्पादनबारे सम्बन्धित पक्षलाई जानकारी दिन तयार गरिने लेखासम्बन्धी सूचना । प्रोद्भावी लेखा पद्धतिमा तयार गरिने वित्तीय विवरणहरुले संस्थाको सम्पत्ति, दायित्व र खुद सम्पत्तिलगायतका आधारमा निकायको वास्तविक अवस्था दर्शाउँछन् साथै तत्-तत् समयको सञ्चालन आम्दानी र खर्च, मौज्दातको बहाव (प्राप्ति, निःसर्तलगायतको सूचनामार्फत् निकायको वित्तीय कार्यसम्पादनस्तर देखाउँछन् । प्रोद्भावी आधारको वित्तीय विवरणलाई नगद प्रवाहको विवरणले पुरकको भूमिका निर्वाह गरेको हुन्छ ।

आन्तरिक लेखापरीक्षण **(Internal Audit)**

गल्ती, बदमासी वा प्रभावहीनता न्यूनीकरण गर्नका लागि मन्त्रालयभित्रकै विभाग वा इकाई वा अन्य सरकारी निकायलाई संस्थाको प्रक्रिया र विधिको आधारमा व्यवस्थापनले दिएको जिम्मेवारीअन्तर्गत रही गरिने लेखापरीक्षण ।

आन्तरिक लेखापरीक्षण इकाई लेखापरीक्षण हुने संस्थाभित्र स्वतन्त्र रहन्छ र सीधा माथिल्लो व्यवस्थापनलाई प्रतिवेदन गर्दछ ।

बेरुजु (Arrears)

सम्बन्धित मन्त्रालयले विनियोजित रकममध्येबाट खर्च गर्ने इकाईहरुमा रकम निकाशा गरेपछि त्यस्तो रकम निकासा पाउने इकाईले खर्चको सबै विवरण तयार गरी मन्त्रालयमा त्यसको प्रतिवेदन गर्नँपर्दछ तर त्यसरी निकासा भएको रकम खर्च भएको प्रमाणित गर्ने कागजात वा प्रतिवेदन तयार गरिएको छैन वा त्यस्तो काम नै भएको छैन भने त्यस्तो रकम बेरुजु भएको मानिन्छ ।

एकल खाता कोष प्रणाली (Treasury Single Account)

आन्तरिक नियन्त्रण र सही वित्तीय व्यवस्थापनका लागि खर्च गर्ने इकाईहरूपिच्छे रकम निकासा नगरी जिल्लाहरूमा रहेका कोष तथा लेखा नियन्त्रण कार्यालयमार्फतमात्र रकम भुक्तानी गर्ने व्यवस्था ।

सार्वजनिक लेखा मापदण्ड (Public Sector Account Standards)

सार्वजनिक खर्चको लेखा राख्दा पालना गर्नँपर्ने लेखाका मापदण्डहरू । यी लेखा विवरणहरू सरल, पारदर्शी र वैज्ञानिक हुन् र सबै सरकारी निकायको लेखांकन पद्धतिमा एकरुपता कायम होस् भन्नका लागि यस्तो मापदण्ड तयार गरिन्छ । सर्वोच्च लेखापरीक्षक निकायले यस्तो मापदण्ड तय गर्दछ । नेपालको सन्दर्भमा महालेखा परीक्षकको कार्यालयले यस्तो मापदण्ड तयार गर्ने र समयानुकूल परिवर्तन गर्ने काम गर्दछ जसको पालना हरेक सरकारी निकायले गर्नँपर्दछ ।

बजेट प्रक्रियासँग सम्बन्धित केही चित्रहरु

यसरी बजेट निर्माण हुँदा नागरिक सहभागिता संभव हुन्छ त ?

बजेट दस्तावेजमा नागरिकको पहुँच कसरी सुनिश्चित होला ?

गोप्य गफगाफले ठेक्का प्रक्रियाको विश्वसनीयतामा प्रश्न नउठोस् ....

गरिवको बस्तीमा पुग्नु पर्ने रकममा हिनामिना भएको त छैन ?

हाम्रो अर्थतन्त्रलाई कहिलेसम्म परनिर्भर बनाउने

बजेट दस्तावेज सर्वसाधारणले बुझ्ने होस...



लेखापरिक्षण प्रतिवेदनमा छलफल नगर्ने भए लेखापरिक्षणनै किन चाहियो ?

सन्दर्भ सामग्री

आर्थिक वर्ष २०७०/७१ को साधारण र विकास कार्यक्रम तथा बजेट (चालु र पूँजीगत) तर्जुमासम्बन्धी मार्गदर्शन, राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौँ, नेपाल ।

आर्थिक वर्ष २०६६/६७ को बजेटको मध्यावधि मूल्याङ्कन प्रतिवेदन, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौँ, नेपाल, २०६६ ।

आर्थिक वर्ष २०६८/६९ को बजेटको मध्यावधि समीक्षा, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौँ, नेपाल, २०६८ ।

कार्यसम्पादन मूल्याङ्कन, फ्रिडम फोरम, थापाथली, काठमाडौँ, २०११ ।

पेफा जर्नल, सार्वजनिक खर्च वित्तीय उत्तरदायित्व कार्यालय, अनामनगर, काठमाडौँ, नेपाल, २०७० ।

बजेट तर्जुमा दिग्दर्शन, २०६८ (पाँचौं संस्करण), अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौँ, नेपाल, २०६८ ।

बजेट निर्माण र नागरिक अनुगमन, फ्रिडम फोरम, थापाथली, काठमाडौँ, २०११ ।

महालेखा परीक्षकको अठचालीसौँ वार्षिक प्रतिवेदन, २०६७, महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाडौँ ।

लेखापरीक्षण र नागरिक अनुगमन, फ्रिडम फोरम, थापाथली, काठमाडौँ, २०११ ।

लैंगिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शन, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौँ, नेपाल, २०६९ ।

विकास आयोजनाको अनुगमन तथा मूल्याङ्कन व्यवस्था र अनुगमन फाराम तथा निर्देशिका, राष्ट्रिय योजना आयोगको सचिवालय, सिंहदरबार, काठमाडौँ, २०६६ ।

सरकारी बजेट व्यवस्थापन तथा खर्च प्रणाली पुनरावलोकन आयोग, २०६६ को अन्तिम प्रतिवेदन, अर्थ मन्त्रालय, २०६७ ।

सार्वजनिक खरिद र नागरिक अनुगमन, फ्रिडम फोरम, थापाथली, काठमाडौँ, २०११ ।

सार्वजनिक संस्थानहरुको वार्षिक स्थिति समीक्षा, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौँ, नेपाल, २०६९ ।

स्रोत पुस्तक- श्वेत पुस्तक, २०६९, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौँ, नेपाल ।

Allen, Richard and Dimitar Radev. *Managing and Controlling Extra-budgetary Funds.* IMF Working Paper WP/06/286. Washington, D.C.: International Monetary Fund. 2006.

Guide to Transparency in Public Finances, *Looking Beyond the Core Budget.* 3. Quasi-Fiscal Activities, International Budget Partnership, 2012.

Guide to Transparency in Government Budget Reports.*Why are Budget Reports Important and What Should They Include ?,* IBP, 2012.

Power of Making it Simple: *A Governmet Guide to Developing Citizens Budget*, IBP 2012.

वेबसाइटहरु

www.mof.gov.np
www.npc.gov.np
www.oagnep.gov.np
www.fcgo.gov.np
www.opmcm.gov.np
www.ibp.org
www.imf.org
http://portal.mof.gov.np/

पुस्तकमा प्रयोग भएका केही शव्दहरुको पुर्ण रुप र अर्थ

कोलेनिका : कोष तथा लेखा नियन्त्रक कार्यालय । यसले महालेखा नियन्त्रक कार्यालयको अङ्गका रुपमा जिल्लास्थित विभिन्न सरकारी कार्यालयको आन्तरिक नियन्त्रण र लेखाको आन्तरिक लेखापरिणको काम गर्छ ।

मलेनिका : महालेखा नियन्त्रक कार्यालय । यसले सरकारको खाता सञ्चालन, सवै सरकारी कार्यालय तथा परियोजनाहरुका लागि बजेट निकासा, आन्तरिक नियन्त्रण र सरकारी लेखाको आन्तरिक लेखापरिक्षणको काम गर्छ ।

OECD: Organization for Economic Cooperation and Development. यो विश्वभर सार्वजनिक वित्त व्यवस्थापनको सुधार एवं आन्तरिक र बाह्य स्रोतको उच्चतम उपयोग गर्न विश्वका सरकारहरुलाई सहयोग गर्ने उद्देश्यले गठन भएको विकसित मुलुकहरुले साझा संस्था हो ।

मलेप : महालेखा परिक्षक । यो नेपाल सरकारको लेखापरिक्षण गर्ने स्वतन्त्र संवैधानिक सर्वोच्च लेखापरिक्षण निकाय हो ।

IBP: International Budget Partnership. यो अमेरिकामा रहेको सार्वजनिक वित्तका विभिन्न सवालमा अध्ययन, अनुसन्धान र ओकालत गरिरहेको संस्था हो । यसले हरेक दुई बर्षमा विश्वभर बजेट पारदर्शीताको अध्ययन गर्दछ ।

IMF: International Monitory Fund वा अन्तराष्ट्रिय मुद्रा कोष । यसले विश्वभरका सरकारका केन्द्रीय बैकहरुलाई मुद्रा व्यवस्थापन र मुल्य स्थीरता लगाएतमा सघाउँछ भने सार्वजनिक वित्तका अन्य विभिन्न विषयमा पनि सरकारहरुलाई सल्लाह, सुझाव र सहयोग उपलव्ध गराउँछ ।

गैसस : गैरसरकारी संस्था ।

अगैसस: अन्तराष्ट्रिय गैरसरकारी संस्था ।

गाविस : गाउँ विकास समिति ।

जिविस: जिल्ला विकास समिति ।

CECI: Center for International Studies and Cooperation. अन्तर्राष्ट्रिय अध्ययन तथा सहयोग केन्द्र ।

PRAN: Program for Accountability in Nepal. नेपालमा जवाफदेहिता सम्वन्धी कार्यक्रम ।

फ्रिडम फोरम अनुसन्धान एवं वकालतकर्ता प्राज्ञिक समुदायको साझा पहल हो । लोकतन्त्र, मानवअधिकार, प्रेस स्वतन्त्रता र राष्ट्रको समविकासमा समर्पित रहने उद्देश्यले २०६२ सालमा यसको स्थापना भएको हो ।

मानव स्वतन्त्रताको उच्चतम मूल्यप्रति प्रतिवद्ध पत्रकार, कानुन व्यवसायी, मानवअधिकारकर्मी, प्राध्यापक-शिक्षक, समाजशास्त्री तथा विकास कार्यकर्ताहरुको साझा मञ्चका रूपमा यो फोरम स्थापना गरिएको हो ।

सूचनाको हक, बजेट र वैदेशीक सहयोगको पारदर्शिता, सार्वजनिक वित्त व्यवस्थापनमा सुधार लगायत सामाजिक जवाफदेहीता प्रवर्धनका गतिविधिमार्फत आम जनतालाई लोकतन्त्रको प्रतिफल प्राप्त गर्ने अवस्थामा पुऱ्याउन यो संस्था प्रयासरत छ ।

समुन्नत लोकतान्त्रिक समाज यसको लक्ष्य हो । मुलुकका विभिन्न क्षेत्रमा छरिएर रहेका स्वतन्त्रताका पुजारीहरु यसका सदस्य वन्न सक्छन् । नागरिक समाज, आमसञ्चार, पेसागत क्षेत्र र तल्लो तहका सामुदायिक संगठनसँग सहकार्य गरेर अगाडि वढ्ने हाम्रो नीति रहेको छ ।

सम्पुर्ण स्वतन्त्रता मानव सभ्यताको अनन्त चाहना हो । स्वतन्त्रताभन्दा मूल्यवान अरू केही छैन भन्ने फ्रिडम फोरम ठान्छ ।

Freedom Forum
P.O. Box: 24292, Block No. 22, Adarsha Marg
Thapathali, Kathmandu, Nepal

Telephone: 977-1-4102022, 4102030
Fax: 977-1-4226099
Email: info@freedomforum.org.np
Web: www.freedomforum.org.np
www.nepalpressfreedom.org